# सामाजिक अध्ययन

## कक्षा १०

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि. सं. २०८०
परिमार्जित संस्करण : वि. सं. २०८२

मुद्रण : जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर

मूल्य रु. :

*पाठ्यपुस्तकसम्बन्धी पाठकका कुनै पनि प्रकारका सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनहुन अनुरोध छ । पाठकबाट आउने सुझावलाई केन्द्र हार्दिक स्वागत गर्छ ।*

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम र पाठ्यपुस्तक विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास हुन आवश्यक छ । विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने सक्षमताको विकास पनि शिक्षाले गर्नुपर्छ । विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास पनि माध्यमिक तहको शिक्षाबाट अपेक्षित छन् । यस तहको शिक्षाबाट आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने सक्षमता भएको नागरिक तयार गर्ने अपेक्षा रहेको छ । त्यस्तै सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षमतासहितको नागरिक तयार गर्नु माध्यमिक शिक्षाको लक्ष्य रहेको छ । यही लक्ष्य पूर्तिका लागि माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शन सिद्धान्तअनुरूप विकास भएको विद्यालय शिक्षा (कक्षा ९-१०) को पाठ्यक्रमअनुसार तयार पारिएको पाठ्यपुस्तकलाई देशका विभिन्न सरोकारवालाबाट प्राप्त पृष्ठपोषणसमेत समायोजन गरी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन कार्य डा. हरिप्रसाद पोखरेल, श्री ज्ञानबहादुर अधिकारी, श्री केशव रूपाखेती, श्री दीपिका शर्मा र श्री हेमराज खतिवडाबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री युवराज पौडेल, श्री वैकुण्ठप्रसाद अर्याल, प्रा.डा. रामकृष्ण तिवारी, श्री टीकाराम गौतम, श्री युवराज ढकाल, श्री रेणुका पाण्डे भुसाल, श्री दिनानाथ गौतम, श्री सरस्वती भट्टराईलगायतका महानुभावको योगदान रहेको छ । यसका भाषा सम्पादन श्री पुरुषोत्तम घिमिरे, श्री चिनाकमारी निरौला र श्री कुमार घिमिरेबाट भएको हो । यसका कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो भने परिमार्जित संस्करणको लेआउट डिजाइन श्री भक्तबहादुर कार्कीबाट भएको हो । यस पुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ। यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ। यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर बनाउने प्रयत्न गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**पाठ्यक्रम विकास केन्द्र**

**वि. सं. २०८२**

# विषयसूची


| एकाइ | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| **एकाइ एक** | **हामी र हाम्रो समाज** | **१–२०** |
| पाठ १ | सामाजिकीकरण | २ |
| पाठ २ | हाम्रा पहिचान | ७ |
| पाठ ३ | विविधतामा एकता | ११ |
| पाठ ४ | हाम्रा राष्ट्रिय गौरव | १५ |
| **एकाइ दुई** | **विकास र विकासका पूर्वाधार** | **२१–३८** |
| पाठ १ | मानव विकास सूचकाङ्क | २२ |
| पाठ २ | दिगो विकास | २५ |
| पाठ ३ | नेपालमा सङ्घीयता | ३० |
| पाठ ४ | राष्ट्रिय गौरवका आयोजनाहरू | ३४ |
| **एकाइ तीन** | **हाम्रा सामाजिक मूल्य र मान्यता** | **३९–७०** |
| पाठ १ | हाम्रा राष्ट्रिय सम्पदा | ४० |
| पाठ २ | हाम्रा लोकगीत | ४७ |
| पाठ ३ | नेपाली लोकबाजा | ५२ |
| पाठ ४ | हाम्रा लोक तथा शास्त्रीय नृत्य | ५५ |
| पाठ ५ | हाम्रा राष्ट्रिय दिवसहरू | ५९ |
| पाठ ६ | अन्तर्राष्ट्रिय व्यक्तित्वहरू | ६२ |
| पाठ ७ | विश्वबन्धुत्व र मानवता | ६५ |
| पाठ ८ | हाम्रो सामाजिक दायित्व | ६८ |

| | | |
|---|---|---|
| **एकाइ चार** | **सामाजिक समस्या र समाधान** | **७१–९४** |
| पाठ १ | मानव बेचबिखन : एक गम्भीर सामाजिक समस्या | ७२ |
| पाठ २ | यौन विकृति र विसङ्गति | ७८ |
| पाठ ३ | घरेलु हिंसा | ८१ |
| पाठ ४ | सामाजिक विकृतिका रूपमा भ्रष्टाचार | ८३ |
| पाठ ५ | अन्धविश्वास हटाऔँ | ८६ |
| पाठ ६ | सामाजिक समस्याको पहिचान र समस्या समाधान सिप | ९० |
| पाठ ७ | सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका | ९३ |
| **एकाइ पाँच** | **नागरिक चेतना** | **९५–१२५** |
| पाठ १ | व्यवस्थापिका | ९६ |
| पाठ २ | सङ्घीय कार्यपालिका | १०१ |
| पाठ ३ | न्यायपालिका | १०४ |
| पाठ ४ | राजनीतिक दल | १०८ |
| पाठ ५ | निर्वाचन प्रक्रिया र नागरिकको भूमिका | ११३ |
| पाठ ६ | मानव अधिकार | ११७ |
| पाठ ७ | मानव अधिकार संरक्षणमा सङ्घसंस्थाको भूमिका | १२० |
| पाठ ८ | उपभोक्ता अधिकार | १२३ |
| **एकाइ छ** | **हाम्रो पृथ्वी** | **१२६–१७२** |
| पाठ १ | हावापानीमा प्रभाव पार्ने तत्त्वहरू | १२७ |
| पाठ २ | विश्वका हावापानीका प्रकारहरू | १३१ |
| पाठ ३ | उष्ण मण्डल | १३४ |
| पाठ ४ | समशीतोष्ण मण्डल | १४० |
| पाठ ५ | शीत प्रदेश | १४४ |

| | | |
|---|---|---|
| पाठ ६ | विश्वको हावापानी : धरातलीय विविधता र प्रभाव | १४८ |
| पाठ ७ | उत्तर अमेरिका महादेश | १५१ |
| पाठ ८ | दक्षिण अमेरिका महादेश | १५५ |
| पाठ ९ | अफ्रिका महादेश | १५९ |
| पाठ १० | प्राकृतिक प्रकोप : भूकम्प | १६३ |
| पाठ ११ | नक्सा कार्य | १६७ |
| पाठ १२ | नक्सासम्बन्धी आधुनिक प्रविधि | १७१ |
| **एकाइ सात** | **हाम्रो विगत** | **१७३–१९४** |
| पाठ १ | वि.सं. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता १७४ | |
| पाठ २ | प्रजातान्त्रिक व्यवस्थाको एक दशक (वि.सं. २००७ देखि २०१७) | १७९ |
| पाठ ३ | वि.सं. २०१७ देखि २०४६ सम्मका राजनीतिक घटनाहरू | १८३ |
| पाठ ४ | वि.सं. २०४६ देखि वि.सं. २०६३ सम्मका प्रमुख राजनीतिक घटनाहरू | १८८ |
| पाठ ५ | वि.सं. २०६३ देखि २०७९ सम्मका राजनीतिक घटनाक्रम | १९२ |
| पाठ ६ | प्रथम विश्वयुद्ध : कारण र घटनाक्रम | १९४ |
| पाठ ७ | प्रथम विश्वयुद्धका परिणाम | १९९ |
| पाठ ८ | दोस्रो विश्वयुद्ध र यसका कारण | २०२ |
| पाठ ९ | दोस्रो विश्वयुद्धका परिणाम र नेपालको भूमिका | २०७ |
| पाठ १० | स्थानीय क्षेत्रका ऐतिहासिक स्थलको पहिचान र संरक्षण | २११ |
| **एकाइ आठ** | **आर्थिक क्रियाकलाप** | **२१४–२५४** |
| पाठ १ | ऊर्जा र विकास | २१५ |
| पाठ २ | पर्यटन प्रवर्धन | २२० |
| पाठ ३ | रोजगारी | २२५ |

| | | |
|---|---|---|
| पाठ ४ | वित्तीय शिक्षा | २२९ |
| पाठ ५ | वित्तीय उपकरण | २३३ |
| पाठ ६ | सहकारी | २३९ |
| पाठ ७ | बचत र बिमा | २४२ |
| पाठ ८ | राजस्व | २४५ |
| पाठ ९ | आवधिक योजना | २५० |
| **एकाइ नौ** | **हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** | **२५५–२८०** |
| पाठ १ | नेपालको परराष्ट्र नीति | २५६ |
| पाठ २ | संयुक्त राष्ट्रसङ्घ | २५९ |
| पाठ ३ | संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू | २६३ |
| पाठ ४ | विश्वव्यापीकरण र स्थानीयकरण | २६८ |
| पाठ ५ | सूचना तथा सञ्चार प्रविधि | २७३ |
| पाठ ६ | समसामयिक घटना | २७७ |
| **एकाइ दश** | **जनसङ्ख्या र यसको व्यवस्थापन** | **२८१–३०८** |
| पाठ १ | नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर | २८२ |
| पाठ २ | नेपालको जनसङ्ख्याको बनोट | २८६ |
| पाठ ३ | जनसङ्ख्याको वितरण | २९२ |
| पाठ ४ | पारिवारिक योजना र गुणस्तरीय जीवन | २९६ |
| पाठ ५ | जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध | ३०१ |
| पाठ ६ | सामुदायिक स्वास्थ्य | ३०५ |

एकाइ १

# हामी र हाम्रो समाज

## सिकाइ उपलब्धि

१. सामाजिकीकरणको अवधारणासँग परिचित हुन र व्यवहारमा प्रदर्शन गर्न

२. हाम्रा सामाजिक तथा सांस्कृतिक विविधताको पहिचान र सामाजिक एकता प्रवर्धन गर्न

३. हाम्रा राष्ट्रिय गौरवको पहिचान र सम्मान गर्न



# १ सामाजिकीकरण

## राउटे समुदायको सामाजिकीकरण अभियान

सुर्खेत, पुस २२ (ज्वाला सन्देश)



स्थायी बसोबास, लेखपढ र खेती कार्यमा अनिच्छा देखाउँदै आएका राउटे समुदाय हाल स्थानीय अन्य समुदायसँग घुलमिल हुन थालेका छन् । आफूले बनाएका काठका ठेकी, आरीलगायतका सामान स्थानीयलाई उपहार दिने र स्थानीयबाट खाद्यान्नलगायतका आवश्यक सामग्री उनीहरूले लैजाने तथा अन्तरक्रियात्मक सम्बन्ध राख्ने गरेको स्थानीय जनप्रतिनिधि बताउँछन् ।

आफूलाई बोटको राजा र अरूलाई कोटको राजा भन्न रुचाउने राउटेले कोट लगाएका छन् । राउटे समुदायको सामाजिकीकरण अभियानअन्तर्गतको कार्यक्रममा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले वितरण गरेको कोट लगाएका हुन् । राउटे बस्तीमा स्थानीयहरूले सहभोज पनि गरेका छन् । कर्णाली प्रदेशका पहाडी जङ्गलमा फिरन्ते जीवनयापन गर्ने राउटे समुदायको सामाजिकीकरण कार्यलाई अभियानका रूपमा सुर्खेतको लेकबेँसी नगरपालिका र दैलेखको गुराँस गाउँपालिकामा सञ्चालन गरिएको हो ।

सरकारले राउटे समुदायका प्रत्येक व्यक्तिलाई मासिक भत्ता दिँदै आएको छ । पहिले रुपियाँ पैसा लिँदा देवता रिसाउँछन् भन्ने राउटे समुदाय अहिले सजिलै उपहार तथा पैसा स्वीकार गर्छन् । आफ्नो मातृभाषाबाहेक अरू भाषा नजान्ने उनीहरू हाल नेपाली भाषामा राम्रैसँग बोल्न सक्छन् । सरकारी तथा गैरसरकारी संस्थाको प्रयासले राउटेहरूले अरू समुदायसँग घुलमिल हुन सिकेका, बिस्तारै व्यवहार परिवर्तन गरेका र सामाजिकीकरणमा प्रगति भएको गुराँस गाउँपालिका अध्यक्ष बताउनुहुन्छ ।

### छलफलका लागि प्रश्न

(क) राउटे समुदायका के के विशेषता छन् ?

(ख) बाह्य समाजसँग घुलमिल नहुँदा उनीहरूले कस्ता समस्यासँग सामना गर्नुपरेको छ ?


(ग) राउटे समुदायले उनीहरूबाहेकको समुदायसँग सहकार्य, समन्वय र सहयोगको आदानप्रदान गर्न किन आवश्यक छ ?

मानिस समाजमा जन्मन्छ र हुर्कन्छ । मानिसले समाजमा विविध पक्षसँग साक्षात्कार गर्ने अवसर प्राप्त गर्छ । उसले सामाजिकपनको विकास गर्दै मानव जीवनका लागि आवश्यक गुण पनि आर्जन गर्छ । तसर्थ मानिसका लागि समाज अपरिहार्य हुन्छ अर्थात् समाजबिना मानव जीवन अर्थहीन हुन्छ । जन्मदेखि जीवनको अन्तिम घडीसम्म मानिसले समाजका विविध आयामसँग परिचित भई नियम तथा संस्कार, मूल्यमान्यता, चालचलनको परिपालना एवम् अवलम्बन गर्नुपर्छ । यस क्रममा उसले व्यवहार सिक्छ, सिप आर्जन गर्छ, आफ्नो जिम्मेवारी वहन गर्छ र समाजको असल नागरिक तथा सदस्यका रूपमा स्थापित हुन्छ । अतः समाजका हरेक सदस्यले समाजका मूल्यमान्यता ग्रहण गर्ने, मेलमिलाप, सहकार्य, सहयोगको आदानप्रदान गर्ने तथा आपसी सम्मानका व्यवहार सिक्ने एवम् अभ्यास गर्ने प्रक्रियालाई सामाजिकीकरण भनिन्छ ।



एक जैविक प्राणीलाई सामाजिक व्यक्तिका रूपमा रूपान्तरण गर्नका लागि अवलम्बन गरिने सम्पूर्ण प्रक्रिया नै सामाजिकीकरण हो । समाजले स्वीकार गरेका मूल्यमान्यता, सिद्धान्त, आदर्श र व्यवहार ग्रहण गर्दै समाजमा अन्तरघुलन हुनु पनि सामाजिकीकरण हो । सामाजिकीकरण समाजमा विद्यमान संस्कृति र यसका विभिन्न पक्षहरू, जस्तै : सामाजिक मूल्यमान्यता, चालचलन, नीतिनियम आदि बुझ्ने बुझाउने तथा सिक्ने सिकाउने प्रक्रिया हो । विद्यालय उमेरका बालबालिकालाई सामाजिकीकरणका विषयवस्तुको सिकाइले उनीहरूमा सामाजिकपनको विकास हुन तथा समाजका आदर्श, संस्कार, मूल्यमान्यता सहजै ग्रहण गर्न मदत पुग्छ । यसका अतिरिक्त उनीहरूलाई असल र कुशल नागरिकका रूपमा विकास गर्न टेवा पुग्छ ।

## सामाजिकीकरणका तत्त्वहरू




(क) प्रेम र स्नेह : प्रेम र स्नेहले एकअर्काबिचमा आत्मीयता अभिवृद्धि गर्छ । आत्मीयता सद्भाव र सहकार्यको आधार हो । यसले मानिसप्रति विश्वास र अपनत्व प्रदान गर्छ । जुन सामाजिकीकरणका लागि महत्त्वपूर्ण मानिन्छ ।

(ख) सहयोग : आपसी सहयोग र सहकार्यले मानिसलाई नजिक ल्याउँछ । सेवा, निःस्वार्थपना, मेलमिलाप जस्ता सामाजिक गुण विकास गर्ने हुँदा सामाजिकीकरणको एक महत्त्वपूर्ण तत्त्वका रूपमा सहयोगलाई लिन सकिन्छ ।

(ग) अन्तरक्रिया : अन्तरक्रियाले अरूका विचार र भावना बुझ्ने, अनुभव आदानप्रदान गर्ने तथा विचारको सम्मान गर्ने वातावरण सिर्जना हुन्छ । यसले सामाजिकीरणमा योगदान पुऱ्याउँछ । त्यसैले अन्तरक्रियालाई सामाजिकीकरणको तत्त्वका रूपमा लिने गरिन्छ ।

(घ) सम्मान : सम्मान अरूको आस्था, विचार र कार्यप्रति गरिने इज्जत हो । सकारात्मक सोच, विचार र कर्मको सम्मानले यस्ता कामको निरन्तरतामा अभिवृद्धि गर्छ । अरूको सम्मान गर्नु आत्मअनुशासन पनि हो । सामाजिकीकरणमा यो तत्त्व महत्त्वपूर्ण मानिन्छ ।

(ङ) भाषा : भाषा विचारको आदानप्रदान गर्ने सशक्त माध्यम हो । यसले एकआपसमा घुलमिल हुन, विचार, भावना बुझ्न, आफ्ना अनुभव र सोचाइ आदानप्रदान गर्न मदत गर्छ । यसले सामाजिकीकरणलाई मजबुत बनाउँछ ।

## सामाजिकीकरणको महत्त्व

सामाजिकीकरणले व्यक्तिको व्यक्तित्व विकास गर्न सहयोग गर्छ । समाजका क्रियाकलापमा सहभागी भई सकारात्मक सोच र चिन्तनको व्यवहार सिकाउँछ । यसबाट व्यक्तिले सामाजिक सिपको विकास गर्दै जीवनयापनका लागि आवश्यक व्यावहारिक ज्ञान प्राप्त गर्छ । सामाजिकीकरणले हरेक व्यक्तिलाई अनुशासित, असल र गुणी हुन आधार प्रदान गर्छ । यसले सहयोग, सहकार्य, सहानुभूति, समानुभूति जस्ता मानवीय व्यवहार अवलम्बन गरी मानव मूल्यको अभ्यास गर्न प्रेरित गर्छ । समाजमा प्रचलित मूल्यमान्यता, रीतिरिवाज र परम्पराको संवर्धन गर्दै भावी पुस्तामा हस्तान्तरण गर्न जिम्मेवार बनाउँछ ।

## सामाजिकीकरणका माध्यम वा निकाय

(क) घरपरिवार : घरपरिवार व्यक्तिको पहिलो पाठशाला हो । व्यक्तिले परिवारबाट भाषा, मूल्य, संस्कार, सम्मान, नाता सम्बन्धलगायतका सामाजिक गुण सिक्छ र अभ्यास गर्छ । परिणामतः समाजमा ऊ सजिलै घुलमिल भई एक सदस्यका रूपमा आफूलाई स्थापित गर्छ ।

(ख) विद्यालय : विद्यालय समुदायका बालबालिका अध्ययन गर्ने र घुलमिल हुने महत्त्वपूर्ण स्थल हो । विविध भाषा, संस्कृति, जातजाति र धर्म मान्ने विद्यार्थीबिचमा छलफल, सहकार्य र सम्मानको वातारण तयार हुन्छ । विद्यालयमा विद्यार्थीबिच एकआपसमा परिचित हुन र असल बानीको निर्माण गर्न अवसर पनि प्राप्त हुन्छ । यसका साथै शिक्षकबाट प्राप्त ज्ञान सिप र असल मूल्यमान्यताको अभ्यास गर्दै विद्यालयले विद्यार्थीको सामाजिकीकरणमा मदत गरेको हुन्छ ।

(ग) दौँतरी समूह : समान उमेर र तहका साथीहरू दौँतरी हुन् । विद्यालय आवतजावत, खेलकुद, मनोरञ्जनका कार्य गर्दा उनीहरूबिच सहजै अन्तरघुलन हुनुका साथै सामाजिक व्यवहारको आदानप्रदान हुन्छ । सहयोग, सहकार्य, मेलमिलापका अभ्यास हुने हुँदा दौँतरी समूह सामाजिकीकरणको एक माध्यम बनेको छ ।

(घ) सांस्कृतिक गतिविधि : समुदायमा हुने विभिन्न जात्रा, मेला, पर्व जस्ता सांस्कृतिक गतिविधिले पनि सामाजिकीकरणमा मदत पुऱ्याइरहेका हुन्छन् ।

यीबाहेक छिमेकी, स्थानीय सङ्घसंस्था, सहकारी, सञ्चारका साधन, हाटबजार आदि व्यक्तिलाई सामाजिकीकरण गर्न मदत पुऱ्याउने माध्यम र निकाय हुन् । यस्ता माध्यम र निकायबाट सामाजिक परम्परा, रीतिरिवाज, मूल्यमान्यता, सहयोग, सम्मानलगायतका व्यवहार सिक्दै समाजमा घुलमिल हुन सकिन्छ ।

### क्रियाकलाप

१. तपाईं र तपाईंका मिल्ने साथीसँग के के सामाजिकीकरणका सिप छन्, एकअर्कामा तुलना गर्नुहोस् :

| मसँग रहेका सामाजिकीकरणका सिप | साथीसँग रहेका सामाजिकीकरणका सिप |
|---|---|
| • मेलमिलाप | • घुलमिल हुने |

२. घरपरिवारबाट तपाईंले सिकेका सामाजिकीकरणका गतिविधि सम्बन्धमा चित्र वा लेखका माध्यमबाट कक्षामा अभिव्यक्त गर्नुहोस् र साथीबाट पृष्ठपोषण प्राप्त गरी आवश्यक सुधार गर्नुहोस् ।

### अभ्यास

**१. सामाजिकीकरण भनेको के हो ?**

**२. सामाजिकीकरणको महत्त्व उल्लेख गर्नुहोस् ।**

**३. प्रेम र स्नेहले सामाजिकीकरणमा कसरी सहयोग गर्छ, प्रस्ट पार्नुहोस् ।**

**४. सामाजिकीकरणका माध्यम वा निकाय के के हुन्, तीमध्ये तपाईंका विचारमा सबैभन्दा महत्त्वपूर्ण निकाय वा माध्यम कुन हो र किन ?**

**५. मानिस जैविक प्राणीबाट कसरी सामाजिक प्राणीमा रूपान्तरण हुन्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

**६. तपाईंले आफ्नो घरछिमेकमा कस्ता सामाजिकीकरणका अभ्यास गर्नुभएको छ ? ती अभ्यासले सामाजिकपनको विकास गर्न कसरी मदत पुऱ्याएका छन्, लेख्नुहोस् ।**

### सामुदायिक कार्य

छिमेकको कुनै एक घरका क्रियाकलाप अवलोकन गर्नुहोस् र तपाईंको परिवारमा भएका सामाजिकीकरणका अभ्याससँग तुलना गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

# २ हाम्रा पहिचान

कक्षा १० मा शिक्षकले विभिन्न शीर्षकमा समूहकार्य गराउनुभएको थियो । तीमध्ये हाम्रा पहिचान भन्ने विषयमा विद्यार्थीको एक समूहले तयार पारेको विवरण यसप्रकार रहेको छ :




### पहिचान के हो ?

हरेक व्यक्ति, समुदाय र राष्ट्रको आआफ्नै किसिमको फरक फरक र साझा पहिचान हुन्छ । व्यक्ति र समुदायको पहिचान भाषा, संस्कृति, धर्म, जाति, भूगोल आदिका आधारमा बन्छ । पहिचानले व्यक्ति र समुदायका विशिष्टतालाई जनाउँछ । यसका कारण एक व्यक्ति र समुदाय अर्को व्यक्ति र समुदायसँग फरक हुन्छ । व्यक्ति र समुदायको अस्तित्व र त्यसबाट उत्पन्न आत्मविश्वासले पहिचानलाई प्रतिबिम्बित गरेको हुन्छ । हामी सबैको आफ्नै वैयक्तिक, जातीय, भाषिक, लैङ्गिक, धार्मिक र क्षेत्रीय पहिचान भए पनि हाम्रो राष्ट्रिय पहिचान नेपाली हो । पहिचानले अधिकार प्राप्ति, समावेशिता र सामाजिकीकरणमा मदत पुऱ्याउँछ । साथै यसले संस्कृति र संस्कारको निरन्तरता तथा संरक्षण गर्न मार्ग प्रशस्त गर्छ । तसर्थ पहिचानको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## हाम्रा विविध पहिचान

माथि चार्टमा उल्लेख गरिएका विषय नेपाल र नेपालीका पहिचान हुन् जसलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

(क) **राष्ट्रिय पहिचान** : नेपाल दक्षिण एसियाको एक भूपरिवेष्टित राष्ट्र हो । नेपाल विविधतायुक्त विशेषता बोकेको राष्ट्र हो । भूस्वरूपदेखि हावापानी, जातजातिदेखि भाषा र धर्ममा विविधता रहेको छ । नेपालको संविधानमा पनि नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक राष्ट्र भनी परिभाषित गरिएको छ । भाषा, संस्कृति, वेशभूषा आदि हाम्रा राष्ट्रिय पहिचान हुन् । राष्ट्रिय पहिचानले हाम्रा राष्ट्रिय गौरव वृद्धि गरेका छन् ।

(ख) **जातीय पहिचान** : नेपालमा रहेको विविधतामध्ये जातीय विविधता पनि एक हो । नेपालमा विभिन्न जातजाति एवम् भाषाभाषीको बसोबास भएकाले नेपाली समाजलाई बहुल समाजका रूपमा चिनिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १४२ जातजातिको बसोबास रहेको छ । नेपालका मुख्य जातजाति र समुदायमा क्षेत्री, ब्राह्मण, मगर, थारू, नेवार, तामाङ, गुरुङ, यादव, दलित, मुस्लिम आदि हुन् ।

(ग) **भाषिक पहिचान** : भाषिक विविधता नेपालको एक महत्त्वपूर्ण पहिचान हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कअनुसार नेपालमा १२४ भाषा छन् । नेपालको संविधानले देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने उल्लेख गरेको छ । नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई कामकाजको भाषा निर्धारण गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ ।

(घ) **धार्मिक पहिचान** : धर्मसँग व्यक्ति र समुदायको पहिचान जोडिएको हुन्छ । नेपाल हिन्दु धर्मावलम्बी अधिक भएको देश हो । राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १० ओटा धर्म मान्ने मानिसको बसोबास रहेको छ । यस जनगणनाअनुसार हिन्दु ८१.२%, बौद्ध ८.२१%, इस्लाम ५.०९%, किरात ३.१७%, क्रिस्चियन १.७६%, प्रकृति ०.३५%, बोन ०.२३%, जैन ०.०१%, शिख ०.०१% र बहाईको ०.००% (५३७ जना) र जनसङ्ख्या रहेको छ । नेपालमा विभिन्न धार्मिक समुदाय रहे तापनि धार्मिक सहिष्णुता कायम रहँदै आएको छ ।

(ङ) **लैङ्गिक पहिचान** : व्यक्तिको आआफ्नै लैङ्गिक पहिचान हुन्छ । महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक गरी तीन थरीका लैङ्गिक पहिचान हुन्छन् । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमा पनि फरक फरक पहिचान हुन्छ । तिनीहरूमा Lesbian, Gay, Bisexual, Transgender, Intersexual and Questioning (LGBTIQ) पर्छन् । नेपालको जनगणना, २०७८ अनुसार नेपालमा पुरुषको सङ्ख्या १,४२,५३,५५१ र महिलाको सङ्ख्या १,४९,११,०२७ रहेको छ ।

(च) **अपाङ्गता** : व्यक्तिको पहिचान उसको शारीरिक तथा मानसिक अवस्था र प्रकृतिको फरकपनमा पनि आधारित हुन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अनुसार शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइका आधारमा अपाङ्गतालाई शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवण दृष्टिविहीन, स्वर र बोलाइसम्बन्धी, मानसिक वा मनोसामाजिक, बौद्धिक, अनुवंशीय रक्तस्राव (हेमोफिलिया) सम्बन्धी, अटिज्मसम्बन्धी र बहुअपाङ्गता गरी १० ओटामा वर्गीकरण गरिएको छ । साथै अशक्तताको गम्भीरताका आधारमा अपाङ्गतालाई पूर्ण अशक्त, अति अशक्त, मध्यम र सामान्य गरी चार प्रकारमा विभाजन गरिएको छ । व्यक्तिमा अपाङ्गता भए पनि उनीहरूले विभिन्न किसिमका क्षमता विकास गरी देश विकासमा सहयोग गरिरहेका हुन्छन् ।

अतः हाम्रो पहिचान व्यक्ति, समुदाय र राष्ट्रसँग जोडिएको हुन्छ । पहिचान आफूलाई चिनाउने र जीवन जिउने एक आधार पनि हो । यसले व्यक्तिलाई कर्तव्य बोध गराउने, अनुशासनमा रहन प्रेरित गर्ने, समुदाय र राष्ट्रप्रति श्रद्धाभाव जागृत गराउने कार्य गर्छ । पहिचानले राष्ट्रलाई विश्व समुदायमाझ परिचत गराउँछ । हामीले आफ्नो पहिचान कायम राख्दै राष्ट्रलाई चिनाउने र आफ्नो मौलिक धर्म र संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्नुपर्छ ।

### क्रियाकलाप

१. तपाईंले हाम्रा पहिचान पाठको अध्ययन तथा आफ्नो सिकाइ र अनुभवका आधारमा निम्नलिखित तालिका पूरा गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

| शीर्षक | कुन ? | किन ? |
|---|---|---|
| पाठमा उल्लेख गरिएबाहेक तपाईं र तपाईंको समुदायको कुनै एक पहिचान | | |
| तपाईंसँग सम्बन्धित नेपाली पहिचानमध्ये तपाईंले परिचय दिन चाहने कुनै एक पहिचान | | |

२. वर्तमान युगमा बढ्दो विश्वव्यापीकरणले पहिचानका मुद्दालाई ओझेलमा पारेको, आफ्नो मौलिकतालाई ह्रास उन्मुख बनाएको अवस्थामा हाम्रा पहिचान बचाई राख्ने उपायहरू समेटी दैनिक पत्रिकाका लागि एउटा लेख तयार पार्नुहोस् ।

३. दिइएको तालिकामा भाषा आयोग, २०७८ ले सरकारी कामकाजका लागि प्रदेशमा सिफारिस गरेको भाषा प्रस्तुत गरिएको छ । यसको कार्यान्वयन गर्दा देशमा पर्न सक्ने सकारात्मक प्रभावको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| प्रदेश | सिफारिस गरिएका भाषा |
|---|---|
| कोसी प्रदेश | मैथिली र लिम्बु |
| मधेश प्रदेश | मैथिली, भोजपुरी र बज्जिका |
| बागमती प्रदेश | नेपालभाषा र तामाङ |
| गण्डकी प्रदेश | मगर, भोजपुरी र गुरुङ |
| लुम्बिनी प्रदेश | थारू र अवधी |
| कर्णाली प्रदेश | मगर |
| सुदूरपश्चिम प्रदेश | डोट्याली र थारू |

## अभ्यास

१. **हाम्रा पहिचान के के हुन्, पहिचानको महत्त्व उल्लेख गर्नुहोस् ।**

२. **"पहिचान आफूलाई चिनाउने आधार हो ।" उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

३. **यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचान र सम्मानका लागि के गर्नुपर्छ, आफ्ना धारणा प्रस्तुत गर्नुहोस् ।**

४. **अपाङ्गता भएका व्यक्तिको पहिचान र अवसर वृद्धि गर्न तपाईं रहेको स्थानको स्थानीय सरकारले के कस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ, खोजी गरी प्रस्तुत गर्नुहोस् ।**

# ३ विविधतामा एकता

आज शिक्षकले पत्रपत्रिकामा छापिएका समाचार र लेखका केही अंश लिएर कक्षाका विद्यार्थीलाई अध्ययनका लागि समूहमा वितरण गर्नुभएको छ । विद्यार्थीले ती सामग्री उत्सुकताका साथ पढ्दै एकआपसमा छलफल पनि गर्दै छन् । पत्रपत्रिकाका केही नमुना अंश यसप्रकार प्रस्तुत गरिएको छ :

## समानता सोचौँ, विविधतामा रमाऔँ



नेपाल विभिन्न जातजाति र भौगोलिक विविधतासहित बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय देश हो । नेपालमा सामाजिक, भाषिक, सांस्कृतिक, परम्परागत र धार्मिक विविधताहरू छन् । विविधताको यस विशेषताले हाम्रो देशलाई विश्वमा चिनाएको छ । जातजाति, धर्म, भाषा र संस्कृति हाम्रा पहिचान हुन् । नेपालीहरूबिच सदियौँदेखि एकआपसमा विश्वास र समानता रहेको पाइन्छ । एकले अर्कोलाई हेयका दृष्टिले हेर्ने र नकारात्मक सोच कहिले पनि राखेको पाइँदैन । आपसी मेलमिलाप, सहकार्य, समन्वय र समानताका व्यवहार नेपाली समाजका विशेषता हुन् ।

विविधताले नेपाली ऐक्यबद्धतालाई जनाउँछ । यहाँ रहेका १४२ जातजाति, १२४ भाषा र १० धार्मिक सम्प्रदायका व्यक्तिलाई स्वतन्त्रता, सार्वजनिक क्षेत्रमा भिन्नता व्यक्त गर्ने अधिकार प्राप्त छ । विविधताले राष्ट्रका परम्परा एवम् रीतिथिति, मौलिक संस्कृति र चालचलनको संरक्षण गर्छ । यसले आपसी सद्भाव र प्रेम, एकता तथा शान्ति, विकास र समृद्धिको मार्ग सुनिश्चित गर्छ ।

## विविधतामा एकता, नेपालको विशेषता

नेपाल भौगोलिक तथा सांस्कृतिक विविधता र एकता भएको विश्वको एक महत्त्वपूर्ण राष्ट्र हो । नेपाली समाजमा रहेका अधिकांश जातजातिका आफ्नै भाषा छन् । आफ्ना जात,

भाषा र धर्मअनुसार नेपालीका विविध प्रकारका सांस्कृतिक मूल्यमान्यता र गतिविधि छन् । एक जातले अर्को जातको धर्म र संस्कारको सम्मान गर्ने परम्परा छ । हिन्दु, बौद्ध, इसाई धर्मलगायतका धार्मिक विविधता छ । त्यसैले हाम्रो देश नेपाल बहुधार्मिक तथा बहुसांस्कृतिक विविधतायुक्त देश भएर पनि विविधतामा एकतामा बाँधिएको मुलुक हो ।




सबै जातजाति, धर्म र भाषाभाषीलाई राज्य प्रणालीमा समानुपातिक सहभागिता सुनिश्चित गर्ने व्यवस्था छ । धार्मिक सहिष्णुता र जातीय सद्भावको महत्त्वका विषयमा जनचेतना जगाई नेपालीको विविधतामा एकताको विरासतलाई युगौं युगसम्म निरन्तरता दिन सकिन्छ ।

शिक्षक : समूहमा अध्ययन र छलफल गर्नुभयो होइन त भाइबहिनी ? ल अब हामी अन्तरक्रिया गरी अस्पष्ट धारणा र जिज्ञासालाई मेटाउने कार्य गर्छौं । तपाईंले भेटेका अस्पष्टता र मनमा लागेका कुरा मलाई सोध्न सक्नुहुन्छ ।

रमिला : सर, हामीले समूहमा अध्ययन र छलफल पनि गर्‍यौं तर केही कुरामा स्पष्ट हुन सकेनौं, जस्तै : कतिपय जातजातिबिचमा विभेद रहेको पाइन्छ । यसले विविधतामा एकताको भावनालाई कमजोर पार्छ नि, होइन र ?

अजय : नेपालको संविधानले जातिगत विभेद गर्नेलाई कस्तो सजाय हुने कुरा उल्लेख गरेको छ ?

शिक्षक : तपाईंहरूले सही कुराको उठान गर्नुभयो । विविधतामा एकता नेपालको पहिचानका रूपमा रहेको छ । रमिलाले भने जस्तो कतिपय व्यक्तिमा त्यस्तो चिन्तन देखिन्छ तर देशमा आएको राजनीतिक, आर्थिक परिवर्तन र चेतनाको स्तर वृद्धिले सबै जातजातिबिच समानतालाई स्थापित गरिरहेको छ । अर्को कुरा अजयले भने जस्तै नेपालको संविधानले जातिगत विभेद गर्नेलाई अपराध किटान गरको छ । त्यसैले नेपालको विशेषता विविधतामा एकता नै हो ।

करण : सर, भाषा र संस्कृति तथा रहनसहन हाम्रा मौलिक पहिचान हुन् । यी त क्षेत्र र जातजाति तथा धर्मअनुसार फरक फरक पनि हुन्छन् । यस्तो विविधताको वातावरणमा कसरी एकता कायम भएको छ त ?

ईशा : लैङ्गिक सवाल पनि हिजोआज चर्चामा छन् । महिला पुरुषका अतिरिक्त लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पनि छन् । तिनीहरूको आवाज र पहिचानलाई स्वीकार गर्दै विविधतामा एकतालाई थप मजबुत बनाउन सकिन्छ, होइन त सर ?

शिक्षक : धेरै राम्रो, तपाईंहरूलाई धन्यवाद पनि । नेपाली समाजमा धेरै भाषा छन् र यहाँ बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा मानी सम्मान गरिएको छ । नेपालमा धार्मिक विविधताका साथै धार्मिक स्वतन्त्रता पनि छ । एक धर्म मान्नेले अर्को धर्म मान्नेलाई सम्मान गर्छ । सामाजिक रीतिरिवाज, चालचलन, वेशभूषा, मूल्यमान्यता र मर्यादामा विविधता एवम् स्वतन्त्रता छ । एक जाति र समुदायले अर्को जाति र समुदायको संस्कृति तथा परम्परालाई सम्मान एवम् संरक्षण गर्दै आएको पाइन्छ । नेपालमा जाति, भाषा, धर्म र समुदायमा रहेको विविधताका अतिरिक्त एकले अर्कोलाई सम्मान गर्ने तथा अस्तित्व स्वीकार गर्ने परम्परा रहेकाले विविधतामा एकता छ । लैङ्गिक सवालका सन्दर्भको कुरा गर्दा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकारलाई पनि कानुनी एवम् व्यावहारिक तवरले सम्बोधन गरिएको छ ।

नागरिकतालगायत सरकारी कागजातमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पहिचान लेख्न मिल्ने गरी शीर्षक छुट्याइएको छ । समाजमा यिनीहरूलाई हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आएको छ । यसले नेपाली विविधताको एकतालाई थप सुदृढ बनाउन टेवा पुऱ्याएको छ । यसका साथै आजको निर्धारित समय सकिएको हुनाले छलफल अन्तरक्रिया पनि यही समाप्त भएको छ । केही जिज्ञासा भए भोलिको कक्षामा पक्कै थप छलफल गर्ने छौँ ।

## क्रियाकलाप

१. नेपाली भाषा, जातजाति र संस्कृतिको विविधतामा एकताको सन्देश दिने चित्रकला प्रतियोगिता कक्षामा सञ्चालन गर्नुहोस् र उत्कृष्ट चित्र बुलेटिन बोर्डमा टाँस गर्नुहोस् ।

२. “विविधतामा एकता नेपालको पहिचान” भन्ने शीर्षकमा एक वक्तृता तयार पार्नुहोस् ।

३. नेपालको संविधानले विविधतालाई एकतामा समेट्ने प्रयाससम्बन्धी के के व्यवस्था गरेको छ, खोजी गरी लेख्नुहोस् ।

४. नेपालको बिविधता र एकता विश्वकै नमुना मानिन्छ । यसको वर्तमान अभ्यास र थप सुधार गर्नुपर्ने पक्षलाई तालिकामा पूरा गर्नुहोस् ।

| विविधता | विद्यमान अवस्था र अभ्यास | सुधार गर्नुपर्ने पक्ष र तरिका |
|---|---|---|
| भौगोलिक | हिमाल, पहाड, तराई, उपत्यका आदि फरक फरक भूगोलमा भए तापनि पहिले नेपाली अनि पछि अन्य पहिचान भन्ने भावना र विविधतामा एकताको अभ्यास | सम्मान र पहिचानलाई जनस्तरसम्म स्थापित गर्नुपर्ने, भूगोलको फरकपनबाट उत्पन्न भाषिक, धार्मिक, वेशभूषा र वर्णको मौलिकतालाई हामी नेपालीको पहिचान हो भन्ने भावना विकास गर्नुपर्ने |
| धार्मिक | | |
| भाषिक | | |
| जातजाति | | |
| सांस्कृतिक | | |

## अभ्यास

**१. विविधतामा एकता नेपालको विशेषता भनेको के हो, प्रस्ट पार्नुहोस् ।**

**२. नेपाल विविधताले भरिएको देश हो भन्ने भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

**३. विविधतामा एकताको महत्त्व उल्लेख गर्नुहोस् ।**

# ४ हाम्रा राष्ट्रिय गौरव

विद्यार्थीले समूहगत रूपमा तयार पारेको कक्षाकार्यलाई भित्तामा टाँसेका छन् । सबै समूहले बिस्तारै हिँड्दै पालैपालो अध्ययन गरी आवश्यक सुझावसमेत दिएका छन् । हामी पनि ती विषयवस्तु अध्ययन गरौँ :

### समूह 'क'

### बहुसांस्कृतिकता




नेपालको एक महत्त्वपूर्ण गौरव बहुसांस्कृतिकता हो । बहु भनेको धेरै र सांस्कृतिकता भनेको संस्कृति वा परम्परा भन्ने बुझिन्छ । नेपालमा जाति, धर्म र भौगोलिक क्षेत्रको विविधता भएकाले संस्कृतिमा पनि विविधता रहेको छ । नेपालमा अनेक जातजाति, भाषा र संस्कृति छन् । उनीहरूका आआफ्नै मौलिक संस्कृति र चाडपर्व छन् । नेपालमा हिन्दु, बौद्ध, मुस्लिमलगायत सबै धर्मका आआफ्नै विशेषताका चाडपर्व छन् । नेपाल हिमाल, पहाड र तराई मिलेर बनेको छ । यी क्षेत्रमा पनि क्षेत्रअनुसार चाडपर्व मनाउने गरिन्छ । नेपालमा हरेक जातजातिअनुसार पनि फरक फरक चाडपर्व रहेका छन् । कृष्ण जन्माष्टमी, बुद्ध पूर्णिमा, क्रिसमस, न्वागी र विश्वकर्मा पूजा पनि नेपालमा मनाउने गरिन्छ । यी चाडपर्वमा फरक फरक परम्परागत वेशभूषा, मौलिक परिकार आदिको प्रयोग गरिन्छ । विविध लोकगीत, लोकनाचले नेपाली संस्कृति जीवन्त छ । त्यसैले नेपालमा मनाइने चाडपर्व र संस्कृतिले आफ्नै मौलिकता र विशेषता बोकेका छन् । चाडपर्व मनाउनु आफ्नो पहिचान प्रतिबिम्बित गर्नु पनि हो ।

### समूह 'ख'

## वीरता

**"यो नेपाली शिर उचाली संसारमा लम्किन्छ**
**जुनकिरी झैँ ज्योति बाली अन्धकारमा चम्किन्छ ।"**




प्रसिद्ध कवि भूपी शेरचनद्वारा रचित यो हरफले नेपाली गौरवमय वीरगाथालाई प्रतिबिम्बित गरेको छ । नेपाली विश्वमा वीर गोर्खाली भनी चिनिन्छन् । नेपाललाई अङ्ग्रेजले आक्रमण गर्दा वीर गोर्खालीहरू अमरसिंह थापा, बलभद्र कुँवर, भक्ति थापालगायत नेपाली वीरवीरङ्गनाले देखाएको अदम्य साहस र वीरताले वर्तमानमा हामीले नेपाली भन्ने सौभाग्य पाएका छौँ । गोलीगट्ठा र अत्याधुनिक हातहतियारबाट सुसज्जित अङ्ग्रेज सेनाका विरुद्ध नेपाली वीरवीरङ्गनाले नितान्त घरेलु हातहतियार खुकुरी, खुँडा, तरवार, भाला र ढुङ्गाको प्रयोग गरी डटेर प्रतिवाद गरेका थिए । नेपालीको त्यो निडर र साहसीपनको अगाडि तिनीहरू नतमस्तक भएका थिए । यसका अतिरिक्त नेपाली ब्रिटिस गोरखा रेजिमेन्टमा काम गर्दा जुन इमानदारी, बहादुरी र कर्तव्यपरायणता देखाए, त्यसबाटै विश्वको इतिहासमा ख्याति प्राप्त गरेका छन् ।

जर्मन सम्राट् कैजर विलियम द्वितीयले जर्मन सेनालाई विश्वका जुनसुकै सेनासँग लड्न पठाउन सकिने तर गोर्खाली सेना भन्नेबित्तिकै आफ्नो मुटु थरर काम्ने अभिव्यक्ति दिएका थिए । प्रथम विश्वयुद्धमा नेपाली सेनाले देखाएको बहादुरी र प्रभावले दोस्रो विश्वयुद्ध अगाडि नेपाललाई आफ्नो पक्षमा लिई वीर गोरखालीलाई आफ्नो सेनामा समावेश गरेको थियो । नेपालीहरूले युद्धमा अतुलनीय बहादुरी तथा साहस प्रदर्शन गरेबापत ब्रिटिस सरकारले विश्व प्रसिद्ध गौरवमय पदक 'भिक्टोरिया क्रस' र 'मिलिटरी क्रस' बाट विभूषित गरेका थिए । नेपालीले अति साहस, पराक्रम, बहादुरी र रणकौशल देखाएका कारण नेपाल विश्वमा 'वीर गोरखालीको देश' भनी चिनिन्छ । हामीले पनि वीरपुर्खाको वीरतालाई सम्मान गर्नुपर्छ ।

समूह 'ग'

## राष्ट्रिय झन्डा



राष्ट्रिय झन्डा नेपालीको साझा पहिचान एवम् राष्ट्रिय गौरवको प्रतीक हो । नेपालको झन्डा विश्वमा एक मात्र त्रिकोण आकार भएको झन्डा हो । नेपालको झन्डा दुई त्रिकोण मिलेर बनेको छ । झन्डाको माथिल्लो त्रिकोणमा आठओटा कोणयुक्त खुर्पे चन्द्रमा राखिएको छ । तल्लो त्रिकोणमा १२ ओटा कोणयुक्त सूर्यको आकृति रहेको छ । यसले आकाशमा चन्द्र र सूर्य रहुन्जेल नेपाल रहिरहने तथ्यलाई जनाउँछ । निलो किनारा शान्तिको प्रतीक हो भने सिम्रिक नेपालको राष्ट्रिय रङ हो । नेपाली जनताको इतिहास, स्वाभिमान, सार्वभौमिकता, स्वतन्त्रता, अपनत्व र एकताको प्रतिबिम्बन राष्ट्रिय झन्डाले बोकेको छ । यसप्रति सबै नेपालीको उच्च सम्मानभाव छ । आकार, रङ, चिह्न र शोभा विश्वमै विशिष्ट भएकाले नेपालको झन्डा अद्वितीय छ ।

समूह 'घ'

## राष्ट्रिय गान



सयौँ थुँगा फूलका हामी..... नेपालको राष्ट्रिय गान हो । नेपाल सरकारले २०६४ साल साउन १८ गते घोषणा गरेसँगै राष्ट्रिय गानका रूपमा लागु गरिएको थियो । अम्बर गुरुङको सङ्गीत र प्रदीपकुमार राई (ब्याकुल माइला) को शब्द सिर्जना रहेको राष्ट्रिय गानले नेपाली विविधतामा एकताको महिमा प्रस्तुत गरेको छ । हरेक औपचारिक सार्वजनिक समारोहको शुभारम्भ गर्दा नेपाल तथा विश्वको जुनसुकै ठाउँमा स्थापित नेपाली कार्यालय र संस्थामा राष्ट्रिय गान बजाइन्छ । यो गान बज्दा हामी नेपाली आआफ्नो स्थानमा सतर्क अवस्थामा उभिएर सम्मान गर्छौं ।

## समूह 'ङ'

### लुम्बिनी



लुम्बिनी गौतम बुद्धको जन्मस्थल हो । लुम्बिनी विश्वकै बौद्धधर्मावलम्बीका लागि पवित्र तीर्थस्थल पनि हो । शान्तिका अग्रदूतका रूपमा चिनिने गौतम बुद्ध वैशाख पूर्णिमामा जन्मिएका थिए । उनले वैशाख पूणिमाकै दिन बुद्धत्व (ज्ञान) प्राप्त गरे । यतिमात्र होइन । उनले वैशाख पूर्णिमामा ज्ञान बाँडे र वैशाख पूर्णिमाकै दिन महापरिनिर्वाण प्राप्त गरे । बुद्धले विश्वभरि शान्ति र अहिंसाको सन्देश फैलाए । उनका अनुयायी विश्वभरि छन् । उनलाई शान्तिका दूतका रूपमा पूजा एवम् श्रद्धा गरिन्छ । गौतम बुद्धले नेपाल र नेपालीको नाम र पहिचान विश्वव्यापी बनाए । पवित्र र पर्यटकीय स्थल लुम्बिनी यिनै व्यक्तित्वको महिमास्वरूप विकास गरिएको क्षेत्र हो । विश्वसम्पदा सूचीमा सूचीकृत यस स्थानले नेपाल र नेपालीको पहिचान बोकेको छ । प्रत्येक वर्ष लाखौँ पर्यटक यस क्षेत्रको अवलोकन गर्छन् । यहाँ विभिन्न राष्ट्रले आफ्नोतर्फबाट गुम्बा तथा विहारसमेत स्थापना गरेका छन् । यिनै कारणले यस क्षेत्रलाई राष्ट्रिय गौरवका रूपमा लिइन्छ ।

## समूह 'च'

### विश्वको सर्वोच्च शिखर सगरमाथा




सगरमाथा संसारको सबैभन्दा अग्लो चुचुरो हो । 'सगर र माथा' मिलेर बनेको सगरमाथाको शाब्दिक अर्थ 'आकाश छुने शिखर' भन्ने हुन्छ । वि.सं. २०१२ मा इतिहास शिरोमणि बाबुराम आचार्यले यसको नाम सगरमाथा राखेका हुन् । विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको देश भनी नेपाल विश्वमा प्रख्यात छ । विश्वसम्पदा सूचीमा सूचीकृत र राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने सगरमाथाले देशको महिमा बढाएको छ । प्रत्येक वर्ष सयौँ पर्यटक सगरमाथाको आरोहण गर्न नेपाल आउने गर्छन् । यसले नेपालको आर्थिक विकासमा पनि ठुलो टेवा पुऱ्याएको छ । नेपाल र नेपालीको सान सगरमाथा राष्ट्रको महत्त्वपूर्ण गौरव हो ।

**शिक्षक :** सबै समूहले कार्य सफलतापूर्वक सम्पन्न गर्नुभएकामा तपाईँहरूलाई धन्यवाद छ । सामूहिक हिँडाइ, अवलोकन, आवश्यक पृष्ठपोषण आदानप्रदान तथा समग्रतामा निष्कर्ष निकाल्ने कार्य गर्नुभयो । विधिको मर्मअनुसारको कार्य गर्नुभयो साथै सिक्नुपर्ने कुरा सिक्नु पनि भयो । वास्तवमा गौरव आत्मसम्मानको अनुभूति हो । हामी नेपाली हुनुमा गौरव गर्छौं । नेपाललाई विश्वमा चिनाउने चिनारी, जस्तै : नेपाली इतिहास, संस्कृति, नेपाली मूल्यमान्यता र सम्मान गर्ने बानी हाम्रा गौरव हुन् । त्यसैले त विश्वको जुन ठाउँमा गए पनि नेपालीको सान र सम्मान बेग्लै छ । हामीले यसमा गौरव गर्नुपर्छ र गौरव बढाउने कार्यमा सदैव तल्लिन हुनुपर्छ, धन्यवाद ।

## क्रियाकलाप

१. दिइएका चित्र अध्ययन गर्नुहोस् । यिनीहरूको नाम पत्ता लगाउनुहोस् र यिनीहरू किन राष्ट्रिय गौरव हुन्, कारणहरू खोजी गरी प्रस्तुत गर्नुहोस् ।



'क'



'ख'

२. हाम्रा राष्ट्रिय गौरव बढाउने सम्पदाबाट देशलाई कस्तो फाइदा हुन्छ ? मस्तिष्क मन्थन गर्नुहोस्, मन्थनबाट प्राप्त भएको जानकारी टिपोट गर्नुहोस् र कक्षामा सुनाउनुहोस् । सामूहिक छलफलबाट राष्ट्रिय गौरवको महत्त्वलाई निष्कर्ष स्वरूप सूचीबद्ध गर्नुहोस् र सूचना पाटीमा टाँस्नुहोस् ।

## अभ्यास

१. **राष्ट्रिय गौरव भनेको के हो ?**

२. **'नेपाल एक बहुसांस्कृतिक राष्ट्र हो' यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

३. **मानौँ तपाइँ विदेश भ्रमणमा हुनुहुन्छ । त्यहाँको कुनै कार्यक्रममा तपाइँलाई नेपालको चिनारी गराउने अवसर प्राप्त भयो भने नेपालको राष्ट्रिय गौरव बढाउने के के विषयवस्तु प्रस्तुत गर्नुहुन्छ ?**

४. **"हामी वीर नेपालीका सन्तति हौँ, कसैले हाम्रो मानमर्दन गरेमा सो कार्य हामीलाई कदापि स्वीकार्य हुँदैन ।" यस भनाइप्रति आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।**

## सामुदायिक कार्य

तपाइँ रहेको प्रदेश वा जिल्लामा राष्ट्रिय गौरवका विषय हुन सक्छन् । ती के के रहेछन्, तिनीहरूका विशेषता खोजी गरी प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ
२

# विकास र विकासका पूर्वाधार

## सिकाइ उपलब्धि

१. मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रहरूसँग तुलना गर्न

२. दिगो विकासको अवधारणा र भएका प्रयास बताउन एवम् व्यक्तिले गर्न सक्ने योगदानको चर्चा गर्न

३. नेपालमा विकासको सङ्घीय एवम् प्रादेशिक अवधारणा र कार्यक्षेत्र प्रस्तुत गर्न

४. नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाको परिचय र उपलब्धि उल्लेख गर्न

# १ मानव विकास सूचकाङ्क

**दिइएको सन्दर्भ अध्ययन गरौँ :**

रामअवतार धनुषा जिल्लाको दक्षिणी क्षेत्रमा बसोबास गर्नुहुन्छ । उहाँले आफ्नो जम्मा पाँच कट्ठा खेतमा तरकारी खेती गरेर गुजारा चलाउँदै आउनुभएको थियो । गाउँमा सञ्चालित प्रौढ कक्षामा सहभागी भएर उहाँ र उहाँको श्रीमती साक्षर हुनुभयो । उहाँहरू साक्षर भएसँगै आयआर्जनका काममा पनि सक्रिय हुन थाल्नुभयो । स्थानीय सहकारी संस्थाबाट कृषि ऋण लिएर व्यावसायिक तरकारी खेतीको थालनी गर्नुभयो । उत्पादित तरकारी स्थानीय बजारमा बिक्री गर्न थाल्नुभयो । अहिले उहाँले वार्षिक ३ लाखभन्दा बढी आम्दानी गर्नुहुन्छ । त्यही आम्दानीबाट उहाँले छोराछोरीलाई उच्च शिक्षासम्म पढाउन सफल हुनुभएको छ । उहाँकी छोरी रमिताले सरकारी अस्पतालमा स्वास्थ्य प्राविधिकको काम गर्न थालेकी छिन् । छोरा धनेशले कृषि विषयमा स्नातक गरेपछि अहिले बुबाकै पेसालाई थप विस्तार गर्न थालेका छन् । धनेशले प्राङ्गारिक तरकारी फार्म दर्ता गरी सञ्चालन गर्न थालेपछि परिवारको आर्थिक अवस्थामा उल्लेख्य सुधार हुन थालेको छ । बुबा रामअवतार र आमा दुलारीदेवीको स्वास्थ्यका बारेमा रमिताले ख्याल राख्छिन् । रामअवतार ७० वर्षको उमेरमा पनि स्वस्थ हुनुहुन्छ । दुलारीदेवी ६८ वर्षको उमेरमा पनि सक्रिय जीवन बिताइरहनुभएको छ । यो दम्पतीको इमानदारिता तथा परिश्रमी स्वभावका कारण उहाँहरू आफ्ना छोराछोरीलाई उचित शिक्षादीक्षा दिन सफल हुनुभयो । शिक्षित सन्तान, बढ्दो आम्दानी र स्वस्थ जीवनशैलीका कारण अहिले रामअवतारको परिवार सुखी र खुसी छ । गाउँलेहरूमाझ यो परिवार अनुकरणीय बनेको छ ।

माथिको सन्दर्भले कुनै पनि परिवार सुखी र खुसी रहन शिक्षा, स्वास्थ्य र औसत आयुमा सुधार हुनुपर्छ भन्ने कुरालाई सङ्केत गरेको छ । व्यक्तिको आर्थिक तथा सामाजिक विकासका पक्ष, जस्तै : स्वास्थ्य, शिक्षा, खानपान, बसोबासको अवस्था तथा सिप विकासका पक्षमा भएको सुधारात्मक प्रगति नै मानव विकास हो ।

कुनै पनि देशको आर्थिक, सामाजिक, शैक्षिकलगायतका क्षेत्रमा प्रगतिको स्तर वा अवस्था देखाउने सूचक नै मानव विकास सूचकाङ्क हो । मानव विकासका तीन महत्त्वपूर्ण पक्षअन्तर्गत प्रतिव्यक्ति आय, औसत आयु र शिक्षा पर्छन् । यी तीन पक्षको समग्र सूचकलाई

आधार मानी कुनै भौगोलिक एकाइ, जाति वा समुदायको मानव विकासको अवस्था देखाउने सङ्ख्यात्मक प्रस्तुति नै मानव विकास सूचकाङ्क हो । मानव विकास सूचकाङ्क पहिचानका लागि आयु सूचक, शैक्षिक सूचक र आय सूचक निकाल्ने गरिन्छ । यसमा प्राप्त तथ्याङ्कलाई ०-१ अङ्कका बिचमा मापन गरिन्छ । मानव विकासको अवस्था पहिचान गर्न तथा सुधारका क्षेत्र निर्धारण गर्न मानव विकास सूचकाङ्कको आवश्यकता पर्छ । यसका साथै मानवीय विकासको अवस्थामा सुधार गर्नुपर्ने पक्षको रणनीति र कार्यक्रम तयार गर्न पनि मानव विकास सूचकाङ्कको आवश्यकता पर्छ ।

मानव विकास प्रतिवेदन, २०२५ अनुसार सार्क मुलुकको मानव विकास सूचकाङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्रम | देश | अङ्क | क्रम | देश | अङ्क |
|---|---|---|---|---|---|
| ८९ | श्रीलङ्का | ०.७७६ | १३० | भारत | ०.६८५ |
| ९३ | माल्दिभ्स | ०.७६६ | १४५ | नेपाल | ०.६२२ |
| १२५ | भुटान | ०.६९८ | १६८ | पाकिस्तान | ०.५४४ |
| १३० | बङ्गलादेश | ०.६८५ | १८१ | अफगानिस्तान | ०.४९६ |

*स्रोत : UNDP मानव विकास प्रतिवेदन, २०२५*

मानव विकास प्रतिवेदन, २०२५ मा १९३ देशको मानव विकास सूचकाङ्कको अवस्था देखाइएको छ । यसअनुसार नेपाल ०.६२२ अङ्कसहित १४५ औँ स्थानमा रहेको छ । नेपाल लामो समयदेखि नै मध्यमस्तरको मानव विकासको अवस्थामा रहँदै आएको छ । नेपालको मानव विकास सूचकाङ्कमा अपेक्षित सुधार हुन नसक्नुमा प्रतिव्यक्ति आय कमजोर हुनु र लैङ्गिक असमानता कायम रहनुलाई प्रमुख कारण मानिएको छ । प्रतिवेदनअनुसार सार्क मुलुकमा नेपाल छैटौँ स्थानमा रहेको छ । शिक्षा, स्वास्थ्य, सिप विकास, रोजगारीका अवसरको अभिवृद्धि जस्ता कार्यक्रमलाई प्राथमिकता दिन सक्दा

**प्रतिवेदनअनुसार मानव विकासमा विश्वका उच्च स्थानमा रहेका राष्ट्रहरू**

| क्रम | देश | प्राप्त अङ्क |
|---|---|---|
| १ | आइसल्यान्ड | ०.९७२ |
| २. | नर्वे | ०.९७० |
| २. | स्विजरल्यान्ड | ०.९७० |
| ४. | डेनमार्क | ०.९६२ |
| ५. | जर्मनी | ०.९५९ |

मानव विकास सूचकाङ्कमा प्रगति गर्न सकिने देखिएको छ । स्थिर सरकार, सुशासन, रोजगारमूलक शिक्षा, औद्योगिकीरणको विकास जस्ता कुरामा यथोचित ध्यान दिन सक्दा मानव विकासको अवस्थामा सुधार ल्याउन सकिन्छ । नेपालको मानव विकास सूचकाङ्क अपेक्षाकृत वृद्धि गर्नका लागि निम्नलिखित कुरामा ध्यान दिन आवश्यक देखिन्छ :

(क) वैज्ञानिक, प्राविधिक र सिपमूलक शिक्षामा जोड दिनुपर्छ ।

(ख) शैक्षिक क्षतिलाई न्यूनीकरण गरी गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ ।

(ग) जनताको औसत आयुको अवस्था सुधार गर्न पोषण, सरसफाइ र सर्वसुलभ स्वास्थ्य सेवा र सुविधाको विकास गर्नुपर्छ ।

(घ) जनतालाई रोजगारमूलक, स्वरोजगारमूलक आयआर्जनका कार्यक्रमसँग आबद्ध गर्नुपर्छ ।

(ङ) शासकीय सुधारका पक्षलाई व्यवस्थित गर्नुपर्छ ।

(च) जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

(छ) मानव अधिकार, स्वतन्त्र न्याय प्रणाली, समावेशीकरण, सुशासन र जनसहभागिताको स्तर अभिवृद्धि गर्नुपर्छ ।

## क्रियाकलाप

१. हाल प्रकाशित HDI अनुसार नेपालको शिक्षा, स्वास्थ्य र औसत आयुको अवस्था इन्टरनेटमा खोजी गर्नुहोस् र कुनै एक सार्क मुलुकको अवस्थासँग तुलना गर्नुहोस् ।

२. विश्वको उच्च र न्यून मानव विकास सूचकाङ्क भएका पाँच पाँचओटा मुलुक खोजी गरी तालिकामा देखाउनुहोस् ।

## अभ्यास

**१. मानव विकास सूचकाङ्क भनेको के हो ?**

**२. मानव विकास सूचकाङ्क प्रतिवेदन, २०२५ मा धेरै सार्क मुलुकको मानव विकास अवस्था कमजोर हुनुका कारण उल्लेख गर्नुहोस् ।**

**३. मानव विकास सूचकाङ्कको आवश्यकता औँल्याउनुहोस् ।**

**४. नेपालले मानव विकास सूचकाङ्कमा सुधार गर्न कुन कुन पक्षमा ध्यान दिनुपर्ला ?**

# २ दिगो विकास

## चमेलीको गाउँ

चमेलीको गाउँमा १० वर्षअगि ठुलो पहिरो गयो । पहिराका कारण धनजनको ठुलो क्षति भयो । पहिराले ल्याएका ढुङ्गा, मुढा तथा माटो थुप्रिएर खानेपानीको मुहानसमेत पुरियो । खेतबारीमा लगाएको कोदो, धान, घैयालगायतका अन्नबाली पनि नष्ट भए । ३० घरपरिवार रहेको उक्त गाउँमा माथिबाट खसेको पहिरामा पुरिएर पाँच जना व्यक्तिले ज्यान गुमाए । २२ घर पूर्ण रूपमा भत्किए । थुप्रै चौपाया मरे । अकस्मात् आइलागेको यस विपत्तिबाट गाउँले अत्यन्त चिन्तित भए । उनीहरू कहाँ बस्ने, के खाने भन्ने चिन्ताले आकुल बने । बर्सौंदेखि पहिराको जोखिम आकलन नगरिएको यस गाउँमा अकस्मात् पहिरो किन गयो भनेर गाउँलेले छलफल गरे । छलफलबाट गाउँमा पहिरो जानुको मुख्य जिम्मेवार गाउँले स्वयम् नै रहेको निष्कर्षमा पुगे । गाउँमाथिको जङ्गलबाट सम्भावित जोखिम आकलन नगरी सडक निर्माण गरिएको थियो । सडक बनाउँदा थुप्रै रुख काटिएका थिए । वनजङ्गल फडानी र डढेलो नियन्त्रणमा कुनै ध्यान नदिइएकाले जङ्गल नै सखाप भइसकेको थियो । जङ्गललाई खुला चरिचरनका रूपमा प्रयोग गर्दा वनस्पति र जीवजन्तु मात्र मासिएनन् यहाँको भूबनोट नै कमजोर हुन पुग्यो । यसो हुँदा वर्षाको पानीले माटो कमजोर भई पहिरो गयो । गाउँलेले अहिले आएर प्राकृतिक स्रोत साधनको दोहन गर्दा क्षणिक लाभ भए पनि दूरगामी रूपमा हानि गर्ने रहेछ भन्ने कुरा बुझे । गाउँलेले पहिरो नियन्त्रणका लागि अम्रिसो, बाँस, सखुवालगायतका बिरुवा लगाए । जिल्ला वन कार्यालयको सल्लाहअनुसार भूबनोट अनुकूल वृक्षरोपण गरे । चरिचरन र रुख कटान कार्य पूर्ण रूपमा बन्द गरियो । अहिले यो गाउँ पहिलेकै अवस्थामा फर्किएको छ । विकास र आफ्ना सुविधाको नाममा प्राकृतिक स्रोतसाधनको अविवेकी दोहन गर्नु नहुने रहेछ भन्ने कुरा उनीहरूले थाहा पाए । पर्यावरणीय सन्तुलन तथा सम्भावित जोखिम आकलन नगरी गरिने विकास विनाशको कारण बन्न सक्ने रहेछ भन्ने उनीहरूले अनुभव गरे । प्राकृतिक संसाधनको विवेकशील तथा बुद्धिमत्तापूर्ण उपयोगबाट मात्र दिगो विकास सम्भव हुने रहेछ भन्ने कुरामा गाउँलेको विश्वास जागृत भयो ।

१. **विकासका कार्य गर्दा के के कुरामा ध्यान दिनुपर्छ, कक्षामा छलफल गर्नुहोस् ।**

विकासका क्रममा साधनस्रोतको समुचित उपयोग गरी भावी पुस्ताले पनि स्रोतको प्रयोग गर्न पाउने अवस्था निर्माण गर्नु दिगो विकास हो । प्राकृतिक संसाधनको विवेकपूर्ण तथा बुद्धिमत्तापूर्ण उपयोगमार्फत गरिएको विकासले मानवीय आवश्यकताको परिपूर्ति र दिगोपना सुनिश्चित गर्छ । विकासका गतिविधि सञ्चालन गर्दा प्रकृतिको संरक्षण र स्रोतसाधनको सन्तुलित रूपमा उपयोग गर्ने दायित्व नागरिकको हो । विकासको दिगोपना र अधिकतम लाभका लागि वातावरणीय दिगोपनामा ध्यान दिनुपर्ने हुन्छ । विकास कार्य गर्दा आर्थिक तथा सामाजिक र सांस्कृतिक दिगोपनामा समुचित ध्यान दिएमा दिगो विकास सम्भव हुन्छ । दिगो विकासलाई पृथ्वीले धान्न सक्ने र निरन्तर रूपमा लाभ प्राप्त भइरहने विकासका रूपमा पनि लिन सकिन्छ । विकासका लाभ र गतिलाई वर्तमानका अतिरिक्त भविष्यसम्म सुनिश्चितता दिने अवधारणा दिगो विकास हो ।

**दिगो विकास सम्बन्धमा केही विश्वव्यापी प्रयासहरू**

- सन् १९७८ को संयुक्त राष्ट्रसङ्घीय वातावरणीय सम्मेलनले प्राकृतिक स्रोतप्रति साझा दृष्टिकोण अगि सारी दिगो विकासका लागि पहिलोपल्ट विश्व समुदायको ध्यान खिच्यो ।
- सन् १९८० मा वातावरण संरक्षणका लागि अन्तर्राष्ट्रिय युनियन र संयुक्त राष्ट्रसङ्घीय वातावरणीय कार्यक्रमले विश्व संरक्षण रणनीति प्रकाशमा ल्यायो ।
- सन् १९८२ मा संयुक्त राष्ट्रसङ्घको महासभाले प्राकृतिक साधनका विषयमा बडापत्र जारी गर्‍यो ।
- सन् १९८७ को विश्व वातावरण र विकास आयोगले हाम्रो साझा भविष्य जारी गरी दिगो विकासको विश्व कार्यसूची प्रकाशमा ल्यायो ।
- सन् २००० मा सहस्राब्दी विकास लक्ष्य जारी गरी वातावरण सन्तुलनलाई विकास गन्तव्यको एक आधारका रूपमा स्वीकार गर्‍यो ।
- सन् २००५ पछि जलवायु परिवर्तनबाट विश्वमा पर्ने प्रभाव न्यूनीकरण गर्न विश्वको साझा अभिमत निर्माण भएको छ ।

सन् १९८० को दशकबाट नै दिगो विकासका सम्बन्धमा विभिन्न दृष्टिकोण र अवधारणा चर्चामा आउन थालेका हुन् । सन् १९७२ को जुन ५ देखि १६ सम्म स्विडेनको स्टकहोम सम्मेलनले वातावरणसम्बन्धी घोषणापत्र जारी गरी वातावरण र दिगो विकासतर्फ विश्वको पहिलो सामूहिक चासो देखाएको थियो ।

दिगो विकास सम्बन्धमा नेपालले विभिन्न संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकको प्रावधान उल्लेख छ । राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबिच समुचित सन्तुलन मिलाउन कानुनी व्यवस्था गरिने कुरा पनि संविधानमा उल्लेख गरिएको छ । संविधानको भाग ४ धारा ५१ खण्ड (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत

विविध व्यवस्था गरिएको छ । नेपालले वातावरण संरक्षण ऐन र नियमावलीको व्यवस्था गरेको छ । विकास निर्माणका ठुला ठुला आयोजना निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने गरिएको छ । वातावरण संरक्षण कोषको स्थापना, जैविक विविधता संरक्षण कोषको स्थापनालगायतका दिगो विकाससम्बन्धी नीति नियमको निर्माण र कार्यान्वयनमा पनि नेपालले ध्यान दिइरहेको छ ।

## दिगो विकासका उद्देश्य

१. वातावरणको प्रभावकारी संरक्षण गर्ने

२. प्राकृतिक स्रोत र साधनको विवेक सङ्गत एवम् सावधानीपूर्ण उपयोग गर्ने

३. उच्च फराकिलो र दिगो आर्थिक वृद्धि हासिल गर्ने

४. सामाजिक सद्भाव कायम गर्ने

५. गरिबी निवारणमा सहयोग गर्ने तथा सामाजिक समृद्धि हासिल गर्ने

६. मानवीय विकासका पक्षको सबलीकरण गर्ने

७. सामाजिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने

८. सुशासन र सामाजिक न्याय स्थापित गर्ने

## दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू

(क) स्रोत र साधनको विवेकपूर्ण प्रयोग गर्नुपर्छ ।

(ख) समतामूलक विकाससँगै पर्यावरणीय सन्तुलनका पक्षलाई समेत ध्यान दिनुपर्छ ।

(ग) विकासका आयोजना गरिबी घटाउन र उत्पादकत्व बढाउनतर्फ परिलक्षित हुनुपर्छ ।

(घ) पृथ्वीको भारवहन क्षमता र जनसाङ्ख्यिकी गतिविधिबिच तालमेल मिलाई विकासलाई व्यवस्थापन गरिनुपर्छ ।

(ङ) दिगो विकासमा सुशासन कायम गर्नु आवश्यक हुन्छ ।

(च) सामाजिक, सांस्कृतिक र धार्मिक भावनाको सम्मान गर्दै विकासका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

(छ) वातावरण संरक्षणमा ध्यान दिँदै विकासका गतिविधि सञ्चालन गर्नतर्फ क्रियाशील हुन सके दिगो विकासको प्रतिफल भावी पुस्ताले समेत सहज रूपमा प्राप्त गर्न सक्छन् ।

### क्रियाकलाप

१. दिगो विकासका सन्दर्भमा तपाईंको समुदायमा भएका राम्रा अभ्यास खोजी गरी प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा निर्माणाधीन कुनै एक विकास आयोजनाको कार्यस्थलमा गएर दिगो विकासको अवधारणाअनुरूप सञ्चालन भए नभएको सन्दर्भमा आयोजकसँग सोधपुछ गरी विवरण प्रस्तुत गर्नुहोस् ।

३. तल दिइएका दिगो विकासका आयाम अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

## दिगो विकासका आयाम

**वातावरणीय आयाम** : विकास र वातावरणीय सन्तुलनबिच घनिष्ट सम्बन्ध स्थापित गर्दै उत्पादनका स्रोतसाधनको पुनः उपयोग, नवीकरण र पुनः आविष्कार गरी प्राकृतिक साधनको उपयोग गर्ने पक्ष वातावरणीय आयामअन्तर्गत पर्छन् ।

**आर्थिक आयाम** : आर्थिक स्रोत र साधनमाथिको पहुँच वृद्धि गरी गरिबी निवारण र समता कायम गर्ने कुरालाई आर्थिक आयामले समेट्छ ।

**सामाजिक आयाम** : वितरण र पुनः वितरण प्रक्रियामा न्यायोचित प्रक्रियाको अवलम्बन गरी सामाजिक न्याय र सशक्तीकरण गर्ने जस्ता कुरा समेटिएका हुन्छन् ।

**सांस्कृतिक आयाम** : सांस्कृतिक विविधताको उपयोग गर्दै मूल्यमान्यताको विकास तथा सांस्कृतिक हस्तान्तरणलगायतका विषयवस्तु सांस्कृतिक आयामअन्तर्गत पर्छन् ।

**प्राविधिक आयाम** : कम प्रदूषणयुक्त प्रविधिको उपयोग गरी विश्व तापक्रम (Global warming) कम गर्ने कुरालाई प्राविधिक आयामले प्रतिनिधित्व गर्छ ।

**मानवीय आयाम** : विकासले व्यक्तिलाई काम उपलब्ध गराउने, भविष्य सुनिश्चित गर्ने, संस्कृतिको संरक्षण गर्ने तथा विकास र संमृद्धिका लागि आवाज बुलन्द गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

**शासकीय तथा राजनीतिक आयाम** : वैधानिक र जनप्रतिनिधिमूलक सरकार र विकेन्द्रित शासन प्रणाली कायम गर्ने कुरा शासकीय तथा राजनीतिक आयामअन्तर्गत पर्छ ।

**प्रश्नहरू**

(क) दिगो विकासका सामाजिक आयामअन्तर्गत कुन कुन कुरा पर्छन् ?

(ख) तपाईँको समुदायमा सञ्चालित विकास आयोजनामा कुन कुन आयाम समेटिएका छन्, सोधखोज गरी लेख्नुहोस् ।

(ग) दिगो विकासको मानवीय आयामले कुन कुन विषयवस्तुमा जोड दिएको छ ?

**अभ्यास**

**१. दिगो विकासको अवधारणा प्रस्ट पार्नुहोस् ।**

**२. "अव्यवस्थित विकासले विनाश निम्त्याउँछ ।" पुष्टि गर्नुहोस् ।**

**३. दिगो विकासका लागि तपाईँ कसरी योगदान दिन सक्नुहुन्छ ?**

**४. दिगो विकासका उद्देश्यको सूची तयार गर्नुहोस् ।**

## सामुदायिक कार्य

तपाईँको समुदायमा सञ्चालित कुनै एक विकास आयोजनाको अध्ययन अवलोकन गर्नुहोस् र उक्त आयोजनालाई दिगो विकासको अवधारणाअनुरूप तलको तालिका भर्नुहोस् :

**आयोजनाको नाम :**

| क्र.स. | सुधारका क्षेत्र | गर्नुपर्ने कार्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन गर्ने निकाय | समयावधि |
|---|---|---|---|---|---|
| १. | नीतिगत पक्षमा सुधार | | | | |
| २. | वातावरणीय पक्षमा सुधार | | | | |
| ३. | जनसहभागिता सुनिश्चितताका पक्षमा सुधार | | | | |
| ४. | कार्यान्वयन पक्षमा सुधार | | | | |

# ३ नेपालमा सङ्घीयता

श्री जनता माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीले "नेपालमा सङ्घीयता" विषयमा वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सञ्चालन गर्दै छन् । यस कार्यक्रममा रूपेशले व्यक्त गरेका विचारलाई तल प्रस्तुत गरिएको छ :

**रूपेश** : यस कार्यक्रमका सभाध्यक्षज्यू, प्रमुख अतिथि, मूल्याङ्कन समितिका आदरणीय व्यक्तित्व, उपस्थित गुरुवर्ग, मेरा प्यारा प्रतियोगी र अन्य साथीहरू । म रूपेश "नेपालमा सङ्घीयता" विषयक वक्तृत्वकला प्रतियोगितामा आफ्ना विचार राख्न अनुमति चाहन्छु ।

वि.सं. २०६५ जेष्ठ १५ गतेदेखि नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनेको हो । १० बर्से सशस्त्र विद्रोह, १९ दिने जनआन्दोलन र मधेस आन्दोलनलगायत विभिन्न आन्दोलनको पृष्ठभूमिमा नेपालमा सङ्घीय राज्य प्रणालीको स्थापना भएको हो । स्रोतको उचित बाँडफाँट र परिचालन तथा आर्थिक, सामाजिक र क्षेत्रीय विभेद कम गरी सबै क्षेत्रको समानुपातिक विकासका लागि देशलाई सङ्घीय संरचनामा रूपान्तरण गरिएको छ । यो रूपान्तरणले सङ्घीय र प्रादेशिक विकासको अवधारणालाई आत्मसात् गरेको छ । हाल नेपालमा ७ ओटा प्रदेश र ७५३ स्थानीय तह रहेका छन् । सङ्घीय शासन प्रणालीले प्रदेशहरूबिच प्रतिस्पर्धा बढ्ने, स्थानीय स्रोत र साधनको अधिकतम परिचालन हुने, केन्द्रमा निर्भर हुन नपर्ने र आत्मनिर्भरता तथा स्वावलम्बीपन बढ्ने हुनाले देशको समग्र विकासमा सहयोग गर्छ । यसलाई विकासको सङ्घीय र प्रादेशिक अवधारणाका रूपमा समेत लिन सकिन्छ । यस प्रणालीले राज्यसत्ता र सार्वभौमसत्ताको अधिकार विभाजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने गर्छ । प्रादेशिक विकासको अवधारणाले विकास र समुन्नतिका लागि साधनस्रोतको समुचित उपयोग हुन्छ । जनताको सक्रिय सहभागितामा सामूहिक शासन पद्धतिको विकासका लागि मदत पुग्छ । जनताले सहज रूपमा सेवा सुविधा प्राप्त गर्ने पद्धति विकास हुन्छ । सङ्घीयताले देशको विविधतालाई पहिचान गरी सम्बोधन गर्ने हैसियत राख्ने भएकाले सांस्कृतिक र सामूहिक पहिचानका आधारका रूपमा यसलाई लिँदै आएको छ । नेपालको सन्दर्भमा भन्ने हो भने सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य प्रणालीसहितको सङ्घीय शासन प्रणाली कायम गरिएको छ । प्रदेशहरूबिच विकास र स्रोतसाधनको पहिचान तथा परिचालनमा

स्वस्थ प्रतिस्पर्धा बढ्ने हुँदा सङ्घीयताले प्रदेशको आन्तरिक क्षमता वृद्धिमा सघाउने विश्वास गरिन्छ । सङ्घीयता हाम्रो देशका सन्दर्भमा नयाँ प्रयोग पनि हो ।

सभाध्यक्ष महोदय

नेपालमा सङ्घीय व्यवस्था आएसँगै समावेशिता र सामाजिक न्यायले प्रश्रय पाएको अनुभूत गरिएको छ । सङ्घीयताको मूल मर्मलाई आत्मसात् गर्दै सुशासन र अवसरको न्यायोचित वितरणमा क्रियाशील हुन आवश्यक छ । प्रदेशको आत्मनिर्भर क्षमता अभिवृद्धिमा सङ्घको सहयोग बाञ्छनीय हुन्छ । प्रदेश सञ्चालनका लागि आवश्यक पर्ने कानुन निर्माण गर्न सङ्घले सहयोग गर्ने वातावरण निर्माण गर्न पनि आवश्यक छ । प्रदेशहरूबिचको प्रतिस्पर्धाले विकास र प्रगतिलाई प्रोत्साहन दिन्छ ।

सङ्घीयताले जनसहभागिताको अवसर उपलब्ध गराउने भएकाले राष्ट्रिय विकासलाई प्रोत्साहित गर्छ । सामाजिक, आर्थिक र राजनीतिक समस्या समाधानका लागि पहलकदमी लिन्छ । सङ्घीयताले समावेशी लोकतन्त्रलाई सुदृढ बनाउँछ । सामूहिक र सांस्कृतिक पहिचानलाई प्रोत्साहन दिन्छ । स्थानीय सम्भावनाको उपयोगको आधारभूमि प्रदान गर्छ । यसले प्रदेशहरूबिच विकास र प्रगतिमा स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्छ । त्यसैगरी सामाजिक सद्भाव बढाई राज्य प्रणालीमा सबै वर्गको स्वामित्व विस्तार गर्छ । सङ्घीयता भावात्मक रूपमा राष्ट्रिय विकास गर्ने एक मात्र हतियार नभई सामाजिक द्वन्द्वको दिगो व्यवस्थापन गर्ने आधार पनि हो । यसो हुँदा सङ्घीयतालाई जनताको अधिकार स्थापित गर्ने भरपर्दो शासन प्रणालीका रूपमा पनि लिन सकिन्छ । त्यसकारण पनि नेपालमा सङ्घीयताको महत्त्वलाई सबै जातजाति, भाषा, धर्म र क्षेत्रका नागरिकले स्वीकार गरेका छन् ।

नेपालमा सङ्घीय शासन प्रणाली स्थापना भएसँगै विकास र परिवर्तनका सङ्केत पनि देखिन थालेका छन् । राज्यका सबै क्षेत्रका जनताको अपनत्व, स्वामित्व र सामिप्यता स्थापित गर्न तथा प्रतिनिधित्व र सहभागिता वृद्धि गर्न सङ्घीय शासन प्रणाली महत्त्वपूर्ण मानिन्छ । जातीय, भाषिक र सांस्कृतिक पहिचानको अभिमतलाई आत्मसात् गर्दै राज्यबाट प्रदान गरिने सेवा सुविधाको समान वितरण र विकास निर्माण गर्न पनि सङ्घीयताको आवश्यकता परेको हो । यसका लागि जनआकाङ्क्षाको समुचित कदर गर्दै देशमा सुशासन, शान्ति र अमनचयन कायम गर्न राजनीतिक दल, नागरिक समाज र आमजनतासमेत क्रियाशील हुन आवश्यक छ ।

आदरणीय सभाध्यक्षज्यू

अब म सङ्घीयताका फाइदा सम्बन्धमा प्रस्ट्याउँछु । सङ्घीयताले जनतालाई सरकारको नजिक पुऱ्याउँछ । राष्ट्रिय विकासलाई प्रोत्साहित गर्छ । विकासमा अग्रसरता बढाउँछ । नेपाल सङ्घीय राज्य भइसकेपछि यसले समावेशी लोकतन्त्रको विकास गर्न सहयोग गरेको प्रशस्त उदाहरण छन् । समाजमा पछि परेका र पछि पारिएकालाई राज्यले संरक्षण गर्ने काम पनि गरिरहेको छ । यसले सामाजिक सद्भाव र राज्य प्रणालीमा सबै वर्गको स्वामित्व विस्तार गर्छ । भावनात्मक रूपमा राष्ट्रिय विकासको आधार बन्छ । सङ्घीयताप्रति जनताको विश्वास वृद्धि गर्न जनप्रतिनिधिलाई जनताको सेवकका रूपमा क्रियाशील बनाउने संयन्त्र विकास गर्न आवश्यक छ ।

अन्त्यमा सङ्घीयतामा केन्द्रीय सरकारले सीमा, सुरक्षा, राष्ट्रिय अर्थनीति, परराष्ट्र नीति तथा कुटनीतिक पक्षको व्यवस्थापन गर्छ । प्रादेशिक तथा स्थानीय सरकारले स्वास्थ्य, शिक्षा, खानेपानी, विद्युत्, सञ्चारलगायतका विकासका पूर्वाधार निर्माण गरी जनअपेक्षालाई सम्बोधन गर्ने प्रयास गर्छ । विकास र समृद्धिका लागि आत्मनिर्भरता तथा स्वावलम्बीपन बढाउन पनि सङ्घीयताले सघाउने भएकाले यसको प्रभावकारी कार्यान्वयनमा जुट्नु हामी सबैको कर्तव्य हो । यति भन्दै म आफ्ना भनाइ यहीँ अन्त्य गर्छु, धन्यवाद ।

## क्रियाकलाप

१. समूहमा विभाजन भई प्रादेशिक विकासको अवधारणा र यसको महत्त्व सम्बन्धमा छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. सङ्घीयताका प्रमुख विशेषता सम्बन्धमा कक्षामा छलफल गरी मुख्य पाँच विशेषता कार्डबोर्ड पेपरमा लेखेर कक्षामा टाँस गर्नुहोस् ।

३. विभिन्न स्रोतसामग्री अध्ययन तथा जानकार व्यक्तिसँग सोधपुछ गरी स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारका चार चारओटा मुख्य कार्यक्षेत्र तालिकामा देखाउनुहोस् ।

४. "सङ्घीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका" विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

## अभ्यास

१. सङ्घीयता भनेको के हो ?

२. नेपालमा सङ्घीयता कार्यान्वयनमा आएसँगै भएका सकारात्मक परिवर्तन औँल्याउनुहोस् ।

३. स्थानीय सरकारको मुख्य कार्यक्षेत्र उल्लेख गर्नुहोस् ।

४. सङ्घीयताको सफल कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्ष विश्लेषण गर्नुहोस् ।

## परियोजना कार्य

विभिन्न स्रोतसामग्री तथा इन्टरनेटबाट खोज गरी विश्वका कुनै तीन फरक फरक सङ्घीयताका ढाँचा अवलम्बन गरेका मुलुक पहिचान गर्नुहोस् र प्रत्येकका विशेषता तलको तालिकामा लेख्नुहोस् :

| सङ्घीय मुलुकको नाम | सङ्घीयताको ढाँचा | प्रमुख विशेषता |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

# ४ राष्ट्रिय गौरवका आयोजनाहरू

विविध लक्ष्य प्राप्तिका लागि निश्चित समायावधिमा सम्पन्न गर्ने गरी सञ्चालन गरिने विकाससम्बन्धी कार्यक्रम विकास आयोजना हुन् । यस्ता आयोजनामा साधन, स्रोत एवम् जनशक्तिको दिगो सोच र उद्देश्यका साथ योजनाबद्ध रूपमा उपयोग गरिन्छ । यस्ता आयोजना केन्द्र, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुन्छन् । तर राष्ट्रिय गौरवका आयोजना राष्ट्रिय पहिचान कायम गर्ने तथा ठुलो सङ्ख्यामा जनता लाभान्वित हुने गरी केन्द्रीय सरकारले सञ्चालन गर्ने गर्छ । राष्ट्रिय गौरवका आयोजनाले मुलुकको आर्थिक विकास र सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछन् । यस्ता आयोजनाको घोषणा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम गरिन्छ । नेपाल सरकारले पहिलो पटक आ.व. ०६८/६९ देखि विभिन्न दृष्टिले महत्त्वपूर्ण देखिएका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा छनोट गरेको थियो ।

**नेपालका राष्ट्रिय गौरवका आयोजनाहरू**

१. पुष्पलाल (मध्यपहाडी) राजमार्ग
२. हुलाकी राजमार्ग
३. उत्तर दक्षिण लोकमार्ग (कोसी करिडोर)
४. उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर)
५. उत्तर दक्षिण लोकमार्ग (कर्णाली करिडोर)
६. रेल तथा मेट्रो रेल, मोनोरेल विकास आयोजना
७. काठमाडौँ तराई मधेस द्रुतमार्ग
८. बबई सिँचाइ आयोजना
९. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल
१०. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल
११. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल
१२. पशुपति क्षेत्र विकास कोष
१३. लुम्बिनी क्षेत्र विकास कोष
१४. माथिल्लो तामाकोसी जलविद्युत् आयोजना
१५. पश्चिम सेती जलविद्युत् आयोजना
१६. महाकाली सिँचाइ आयोजना
१७. सिक्टा सिँचाइ आयोजना
१८. रानी जमरा कुलरिया सिँचाइ आयोजना
१९. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना
२०. सुनकोसी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना
२१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
२२. मेलम्ची खानेपानी आयोजना
२३. विद्युत् प्रसारण आयोजना
२४. बुढीगण्डकी जलविद्युत् आयोजना

*स्रोत : राष्ट्रिय योजना आयोग*

राष्ट्रिय गौरवका आयोजनाका लागि नेपाल सरकारले हरेक आर्थिक वर्षमा बजेट सुनिश्चित गर्ने गरेको छ । राष्ट्रिय गौरवका प्रत्येक आयोजनाको उद्देश्य फरक फरक भए तापनि यस्ता आयोजनाले समृद्ध नेपालको आधारशीला तयार पार्ने हुँदा यिनीहरूको धेरै महत्त्व छ । यस्ता आयोजनाका सबल पक्षमा रोजगारी वृद्धि, पूर्वाधारको विकास, प्राकृतिक सम्पदाको संरक्षण र संवर्धन तथा पर्यटकीय क्षेत्रको विस्तार आदि हुन् ।

**राष्ट्रिय गौरवका आयोजनामध्ये केही आयोजनाको सङ्क्षिप्त परिचय र वर्तमान स्थितिका बारेमा तल चर्चा गरिएको छ :**

| आयोजनाहरू | विवरण |
|---|---|
| पुष्पलाल मध्यपहाडी लोकमार्ग | मध्यपहाडी बस्तीमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्यका साथ यो आयोजना सञ्चालन गरिएको हो । पूर्वमा पाँचथरको चियो भन्ज्याङ्देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाटसम्म विस्तार हुने यो लोकमार्ग निर्माणाधीन छ । यो आयोजना आ.व. २०६८/६९ देखि राष्ट्रिय गौरवको आयोजनाका रूपमा कार्यान्वयन हुँदै आएको छ । कुल लम्बाइ १८७९ कि.मि. रहेको यस लोकमार्गले मध्यपहाडी क्षेत्रका जिल्लालाई यातायात सञ्जालमा जोड्ने छ । यसले मध्य पहाडका बस्तीमा आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ । यस लोकमार्गको आसपासमा १० ओटा नमुना सहर विकास गर्ने कार्यक्रम पनि सञ्चालन भएको छ । यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको हो । यस आयोजनाको अनुमानित बजेट रु. १ खर्ब १ अर्ब ५० करोड रहेको छ । |
| भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | यस आयोजनाबाट भेरी नदीको पानीलाई सुर्खेतको जहरेमा बाँध बाँधी सुरुङमार्फत बबई नदीमा खसाली ४८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ । साथै उक्त पानीलाई बर्दिया र बाँकेका ६० हजार हेक्टर जमिनमा सिँचाइका लागि उपयोग गरिने छ । यस आयोजनामा करिब २७ अर्ब रुपियाँ खर्च लाग्ने अनुमान गरिएको छ । यसबाट निकालिएको विद्युत्बाट दुई अर्ब प्रतिवर्ष मुनाफा हुने अपेक्षा छ । सरकारले आन्तरिक स्रोतबाट सुरुङ निर्माण गर्न लागेको यो नेपालकै पहिलो बहुउद्देश्यीय आयोजना हो । |

| | |
|---|---|
| हुलाकी लोकमार्ग | नेपालको पूर्वदेखि पश्चिमसम्मका तराईका बस्तीमा यातायातको सहज पहुँच विस्तार गर्ने यस आयोजनाको लक्ष्य छ । यस आयोजनाले पूर्वमा झापादेखि पश्चिममा कञ्चनपुरसम्मको भूभागलाई जोड्ने छ । यस आयोजनाको कूल लागत अनुमान करिब ६५ अर्ब २० करोड रुपियाँ रहेको छ । भारत सरकारबाट प्राप्त हुने अनुदान र नेपाल सरकारबाट यसमा लागत बेहोरिने छ । यो आयोजनाको अन्त्यमा कुल १७९२.४२ कि.मि. कालो पत्रे सडक र २१९ ओटा पुलको निर्माण हुने अनुमान छ । यो आयोजना आ.व. २०६८/६९ देखि राष्ट्रिय गौरवको आयोजनाका रूपमा कार्यान्वयन हुँदै आएको छ । पूर्वपश्चिम राजमार्गको समानान्तर भई जाने यस मार्गले तराईका २० जिल्लालाई छुने छ । |
| पशुपति क्षेत्र विकास कोष | पशुपति क्षेत्रलाई यसको प्रतिष्ठा एवम् गरिमाअनुरूप सुव्यवस्थित र विकसित पार्ने उद्देश्यले वि.सं. २०४३ सालमा एक अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाका रूपमा कोषको स्थापना भएको हो । पशुपति क्षेत्रभित्रका पुरातात्त्विक सम्पदाको संरक्षण र संवर्धन, दर्शनार्थी तीर्थयात्रीको सुविधाका लागि भौतिक पूर्वाधार विकास, विद्युत् शवदाह गृह सञ्चालन तथा वातावरणमा सुधारसमेतको बृहत् गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउने उद्देश्य यस कोषको रहेको छ । हाल यो पशुपति क्षेत्र विकास कोष ऐन २०४४ अन्तर्गत सञ्चालित छ । आ.व. २०७०/७१ देखि यो राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिएको हो । |
| मेलम्ची खानेपानी आयोजना | पहिलो चरणमा दैनिक १७ करोड लिटर र दोस्रो चरणमा याङ्गी र लार्के नदीबाट थप दैनिक १७/१७ करोड लिटर गरी जम्मा ५१ करोड लिटर खानेपानी काठमाडौँमा दैनिक आपूर्ति गराउने लक्ष्य यस आयोजनाको रहेको छ । पहिलो चरण आ.व. २०५५/५६ मा सुरु भई आ.व. २०७०/७१ मा सम्पन्न गर्ने लक्ष्य रहेकामा हाल यस आयोजना सम्पन्न भई उपत्यकामा पानी वितरण गरिएको छ । दोस्रो चरण आ.व. २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो । यो आयोजना आ.व. २०६८/६९ देखि राष्ट्रिय गौरवको आयोजनामा समेटिएको थियो । |

| | |
|---|---|
| राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति | यस आयोजनाको चुरे क्षेत्रको प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापन गरी गरिबी न्यूनीकरण एवम् समृद्ध नेपालको राष्ट्रिय उद्देश्यमा टेवा पुऱ्याउने लक्ष्य छ । नेपाल सरकारको पूर्ण लगानीमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम आ.व. २०६६/६७ बाट सुरु भएको हो । आ.व. २०७०/७१ मा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति गठन भई उक्त कार्यक्रम राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालन हुँदै आएको छ । चुरे र भित्री मधेसका ३७ जिल्लामा यो आयोजना लागु भएको छ । चुरे तराई मधेसको संरक्षणका लागि २० बर्से गुरुयोजना नेपाल सरकारबाट मिति २०७४ जेठमा स्वीकृत भएको हो । |
| काठमाडौँ तराई/मधेस द्रुतमार्ग | यो आयोजना बारा जिल्लाको निजगढदेखि राजधानी काठमाडौँसम्म चार लेनमा सडक निर्माण हुने आयोजना हो । यस मार्गको प्रस्थान विन्दु ललितपुरको खोकना र अन्तिम विन्दु बाराको निजगढ मानिएको छ । हाल नेपाल सरकारको निर्णयबाट आयोजना सञ्चालन कार्यविधि, २०७४ स्वीकृत भई नेपाली सेनाको व्यवस्थापनमा आयोजना कार्यान्वयन भइरहेको छ । नेपाली सेनाबाट उक्त आयोजना आ.व. २०७४/७५ देखि सुरु भई २०८०/८१ मा सम्पन्न हुने अनुमान रहेको थियो । यो आयोजना आ.व. २०६८/६९ देखि राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिएको हो । यो आयोजनाले नेपालको राजधानी काठमाडौँसँग मध्य तराईका जिल्लाको आवतजावतलाई सहज र छिटो गराउनुका साथै सो क्षेत्रका जनताको सामाजिक आर्थिक विकासमा मदत पुऱ्याउने छ । |
| सुनकोसी मरिण डाइभर्सन आयोजना | यस आयोजनाले प्रारम्भमा सिन्धुली जिल्लाको सुनकोसी गाउँपालिकाबाट सुरुङ खनी सुनकोसीको पानी मरिण खोलामा झारी २८.६ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । यसरी मिसिएको पानी पछि बागमती नदीमा पुऱ्याउने बहुउद्देश्यका साथ आयोजना अगाडि बढाइएको छ । यस आयोजनाबाट मधेस प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका करिब १,२२,००० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने छ । यो आयोजना आ.व. २०७६/७७ मा सुरु भई २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो । यो आयोजना आ.व. २०७६/७७ देखि नै राष्ट्रिय गौरवको आयोजनाका रूपमा कार्यान्वयन हुँदै आएको छ । |

*स्रोत : राष्ट्रिय योजना आयोग*

### क्रियाकलाप

१. नेपालमा सञ्चालित केही राष्ट्रिय गौरवका आयोजना तोकिएको समयमा सम्पन्न हुन नसक्नुका कारण खोजी गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

२. विभिन्न स्रोतसामग्री तथा इन्टरनेटका सहायताले नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाको जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

१. **विकास आयोजना भनेको के हो ?**

२. **कस्ता आयोजनालाई राष्ट्रिय गौरवका आयोजना भनिन्छ ?**

३. **राष्ट्रिय गौरवका आयोजना किन महत्त्वपूर्ण मानिन्छन् ?**

४. **नेपालमा तोकिएको समयमा विकास आयोजना सम्पन्न गर्न कुन कुन पक्षमा ध्यान दिनुपर्ला ?**

५. **हुलाकी लोकमार्गले पुऱ्याउने फाइदाको विवेचना गर्नुहोस् ।**

### सामुदायिक कार्य

तपाईंको समुदायमा सञ्चालित कुनै एक विकास आयोजनाको अवलोकन गर्नुहोस् र सो आयोजनाका सम्बन्धमा सम्बद्ध व्यक्तिसँग छलफल गरी निम्नलिखित बुँदालाई आधार मानी प्राप्त विवरण प्रस्तुत गर्नुहोस् :

(क) आयोजनाको नाम :

(ख) आयोजना सञ्चालनको उद्देश्य :

(ग) प्रारम्भ मिति र सम्पन्न हुने मिति :

(घ) अनुमानित लागत :

(ङ) लाभान्वित सङ्ख्या :

(च) आवश्यक जनशक्ति :

(छ) हालसम्मको कार्य प्रगति :

(ज) आयोजनाप्रति तपाईंको दृष्टिकोण र सुझाव :

एकाइ ३

# हाम्रा सामाजिक मूल्य र मान्यता

## सिकाइ उपलब्धि

१. हाम्रा सम्पदाहरूको पहिचान र महत्त्व बताउन एवम् संरक्षण कार्यमा सहभागी हुन

२. हाम्रा लोक तथा शास्त्रीय कलाको महत्त्व बताउन र संरक्षण कार्यमा सहभागी हुन

३. राष्ट्रिय दिवसहरूको महत्त्व प्रस्तुति र सम्मान गर्न


४. अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको योगदानबाट प्रेरणा लिन र आवश्यकताअनुसार अनुसरण गर्न

५. विश्वबन्धुत्व र मानवताको भावना परिपालन गर्न

६ जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न ।

# १ हाम्रा राष्ट्रिय सम्पदा

**तलका तस्बिर अध्ययन गर्नुहोस् र यिनीहरू सांस्कृतिक र प्राकृतिकमध्ये कुन कुन सम्पदाअन्तर्गत पर्छन्, पहिचान गर्नुहोस् ।**












ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक महत्त्वका क्षेत्र, कला, संस्कृति आदि सम्पदा हुन् । सम्पदा मूर्त र अमूर्त हुन्छन् । त्यस्तै सम्पदालाई ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाका रूपमा पनि वर्गीकरण गर्न सकिन्छ । मन्दिर, मस्जिद, गुम्बा, वनजङ्गल, धार्मिक ग्रन्थ, लोक नृत्य, परिकार जस्तै : योमरी, खाप्से आदि मूर्त सम्पदाका उदाहरण हुन् भने अमूर्त सम्पदाहरूमा संस्कार, विभिन्न चाड मनाउने पद्धति, पूजा विधि, मण्डला बनाउने तरिका, योमरी बनाउने तरिका आदि पर्छन् । त्यस्तै दरबार, गढी, स्मारक आदि ऐतिहासिक सम्पदा हुन् भने धार्मिक स्थल, भाषा, कला, लवाइखवाइ आदि सांस्कृतिक सम्पदा हुन् । हिमाल, पहाड, नदी, ताल, वनस्पति आदि प्राकृतिक सम्पदा हुन् । हाम्रा पूर्वजबाट प्राप्त राष्ट्रिय महत्त्व बोकेका महत्त्वपूर्ण तथा संरक्षणयोग्य स्थान, वस्तु, कला, संस्कृति, प्राकृतिक स्थल हाम्रा राष्ट्रिय सम्पदा हुन् ।




## विश्वसम्पदा सूचीमा सूचीकृत हाम्रा राष्ट्रिय सम्पदाहरू

विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदा क्षेत्र चारओटा छन् । यसमा काठमाडौँ उपत्यका सम्पदा क्षेत्र, सगरमाथा राष्ट्रिय निकुन्ज सम्पदा क्षेत्र, लुम्बिनी सम्पदा क्षेत्र र चितवन राष्ट्रिय निकुन्ज सम्पदा क्षेत्र पर्छन् । यसमध्ये ऐतिहासिक र सांस्कृतिक सम्पदामा काठमाडौँ उपत्यका सम्पदा क्षेत्रमा पर्ने सातओटा स्थलहरू र लुम्बिनी सम्पदा क्षेत्र पर्छन् भने प्राकृतिक सम्पदामा सगरमाथा र चितवन राष्ट्रिय निकुन्ज पर्छन् ।

### (क) काठमाडौँ उपत्यकामा पर्ने सम्पदा स्थल

#### पशुपति क्षेत्र



पशुपति क्षेत्रअन्तर्गत पशुपतिनाथ मन्दिर, गौरीघाट, गौशाला, श्लेषमान्तक वन, विश्वरूप मन्दिर, राजराजेश्वरी घाट, बागमती नदी, आर्यघाट तथा गुह्येश्वरी मन्दिरलगायतका क्षेत्र पर्छन् । बागमती प्रदेशअन्तर्गत पर्ने यस क्षेत्रलाई सन् १९७९ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो । यस क्षेत्रमा एक हजारभन्दा बढी शिवलिङ्ग रहेका छन् । साथै विभिन्न शैलीमा निर्माण भएका ४९२ ओटा मन्दिर, देवालय, सत्तल र चैत्यहरू पनि यहाँ रहेका छन् ।

### स्वयम्भूनाथ स्तूप



बौद्धमार्गीहरूको महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा परिचित स्वयम्भूनाथ स्तूप काठमाडौँमा रहेको छ । यस स्थल वरपर सरस्वतीको मन्दिर र अन्य मठमन्दिरहरू पनि रहेका छन् । यसकारण यहाँ धार्मिक सहिष्णुताको असल अभ्यास देख्न तथा महसुस गर्न पाइन्छ । सन् १९७९ मा यस क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो ।

### बौद्धनाथ महाचैत्य



बौद्धमार्गीहरूको अर्को महत्त्वपूर्ण धार्मिक स्थल बौद्धनाथ महाचैत्य पनि काठमाडौँमा रहेको छ । यस महाचैत्यको निर्माण पाँचौँ शताब्दीमा भएको विश्वास गरिन्छ । यसलाई सन् १९७९ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो । यस क्षेत्रमा धेरै सङ्ख्यामा बौद्ध विहार रहेका छन् ।

### चाँगुनारायण मन्दिर



चाँगुनारायण मन्दिर लिच्छविकालीन वास्तुकलाको उत्कृष्ट नमुना हो । यो मन्दिर क्षेत्र भक्तपुर जिल्लामा रहेको छ । यो मन्दिर प्यागोडा शैलीमा निर्माण गरिएको छ । नेपालको लिच्छविकालीन इतिहासको जीवित स्रोतका रूपमा रहेको यस मन्दिरमा शिलालेख, ढुङ्गा, काठ र धातुका उत्कृष्ट कलाकृतिका नमुना रहेका छन् । यसलाई सन् १९७९ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो ।

### काठमाडौँ दरबार क्षेत्र



काठमाडौँ दरबार क्षेत्र काठमाडौँ जिल्लामा पर्छ । यहाँ मल्लकालीन वास्तुकलाको उत्कृष्ट नमुना देख्न सकिन्छ । यस क्षेत्रमा वसन्तपुर दरबार, तलेजु भवानीको मन्दिर, कुमारी घर, काष्ठमण्डप, हनुमान्को मूर्ति, ठुलो घण्टा, नगरा, कालभैरवको मूर्ति रहेका छन् । सन् १९७९ मा यसलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको हो ।

### पाटन दरबार क्षेत्र



मल्लकालीन समयमा निर्माण भएको पाटन दरबार क्षेत्र काठमाडौँ उपत्यकाको ललितपुर जिल्लामा पर्छ । यहाँ विभिन्न ऐतिहासिक र धार्मिक सम्पदाहरू रहेका छन् । कृष्ण मन्दिर, विश्वनाथ मन्दिर, कुम्भेश्वर महादेव, रातो मच्छेन्द्रनाथ मन्दिर, राजा योग नरेन्द्र मल्लको मूर्तिलगायत महत्त्वपूर्ण सम्पदाहरू यस क्षेत्रभित्र रहेका छन् । सन् १९७९ मा यसलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको हो ।

### भक्तपुर दरबार क्षेत्र



काठमाडौँ उपत्यकाको भक्तपुर जिल्लामा पर्ने भक्तपुर दरबार क्षेत्र ऐतिहासिक र सांस्कृतिक सम्पदा हो । यहाँ मल्लकालीन समयमा निर्माण भएका पचपन्न झ्याले दरबार, दत्तात्रय मन्दिर, न्यातपोल मन्दिर, स्वर्णद्वार, सिद्ध पोखरी, रानी पोखरी आदि महत्त्वपूर्ण सम्पदाहरू रहेका छन् । सन् १९७९ मा यसलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको हो ।

## (ख) लुम्बिनी



लुम्बिनी शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल हो । यो क्षेत्र लुम्बिनी प्रदेशको रूपन्देही जिल्लामा पर्छ । लुम्बिनी विश्वभरका बौद्धमार्गीहरूको पवित्र तीर्थस्थलका रूपमा रहेको छ । अशोक स्तम्भ, पुस्करिणी पोखरी, मायादेवी मन्दिर, बुद्ध पुस्तकालय, अन्वेषण केन्द्र, सङ्ग्रहालय आदि यस क्षेत्रमा रहेका महत्त्वपूर्ण सम्पदा हुन् । यस क्षेत्रमा विश्वका विभिन्न राष्ट्रले बौद्धविहार निर्माण गरेका छन् । सन् १९९७ मा यसलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको हो ।

## (ग) चितवन राष्ट्रिय निकुञ्ज

चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो । यो निकुञ्ज चितवन, मकवानपुर, नवपरासी बर्दघाट सुस्ता पूर्व र पर्सा जिल्लामा फैलिएको छ । यसको क्षेत्रफल ९५२.६३ वर्ग कि.मि. रहेको छ । यो निकुञ्जमा विश्वको दुर्लभ मानिएको एक सिङ्गे गैँडा पाइन्छ । यहाँ गोही, हात्ती, पाटेबाघ, सालक, धनेस, मयूरलगायतका जीवजन्तुहरू पाइन्छन् । सन् १९८४ मा यसलाई विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो ।

## (घ) सगरमाथा राष्ट्रिय निकुञ्ज



सगरमाथा राष्ट्रिय निकुञ्ज नेपालको कोसी प्रदेशको सोलुखुम्बु जिल्लामा पर्छ । यो राष्ट्रिय निकुञ्जअन्तर्गत सगरमाथा, ल्होत्से, पुमोरी, नुत्से, चोयु, आमादब्लम जस्ता हिमाल पर्छन् । यहाँ डाँफे, हिमाली भालु, कस्तुरी, हिउँ चितुवा, घोरल, न्याउरीमुसोलगायतका जीवजन्तुहरू र गुराँस, धुपी, भोजपत्र आदि वनस्पतिहरू पाइन्छन् । सन् १९७९ मा यसलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको हो । यसको क्षेत्रफल ११४८ वर्ग कि.मि. रहेको छ ।

विश्वसम्पदा सूचीमा सूचीकृत भएकाबाहेक अन्य धेरै सम्पदाहरू देशका विभिन्न भागमा रहेका छन् । यी सबै देशका अमूल्य सम्पत्ति हुन् । यिनको संरक्षण र संवर्धन गर्नु हामी सबैको कर्तव्य हो । नेपालका अन्य सम्पदाहरूमा ताप्लेजुङको पाथीभरा, धरानको बुढासुब्बा, जनकपुरको रामजानकी मन्दिर, काभ्रेपलाञ्चोकको पलाञ्चोक भगवती र पनौती हुन् । त्यस्तै नुवाकोटको साततले दरबार, नुवाकोट भैरवी मन्दिर, रसुवाको गोसाइँ कुण्ड, धादिङको त्रिपुरासुन्दरी, गोरखाको गोरखकाली मन्दिर, मनकामना मन्दिर र गोरखा दरबार, मुस्ताङको मुक्तिनाथ र ल्होमान्थाङ दरबार, तनहुँको देवघाट र सुर्खेतको काँक्रेविहार हाम्रा महत्त्वपूर्ण सम्पदाहरू हुन् । रारा ताल, फेवा ताल, तिलिचो ताल, कोसी, गण्डकी र कर्णाली नदी तथा राष्ट्रिय निकुञ्जहरू हाम्रा महत्त्वपूर्ण प्राकृतिक सम्पदा हुन् । बाग्लुङ कालिका मन्दिर, कपिलवस्तुको तिलौराकोट पुरातात्त्विक क्षेत्र, प्युठानको स्वर्गद्वारी, गुल्मीको रेसुङ्गा, जुम्लाको सिँजा उपत्यका, खप्तड क्षेत्र आदि पनि महत्त्वपूर्ण सम्पदाका रूपमा रहेका छन् । त्यस्तै नेपालमा प्रचलित विभिन्न जात्राहरू, जस्तै : गाईजात्रा, घोडेजात्रा, बिस्केटजात्रा आदिले पनि नेपाल सांस्कृतिक सम्पदामा धनी छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् । यस्तै धान नाच, कौरा नृत्य, देउडा नृत्य, झिझिया नृत्य, रोदी आदिले हाम्रो सांस्कृतिक सम्पदालाई समुन्नत बनाएका छन् । विभिन्न चाडपर्वमा खाइने परिकार योमरी, ढिकरी, क्वाँटी, सेलरोटी, खिचडी, भुसुवा, खाप्से आदिले नेपालको सांस्कृतिक सम्पदालाई जीवन्त बनाएका छन् ।

## राष्ट्रिय सम्पदाको महत्त्व

राष्ट्रिय सम्पदा हाम्रा अमूल्य सम्पत्ति हुन् । यिनीहरू गौरवपूर्ण इतिहास बोकेका हाम्रा पहिचान हुन् । यिनको महत्त्व यसप्रकार रहेको छ :

(क) पुर्खाको ज्ञान, सिप र प्रविधिको जानकारी तथा हस्तान्तरण हुन्छ ।

(ख) स्थानीय तथा राष्ट्रिय पहिचान स्थापित हुन्छ ।

(ग) राष्ट्रिय गौरवमा वृद्धि हुन्छ ।

(घ) खोज तथा अध्ययन अनुसन्धानमा सहयोग पुग्छ ।

(ङ) पर्यटन प्रवर्धनमा मदत पुग्छ ।

(च) जैविक विविधता संरक्षणमा सहयोग पुग्छ ।

(छ) देशको चौतर्फी विकासमा सहयोग पुग्छ ।

### सम्पदा संरक्षणका उपायहरू

(क) सम्पदा क्षेत्रभित्र र आसपासमा फोहोर नगर्ने

(ख) सम्पदा आसपासका क्षेत्रमा भौतिक संरचनाको निर्माण नगर्ने

(ग) सम्पदाको संरक्षणमा स्थानीय व्यक्तिहरूलाई सचेत गराउने र सहभागी गराउने

(घ) ऐतिहासिक र सांस्कृतिक सम्पदाको मर्मत र जिर्णोद्धार गर्ने

(ङ) सम्पदा अतिक्रमण हुनबाट जोगाउने

(च) सम्पदाको महत्त्व सम्बन्धमा प्रचारप्रसार गर्ने

(छ) प्राकृतिक सम्पदाको हकमा वनस्पति र जीवजन्तुको संरक्षण गर्ने

## क्रियाकलाप

१. तपाईँ बसोबास गर्ने स्थानीय तह वा जिल्लामा भएका राष्ट्रिय सम्पदाको खोजी गरी ती प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदामध्ये कुन सम्पदाअन्तर्गत पर्छन्, वर्गीकरण गर्नुहोस् र तिनको संरक्षण गर्ने उपायसमेत प्रस्तुत गर्नुहोस् ।

२. विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदाको चित्र सङ्कलन गरी चार्टमा टाँस्नुहोस् र दुई दुईओटा विशेषतासमेत लेख्नुहोस् ।

३. राष्ट्रिय सम्पदा संरक्षणमा विद्यार्थी, समुदाय र राज्यले खेल्न सक्ने भूमिका सम्बन्धमा समूहगत छलफल गरी सूची तयार गर्नुहोस् ।

४. तपाईँको स्थानीय तहमा राष्ट्रिय सम्पदा संरक्षणमा भएका प्रयासहरू समेटेर समाचार तयार गर्नुहोस् ।

## अभ्यास

**१. राष्ट्रिय सम्पदा भनेको के हो ? ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको एक एकओटा उदाहरण दिनुहोस् ।**

**२. मूर्त र अमूर्त सम्पदा भनेको के हो, उदाहरणसहित लेख्नुहोस् ।**

**३. हाम्रा राष्ट्रिय सम्पदाको आर्थिक, सामाजिक एवम् सांस्कृतिक महत्त्व उल्लेख गर्नुहोस् ।**

**४. राष्ट्रिय सम्पदा संरक्षणमा प्रेरणा जगाउने नारा तयार गर्नुहोस् ।**

**५. "राष्ट्रिय सम्पदा संरक्षणमा सरोकारवालाको भूमिका" शीर्षकमा सम्पादकीय तयार गर्नुहोस् ।**

# २ हाम्रा लोकगीत

(मच्छिन्द्र माध्यमिक विद्यालयको १० कक्षामा सामाजिक अध्ययन विषयको लोकगीत भन्ने पाठको सिकाइ सहजीकरण गर्ने क्रममा स्रोतव्यक्तिका रूपमा आउनुभएका लोकगायकसँग विद्यार्थीले गरेको संवादलाई यहाँ प्रस्तुत गरिएको छ ।)

**प्रीति** : नमस्कार, तपाईं यो क्षेत्रको अग्रज लोकगायक हुनुहुन्छ । तपाईंका धेरै गीत हामीले रमाइलो मानेर सुन्ने गरेका छौँ । आज हामी तपाईंसँग लोकगीतसम्बन्धी केही जिज्ञासा राख्न चाहन्छौँ, आशा छ हाम्रो जिज्ञासा पूरा गरिदिनु हुने छ ।

**लोकगायक** : भइहाल्छ नि ! म सक्दो प्रयास गर्ने छु ।

**सजना** : लोकगीत भनेको के हो, बताइदिनुहोस् न ।

**लोकगायक** : लोकगीत र लोक सङ्गीत लोक संस्कृतिको अभिन्न अङ्ग हुन् । लोकगीतलाई स्थानीय स्तरमा सिर्जित र सङ्कलित कलात्मक अभिव्यक्तिका रूपमा लिइन्छ । मानिसका सुख, दुःख, पीडा, उमङ्ग र सम्पूर्ण लोकजीवनको अनुभव र अभ्यासलाई यसले समेटेको हुन्छ । यो सरल, बोधगम्य र लोकप्रिय हुन्छ ।

**सुजन** : यसलाई समुदायको गीत पनि भनिन्छ, होइन र ?

**लोकगायक** : लोकगीत समुदायको पनि गीत हो । यो एकपछि अर्को पुस्तामा हस्तान्तरण हुँदै जान्छ । यो समाजमा गाइन्छ । यस्ता गीतलाई समाजले बचाएको हुन्छ । त्यसैले यसलाई समुदायको गीत भनिएको हो ।

**प्रीति** : ए ! उसो भए लोकगीतको महत्त्व त धेरै पो हुने रहेछ, होइन त ?

**लोकगायक** : हो नि ! लोकगीत हाम्रो मौलिक पहिचान हो । यसले मनोरञ्जन प्रदान गर्छ । सामाजिक एकता कायम राख्न मदत गर्छ । पुर्खाको परम्परा र संस्कृतिलाई बचाउन सहयोग गर्छ । मानिसलाई तनाव र चिन्ताबाट मुक्त हुन सहयोग गर्छ । समाजलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चिनाउन

सहयोग गर्छ । इतिहासको स्रोतका रूपमा काम गर्छ । त्यसैले यसको धेरै ठुलो महत्त्व छ ।

**प्रीति** : लोकगीतहरू उमेर, स्थान, परिवेश, भोगाइ र अनुभूतिअनुसार फरक फरक हुन्छन् भनिन्छ नि ?

**लोकगायक** : हो, फरक फरक उमेर समूहका मानिसको रुचिअनुसार फरक फरक लोकगीत हुन सक्छन् । वृद्धवृद्धाले सुन्ने र गाउने गीत, वयस्क, युवा, किशोरकिशोरी र बालबालिकाले सुन्ने तथा गाउने लोकगीत फरक फरक हुन्छन् । मानिसको भोगाइ र अनुभवअनुसार गीतहरू फरक फरक हुन्छन् । मानिसले प्रत्यक्ष रूपमा अभिव्यक्त गर्न नसकेका कुराहरू गीतको माध्यमबाट सजिलैसँग व्यक्त गर्न सक्छन् । तसर्थ लोकगीतलाई मानिसको मनोभावना अभिव्यक्त गर्ने माध्यमका रूपमा लिइन्छ ।

**प्रीति** : लोकगीतको महत्त्व धेरै पो हुने रहेछ, होइन र ?

**लोकगायक** : हो नि, लोकगीतले समाजको वास्तविकताको प्रतिनिधित्व गर्छ । यसमा मानिसका दुःख, पीडा र खुसीको वास्तविक अभिव्यक्ति प्रकट हुन्छ । हाम्रा मूल्यमान्यता र संस्कृतिको उजागर गर्छ । यसले मनोरञ्जन पनि प्रदान गर्छ । त्यसैले लोकगीतको महत्त्व धेरै छ ।

**सजना** : नेपाली लोकगीतका समस्या र चुनौती के के छन् ?

**लोकगायक** : नेपाली लोकगीतले वर्तमानमा विभिन्न चुनौतीको सामना गर्नुपरेको छ । ती चुनौतीको समाधान समयमा नै गर्न सकिएन भने लोकगीतको क्षेत्रमा ठुलो समस्या आउने छ । लोकगीतको पहिलो चुनौती मौलिकतालाई जोगाउनु हो । त्यसपछि यसका स्रोताको मनोभावनाको सम्बोधन गर्ने कुरा अर्को चुनौतीका रूपमा देखिएको छ । बौद्धिक चोरीले कलाकारहरू मर्कामा परेका छन् भने युवाहरूमा विदेशी गीतप्रतिको मोहले यसको संरक्षणमा असर पुऱ्याएको छ । हाम्रा मौलिक संस्कृति बिस्तारै लोप हुँदै जानु र विदेशी संस्कृतिको प्रभाव बढ्नु आदि लोकगीतका प्रमुख समस्या र चुनौती हुन् ।

**सुजन** : लोकगीतको संरक्षण गर्न के के गर्नुपर्छ, बताइदिनुहोस् न ।

**लोकगायक** : तपाईंले धेरै महत्त्वपूर्ण कुरा उठाउनुभयो । हामीले हाम्रो मौलिक परम्परालाई जोगाइराख्नुपर्छ । तपाईंहरू जस्ता नयाँ पुस्ताले लोकगीत र सङ्गीतको

महत्त्व बुझ्ने र बुझाउने गर्नुपर्छ । युवा पुस्ताले परम्पराको पुस्तान्तरणमा सहयोग गर्नुपर्छ । लोकगीतका मर्म एवम् भावनाको सम्मान हुनेगरी शब्द र लय प्रयोग गर्नुपर्छ । हाम्रा उत्सव, पर्व, संस्कार र मेलामा आफ्नै लोकगीत सुन्ने तथा सुनाउने गर्नुपर्छ । विद्यालय र समुदायमा हुने सांस्कृतिक कार्यक्रममा लोकगीतलाई प्राथमिकता दिनुपर्छ । सर्जकको बौद्धिक सम्पत्तिको संरक्षण गर्नुपर्छ । लोकगीत सङ्कलक तथा गायकलाई हौसला र सम्मान दिनुपर्छ । यसो गरेको खण्डमा मात्रै लोकगीतको संरक्षण हुन सक्छ ।

**विद्यार्थी** : हाम्रो अनुरोधलाई स्वीकार गरी जिज्ञासा पूरा गरिदिनुभएकामा धन्यवाद !

**लोकगायक** : मलाई पनि नेपाली लोकगीतका बारेमा केही कुरा राख्ने र तपाईंहरूको जिज्ञासा मेटाउने अवसर पाउँदा खुसी लागेको छ । नेपाली लोकगीतलाई सुन्न र माया गर्न नभुल्नुहोला, धन्यवाद !

## केही नेपाली लोकगीतहरू

नेपालका विभिन्न भौगोलिक क्षेत्र, जाति र समुदायमा आआफ्नै मौलिक लोकगीत प्रचलनमा छन् । तीमध्ये केही लोकगीतका नमुना तल दिइएका छन् :

<table>
<tr><td colspan="2">तामाङ सेलो<br>खासगरी नेपालको बागमती प्रदेशलगायत देशका विभिन्न जिल्लामा बसोबास गर्ने तामाङ जातिले गाउने गीत : घोर्की स्याउरी ग्याल्मरी, गेड्ला टुक्रा साप्ररी......<br>गेड् टुक्राता स्याउरी से ढुइके लाजी च्यागो......</td></tr>
<tr><td>परम्परागत खजडी भजन<br>विभिन्न धार्मिक कार्यमा एक जनाले भट्याउँदै अरूले पछि पछि गाउने<br>हे.. नारायण.........<br>हरि..हरि<br>राम राम राम राम<br>पहिलो दर्शन.....<br>कैलाशमा बस्ने, खरानी घस्ने<br>श्री महादेवलाई पहिलो दर्शन.....</td><td>झ्याउरे गीत<br>गाउँघरमा घाँसदाउरा गर्दा वा गोठालो जाँदा गाइने गीत<br>कस्की छोरी हौ नानी लालीपाउडर घसेको<br>झन्डै मसँग माया बसेको<br>छिट्को सारी गुन्युँ चोली फुर्के धागो लगाको<br>सिरुपाते त्यो ज्यानलाई कति सुहाको<br>सानु तिमीलाई मै लान्छु साथसाथै<br>उडाएर रुखको पातपातै ।</td></tr>
<tr><td></td><td></td></tr>
</table>

| असारे गीत | तिज गीत |
|---|---|
| असारमा खेत रोपाइँ गर्ने खेतालाहरूले गाउने गीत<br>*गैरी खेतको रोपाइँ मेला आको तपाइँ ....*<br>*मेला आको तपाइँ काँधमा हलो बोकेर......*<br>*तिल्के र तारे एक हल गोरु मेरा बाँध्ने किला ठोकेर.....*<br>*वर पिपलको छायाँ सुन सानु मायाँ बाँध्ने किला ठोकेर....* | तिज पर्वको अवसरमा महिलाले गाउने गीतलाई तिज गीत भनिन्छ ।<br>*वर्ष दिनको तिजलाई आए दाजु लिनलाई*<br>*जान्छु म त माइत अब केही दिनलाई*<br>*यो रमाइलो तिजमा सबै माइत जान्छन्*<br>*आमाले पकाएको मिठो दर खान्छन्* |
| **होरी गीत** | **पालम गीत** |
| राम र सीताको चरित्रमा आधारित नेपालको पूर्वी तराईमा होलीको अवसरमा गाइने गीत<br>*मिथिलामे राम खेलत होरी मिथिलामे*<br>*किनकाके हाथ कनक पिचकारी किनकाके*<br>*हाथ अबीर झोरी* | नेपालको पूर्वी पहाडका लिम्बु जातिले गाउने गीत<br>*सिङ्घाओ थुङ्वे कक्मा फाग*<br>*मिन्छाङ्गेन आनी याम्मी साग*<br>*इक्सागेन खाम्बेक आधोखेल्ले*<br>*थिक्नाम्दातसारक आबोखेल्ने* |

## क्रियाकलाप

१. तपाईंको स्थानीय क्षेत्रमा प्रचलित लोकगीतहरू खोजी गरी कक्षामा सुनाउनुहोस् ।

२. तपाईंले धेरैजसो सुन्ने गरेको लोकगीतका चार हरफ लेख्नुहोस् । यो गीत मन पर्नुका कारण उल्लेख गर्नुहोस् ।

३. लोकगीत संरक्षणमा भएका स्थानीय अभ्यासहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. विद्यालयका शिक्षक र प्रधानाध्यापकसँग समन्वय गरी विद्यालयमा लोकगीत प्रतियोगिता सञ्चालन गर्नुहोस् र कार्यक्रमको प्रभाव कस्तो रह्यो, कक्षामा समीक्षासमेत गर्नुहोस् ।

५. नेपाली लोकगीतहरूले सामना गर्नुपरेका चुनौतीहरू र समाधानका उपायहरू समेट्दै संवाद तयार गर्नुहोस् ।

## अभ्यास

१. लोकगीत भनेको के हो ?

२. पालम, तामाङ सेलो र तिजको गीतको छोटो परिचय दिनुहोस् ।

३. "लोकगीत हाम्रो मौलिक पहिचान हो ।" यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

४. नेपाली लोकगीतको संरक्षणमा तपाईँको भूमिका उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

तपाईँको स्थानीय तहमा प्रचलित लोकगीतको खोजी गर्नुहोस्, ती गीत कुन कुन जाति समुदायसँग सम्बन्धित रहेका छन् ? कुन कुन अवसरमा गाउने गरिन्छन्, ती गीत संरक्षणका उपायहरूसमेत समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

# ३ नेपाली लोकबाजा

नेपालका विभिन्न भूभागमा बसोबास गर्ने जातजाति तथा समुदायमा प्रचलित मौलिक वाद्यवादनका साधनलाई लोकबाजा भनिन्छ । यी नेपाली बाजाले नेपाली संस्कृतिको पहिचान दिएका छन् । जाति तथा समुदायलाई चिनाएका छन् । ती लोकबाजाहरू फरक फरक तरिकाले बजाइन्छ । कुनै फुकेर बजाइन्छन् । कुनै रेटेर बजाइन्छन् त कुनै ठटाएर बजाइन्छन् ।

**केही नेपाली लोकबाजाको परिचय तल दिइएको छ । गीतमा वर्णन गरिएअनुसार लोकबाजाहरूको परिचय, बनावट विशेषता, बजाउने स्थान र सम्बन्धित जाति समुदायहरूको पहिचान गर्नुहोस् ।**



*मादल*

"मादल" हाम्रो नेपाली लोकबाजा
सबैतिर प्रचलित छ आज
(बाँसको मुरली) २ बजाउँदै नाचौन आफ्नै सुरले ।
गन्धर्वले "सारङ्गी" रेटेर
गीत सुनौँ उहाँलाई भेटेर
(झ्याउरे भाकामा) २ यो भाका लोकप्रिय डाँडापाखामा
"बाँसुरी" हो बनेको बाँसबाट
"झ्याली," "झ्याम्टा", "झुर्मा" चै काँसबाट
(लामो नरसिङ्गा) २ घुमाउरो हुन्छ यो फुक्ने जोडसित
ओठले च्यापी फुकेको "सहनाई"
पित्तल भन्ने धातुले बनाई
(पञ्चे बाजामा) २ यो बाजा प्रचलित सबै माझमा..
"ढोलक" हुन्छ छालाले मोरेको



*बाँसुरी*



*सारङ्गी*



*झ्याली*



*नरसिङ्गा*



*सहनाई*



*पञ्चेबाजा*



*ढोलक*



काहालबाजा

तालबाजाका रूपमा परेको

(लामो काहाल बाजा) २ भैरवी मन्दिरमा जीवित छ आज..



दमाहा

"नगरा" लाई दमाहा नि भन्छन्

एउटामात्रै गजोले हान्छन्

(बजाउँ "खैजडी") २ रोइला र बालन नाच्ने कुमजोडी..



ढ्याङ्ग्रो



खैजडी

"ढ्याङ्ग्रो" ठोक्ने धामीले जोडले

भन्छन् मन्त्र ठुल्ठुलो स्वरले

(शेर्पा तामाङको) २ मौलिक बाजा, हुन् है यिनको..

बाँसलाई खिपी बन्छ "बिनायो"



बिनायो

"हुड्को"ले चाहीँ हुड्केलाई चिनायो

(नाच्छन् बजाउँदै) २ खप्तड मेलामा सबै रमाउँदै..

"मुर्चुङ्गा" लाई फुकेर जोडले



मुर्चुङ्गा

आवाज आउँछ बिनायो झैँ स्वरले

("मसक" बझाङको)२ डफली राम्रो छ पश्चिम तराईको

तीन टुक्रा बाँस खिपेर "फामुक"



फामुक



मसक

"पुङ" बजाउने किराती सोलुका

डाङ्मेन)२ हिमाली शेर्पाको जित्या छ मन

ज्यापू नेवार बजाउने "काकुवयन"

सुन्दा स्वर लोभिने सबको मन

(भाले आरबाजो)२ गन्धर्व जातिको पहिचान हो..

"शृङ्गनाद" बजाउने सन्यासी



शृङ्गनाद

यो चलनले जोगाउँछ संस्कृति

(इर्लुङ पिपरी)२ मिथिला क्षेत्रको बाजा डक्कारी



डक्कारी

जोगाउँ हाम्रो नेपाली बाजालाई

यति कुरा बुझौँ है आजलाई

(हाम्रो ठुलो सान)२ नेपाली लोकबाजा देशको पहिचान

## क्रियाकलाप

१. माथि पाठमा उल्लिखित लोकबाजाका विशेषता तालिका वा चार्टमा प्रस्तुत गर्नुहोस् ।

२. तपाईँको क्षेत्रमा कुन कुन लोकबाजा प्रचलित छन् र ती बाजाहरू के कस्ता अवसरहरूमा बजाइन्छन्, साथीहरूबिच छलफल गरी लेख्नुहोस् ।

३. कतिपय नेपाली लोकबाजाहरू लोप हुने अवस्थामा पुगेका छन् । यसो हुनुका कारणहरू के के हुन् ? लोपोन्मुख लोकबाजाको संरक्षण गर्न समुदाय र स्थानीय तहले के के गर्नुपर्ला, छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

४. नेपाली लोकबाजाहरूको चित्र सङ्कलन गरी एल्बम तयार गर्नुहोस् ।

## अभ्यास

१. **लोकबाजाको परिचय दिनुहोस् ।**

२. **नेपाली पञ्चेबाजा समूहमा पर्ने बाजाहरूको नाम र तिनीहरूको विशेषता लेख्नुहोस् ।**

३. **नेपाली लोकबाजाको महत्त्व उल्लेख गर्नुहोस् ।**

४. **"नेपाली लोकबाजा नेपालीहरूको पहिचान हो ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

५. **तपाईँलाई मन पर्ने लोकबाजाको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# ४ हाम्रा लोक तथा शास्त्रीय नृत्य

नेपाली मौलिक लोकगीत वा लोक भाकाहरूमा आधारित भएर सुर, ताल र लयमा गरिने अभिनयसहितको प्रस्तुतिलाई लोकनृत्य भनिन्छ । घाटु नाच, मारुनी नाच, चण्डी नाच, ख्याली नाच, झ्याउरे नाच आदि नेपाली लोक नृत्यका उदाहरण हुन् । यस्ता नृत्यले हाम्रा सामाजिक संस्कार, संस्कृति र परम्पराको जगेर्ना एवम् मनोरञ्जन प्रदान गर्ने काम गर्छ ।

विभिन्न धर्मशास्त्र तथा यससँग सम्बन्धित देवीदेवताको चरित्रवर्णन गर्दै गरिने नृत्य शास्त्रीय नृत्य हो । यस नृत्यमा शरीरका विभिन्न अङ्ग, जस्तै : आँखा, औँला, मुख र हातद्वारा गीत सङ्गीतको भावलाई व्यक्त गरी प्रस्तुत गरिन्छ, जस्तै : पञ्चबुद्ध नृत्य, चर्या नृत्य, भैरव नृत्य, कार्तिक नृत्य आदि । यस्ता नृत्यले धार्मिक आस्था एवम् विश्वासलाई मजबुत र बलियो बनाउँछ ।

## नेपालमा प्रचलित केही लोक तथा शास्त्रीय नृत्य



(क) **देउडा नाच :** गोलो घेरामा उभिएर एकअर्काको हात र कुम जोडेर सामूहिक रूपमा नाचिने नृत्य देउडा नाच हो । मुख्यतया नेपालको कर्णाली तथा सुदूरपश्चिम प्रदेशका पहाडी समुदायमा यो नाच प्रचलित छ । देउडा नाच नाच्दा गाइने गीतमा मानिसका विभिन्न क्रियाकलाप तथा स्वभाव, दुःख, पिर, हर्ष र परिवेशको वर्णन गरिन्छ ।

(ख) **मारुनी नाच :** विशेष गरी पुरुषहरूले महिलाको वेशभूषा लगाएर महिला जस्तै भएर नाच्ने यो नाच नेपालका विभिन्न भूभागमा नाचिने गरिन्छ । यो नाच मगर जातिमा प्रचलित नाच हो । हालका दिनहरूमा यो नाच अन्य जातिहरूमा पनि प्रचलित छ ।

(ग) **झिझिया नाच :** यो नाच पूर्वी तराई क्षेत्रको मैथिली समुदायमा प्रचलित नाच हो । यस नाचमा माटाको घैलामा आगो बाली त्यसलाई महिलाका शिरमा राखी नाच्ने गरिन्छ ।

(घ) **घाटु नाच** : यो नाच विशेष गरी गुरुङ, मगर र दुरा समुदायमा प्रचलित नाच हो । यो नाच वसन्त पञ्चमीदेखि पूर्णिमासम्म नाच्ने गरिन्छ । यो नाचमा परशुराम राजा र यम्मावती रानीको कथामा आधारित भएर रजस्वला नभएकी कन्यालाई नचाउने गरिन्छ ।

(ङ) **धान नाच** : यो लिम्बू जातिमा प्रचलित नाच हो । यो नाच विशेष गरी नेपालको पूर्वी पहाडी जिल्लामा नाचिन्छ । पालम गीत गाउँदै यो नाच नाचिन्छ । विशेष रूपमा युवायुवतीले बाली भित्र्याउने समय र अन्य मेलापर्व तथा उत्सवमा यो नाच नाच्ने गरिन्छ ।



(च) **साकेला नाच** (**सिली**) : किरात राई जातिले उँधौली तथा उँभौली चाडका अवसरमा नाच्ने नाचलाई साकेला नाच भनिन्छ । यो जातिमा भएको भाषिक भिन्नताका आधारमा साकेला नाचलाई साकेन्वालाक साक्खेवा नाच, साकेला नाच आदि नामले चिनिन्छ । यो नाचमा सबै उमेर समूहका मानिस गोलाकार भई ढोल झ्याम्टा बजाउँदै हात र खुट्टाको ताल मिलाई नाच्छन् । यो नाचमा विशेषतः खेतीपाती लगाउँदै र उठाउँदै, तान बुन्दै उठाउँदै तथा जीवजन्तुका क्रियाकलापको अभिनय गरिन्छ ।



(छ) **सोरठी नाच** : यो नाच गण्डकी र लुम्बिनी प्रदेशका गुरुङ र मगर समुदायमा प्रचलित छ । यो नाच ठुलो समूहमा नाच्ने गरिन्छ । दिनभरको थकान मेट्न तथा मनको भावना पोख्न सोरठी नाच नाचिन्छ । यस नाचले समाजिक सद्भाव र एकतालाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

(ज) **जट जटिन नाच** : जट जटिन नाच नायक जट र नायिका जटिनको प्रेमकथामा आधारित नाच हो । श्रावण पूर्णिमादेखि भाद्र पूर्णिमासम्म यो नाच नाच्ने गरिन्छ । यो नाच मिथिला क्षेत्रमा नाचिने परम्परागत नाच हो । खडेरीबाट मुक्त हुनका लागि इन्द्र देवतालाई खुसी पार्न यो नाच नाचिन्छ ।

(झ) **बालन नाच** : विभिन्न अवसरमा राम, कृष्ण, शिवलगायतका देवताको चरित्रलाई बयान गर्दै खैँजडी बजाएर समूहमा नाचिने नृत्य बालन नृत्य हो । सत्यनारायणको पूजा, विवाह, व्रतबन्ध आदि जस्ता धार्मिक कार्यमा रात्रिको समयमा सामूहिक रूपमा नाच्ने गरिन्छ । विशेष गरी ब्राह्मण क्षेत्री समुदायमा यो नाच बढी प्रचलित छ ।

(ञ) **कार्तिक नाच** : कार्तिक नाच राजा सिद्धिनरसिंह मल्लको पालादेखि प्रचलित शास्त्रीय नृत्य हो । यो नाच हरेक वर्ष कार्तिक महिनामा देखाइन्छ । यो नाच विष्णु पुराणको नृसिंह अवतारको कथामा आधारित नाच हो । राजा सिद्धिनरसिंह मल्लले आफ्नो दरबारमा देखाउने गरेका नाचको निरन्तरताको रूपमा यो नाच हालसम्म नाचिँदै आएको विश्वास गरिन्छ । यो नाचमा साताभर पोङ्खा, खीं, ताः र झ्याली बजाउँदै विष्णुका विभिन्न अवतारहरू प्रस्तुत गर्दै नाचिन्छ ।



(ट) **सराय नाच** : यो नाच खुँडा, खुकुरी, तरबार आदि हतियार वा लट्ठी हातमा लिई समूहमा लाम लागेर नाचिन्छ । यो देवीदेवताको मठमन्दिरमा दसैँको समयमा नाचिन्छ । यो विशेष गरी गुल्मी, अर्घाखाँची, बाग्लुङ, पाल्पालगायतका जिल्लामा प्रचलित छ ।

(ठ) **चर्या नृत्य** : यस नृत्य देवीदेवताको अभिनय गरी नाचिन्छ । यो नृत्य मुख्यगरी नेवार समुदायमा प्रचलित छ ।

(ड) **पञ्चबुद्ध नाच** : यो बुद्ध धर्म र परम्परामा आधारित नृत्य हो ।

(ण) **टप्पा नाच** : यो नाच लुम्बिनी प्रदेशको दाङ र आसपासका पहाडी जिल्लाहरूमा बढी प्रचलित छ । सुरुमा मादलको तालमा बिस्तारै नाच्दै अन्त्यतिर धेरै छिटो छिटो यो नाच नाच्ने गरिन्छ । यो नाच विशेषतः मगर समुदायमा प्रचलित नाच हो ।

(त) **कौरा नाच** : यो नाच गण्डकी र लुम्बिनी प्रदेशको मगर एवम् गुरुङ समुदायमा प्रचलित नाच हो । कौराको अर्थ हामी आइपुग्यौँ भन्ने हो । घाँसदाउरा तथा मेलापात जाँदा हामी पनि आयौँ है भन्ने सन्दर्भसँग जोडेर यो नाच प्रचलनमा रहेको हो । यो नाच मेला, पर्व र उत्सवहरूमा पनि नाच्ने गरिन्छ । यो नाच खैँजडीको तालमा नाच्ने गरिन्छ ।

## क्रियाकलाप

१. कौरा नृत्य, पुलकिसी नाच, सहलेस नाच, भैरव नाच, हनुमान् नाच, चरित्र नृत्य, ख्याली नाच, तरबारे नाच, सिङ्गारु नाच आदि नाचहरूको विभिन्न माध्यमबाट खोजी गरेर विवरण प्रस्तुत गर्नुहोस् ।

२. नेपाली लोक तथा शास्त्रीय नृत्यलाई लोप हुनबाट बचाइराख्न समुदाय र स्थानीय तहले के कस्ता कार्यहरू गर्नुपर्ला, प्रत्येकको अलग अलग सूची तयार गर्नुहोस् ।

३. नेपाली लोक नृत्य तथा शास्त्रीय नृत्यको संरक्षण गर्ने कार्यका लागि पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयलाई तपाईँले दिन सक्ने सुझावहरू समेटेर पत्र तयार गर्नुहोस् ।

४. पाठमा उल्लेख गरिएका नृत्यहरूमध्ये कुन कुन शास्त्रीय नृत्य र कुन कुन लोक नृत्य हुन्, छुट्याई तालिकामा देखाउनुहोस् ।

## अभ्यास

१. **“लोकबाजा, लोकगीत र लोकनृत्य एकअर्काका परिपूरक हुन् ।” यस भनाइलाई पुष्टि गर्नुहोस् ?**

२. **लोक तथा शास्त्रीय नृत्यको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **लोक नृत्य र शास्त्रीय नृत्यबिचमा रहेका भिन्नतालाई तालिकामा देखाउनुहोस् ।**

४. **तपाईँले अन्तर्राष्ट्रिय समारोहमा नेपाली लोक तथा शास्त्रीय नृत्यको परिचय दिनुपर्ने भयो भने कुन नृत्यको परिचय दिनुहुन्छ, कारण दिनुहोस् ।**

५. **देउडा नाच र धान नाचको छोटो वर्णन गर्नुहोस् ।**

६. **तपाईँ बसोबास गरेको क्षेत्रको प्रचलित कुनै एक नाचको परिचय दिनुहोस् ।**

# ६ हाम्रा राष्ट्रिय दिवसहरू

राष्ट्रमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा महत्त्वपूर्ण घटना वा परिवर्तन भई यसबाट समाज र जनताले उपलब्धि हासिल गरेको गौरवपूर्ण दिनलाई राष्ट्रिय दिवस भनिन्छ । नेपालमा यस्ता दिवसहरू धेरै रहेका छन् जस्तै : सहिद दिवस, प्रजातन्त्र दिवस, बाल दिवस, नारी दिवस आदि । राष्ट्रिय दिवसलाई केवल दिवसको रूपमा औपचारिकता मात्र पूरा नगरी ती दिनहरूमा घटेका घटना वा परिवर्तनले दिएका सन्देशको आत्मसात्गर्नुपर्छ । ती सन्देश आत्मसात् गर्न सकेको खण्डमा मात्रै राष्ट्रिय दिवस मनाउनुको सार्थकता रहन्छ । केही राष्ट्रिय दिवसहरूको परिचय तल प्रस्तुत गरिएको छ :

### राष्ट्रिय दिवसको महत्त्व

**(क) हाम्रो पहिचानको संरक्षण र संवर्धन गर्न मदत गर्छ ।**

**(ख) देशमा घटेका महत्त्वपूर्ण घटना र तिनले ल्याएको परिवर्तनको स्मरण गराइरहन्छ ।**

**(ग) हाम्रो राष्ट्रको गौरव बढाउन मदत गर्छ ।**

**(घ) महत्त्वपूर्ण घटना र तिनले ल्याएको परिवर्तनको रक्षा गर्न प्रेरित गर्छ ।**

**(ङ) भावी पुस्तालाई पुर्खाको योगदानको बोध गराई राष्ट्रप्रति जिम्मेवार भई कर्तव्य पूरा गर्न प्रेरित गर्छ ।**

**(च) नागरिक र राष्ट्रप्रति उत्तरदायी भई राज्य सञ्चालन गर्न मार्ग निर्देश गर्छ ।**

**(छ) आम नागरिकमा चेतना र जागरण प्रदान गर्छ ।**

**(ज) ऐतिहासिक तथ्य तथा घटनाको महत्त्वपूर्ण स्रोतका रूपमा उपयोग गर्न सकिन्छ ।**

**संविधान दिवस :** नेपालको हालको संविधान २०७२ असोज ३ गते संविधानसभाबाट जारी गरिएको थियो । नेपालको संविधान जारी भएको दिन असोज ३ गतेलाई राष्ट्रिय दिवसका रूपमा विभिन्न कार्यक्रम गरेर मनाइन्छ । संविधान दिवसले संविधानको रक्षा र पालना गर्न सचेत गराउँछ ।

**गणतन्त्र दिवस :** नेपालमा गणतन्त्रको स्थापना २०६५ जेष्ठ १५ गते भएको हो । त्यस अगाडिसम्म नेपालमा राजतन्त्रात्मक शासन व्यवस्था थियो । गणतन्त्रको स्थापना भएपछि सर्वसाधारण जनताबाट राष्ट्र प्रमुख हुने व्यवस्था रहेको छ । त्यसैले जेष्ठ १५ गतेको दिनलाई

गणतन्त्र दिवसको रूपमा विभिन्न कार्यक्रमहरू गरेर मनाइन्छ । यो दिवसले जनताको बसौँदेखिको त्याग र बलिदानको स्मरण गर्दै जनताप्रति उत्तरदायी हुन सिकाउँछ ।

**सहिद दिवस :** राष्ट्रिय स्वाधीनता र जनताको अधिकार प्राप्तिका लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा कैयौँ व्यक्तिले बलिदानी दिए । यसरी साहदत प्राप्त गर्ने व्यक्तिलाई सहिद भनिन्छ । राणा शासनको अन्त्यका लागि सङ्घर्ष गर्ने व्यक्ति शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दलाई तत्कालीन राणा शासकले मृत्युदण्डको सजाय दिएको थियो । यसै घटनाको सम्झना र सहिदहरू प्रति सम्मान गर्दै माघ १६ गतेको दिनलाई सहिद दिवसका रूपमा विभिन्न कार्यक्रम गरेर मनाइन्छ । लोकतन्त्र र गणतन्त्र प्राप्तिको आन्दोलनमा सहादत प्राप्त गर्ने वीर योद्धालाई सहिदका रूपमा सम्मान गर्ने गरिएको छ । यस दिवसले सहिदको बलिदानलाई कदर र सम्मान गर्न सिकाउनुका साथै उनीहरूको सपनालाई साकार पार्न अभिप्रेरित गर्छ ।

**मजदुर दिवस :** हरेक वर्ष मे १ मा अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइन्छ । संसारभरका मजदुरले आफ्नो हकअधिकार प्राप्त गरेको दिनको स्मरणमा यो दिवस मनाइन्छ । नेपालमा पनि सोही दिन मजदुर दिवस मनाउने गरिन्छ । यस दिन विभिन्न कार्यक्रम गरी मजदुर दिवस मनाउने गरिएको छ । यस दिवसले श्रम र श्रमिकप्रति सम्मान गर्न प्रेरित गर्छ ।

**नारी दिवस :** हरेक वर्ष मार्च ८ मा विश्वभर अन्तर्राष्ट्रिय नारी दिवस मनाइन्छ । महिला अधिकार, महिला सशक्तीकरणमा र लैङ्गिक समानता आदि सवालहरू अन्तर्राष्ट्रिय महिला दिवसका विषय हुने गर्छन् । नेपाललगायत संसारभर विभिन्न कार्यक्रम सञ्चालन गरेर महिला अधिकार प्राप्ति र सशक्तीकरणमा सबै पक्षको सहयोग सुनिश्चितताका लागि यो दिवस मनाउने गरिन्छ ।

**बाल दिवस :** सन् १९९० सेप्टेम्बर १४ मा हाम्रो देशले संयुक्त राष्ट्रसङ्घको बाल अधिकार महासन्धिमा हस्ताक्षर गरेको थियो । यसै दिनको अवसरमा नेपालमा बाल दिवस मनाउन थालिएको हो । यस दिवसले बालबालिकाहरूको अधिकार प्राप्ति र संरक्षणमा लाग्न व्यक्ति, समुदाय र राष्ट्रलाई जिम्मेवारी बोध गराउँछ ।

## क्रियाकलाप

१. देशको राष्ट्रिय दिवसहरू मनाउने तौरतरिकामा के के कुरामा परिवर्तन वा सुधार गर्नुपर्ला, समूहमा छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको विद्यालयमा पनि राष्ट्रिय दिवस मनाउने गरिएको छ होला, ती दिवस कसरी मनाउने गरिएको छ, जोडी जोडीमा रहेर छलफल गरी ती दिवसले दिने सन्देशको टिपोट गर्नुहोस् ।

३. कुनै एक राष्ट्रिय दिवस मनाउने कार्यक्रमको खाका तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **राष्ट्रिय दिवस भनेको के हो, राष्ट्रिय दिवसको महत्त्व उल्लेख गर्नुहोस् ।**

२. **हामी सहिद दिवस किन मनाउँछौँ, कारण दिनुहोस् ।**

३. **"हाम्रा राष्ट्रिय दिवस हाम्रा चिनारी र गौरव हुन् ।" भन्ने शीर्षकमा सम्पादकीय तयार गर्नुहोस् ।**

## परियोजना कार्य

तपाईंको विद्यालयमा बालदिवस वा अन्य कुनै एक दिवस मनाउने कार्यक्रमको योजना तयार गर्नुहोस् । योजनामा साथीहरूबिच विभिन्न जिम्मेवारीहरू बाँडफाँट गर्नुहोस् । कार्यक्रमको समाप्तिपश्चात् यसको समीक्षा गर्नुहोस् ।

# ६ अन्तर्राष्ट्रिय व्यक्तित्वहरू

गौरव र प्रदिमनले पुस्तकालयमा अध्ययन गर्ने क्रममा "अन्तर्राष्ट्रिय व्यक्तित्व र उनीहरूका योगदान" नामक एउटा पुस्तक फेला पारे । त्यस पुस्तकमा संसारका प्रसिद्ध व्यक्तिहरूको परिचय र उनीहरूको योगदानको चर्चा गरिएको थियो । उनीहरूले उक्त पुस्तकको अध्ययनबाट र गुगलमा खोजी गरी नेल्सन मण्डेला एवम् मलाला युसुफ जईका सम्बन्धमा जानकारी सङ्कलन गरे । उक्त विवरणका आधारमा उनीहरूले नेल्सन मण्डेला र मलालाका बारेमा जानकारीमूलक लेख पनि तयार गरे, जुन यसप्रकार रहेको छ :

## नेल्सन मण्डेला



विश्व प्रसिद्ध व्यक्तित्व नेल्सन मण्डेलाको जन्म १८ जुलाई सन् १९१८ मा दक्षिण अफ्रिकामा भएको थियो । उनले दक्षिण अफ्रिकाको रङ्गभेदी शासन अन्त्यका लागि नेतृत्वदायी भूमिका खेलेका थिए । सोका कारण उनले २७ वर्ष लामो जेल जीवन बिताउनुपर्‍यो । उनको नेतृत्वमा भएको रङ्गभेदी र जातिभेदी आन्दोलन सफल भएपछि उनी दक्षिण अफ्रिकाको पहिलो अस्वेत राष्ट्रप्रमुखमा निर्वाचित भए । सन् १९९४ मा उनी राष्ट्रपति भएका थिए । उनी राष्ट्रपति भएपछि सबैप्रति समान व्यवहार गरे । उनी शालीन, शान्त र हँसमुख स्वाभावका व्यक्ति थिए । उनको व्यक्तित्व र असल कर्मले पूरा विश्वलाई प्रभावित बनाएको थियो । उनले दक्षिण अफ्रिकामा चलिरहेको द्वन्द्व अन्त्य गरी शान्ति प्रक्रिया टुङ्गामा पुर्‍याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे । उनले शान्ति प्रक्रियामा पुर्‍याएको योगदानको कारण सन् १९९३ मा उनलाई नोबेल शान्ति पुरस्कारबाट सम्मान गरियो । त्यस समयमा दक्षिण अफ्रिका एच.आई.भी. एड्सबाट आक्रान्त थियो । उनले यस रोग विरुद्ध अभियानसमेत चलाएका थिए । उनी कङ्गो, बुरुन्डीसहितका अफ्रिकी देशमा शान्ति स्थापना गर्ने प्रक्रियामा समेत संलग्न थिए । उनको निधन ९५ वर्षको उमेरमा ५ डिसेम्बर सन् २०१३ का दिन दक्षिण अफ्रिकाको जोहन्सवर्ग सहरमा भयो ।

नेल्सन मण्डेलाको योगदानले वर्तमान पुस्तालाई शान्ति र मानवअधिकार प्राप्तिमा लाग्न मार्गदर्शन प्रदान गरेको छ । हामीले उनको विचार र आदर्शलाई अवलम्बन गर्न सकेमा जीवनमा सफलता प्राप्त गर्न सक्छौँ ।

**नेल्सन मण्डेलाका कही महत्त्वपूर्ण विचार**

१. स्वतन्त्रता हुनु भनेको बन्धनबाट मुक्त हुनु मात्र होइन, अरू मानिसको स्वतन्त्रतालाई सम्मान र अभिवृद्धि गर्दै जिउन सक्नु हो ।

२. म कहिल्यै हार्दिनँ, म या त जित्छु या सिक्छु ।

३. शिक्षा एउटा त्यस्तो सशक्त हतियार हो, जसले विश्व बदल्न सक्छ ।

४. सबैभन्दा गाह्रो काम समाजलाई बदल्नु होइन, आफैँलाई बदल्नु हो ।

५. तपाइँ कुनै व्यक्तिसँग कुरा गर्दा उसले बुझ्ने भाषाको प्रयोग गर्नुभयो भने उसले बुझ्न सक्छ । तर यदि तपाईंले उसँग उसकै मातृभाषामा कुरा गर्नुभयो भने उसको दिलमा गएर बस्छ ।

६. बहादुर त्यो होइन, जो डराउँदैन, बहादुर त्यो हो जो डरको बाबजुद अगि बढ्छ ।

## मलाला युसुफजई

मलाला युसुफजई पाकिस्तानी महिला शिक्षा तथा बालअधिकार अभियन्ता हुन् । यिनको जन्म सन् १९९७ जुलाई १२ मा पाकिस्तानको खैबर पख्तूनख्वाह प्रान्तको स्वात जिल्लामा भएको थियो । तत्कालीन समयमा तालिबानहरूले पाकिस्तानको स्वात उपत्यकामा बालिकाहरूलाई विद्यालय जान प्रतिबन्ध लगाएको थियो । उनले तालिवानको उक्त अभियानको विरोध गरिन् । उनी त्यस समयमा १३ वर्षकी मात्र थिइन् । मलालाले तालिबानको धम्कीको बाबजुद बालिकाहरूलाई शिक्षित गर्ने अभियान चलाइरहेकी थिइन् । महिला शिक्षाको वकालत गरेबापत उनलाई तालिवानले गोली हानी हत्या गर्ने प्रयाससमेत गरेका थिए । तर उनी आक्रमणबाट बच्न सफल भइन् । अन्तर्राष्ट्रिय स्तरमा बालअधिकारको वकालत गर्ने संस्था किड्स राइट्स फाउन्डेसनले उनलाई अन्तर्राष्ट्रिय बाल शान्ति पुरस्कारका लागि नामाङ्कन गरेको थियो । उनलाई सन् २०१३ मा भाइटल भोइसेज ग्लोबल लिडरसिप एवार्ड, इन्टरनेसनल पिस एवार्ड, क्लिन्टन ग्लोबल सिटिजन



एवार्ड, इन्टरनेसनल इक्वालिटी एवार्ड, नेसनल युथ पिस पुरस्कारहरू पनि प्रदान गरिएको थियो । सन् २०१४ को नोबेल शान्ति पुरस्कार प्राप्त गर्न सफल मलाला नोबेल पुरस्कार पाउने हालसम्मकै सबैभन्दा कम उमेरकी व्यक्ति हुन् ।

## क्रियाकलाप

१. तपाईंहरूले नेल्सन मण्डेला र मलाला युसुफ जईको जीवनी पढेर के के प्रेरणा पाउनुभयो, पुस्तकालय अध्ययन तथा सामाजिक सञ्जालमा नेल्सन मण्डेला र मलाला जस्तै कुनै दुई अन्तर्राष्ट्रिय व्यक्तिको जीवनी खोजी गरी विवरण तयार गर्नुहोस् ।

२. नेल्सन मण्डेला जस्तै प्रसिद्ध व्यक्ति बन्न तपाईं के कस्ता कार्यहरू गर्नुहुन्छ, कक्षामा साथीहरूसँग आदानप्रदान गर्नुहोस् ।

## अभ्यास

**१. अन्तर्राष्ट्रिय व्यक्तित्वको जीवनी अध्ययन गर्नु किन आवश्यक छ ?**

**२. तपाईँको स्थानीय तहमा योगदान दिएका व्यक्तिको जीवनी तयार गर्नुहोस् ।**

**३. नेल्सन मण्डेलाका महत्त्वपूर्ण योगदानको सूची तयार गर्नुहोस् ।**

**४. मलाला युसुफ जईले जस्तै तपाईँ आफ्नो समाजमा योगदान दिनुपर्दा कुन क्षेत्रमा योगदान दिन चाहनुहुन्छ, कारणसहित उल्लेख गर्नुहोस् ।**

# ७ विश्वबन्धुत्व र मानवता

**सुजनकी आमा वैदशिक रोजगारीका क्रममा हाल इजरायलमा हुनुहुन्छ । रोजगारीका लागि नेपालबाट इजरायल गएपछि त्यहाँका अनुभवहरू समटेर कक्षा १० मा पढ्दै गरेको आफ्ना छोरालाई विश्वबन्धुत्व के हो र यो किन आवश्यक छ भन्ने सन्दर्भमा चिठी पठाउनुभएको छ । उक्त चिठी अध्ययन गरौँ :**

मिति : २०७९/०३/१०

प्यारो छोरा सुजन,

धेरै माया र आशिर्वाद !

म अहिले कामबाट छुट्टी भएपछि कोठामा आएर तिमीलाई यो पत्र लेख्दै छु । तिम्रो पढाइ पनि राम्रोसँग चलिरहेकै होला । आजको पत्रमा म अगिपछिको भन्दा अलि फरक सन्दर्भको कुरा गर्न गइरहेको छु । तिमीले यो कुरा मनन गरी घरपरिवार र साथीहरूलाई पनि जानकारी दिनुपर्छ ल ।

नेपालमा रहँदा सधैँ आफ्नो गाउँ, टोल, सहर र बजार घुमिन्थ्यो, रमाइन्थ्यो र सुखदुःख साटासाट गरिन्थ्यो । यसरी नै दैनिकी चलिरहेको थियो । घर छोडेर विदेशी भूमिमा आएपछि आफन्तसँग टाढा भएँ । आफन्तसँग कहिलेकाहीँ हुने खटपट र चिसोपन पनि बेकारमा गरिएछ जस्तो लाग्छ । यहाँ अपरिचित, पराइ र विदेशीसँगको सम्बन्ध, सहयोग, सद्भाव अनि सहकार्यको संस्कृति बढ्न थालेको छ । नयाँ नयाँ अनुभवहरू बटुल्दै छु । मानवीय सम्बन्ध, सहयोग र मेलमिलापको आवश्यकता बोध भएको छ ।

छोरा, यो संसारमा बस्ने मानिस दुरीको हिसाबले टाढा होलान् । भूगोल, प्रजाति, पेसा, धर्म, संस्कृति र परम्पराका आधारमा भिन्न होलान् तर मानवीयता र मानवीय व्यवहारमा हामी सबै एक हौँ । संसारका सबै मानव जाति आफन्त हौँ । यहाँ काम गर्ने स्थानमा हामी संसारका विभिन्न देशबाट आएका साथीहरू सँगै मिलेर बसेका छौँ । सबै एकै परिवारका सदस्य झैँ मिलेर सँगै काम गर्छौँ । पोहोर म बिमारी हुँदा होस् या बिचबिचमा समस्या आइपर्दा पनि विभिन्न देशका साथीहरूले सहयोग गर्नुभएको थियो । यहाँका नागरिकले पनि हामी विदेशीहरूलाई आफ्नै परिवारका सदस्य जस्तै व्यवहार गर्नुभएको छ । यहाँ को काला,

को गोरा, को हिन्दु, को मुस्लिम, को इसाईको भावनाभन्दा पनि मानवीयताको भावना ठुलो भन्ने हुँदो रहेछ । यहाँ त दाजुभाइको भावना, दिदीभाइको भावना, दाजुबहिनी, दिदीबहिनीको भावनाका साथ व्यवहार गरेको देख्दा खुसी लाग्छ । वास्तवमा विश्वबन्धुत्वको भावना भनेको नै यही हो, छोरा । विश्वबन्धुत्वको भावनाले समाजमा एकत्वको भावना, सबैले समान रूपमा शान्ति र सहअस्तित्वका साथ आफ्नो जीवन बाँच्न पाउने मानवीय हकको सुनिश्चित गर्छ । युद्ध र हिंसाबाट मुक्त विश्व समाज स्थापना गर्नु यसको मूल अभिप्राय हो । यी कुरालाई तिमीले पनि मनन गर्नुपर्छ, छोरा । जातीय, भाषिक, धार्मिक तथा क्षेत्रीय सबै विभेदको अन्त्य विश्वबन्धुत्वको मूल चासो हो । सम्मान, जिम्मेवारी बोध, सहिष्णुता र इमानदारिता जस्ता मानवीय मूल्यको परिपालनाले नै विश्वबन्धुत्वको भावना वृद्धि गर्न सकिन्छ । मलाई नै हेर त, आफ्ना घरपरिवारबाट टाढा भए पनि यहाँ मैले एक्लो महसुस गर्नुपरेको छैन । यहाँ मैले अनुभव गरेका मानवीयता, मानव धर्म, सहयोग र सद्भावको पक्ष अनुकरणीय छ । यदि हामीलाई यहाँ फरक व्यवहार र असहयोग भएको थियो भने हामीले काम गर्ने वातावरण पाउने थिएनौँ र दुःख पाउने थियौँ ।

अहिलेको यो सूचना प्रविधिको युगमा संसार एउटा सानो गाउँ जस्तो भएको छ । कुनै ठाउँमा घटेका घटना तत्कालै विश्वको अर्को ठाउँमा जानकारी भइहाल्छ । यसले गर्दा हामी संसारका मानिस एउटै घरपरिवारका सदस्यका रूपमा रूपान्तरित भएका छौँ । भूगोल अलग र दुरी टाढा भए तापनि हाम्रा मानवीय व्यवहार, सद्भाव, सहकार्य र सहयोगका कारण विश्व सीमाविहीन समाजमा बदलिएको छ । यसैलाई विश्व ग्राम भनिन्छ ।

छोरा, हामीले सङ्कीर्णतालाई त्यागेर विश्वबन्धुत्व कायम गर्न सक्नुपर्छ । विश्वबन्धुत्व भनेको विश्वभर बसेका मानिसलाई आफ्नै परिवारको सदस्य जस्तै ठानेर सुखदुःखमा साथ दिने भावना हो । सहयोग र सहकार्यको संस्कार हो । एकले अर्कालाई आफन्त ठानेर मानवताको व्यवहार गर्नुपर्छ भन्ने अवधारणा हो । विश्वबन्धुत्व कायम गर्न हामीले विभिन्न व्यवहारको अनुकरण र अनुसरण गर्न जरुरी छ, छोरा, जस्तै : तिमीलाई समाजका अन्य मानिसलाई नाता लगाएर काका, मामा, काकी भनेर सम्बोधन गर्ने र सोहीअनुरूपको व्यवहार गर्ने गरेको छु भन्थेउ नि ! हामीले सबैलाई आफ्नो परिवारका सदस्यसरह मानेर व्यवहार गर्ने कति राम्रो व्यवहार, मलाई तिम्रो त्यो बानी व्यवहार मन परेको छ, छोरा । अस्ति फुपाजु घरमा आउँदा उहाँलाई तिमीले गरेको आतिथ्यता र सम्मानको उहाँले हिजो फोनमा तारिफ गर्दै हुनुहुन्थ्यो । पाहुनालाई पारिवारिक वातावरण प्रदान गर्ने तिम्रो व्यवहार मलाई पनि उचित लाग्यो । योबाहेक तिमीले सबैलाई सहानुभूति र सहयोगको भावना

प्रकट गर्ने र अरूको अस्तित्वलाई स्वीकार गर्ने गर्दा विश्वबन्धुत्वको भावनालाई अभिवृद्धि गर्न मदत पुग्छ । ल, चिठीमा धेरै कुरा नलेखौँ । लेख्दालेख्दै चिठी पनि धेरै लामो भएछ । यी माथिका कुराहरू आत्मसात् गर्ने नै छौ भन्दै आजलाई बिदा चाहन्छु । ल शुभरात्रि ।

तिम्री आमा

सुजना

## क्रियाकलाप

१. तल दिइएको तालिका पूरा गर्नुहोस् :

| विश्वबन्धुत्वका फाइदाहरू | विश्वबन्धुत्वका मूल्यहरू |
|---|---|
| | |

२. तपाईंको समुदायमा विदेशमा गएर फर्किएका मानिस हुनुहुन्छ होला, उहाँहरूसँग भेटेर विदेशीले उहाँलाई कस्ता प्रकारका व्यवहार गरेका थिए ? त्यस प्रकारको व्यवहारबाट उहाँले कस्तो महसुस गर्नुभएको थियो, सोधखोज गरी प्रतिवेदन तयार गर्नुहोस् ।

## अभ्यास

१. **विश्वबन्धुत्व भनेको के हो ? विश्वबन्धुत्व कायम गर्न हामीले के के गर्नुपर्छ, लेख्नुहोस् ।**

२. **विश्वग्रामको परिचय दिँदै यसले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।**

३. **वर्तमान विश्वमा विश्वबन्धुत्व र मानवताको महत्त्व उल्लेख गर्नुहोस् ।**

४. **“वसुधैव कुटुम्बकम्” भनेको के हो ?**

# ८ हाम्रो सामाजिक दायित्व

समाजमा विभिन्न सहयोग र सेवाको जरुरत पर्ने मानिस हुन्छन् । तिनीहरूमध्ये जेष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिप्रति व्यक्ति, परिवार र समाजको जिम्मेवारी बढी हुन्छ । ती व्यक्तिलाई सामाजिक सुरक्षा, सहयोग र मानवीय सेवा प्रदान गर्नु समाजका हरेक नागरिकको दायित्व हो । उनीहरूप्रतिको सामाजिक दायित्व वहन गर्नाले सामाजिक सहअस्तित्व, सामाजिक एकता सुदृढ भई असल सामाजिक संस्कार र मूल्यमान्यता समाजमा स्थापित हुन्छ । "जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व" शीर्षकमा कक्षा १० का एक विद्यार्थीले तयार पारेको सम्पादकीय अध्ययन गरौँ ।

*सम्पादकीय*

## जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व

जेष्ठ नागरिक हाम्रा गौरव हुन् । उनीहरू समाज, संस्कृति, मूल्यमान्यता र परम्पराका स्रोत हुन् । हामीलाई असल बाटो देखाउने पथप्रदर्शक हुन् । हाम्रा कला, संस्कृति र मूल्यमान्यतालाई पुस्तान्तरण गराउने अग्रज हुन् । उनीहरूले आफ्नो जीवनको महत्त्वपूर्ण समय आफ्नो परिवार, समाज र राष्ट्रका लागि समर्पण गरेका हुन्छन् । उनीहरूसँग ज्ञान, सिप र अनुभवको भण्डार रहेको हुन्छ । यो ज्ञान, सिप, अनुभव हामीले समाज र राष्ट्रका हितमा उपयोग गर्न सक्नुपर्छ । समाजका लागि पुऱ्याएको योगदानबाट प्रेरणा लिनुपर्छ । जेष्ठ नागरिकको विशेष हेरचाह गर्नु व्यक्ति, समुदाय र राज्यको सामाजिक दायित्व हो ।

नेपालको संविधानमा जेष्ठ नागरिकसम्बन्धी हकको व्यवस्था गरिएको छ । यसले जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हकको प्रत्याभूत गरेको छ । त्यस्तै जेष्ठ नागरिकसम्बन्धी ऐनमा पनि आर्थिक हैसियत तथा इज्जतअनुसार पालन पोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने कुरा उल्लेख छ । यसै गरी राज्यले जेष्ठ नागरिकलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्तासमेत उपलब्ध गराउँदै आएको छ । उनीहरूको सहज जीवनयापनका लागि सार्वजनिक सवारी साधन, स्वास्थ्य सेवालगायतका सेवा, सुविधा र छुटको समेत प्रबन्ध गरेको छ ।

राज्यले प्रदान गरेका सेवा सुविधाले मात्रै उनीहरूप्रतिको हाम्रो दायित्व पूरा हुँदैन । हामी सबै आआफ्नो स्थानबाट पनि उत्तिकै जिम्मेवार हुनुपर्छ । जेष्ठ नागरिकलाई उचित स्याहार र हेरचाह गर्नुपर्छ । उनीहरूको ज्ञान, सिप र अनुभवलाई समेट्दै पारिवारिक योजना निर्माण गर्नुपर्छ । उनीहरूलाई रुचिअनुसारका काम र भ्रमणको प्रबन्ध मिलाउनुपर्छ । उचित सम्मान र सहयोग गर्नुपर्छ । त्यसो भएमा मात्र उनीहरूप्रतिको हाम्रो दायित्व पूरा हुन जान्छ ।

समाजमा जेष्ठ नागरिक जस्तै असहाय र अपाङ्गता भएका व्यक्तिहरू पनि हुन्छन् । यिनीहरूसँग पनि विविध प्रकारका ज्ञान, सिप, क्षमता र योग्यताहरू रहेका हुन्छन् । उनीहरूका अनुभव, योग्यता र क्षमतालाई समाज र राष्ट्रको विकासका लागि उपयोगमा ल्याई विकासको गतिलाई अगाडि बढाउन सकिन्छ । उनीहरूलाई आवश्यकताअनुसारको सेवा तथा सहयोग पुऱ्याउनुपर्छ । उनीहरूलाई सम्मान र समानुभूतिपूर्ण व्यवहार गर्नुपर्छ । तबमात्र उनीहरूप्रतिको हाम्रा दायित्व पूरा हुन्छ । नेपालको वर्तमान संविधानमा असहाय र अपाङ्गको सहयोग र संरक्षणका लागि विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरिएको छ । संविधानको धारा ४३ मा असहाय र आफ्नो हेरचाह आफैँ गर्न नसक्ने नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुन्छ भनी उल्लेख गरिएको छ ।

त्यस्तै राज्यले अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यको मूल प्रवाहमा ल्याउन विशेष आरक्षणको व्यवस्था गरेको छ । सरकारी सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्र, सार्वजनिक क्षेत्रलगायत राज्यका हरेक निकायमा आरक्षणको व्यवस्था गरेको छ । सार्वजनिक स्थानमा अपाङ्गता मैत्री वातावरण तयार गरी उनीहरूलाई विशेष संरक्षण गर्ने प्रयास गरिएको छ ।

उल्लिखित व्यवस्थाले मात्र जेष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व पूरा भएको मान्न सकिँदैन । सबैभन्दा महत्त्वपूर्ण कुरा उनीहरूले अन्य नागरिकसरह सम्मानपूर्वक र सुविधाजनक तरिकाले आफ्नो जीवन बिताउन पाउनुपर्छ । उनीहरूलाई यसप्रकारको वातावरण सिर्जना गर्नु हामी सबैको कर्तव्य हो ।

## क्रियाकलाप

१. जेष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिको सहयोग र सम्मानका लागि तपाईंले के के कार्य गर्नुहुन्छ, कक्षामा साथीहरूबिच छलफल गरी विवरण तयार गर्नुहोस् ।

२ "असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको हाम्रो दायित्व" शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

## अभ्यास

**१. जेष्ठ नागरिकको महत्त्व कुनै चार बुँदामा उल्लेख गर्नुहोस् ।**

**२. "जेष्ठ नागरिक हाम्रा पथ प्रदर्शक, संस्कृति, मूल्यमान्यता र परम्पराका स्रोत हुन् ।" यस भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।**

**३. असहाय र अपाङ्गता भएका व्यक्तिको सुविधा र संरक्षणका लागि भएका कानुनी व्यवस्थाहरू के के छन्, उल्लेख गर्नुहोस ।**

**४. अपाङ्गता भएका व्यक्तिलाई दया माया होइन, अवसर प्रदान गर्नुपर्छ, किन ?**

## सामुदायिक कार्य

तपाईंको परिवार तथा छरछिमेकमा जेष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिको अवस्था कस्तो छ ? साथीहरूसँग मिलेर सामूहिक खोजी गर्नुहोस् र उनीहरूको संरक्षण र सम्मानका लागि के कस्ता कार्यहरू गर्नुपर्ला, सुझावसहितको एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

एकाइ
४

# सामाजिक समस्या र समाधान

## सिकाइ उपलब्धि

१. सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न

२. समस्या समाधान सिपको प्रदर्शन गर्न

३. सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका खोजी गर्न ।

# १ मानव बेचबिखन : एक गम्भीर सामाजिक समस्या

**सहिद शुक्र मा.वि. का विद्यार्थीले विद्यालयको वार्षिकोत्सवको अवसरमा मानव बेचबिखन विरुद्धमा प्रदर्शन गरेको जनचेतनामूलक नाटकको एक झलक :**

(बाहिरबाट ढोकामा टक टक टक गरेको आवाज आउँछ, धनवीर आत्तिँदै बुइँगलमा लुक्न जान्छन् ।)

प्रहरी : (ढोका ढकढक्याउँदै) भित्र को हुनुहुन्छ ?

(कोही नबोलेपछि प्रहरी घरभित्र जान्छन्, चारैतिर हेर्छन्, अन्त्यमा बुइँगलमा एक व्यक्तिलाई लुकेर बसेको देख्छन् ।)

प्रहरी : तपाईं यहाँ यसरी किन बस्नुभएको ? तपाईंको नाम के हो ?

धनवीर : (अत्तालिँदै) मेरो नाम धनवीर हो । म यहाँ धान उठाउन बसेको हजुर ।

प्रहरी : ए ! यसरी लुकेर धान उठाइन्छ ? (धनवीरको पाखुरामा समाउँदै घर बाहिर निकाल्छन् ।)

(केही हल्ला भएको सुनेपछि छिमेकी मदनका दम्पति आउँछन् ।)

मदन : केको हल्ला हो धनवीर ? बुहारी आइछन् कि क्या हो ? को हो, त्यता (प्रहरीलाई देखेपछि) ए प्रहरी बाबुहरू पो आउनुभएको रहेछ त ।

प्रहरी : नमस्ते आमा, बुबा । हजुरहरू धनवीरको छिमेकी हुनुहुन्छ, हो ?

मदन : हो हजुर । हजुरहरू किन आउनुभएको नि ?

प्रहरी : धनवीरका विरुद्ध इलाका प्रहरी कार्यालयमा उजुरी परेको छ । पक्राउ पुर्जी जारी भएकाले हामी यहाँ आएका हौँ ।

मदनकी श्रीमती : अस्ति भर्खर जेलबाट छुटेर आएको, होइन फेरि के उपद्रो गरे यिनले ?

प्रहरी : उहाँको विरुद्ध एक महिलालाई विदेशमा लगेर बेचेको आरोप लागेको छ ।

मदनकी श्रीमती : को महिला ? त्यही पल्लो गाउँबाट हराएकी नानी हो ?

मदन : आम्मै, ती नानी सोभ्mी थिइन्, धेरै भयो उनी सम्पर्कविहीन भएकी । यसैको कुकर्म पो रहेछ । पहिले मिर्गौला बेच्ने गिरोहमा लागेर जेल परेको थियो । निस्कनेबित्तिकै अर्को कुकर्म गरिहालेछ ?

प्रहरी : उसैले गरेको भन्ने प्रमाणित त भएको छैन । उजुरी परेपछि हामीले अनुसन्धानका लागि समाउनै पऱ्यो ।

(नजिकै बाटाबाट विद्यालय जाँदै गरेकी शिक्षक सानुमाया धनवीरको घरतिर आउँदै)

सानुमाया : नमस्ते है सबै जनालाई । के भएछ आज यहाँ ? मदन बा र आमा पनि हुनुहुँदोरहेछ त ।

मदनकी श्रीमती : के हुनु नि । उहाँहरू (प्रहरीलाई देखाउँदै) धनवीरलाई पक्रिन आउनुभएको नानी ।

सानुमाया : ए फेरि के अपराध गर्नुभएछ उहाँले ? अगिल्लो वर्ष मानबहादुरलाई गैरकानुनी तरिकाले दुबई पठाएर अलपत्र पार्नुभएको थियो । फेरि अर्को अपराध ?

धनवीर : मदन बा, मलाई बचाउनुहोस् । अबदेखि म कहिल्यै यस्तो काम गर्दिनँ ।

मदन : तैँले यस्ता माफी धेरै पटक मागिसकिस् । आफ्नै श्रीमतीलाई कुटेर माइत पठाइस् । बालक छोरो घरमा टिक्न नसकेर होटेलमा काम गरेर बसेको छ भन्ने सुनेको छु । तँलाई फटाहा । तेरा अपराध धेरै भइसके । तँलाई अब कसैले जोगाउन सक्दैन, बुझिस् ।

(वडाध्यक्ष र सदस्यहरू प्रवेश गर्छन् ।)

प्रहरी : नमस्ते, अध्यक्षज्यू,

वडाध्यक्ष : नमस्ते, सबै जनालाई । के भएछ यहाँ भन्नुहोस् त, सानुमाया ।

सानुमाया : कुरो गम्भीर रहेछ अध्यक्षज्यू । पल्लो गाउँकी चेली धेरै समयदेखि बेपत्ता भएको त हजुरलाई पनि थाहा छ । त्यसमा धनवीर दाइको संलग्नता छ भन्ने आरोप रहेछ । त्यही भएर यहाँ प्रहरीहरू आउनुभएको रहेछ ।

प्रहरी : हामी त्यत्तिकै आएका होइनौँ हजुर । बेचिएकी ती चेलीलाई प्रहरी र सामाजिक संस्थाको सहयोगमा उद्धार गरी ल्याएका छौँ । धनवीरको नाममा किटानी जाहेरी परेको छ ।

वडाध्यक्ष : ठिक गर्नु भएछ । यिनलाई समातेर कारबाही गर्नुपर्छ । यसमा हाम्रो पूरा सहयोग रहन्छ । यस्ता व्यक्ति समाजका कलङ्क हुन् ।

धनवीर : वडाध्यक्षज्यू, मलाई एक पटकलाई माफ गर्नुहोस् । अब म श्रीमतीलाई पनि कुटपिट गर्दिनँ, ससुराली गएर ल्याउँछु ।

वडा सदस्य : हामीले माफ दिएर उम्किने कसुर होइन । यो त जघन्य अपराध हो । कानुनबमोजिम तिमीले सजाय पाउनै पर्छ ।

प्रहरी : धन्यवाद, यहाँहरू सबैलाई । हामी लाग्छौँ । (धनवीरलाई हतकडी लगाएर प्रहरीको गाडीतर्फ लैजान्छन्)

धनवीर : (रुँदै) मदन बा, आमा मलाई बचाउनुहोस्, अबदेखि म यस्तो आपराधिक काममा लाग्दिनँ, मलाई माफ गर्दिनँ नभन्नुहोस् न ।

प्रहरी : चुपचाप लागेर गाडीमा चढ्नुहोस् । जे हुन्छ कानुनबमोजिम हुन्छ ।

मदन : हामी केही गर्न सक्दैनौँ । कुकर्मको फल भोग्नै पर्छ ।

(प्रहरीले हिँडेपछि)

सानुमाया : हामीले मानव बेचबिखनलगायतका सामाजिक समस्या र अपराध विरुद्धमा चेतना जगाउने अभियान चलाउनुपर्छ । धनवीर जस्ता दोषीलाई उम्कन दिनुहुँदैन अध्यक्षज्यू ।

वडाध्यक्ष : ठिक भन्नुभयो म्याडम । यस कार्यमा हामी प्रतिबद्ध छौँ । बरु तपाइँ जस्ता बुद्धिजीवीले हामीलाई यस कार्यमा सहयोग गर्नुपर्छ ।

सानुमाया : भइहाल्छ नि । हामी सहयोग गरिहाल्छौँ नि । होइन त मदन बा ?

मदन : हो नानी । हाम्रो गाउँमा मानव बेचबिखन विरुद्धमा अभियान चलाउनुपर्छ । धनवीर जस्ता अपराधीले समाजमा विकृति फैलाएका छन् । अपराध बढाएका छन् ।

| | |
|---|---|
| वडाध्यक्ष | : (धनवीरका घरमा ताला लगाइदिँदै) हुन्छ, अब वडाले योजना बनाएर समाजका विकृति र समस्या विरुद्धमा काम गर्छ । ल त मदन बा, आमा ! धनवीर पक्राउ परिहाल्यो । यसो यसको घरको पनि रेखदेख गर्दै गरिदिनुहोला है । |
| मदन | : हवस् बाबु, के गर्ने । छिमेकी खराब हुँदा आफूलाई पनि दुःख हुँदो रहेछ । |

(सबै जना आफ्नो बाटो लाग्छन् ।)

## मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा भएको व्यवस्था

| **कसुर** | **सजाय** |
|---|---|
| मानिस किन्ने वा बेच्नेलाई | २० वर्ष कैद र २ लाखसम्म जरिवाना |
| कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने सम्बन्धी कसुर | १० वर्षदेखि १५ वर्षसम्म कैद र रु. ५० हजारदेखि १ लाखसम्म जरिवाना |
| बालबालिकालाई किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश लैजानेसम्बन्धी कसुर | १५ वर्षदेखि २० वर्षसम्म कैद र रु. १ लाखदेखि २ लाखसम्म जरिवाना |
| मानिसलाई किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश लैजानेसम्बन्धी कसुर | १० वर्षदेखि १५ वर्षसम्म कैद र रु. ५० हजारदेखि १ लाखसम्म जरिवाना |
| बालबालिकालाई किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजानेसम्बन्धी कसुर | १० वर्षदेखि १२ वर्षसम्म कैद र रु. १ लाखसम्म जरिवाना |
| शोषण गर्ने उद्देश्यले मानिसलाई विदेश लैजानेसम्बन्धी कसुर | २ वर्षदेखि ५ वर्षसम्म कैद |
| किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मानिसलाई विदेश लैजाने वा नेपालको नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कसुरबाहेकका अन्य कसुर गर्नेसम्बन्धी कसुर | ७ वर्षदेखि १० वर्षसम्म कैद |

### क्रियाकलाप

१. दिइएको तथ्याङ्क अध्ययन गरी नेपालमा मानव बेचबिखनको अवस्था विश्लेषण गर्नुहोस् ।

**मानव बेचबिखन तथा ओसारपसारको प्रयोजन/कारण तथा यस विरुद्धको मुद्दाको पीडित/प्रभावितहरूको सङ्ख्या (२०७५/७६)**

| क्र.स. | प्रयोजन/कारण | कोसी प्रदेश | मधेस प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | उपत्यका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | वेश्यावृत्ति | १ | ९ | १० | १ | ९ | ३ | १३ | २८ | ७४ |
| २. | श्रमशोषण | १३ | १ | ११ | ३ | १४ | २ | ८ | २ | ५४ |
| ३. | विदेश पठाउने | २ | ० | ० | ० | ० | ० | ० | १० | १२ |
| ४. | जबरजस्ती विवाह | ११ | ० | २ | ० | ८ | ४ | २ | २ | २९ |
| ५. | अङ्ग झिक्ने | ० | ० | १ | ० | ० | ० | ० | १ | २ |
| ६. | यौनशोषण | १० | ७ | ३ | ० | ८ | १ | १ | १२ | ४२ |
| ७. | पी.आर. दिलाउने | १३ | ४ | ० | ० | १५ | ० | ५ | २७ | ६४ |
| ८. | बेचबिखन | १८ | ९ | ३ | ३ | १० | ६ | ८ | १८ | ७५ |

*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय*

२. मानव बेचबिखन विरुद्ध विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचार सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।

३. पाठमा दिइएको नाटकलाई कक्षामा अभिनय गरी प्रस्तुत गर्नुहोस् ।

४. मानव बेचबिखन विरुद्ध चेतनामूलक विभिन्न नारासहितको ब्यानर तथा प्लेकार्ड तयार गरी स्थानीय समुदायमा प्रदर्शन गर्नुहोस् ।

५. बेचिएका चेली र बालबालिकालाई समाजमा पुनःस्थापना गर्न के गर्नुपर्ला, समूहमा छलफल गर्नुहोस् र प्राप्त निष्कर्ष कक्षामा सुनाउनुहोस् ।

## अभ्यास

१. मानव बेचबिखन भनेको के हो ? यसबाट बच्न के के गर्नुपर्ला ?

२. नेपालमा मानव बेचबिखन विरुद्ध सरकारी तथा गैरसरकारी संस्थाले गरेका प्रयासबाट कस्ता उपलब्धि हासिल भएका छन्, लेख्नुहोस् ।

३. मानव बेचबिखनबाट व्यक्ति र समाजमा पर्ने असरहरूको सूची बनाउनुहोस् ।

४. नेपालबाट विभिन्न राष्ट्रहरूमा वैदेशिक रोजगारीका नाममा मानव तस्करी गर्ने अन्तर्राष्ट्रिय गिरोहको सञ्जालमा नेपालीहरू पनि नराम्रोसँग फसेका देखिन्छ । यस्तो तस्करी केका लागि हुने गर्छ, खोजी गरी यस्तो समस्या निराकरण गर्न ककसले के के गर्नुपर्छ, लेख्नुहोस् ।

# २ यौन विकृति र विसङ्गति

## तलका घटना अध्ययन गरी छलफल गर्नुहोस् :

**घटना १**

कञ्चन र विनय एउटै कक्षामा पढ्थे । उनीहरू भर्खरै १६ वर्षका भए । विद्यालय जाने क्रममा उनीहरूबिच सामीप्यता बढ्दै गयो । एक दिन उनीहरू एकान्तमा बसी कुरा गरिरहेका थिए । त्यही समयमा मौकाको फाइदा उठाउँदै विनयले कञ्चनलाई शारीरिक सम्बन्धका लागि प्रस्ताव राखे । कञ्चनले विनयलाई सम्झाउँदै भनिन्, 'मेरी साथी रीताले सानै उमेरमा सङ्गमसँग प्रेम विवाह गरी बच्चा जन्माउँदा दुबैले पढाइलाई निरन्तरता दिन सकेनन् । अहिले रीता बच्चाको स्याहार सुसारमा लागेकी छिन् भने सङ्गम काम गरेर परिवार पाल्नतिर लागेका छन् । अर्की साथी नम्रतालाई हेर न । विवाहअगि नै बच्चा जन्माएर कति समस्या भोगिरहेकी छिन् । उमेर नपुगी यौन सम्बन्ध राख्दा विभिन्न जटिलताहरू आउन सक्छन् । कम उमेरमा आमा बन्दा महिलाको स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ ।' कञ्चनले आफ्नो आँखा खोलिदिएकामा विनयले धन्यवाद दिए । अब आफूले त्यस्ता नचाहिने कुरामा ध्यान नदिई पढाइमा राम्रो गर्ने वाचा गरे ।

**घटना २**

रजनीका श्रीमान् वैदेशिक रोजगारमा गएको तीन वर्ष भयो । रजनी छोराछोरीलाई पढाउन भनी सहरमा बस्छिन् । उनी दिनभर कोठामा बसिरहँदा अनावश्यक कुरा मनमा खेल्छन् । एक्लोपनको महसुस हुन्छ । उनको कोठानजिकै एउटा ग्यारेज छ जहाँ हरि काम गर्छन् । हरिसँग चियापसलमा उनको भेट हुन्छ । हरि रजनीसँग नजिक हुन चाहेको कुरा रजनीले महसुस गर्छिन् । उनलाई हरिलाई साथी बनाएर घुमफिर गर्न र एक्लोपन हटाउन तथा मन बहलाउन मन लाग्यो । केही दिन उनी हरिसँग घुमफिर पनि गरिन् तर अचानक एक दिन उनलाई आफ्नो साथी निशाको याद आयो । निशाले पनि श्रीमान् विदेश रहेको वेला मनिषलाई साथी बनाई घुमफिर गर्ने गर्थिन् । निशाको मनिषसँग अनैतिक सम्बन्धका बारेमा उनका श्रीमान्लाई थाहा भयो । श्रीमान् विदेशबाट फर्केपछि उनीहरूको सम्बन्ध विच्छेद भयो । त्यसबाट उनकी छोरीको बिचल्ली भएको कुरा सम्झिन् । रजनी झस्किइन् । रजनीले

आफू यस्ता गतिविधिबाट टाढा रहने कुरा सोचिन् । बिस्तारै उनी हरिसँग टाढा हुँदै गइन् र आफूलाई व्यस्त राख्न छोराछोरीलाई विद्यालय पठाएपछिको समयमा सिलाइबुनाइ सिक्न थालिन् । मिहिनेतसाथ तीन महिना सिलाइबुनाइ सिकेपछि सटर भाडामा लिएर सिलाइ गर्ने पसल खोलिन् । नयाँ नयाँ डिजाइनका कपडाहरू सिलाउने हुँदा उनको पसलमा आउने ग्राहक खुसी छन् । श्रीमान् र श्रीमती एकअर्काप्रति इमानदार हुनुपर्छ, क्षणिक खुसीका पछि लाग्नु हुन्न भन्ने कुरा आफ्ना साथीलाई पनि बताउने गर्छिन् ।

**घटना ३**

कृष्णको ध्यान आजकाल कक्षाकोठामा हुँदैन । उसको प्रथम त्रैमासिक परीक्षाको नतिजा पनि खस्केको देखिन्छ । सामाजिक शिक्षक विनिता त्यस विद्यालयको मनोसामाजिक परामर्शदाता पनि हुनुहुन्छ । केही समयदेखि कृष्णमा आएको परिवर्तन उहाँले निगरानी गरिरहनुभएको छ । एक दिन शिक्षक विनिताले कृष्णलाई विद्यालयको पुस्तकालयमा एक्लै बोलाउनुभयो । कृष्णलाई के कुराले पढाइ बिथोलिरहेको छ भनी बुझ्ने प्रयास गर्नुभयो । पहिले त कृष्णले केही कुरा बताउन मानेन तर शिक्षकले आफूले कसैलाई नबताउने भनेपछि कृष्णले आफूलाई अपरिचित साथीद्वारा मोबाइलमा अश्लील भिडियोको लिङ्क आएको कुरा बताए । त्यो भिडियोको लिङ्कबाट अश्लील भिडियो हेर्ने गरेकाले मनमा अशान्ति भएको र पढ्न मन नलागेको भने । शिक्षक विनिताले मोबाइलबाट सो लिङ्क हटाउन लगाउनुभयो । केही समय सामाजिक सञ्जालबाट टाढा रहन भन्नुभयो । त्यस्ता साथीको सङ्गत नगर्न पनि भन्नुभयो । केही रमाइला र ज्ञानवर्धक किताब पढ्नका लागि दिएर पठाउनुभयो । प्रत्येक हप्ता नयाँ किताब दिँदै पढेर आई सुनाउन पनि लगाउनुभयो । कृष्णले मोबाइलमा समय खेर फाल्न छाडे । अहिले कृष्णको पढाइमा सुधार आएको छ ।

## क्रियाकलाप

१. पत्रपत्रिका वा सञ्चार माध्यमबाट यौन विकृतिका घटनासँग सम्बन्धित समाचार सङ्कलन गरी ती घटनाका कारण आउने परिणामका सम्बन्धमा कक्षामा छलफल गर्नुहोस् ।

२. यौन विकृति र विसङ्गति विरुद्ध जनचेतना जगाउने प्लेकार्ड तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

**अभ्यास**

१. कम उमेरमा विवाह गर्दा कस्ता समस्या आइपर्न सक्छन् ?

२. यदि तपाईँमाथि यौन दुर्व्यवहार हुन खोज्यो भने तपाईँ के गर्नुहुन्छ ?

३. आफ्ना बालबालिकालाई यौन विसङ्गतिबाट बचाउन अभिभावकले खेल्न सक्ने भूमिका लेख्नुहोस् ।

४. समाजमा हुने यौन विकृति र विसङ्गतिलाई हटाउनका लागि के के गर्नुपर्ला ?

# ३ घरेलु हिंसा

## तलका समाचार अध्ययन गरौँ :

राष्ट्रिय घटना दैनिक,
काठमाडौँ, २१ भाद्र

भर्खरै विवाह भएकी सञ्जिला खातुनलाई विवाहमा धेरै दाइजो नल्याएको निहुँमा उनका श्रीमान् र सासुससुराले विवाह भएको केही महिनादेखि यातना दिन थाले । माइतीले दाइजोमा थोरै रकम दिएको र थप रकम नदिए ठिक नहुने भन्दै शारीरिक तथा मानसिक यातना दिँदै आएका पीडित सञ्जिला खातुनले बताउनुभयो । दिनभरि काममा लगाउने तर खानपिनमा बेवास्ता गर्ने र बेलुका भएपछि कुटपिट गर्ने गरेको कुरा उनले माइतीमा गएर सुनाइन् । माइती पक्षले उनको घरपरिवारका सदस्यलाई सम्झाउँदा पनि बेवास्ता गरी कुटपिट गरिरहेको हुँदा प्रहरीसमक्ष उजुरी दिएको उहाँले बताउनुभयो ।

उहाँका श्रीमान्ले विवाह दर्ता नगर्ने र नागरिकतासमेत बनाउन अस्वीकार गर्दै आएकाले ज्वाइँको नियत छोरीलाई दुःख दिने मात्र भएको पीडित महिलाका बुबाले बताउनुभयो । कुटपिटसम्बन्धी उजुरी परेकाले यस घटना सम्बन्धमा दुबै पक्षसँग बुझ्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नयाँ पत्रिका,

काठमाडौँ, २१ भाद्र

नेपालमा एक वर्षदेखि १४ वर्ष उमेरसम्मका ८० प्रतिशतभन्दा धेरै बालबालिका अनुशासनका नाममा हुने हिंसाबाट प्रभावित हुने गरेका छन् । नेपाल बहुसूचक सर्वेक्षण २०१४ का अनुसार, एकदेखि दुई वर्षको उमेरका धेरै शिशुहरूलाई पनि बल प्रयोग गरेर अनुशासनमा राख्ने गरिएको छ ।

*घरेलु हिंसा परिवारभित्र परिवारकै सदस्यले अर्को सदस्यमाथि गर्ने शारीरिक, मानसिक, आर्थिक तथा यौनिक दुर्व्यवहार हो । यसले व्यक्तिलाई शारीरिक तथा मानसिक रूपमा पीडित बनाएको हुन्छ । उसको व्यक्तित्व विकासमा असर पुऱ्याइरहेको हुन्छ, जस्तै : दाइजोका नाममा हुने दुर्व्यवहार, पैतृक सम्पत्तिको विषयमा हुने हिंसा आदि ।*

यीमध्ये धेरैजसो बालबालिकाले आफ्नो अभिभावक वा हेरचाह गर्ने मानिसहरूबाटै यस्ता खालका हिंसा सहनु परेको छ । यस्ता खालका हिंसाजन्य घटनाले पढाइ पूरा गर्न नसक्ने, व्यवहारजन्य विकृतिहरू र उदासिनता अर्थात् डिप्रेसन जस्ता विभिन्न दीर्घकालीन असर परेको पाइन्छ ।

बाल्यावस्थामा हिंसामा परेका बालबालिकाहरू वा आफ्नो परिवारका सदस्यहरू हिंसामा परेको देखेका बालबालिकाहरूले वयस्क अवस्थामा अरूमाथि हिंसा गर्ने सम्भावना धेरै हुन्छ । यस्ता व्यक्तिहरूबाट भविष्यमा आफ्ना सन्तानमाथि पनि हिंसा गर्ने सम्भावना धेरै हुन्छ ।

## क्रियाकलाप

१. माथिको पहिलो समाचार पढेर तपाईँलाई कस्तो महसुस भएको छ ? महिला वा पुरुष वा जेष्ठ नागरिकमाथि हुने विभिन्न प्रकारका घरेलु हिंसाको खोजी गरी यसका कारण र असरहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईँको घर, छरछिमेक र समुदायमा बालबालिकामाथि हुने गरेका विभिन्न प्रकारका घरेलु हिंसाको विवरण सङ्कलन गर्नुहोस् र ती हिंसाले बालबालिकामा के कस्ता असर परेका छन्, पहिचानसमेत गर्नुहोस् ।

३. घरेलु हिंसासम्बन्धी विभिन्न समाचारहरू सङ्कलन गरी पालैपालो कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. घरेलु हिंसा विरुद्ध चेतना जगाउने गीत वा कविता वा प्लेकार्ड वा पम्प्लेटको नमुना तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **घरेलु हिंसा भनेको के हो, उदाहरणसहित लेख्नुहोस् ।**

२. **घरेलु हिंसाबाट बच्न र बचाउन तपाईँले गर्नसक्ने कार्यको सूची तयार गर्नुहोस् ।**

३. **घरेलु हिंसाविरुद्ध जनचेतना फैलाउने कुनै दुईओटा नारा लेख्नुहोस् ।**

४. **"घरेलु हिंसा सामाजिक अपराध हो ।" यस भनाइलाई आफ्ना तर्कसहित पुष्टि गर्नुहोस् ।**

# ४ सामाजिक विकृतिका रूपमा भ्रष्टाचार

भ्रष्टाचारको शाब्दिक अर्थ खराब आचरण हुन्छ । शक्ति र पदका आडमा अधिकारको दुरुपयोग गरी अनुचित कार्यबाट आर्थिक तथा अन्य लाभ प्राप्त गर्नुलाई भ्रष्टाचार भनिन्छ । भ्रष्टाचारबाट सार्वजनिक सम्पत्तिको दुरुपयोग हुन गई राष्ट्र वा समाजलाई हानि नोक्सानी पुग्छ । भ्रष्टाचार विश्वव्यापी समस्याका रूपमा फैलिएको एक सामाजिक समस्या हो । विशेष गरी विकासशील र अल्पविकसित देशहरू यस समस्याबाट बढी प्रभावित छन् । यसले गर्दा ती देशहरूको विकासमा गतिरोध सिर्जना भएको छ । नेपाल पनि एक विकासशील राष्ट्र भएकाले भ्रष्टाचारको समस्याबाट मुक्त हुन सकेको छैन ।

विश्वका धेरै देशले भ्रष्टाचार विरुद्धका गतिविधि सञ्चालन गर्नका लागि संवैधानिक, कानुनी एवम् संस्थागत व्यवस्था गरेका छन् । विश्वव्यापी रूपमा भ्रष्टाचार विरुद्धका गतिविधि सञ्चालन गर्नका लागि ट्रान्सपरेन्सी इन्टरनेसनलले काम गर्दै आएको छ । यस संस्थाले सन् १९९५ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा भ्रष्टाचारको अवस्थासम्बन्धी जानकारी गराउने उद्देश्यले भ्रष्टाचार सूचकाङ्क (Corruption perception index) प्रकाशन गर्दै आएको छ । सूचकाङ्कमा १०० अङ्कले अति स्वच्छ र ० अङ्कले अति भ्रष्टाचारको अवस्थालाई जनाउने गर्छ । यस संस्थाले सन् २०२४ मा प्रकाशन गरेको १८० ओटा राष्ट्रहरूको भ्रष्टाचार सूचकाङ्कको तथ्याङ्कअनुसार नेपाल १०७ औँ स्थानमा पर्छ । यो सूचकाङ्कले नेपाल विश्वमा भ्रष्टाचार व्याप्त देशको सूचीमा पर्छ भन्ने बुझाउँछ । केही देशको भ्रष्टाचार सूचकाङ्क (Corruption perception Index) यसप्रकार रहेको छ :

| देशहरू | अङ्क | श्रेणी |
|---|---|---|
| डेनमार्क | ९० | १ |
| फिनल्यान्ड | ८८ | २ |
| संयुक्त राज्य अमेरिका | ६५ | २८ |
| चीन | ४३ | ७६ |
| घाना | ४२ | ८० |
| सुडान | १५ | १७० |
| सोमालिया | ९ | १७९ |
| दक्षिण सुडान | ८ | १८० |

| देशहरू | अङ्क | श्रेणी |
|---|---|---|
| भुटान | ७२ | १८ |
| भारत | ३८ | ९६ |
| माल्दिभ्स | ३८ | ९६ |
| नेपाल | ३४ | १०७ |
| श्रीलङ्का | ३२ | १२१ |
| पाकिस्तान | २७ | १३५ |
| बङ्गलादेश | २३ | १५१ |
| अफगानिस्तान | १७ | १६५ |

स्रोत : *transperancy.org/en/cpi/2024*

प्रतिवेदनअनुसार दक्षिण एसियामा सबैभन्दा कम भ्रष्टाचार हुने देश भुटान र सबैभन्दा बढी भ्रष्टाचार हुने देश अफगानिस्तान रहेको छ । ९० अङ्कसहित डेनमार्क विश्वकै कम भ्रष्टाचार हुने देशमा परेको छ भने दक्षिण सुडान ८ अङ्कसहित सबैभन्दा बढी भ्रष्टाचार हुने देशमा परेको छ ।

माथिको तथ्याङ्क अध्ययन गर्दा विश्वका अविकसित र विकासशील राष्ट्रहरूमा भ्रष्टाचारको जरा निकै गहिरो गरी फैलिएको पाइन्छ ।

नेपालमा प्राचीन समयदेखि नै भ्रष्टाचार नियन्त्रणका प्रयासहरू गरिँदै आएको पाइन्छ । पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा “घुस लिन्या र घुस दिन्या दुबै देशका महासतुर हुन्” भनी उल्लेख गरेका थिए । उनको आशय भ्रष्टाचारले देशको विकासमा अवरोध ल्याउँछ र यसलाई वेलैमा नियन्त्रण गर्नुपर्छ भन्ने रहेको देखिन्छ ।

वर्तमान समयमा भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा राष्ट्रिय सर्तकता केन्द्र, राष्ट्रिय सूचना आयोग तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत विभिन्न सङ्घसंस्थाहरू कार्यरत छन् । त्यस्तै भ्रष्टाचार नियन्त्रण गर्न भ्रष्टाचार निवारण ऐन, सुशासन ऐन आदि कार्यान्वयनमा छन् । भ्रष्टाचारलाई जरैदेखि उन्मूलन नगरिएसम्म देशको आर्थिक, सामाजिक एवम् सांस्कृतिक पक्षको विकास गरी “समृद्ध नेपाल सुखी नेपाली” बनाउन कठिन हुन्छ । तसर्थ भ्रष्टाचार नियन्त्रण गर्न दिइएका उपायहरू अवलम्बन गर्नुपर्छ :

१. घुस लिने र दिने दुबैलाई दण्डसजायको व्यवस्था गरिनुपर्छ ।
२. सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नुहुँदैन ।
३. उपभोगवादी, फजुल खर्च, अनावश्यक देखासिकी जस्ता व्यवहार गर्नुहुँदैन ।
४. अनुशासनमा रहने र सदाचारको पालना गर्ने गर्नुपर्छ ।
५. प्रशासनिक संयन्त्रलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन अभिप्रेरित गर्नुपर्छ ।
६. भ्रष्टाचारीलाई राजनीतिक संरक्षण गर्नुहुँदैन ।
७. पैसा, पद र पहुँचका आधारमा व्यक्तिगत फाइदा लिने संस्कृति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने अभियान सञ्चालन गर्नुपर्छ ।
८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई स्वतन्त्रतापूर्वक कार्य गर्ने वातावरण सुनिश्चित गर्नुपर्छ ।
९. भ्रष्टाचार नियन्त्रणका लागि स्थापना भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण आयोग, राष्ट्रिय सर्तकता केन्द्र, राजस्व अनुसन्धान विभाग, महालेखा परीक्षण जस्ता संस्थाबिच समन्वय गरी भ्रष्टाचार निराकरणमा एक भई लाग्नुपर्छ ।

१०. तीनै तहको सरकार, नागरिक समाज, सञ्चार माध्यम, सामाजिक सङ्घसंस्था एवम् जिम्मेवार अन्य निकायबिच भ्रष्टाचार विरुद्ध एकीकृत र समन्वयात्मक रूपमा भ्रष्टाचार नियन्त्रण गर्न अग्रसर हुनुपर्छ ।

११. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्छ ।

## क्रियाकलाप

१. भ्रष्टाचार विरुद्धको र्‍यालीमा प्रयोग गर्न सकिने नाराहरू लेखी कक्षाकोठा र विद्यालयमा प्रदर्शन गर्नुहोस् ।

२. "म भ्रष्टाचार गर्दिनँ र भ्रष्टाचार हुन पनि दिन्नँ" भन्ने शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

३. भ्रष्टाचारको अन्त्य गर्न व्यक्ति, समाज र सरकारले के कस्तो भूमिका खेल्नुपर्छ, साथीहरूबिच छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. भ्रष्टाचारको परिभाषा दिनुहोस् ।**

**२. "भ्रष्टाचार एक प्रकारको सामाजिक अपराध हो ।" यस भनाइलाई उपयुक्त तथ्यसहित प्रस्ट पार्नुहोस् ।**

**३. भ्रष्टाचारबाट समाजमा देखापर्ने समस्याहरू बुँदागत रूपमा टिपोट गरी समाधानका लागि उपयुक्त सुझाव दिनुहोस् ।**

**४. सार्क राष्ट्रहरूमा भ्रष्टाचारको अवस्था कस्तो छ, तुलनात्मक रूपमा विश्लेषण गर्नुहोस् ।**

# ५ अन्धविश्वास हटाऔँ

राष्ट्रिय महिला आयोगको आयोजनामा सामाजिक समस्या हटाऔँ र सभ्य समाजको निर्माण गरौँ भन्ने शीर्षकमा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन भएको छ । उक्त कार्यक्रममा सहभागी सङ्घसंस्थाका प्रतिनिधिहरूको प्रस्तुति यस प्रकार छ :

आदरणीय उपस्थित महानुभावहरू

न्यानो अभिवादन !

म एक गैरसरकारी संस्थाको प्रतिनिधि हुँ । हाम्रो संस्थाले समाजमा विद्यमान सामाजिक समस्याहरूको पहिचान र समाधानका लागि काम गर्दै आएको छ । म आज अन्धविश्वास के हो ? यसले समाजमा कस्तो प्रभाव पारिरहेको छ ? अन्धविश्वास हटाउने उपायहरू के के हुन सक्छन् भन्ने सम्बन्धमा आफ्ना भनाइहरू राख्न गइरहेको छु ।

कुनै व्यक्तिले गहिरो अध्ययन वा जानकारी नलिई समाजमा प्रचलित प्रथा, प्रचलनमा विश्वास गर्नु अन्धविश्वास हो । अन्धविश्वासले सामाजिक विकृति निम्त्याउँछ । यसले हाम्रो धर्म, संस्कृति र समाजमा समेत नकारात्मक असर पारिरहेको हुन्छ । अन्धविश्वासका कारण हाम्रो समाजमा वेला वेलामा आपराधिक घटनासमेत हुने गरेका छन् । नेपालका विभिन्न ठाउँमा अझै पनि बोक्सीको आरोपमा महिलामाथि कुटपिट र हिंसात्मक गतिविधि भइरहेको सुनिन्छ । त्यस्तै धामीझाँक्रीप्रतिको विश्वास, घुम्टो प्रथा, दाइजो प्रथा, छाउपडी प्रथा जस्ता सामाजिक समस्या र विकृतिहरू रहेका छन् ।

अन्धविश्वासले मानिसलाई आधुनिक विज्ञान र प्रविधिमा भन्दा अलौकिक शक्तिमा बढी विश्वास मान्ने गराउँछ । समाजमा अन्धविश्वास कायम रहिरहने हो भने समाजको आधुनिकीकरण, विकास, परिवर्तन र समृद्धिको यात्रामा समेत बाधा पुऱ्याउने निश्चित छ । त्यसैले हामीले आजैदेखि वैज्ञानिक तथ्य, समयक्रमको विकास र गतिशीलतालाई विश्वास गरौँ । समाजलाई शिक्षा, ज्ञान, चेतना र विवेकको ज्योतिले अन्धविश्वासको अस्तित्वलाई परास्त पारौँ भन्दै मेरा विचारहरू यहीँ अन्त्य गर्छु, धन्यवाद ।

उपस्थित सम्पूर्णमा नमस्कार !

म महिला तथा दिदीबहिनी समूहकी अध्यक्ष हुँ । म आज मुख्य रूपमा नेपालको पूर्वी तथा मध्य तराईमा प्रचलित घुम्टो प्रथाका बारेमा आफ्ना विचारहरू राख्न गइरहेको छु । विवाहित महिलाले मान्यजन र पुरुषका अगाडि जाँदा आफ्नो अनुहार छोप्नुपर्ने प्रचलनलाई घुम्टो प्रथा भनिन्छ । मेरो विचारमा यस्तो खालको अन्धविश्वासी प्रथाका कारण महिलाको व्यक्तित्व विकासमा बाधा पुगेको छ । यो एउटा लैङ्गिक विभेदको अवस्था पनि हो । यस्तो प्रथाले मानव अधिकारको दृष्टिकोणबाट महिलाको हक, अधिकार र स्वतन्त्रताको हनन् भएको छ । विवाहपश्चात् महिलाहरू घुम्टोमा बसिरहनुपरेका कारण शिक्षा, स्वास्थ्य, रोजगारी आदिको अवसरबाट वञ्चित हुनुपरेको छ । आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा पछाडि परेका छन् । यो समस्या समाधानका लागि शिक्षा, सचेतना र सामाजिक जागरणका कार्यहरू सञ्चालन गर्नुपर्छ । हामी पनि आजैदेखि यस्ता मानव अधिकारका विरुद्धमा रहेका सामाजिक प्रथा तथा परम्पराहरूको विरुद्धमा आवाज उठाऔँ, धन्यवाद ।

उपस्थित सम्पूर्ण महानुभावमा हार्दिक नमस्कार ! म आमा समूहकी अध्यक्ष हुँ । हाम्रो संस्थाले पनि समाजलाई सामाजिक समस्या मुक्त बनाउनका लागि काम गरिरहेको छ । म विशेष गरेर कर्णाली र सुदूर पश्चिमका केही पहाडी जिल्लाहरूका केही ठाउँमा प्रचलित छाउपडी प्रथाको सम्बन्धमा आफ्ना भनाइहरू राख्न गइरहेकी छु । रजस्वला भएका वेलामा घरबाहिर छाउगोठमा लगेर राख्ने सामाजिक नियमलाई छाउपडी भनिन्छ । रजस्वला र सुत्केरी भएका समयमा घरको आँगन टेक्न नहुने, दुधदही खान नहुने, घरभित्र बस्न नहुने, लेखपढ गर्न र अरूलाई छुन नहुने भनेर घरबाहिर रहेको छाउगोठमा राखिन्छ । यात्रा र अन्य शुभकार्यमा छाउपडीलाई देखेमा अशुभ हुने भन्ने अन्धविश्वास रहेको छ । महिलाको नियमित रूपमा हुने शारीरिक प्रक्रियालाई गलत ढङ्गबाट व्याख्या गरिएको छ । यसका कारण पीडित महिलाहरू असुरक्षित र जोखिमपूर्ण अवस्थामा बाँच्न बाध्य छन् । परिवारको साथ र सहयोगको आवश्यकता पर्ने समयमा यसरी घरदेखि बाहिर राख्नु महिलामाथिको दुर्व्यवहार हो । सामाजिक अपराध हो । छाउगोठमा बस्दा सर्पले टोक्ने, अपराधीहरूको सिकार र जङ्गली जीवजन्तुहरूको आक्रमणमा पनि पर्न सक्ने हुन्छ । यो समस्या समाधानका लागि सचेतना र समान सामाजिक व्यवहारको खाँचो छ । त्यस्तै गरी विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्था र राजनीतिक दलहरूले एकताबद्ध भएर दबाबमूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ, धन्यवाद ।

यहाँहरू सम्पूर्णमा नमस्कार ! म महिला अधिकारकर्मी हुँ । म आज नेपालका विभिन्न ठाउँमा प्रचलित दाइजो तथा तिलक प्रथा सम्बन्धमा आफ्ना भनाइहरू राख्न गइरहेको छु । विवाहका क्रममा दुलही पक्षले दुलाहा पक्षलाई राजीखुसी, दबाब वा अनुरोधमा प्रदान गर्ने नगद, जिन्सी, धन सम्पत्ति, उपहारलाई दाइजो भनिन्छ । कतै कतै विशेषतः तराईमा दहेज वा तिलक पनि भन्ने गरिएको छ । बिहेमा कन्याका परिवारले आफ्नो गच्छेअनुसार दाइजो लिने तथा दिने चलन विगतदेखि चलिआएको परम्परा हो । हिजोआज दाइजो प्रथा विकृतिको रूपमा मौलाएको छ । कन्याका अभिभावकले सक्ने हैसियतभन्दा बढी धनसम्पत्ति दाइजोका रूपमा माग गर्ने, दबाब दिने र धम्की दिने प्रक्रियाले समाजमा गलत अभ्यास बढ्दै गएको छ । छोरी चेलीको विवाह पो नहुने हो कि भन्ने चिन्ता र त्रास बढ्दो छ । यस्ता विकृतिलाई समाजबाट हटाउनुपर्छ ।

दाइजो तथा तिलक प्रथाका कारणले सामाजिक सद्भाव र सन्तुलन कायम गर्न बाधा पुगेको छ । त्यस्तै दाइजो वा तिलकको विषयलाई आधार बनाएर समाजमा महिला हिंसा, घरेलु हिंसा, पारिवारिक विखण्डन, हत्या, आत्महत्या जस्ता घटनाहरू घटिरहेका छन् ।

मेरो विचारमा दाइजो तथा तिलक प्रथाका कारणले बढ्दै गएका विकृतिहरू अन्त्यका लागि बनेका कानुन प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्छ । दाइजो तथा तिलक प्रथा नियन्त्रणका लागि व्यक्ति, परिवार र समाजको सोचमा सकारात्मक परिवर्तन आउनुपर्छ । जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ । महिलालाई आत्मनिर्भरताका लागि शिक्षा, सिप र रोजगारीका अवसर प्रदान गर्नुपर्छ । अन्त्यमा आजैदेखि दाइजो लिनेदिने दुबैलाई सामाजिक बहिष्कार गर्ने कार्यको थालनी गरौँ भन्दै मेरा भनाइहरू यहीँ अन्त्य गर्छु, धन्यवाद ।

## क्रियाकलाप

१. तपाईंको समाजमा विद्यमान सामाजिक समस्याहरूको सूची बनाउनुहोस् र तीमध्ये कुन चाहिँ समस्याले बढी असर गरेको छ ? समाधानका उपायहरू के के हुन सक्छन्, साथीहरूसँग छलफल गरी निष्कर्षमा पुग्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालमा प्रचलित अधिकांश सामाजिक समस्या तथा विकृतिहरूले समाजमा महिला वा पुरुष कसलाई बढी असर पारेको छ ? किन त्यस्तो भएको होला र त्यस्तो समस्या समाधानका लागि के के गर्नुपर्ला, जानकार व्यक्तिहरूसँग छलफल गरी टिपोट गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. छाउपडीको अन्त्यका लागि ककसले के गर्नुपर्ला, कक्षामा साथीहरूबिचमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् ।

## अभ्यास

**१. अन्धविश्वास भनेको के हो, उदाहरणसहित लेख्नुहोस् ।**

**२. 'अन्धविश्वासले समाजको आधुनिकीकरण, विकास, परिवर्तन र समृद्धिको यात्रामा बाधा पुऱ्याउँछ ।' कसरी, प्रस्ट पार्नुहोस् ।**

**३. घुम्टो प्रथालाई किन सामाजिक समस्या भनिएको हो, चर्चा गर्नुहोस् ।**

**४. दाइजो प्रथाले समाजमा पुऱ्याएको असर उल्लेख गरी समाधानका उपायहरू सुझाउनुहोस् ।**

**५. 'छाउपडी अन्धविश्वासको परिणाम हो ।' यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

# ६ सामाजिक समस्याको पहिचान र समस्या समाधान सिप

**(सामाजिक समस्याको पहिचान र समस्या समाधान सिपसम्बन्धमा रिम्की र सामाजिक शिक्षकबिचको संवाद अध्ययन गरौँ ।)**

रिम्की : गुरु, सामाजिक समस्यालाई हामीले कसरी बुझ्न सक्छौँ ?

शिक्षक : सामाजिक मूल्यमान्यता र नियम विपरीतका व्यवहारहरू जसले व्यक्ति र समाजलाई नकारात्मक असर गर्छ, तिनीहरू नै सामाजिक समस्या हुन् । मानव समाजमा प्रचलनमा रहेका विकृत व्यवहारहरू सामाजिक समस्याका रूपमा रहेको देखिन्छ । धूमपान, मद्यपान, फजुल खर्च, बालविवाह, घरेलु हिंसा, बालश्रम आदि नेपाली समाजमा प्रचलनमा रहेका प्रमुख सामाजिक समस्याहरू हुन् ।

रिम्की : अनि सामाजिक समस्यालाई हामीले कसरी पहिचान गर्न सक्छौँ गुरु ?

शिक्षक : सामाजिक समस्या पहिचान गर्न सर्वप्रथम त हामीले समस्याको मूल कारण नै खोज्नुपर्छ । उदाहरणका लागि कुनै व्यक्तिलाई मद्यपानको लत लागेको छ भने उसले किन मद्यपान गर्न थाल्यो भन्ने कुरा बुझ्नुपर्छ । गलत साथीको सङ्गतले हो कि, देखासिकीले हो या अन्य कारणले हो भन्ने जान्न आवश्यक हुन्छ । सामाजिक समस्या पहिचान गर्ने अर्को तरिका भनेको समस्या सिर्जना हुनुको पृष्ठभूमि थाहा पाउनु हो । जस्तो कि एउटा व्यक्ति चुरोट पिउने लतमा फसेको छ भने उसले चुरोट पिउने अवस्था कसरी सिर्जना भयो भन्ने कुरा थाहा पाउनुपर्छ । घरपरिवारका कुनै सदस्यले चुरोट पिएको देखेर हो कि, साथीभाइको करकापले हो वा यसको असरबारे कम जानकारी भएर हो भन्ने कुरा थाहा पाउनुपर्छ ।

रिम्की : सामाजिक समस्याले पार्ने असर सम्बन्धमा पनि बताइदिनुहोस् न गुरु ।

शिक्षक : सामाजिक समस्याको विविधतासँगै यसको असर पनि फरक फरक हुन्छ ।

जस्तो कि मद्यपान र धूमपानले विभिन्न प्रकारका रोगहरू लाग्ने, समाजमा अपमानित भइने, पैसा खर्च हुने, गलत साथीको सङ्गत बढ्ने जस्ता असरहरू हुन्छन् । बालविवाहले शारीरिक र मानसिक असर पर्ने हुन्छ । कम उमेरमा नै आमा बन्ने सम्भावना हुँदा आमा र बच्चा दुबैको स्वास्थ्य कमजोर हुन्छ । पढाइलाई निरन्तरता दिन कठिन हुने, जागिर र अन्य पेसा अवलम्बन गर्ने अवसरबाट वञ्चित हुने अवस्था आउँछ ।

रिम्की : यस्ता सामाजिक समस्याहरूबाट बच्ने उपायहरू के के हुन् त गुरु ?

शिक्षक : सामाजिक समस्याबाट बच्ने उपायहरू पनि सामाजिक समस्याको प्रकृति र सिर्जित अवस्थामा निर्भर रहन्छ । सामाजिक समस्या समाधानका विभिन्न विकल्पहरू हुन्छन् । ती सबै विकल्पका राम्रा पक्ष र नराम्रा पक्ष थाहा पाउनुपर्छ । त्यसपछि भएका विकल्पमध्ये उपयुक्त विकल्पको छनोट गर्नुपर्छ, जस्तै : कसैले धूमपान तथा मद्यपान गर्न प्रस्ताव गरेको छ भने उक्त प्रस्तावको इन्कार गर्नु नै यो समस्याबाट बच्ने उत्तम उपाय हो । तर सबै समस्याको समाधान एकै किसिमका नहुन सक्छन् । त्यस्ता निर्णयहरू गर्दा अवस्था, परिवेश, समय आदि कुरालाई ख्याल गर्दै निर्णय लिनुपर्ने हुन्छ ।

त्यस्तै कुलतमा लागेका साथीको सङ्गत नगर्ने, आफूलाई राम्रा काममा व्यस्त राख्ने, सिर्जनशील हुने, भविष्य निर्माणमा प्रतिबद्ध हुने जस्ता उपायहरू अपनाउन सक्दा पनि कुलतबाट बच्न सकिन्छ ।

रिम्की : गुरुले सामाजिक समस्या पहिचान र समस्या समाधानका सिप सम्बन्धमा प्रस्ट पारिदिनुभएकामा धेरै धेरै धन्यवाद दिन चाहान्छु । अब म कुनै पनि कुलतमा नलाग्ने र लागेकालाई पनि यसबाट बच्ने उपायका बारेमा चेतना फैलाउने काम गर्छु ।

शिक्षक : हो रिम्की, तिमी हामी सबै मिलेर सामाजिक समस्या समाधान गर्न आफूले सकेको ज्ञान र सिपको उपयोग गर्नुपर्छ ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा भएका सामाजिक समस्याहरू झल्कने चित्र बनाई कक्षाकोठामा साथीहरूलाई देखाउनुहोस् र पहिचान गर्न लगाउनुहोस् ।

२. मानौँ तपाइँको साथी लागुपदार्थ दुर्व्यसनमा लागेको कुरा भर्खरै थाहा पाउनुभयो । उक्त साथीलाई त्यो समस्याबाट मुक्त गराउन तपाइँ कसरी सहयोग गर्नुहुन्छ । समस्या समाधानका चरणका आधारमा कार्ययोजना तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. सामाजिक समस्याहरू कसरी पहिचान गर्न सकिन्छ ?**

**२. सामाजिक समस्याबाट बच्ने उपायहरू उल्लेख गर्नुहोस् ।**

**३. तपाइँको वरपरका प्रमुख सामाजिक समस्याका सूची तयार गर्नुहोस् ।**

**४. बालविवाह रोक्न तपाइँले के के प्रयत्न गर्न सक्नुहुन्छ ?**

**५. कुलतबाट बच्ने उपायहरू लेख्नुहोस् ।**

## सामुदायिक कार्य

समुदायमा विद्यमान कुनै एक प्रमुख सामाजिक समस्या पहिचान गर्नुहोस् । उपयुक्त समस्या समाधानका लागि तल दिइएका चरणहरूका आधारमा समाधानको खाका प्रस्तुत गर्नुहोस् :

| चरण | प्रक्रिया |
|---|---|
| समस्याको पृष्ठभूमिको अध्ययन | |
| समस्याको पहिचान | |
| समस्याको असर | |
| समाधानका सम्भावित विकल्पहरू | |
| उत्तम विकल्प छनोट | |
| समाधानको प्रतिबद्धता र प्रयोग | |

# ८ सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका

सामाजिक समस्या समाधानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको महत्त्वपूर्ण भूमिका हुन्छ । सचेतना वृद्धि, गरिबी निवारण, शिक्षामार्फत समाजमा परिवर्तन र सामाजिक सुधारमा यिनीहरूको योगदान रहेको छ । यस पाठमा सामाजिक समस्या समाधानमा क्रियाशील केही अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका चर्चा गरिएको छ ।

(क) **युनिसेफ :** युनिसेफ संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्था हो । यसको स्थापना सन् १९४६ मा भएको हो । नेपालमा युनिसेफले सन् १९६४ देखि विभिन्न सामाजिक सुधारका कार्यहरू गर्दै आएको छ । यस संस्थाले बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्य र पोषणको क्षेत्रमा धेरै काम गर्दै आएको छ । बाल अधिकारको संरक्षण र प्रवर्धनमा समेत यस संस्थाको भूमिका महत्त्वपूर्ण छ ।

(ख) **संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष :** संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको स्थापना सन् १९६९ मा भएको हो । यस कोषको मुख्यालय संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा रहेको छ । यो संस्था प्रजनन र मातृ स्वास्थ्यको सुधारमा विश्वव्यापी रूपमा क्रियाशील रहँदै आएको छ । समानता र मानवीय सङ्कट समाधानमा यस संस्थाको उल्लेखनीय योगदान रहेको छ ।

(ग) **अन्तर्राष्ट्रिय श्रम सङ्गठन :** यो संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्था हो । यो संस्था सबैखाले बालश्रमको उन्मूलन, श्रम कानुन र श्रमनीतिको निर्माण एवम् कार्यान्वयनका साथै श्रमिक हकहितका गतिविधिमा कार्यरत छ । मूलतः नेपालबाट बालश्रमको अन्त्य गर्नका लागि यो संस्थाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । नेपालका सहरी र सहरोन्मुख क्षेत्रमा देखा परिरहेको बाल श्रम निराकरण गर्नमा यो संस्था सक्रिय छ ।

(घ) **ट्रान्सपरेन्सी इन्टरनेसनल :** यो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । सन् १९९३ को मे महिनामा यस संस्थाको स्थापना भएको हो । यस संस्थाको मुख्य उद्देश्य भ्रष्टाचार रोकी समाजका हरेक तह तथा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र इमानदारिताको प्रवर्धनमा सहयोग गर्नु हो । यसको मुख्यालय जर्मनीको बर्लिनमा रहेको छ । यस संस्थाले अन्तर्राष्ट्रिय तहमा राजनीतिक भ्रष्टाचारको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्छ । यसले विभिन्न देशमा रहेका आफ्ना च्याप्टरमार्फत गतिविधि सञ्चालन गर्छ । यस संस्थाले १९९५ देखि भ्रष्टाचार सूचकाङ्क (Corruption Perception Index -CPI) र १९९९ देखि घुसदाता सूचकाङ्क (Bribe Payers Index -BPI) प्रकाशन गर्दै आइरहेको छ । यस संस्थाले पारदर्शितालाई जोड दिन्छ । देशका विभिन्न क्षेत्रमा हुने भ्रष्टाचारको अन्त्य गरी भ्रष्टाचारमुक्त विश्व स्थापना गर्नु यसको उद्देश्य रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको नेपाल च्याप्टरका रूपमा ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल नामक गैरसरकारी संस्थाले कार्य गरिरहेको छ ।

## क्रियाकलाप

१. माथि उल्लिखित अन्तर्राष्ट्रिय संस्थाहरूको लोगो तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. नेपालमा भ्रष्टाचार नियन्त्रणमा ट्रान्सपरेन्सी इन्टरनेशलको भूमिका समेटिएका लेख, सम्पादकीय, समाचार आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

३. नेपालमा युनिसेफले बालबालिकाको क्षेत्रमा गर्दै आएका कार्यहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **अन्तर्राष्ट्रिय श्रम सङ्गठनले नेपालमा कस्तो योगदान पुऱ्याएको छ ?**

२. **ट्रान्सपरेन्सी इन्टरनेसनलका कार्यहरू उल्लेख गर्नुहोस् ।**

३. **संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका प्रमुख कार्यक्षेत्रहरू उल्लेख गर्नुहोस् ।**

एकाइ
५

# नागरिक चेतना

## सिकाइ उपलब्धि

१. राज्यका प्रमुख तीन अङ्गहरूको परिचय, कार्य र अन्तरसम्बन्ध उल्लेख गर्न

२. राजनीतिक दलको भूमिका र जिम्मेवारी उल्लेख गर्न

३. निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका बताउन

४. मानव अधिकारको अवधारणा बताउन र सचेत रहन

५. मानव अधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/निकायको भूमिकासँग परिचित हुन

६. उपभोक्ता अधिकारसम्बन्धी अवधारणा बताउन र सचेत रहन

# १ व्यवस्थापिका

श्री चतुर्भुजेश्वर मा.वि. कक्षा १० मा पढ्ने विद्यार्थीले सङ्घीय संसद् भवनमा प्रतिनिधि सभाको बैठक अवलोकन गरेका थिए । सामाजिक शिक्षकको सहयोगमा उनीहरूलाई संसद्‌का गतिविधिबारे स्रोता कक्षमा बसेर अध्ययन तथा अवलोकनको मौका मिलाइएको थियो । सभामुखले संसद् बैठक प्रारम्भ भएको घोषणा गरेसँगै




विभिन्न संसद्‌ले समसामयिक विषयवस्तुमा आफ्नो धारणा राख्नुभयो । उल्लिखित कार्यातालिकाअनुसार तोकिएका सांसद् सदस्यले आआफ्नो धारणा राखिसकेपछि सभामुखले प्रतिनिधि सभा बैठक समाप्त भएको घोषणा गर्नुभयो । संसद् बैठकको समापनपछि सङ्घीय संसद्‌का महासचिवसँग व्यवस्थापिकाबारे विद्यार्थीले जानकारी लिए । उनीहरूले संसद्‌को अवलोकन, महासचिवसँगको कुराकानी र समूह छलफलबाट प्राप्त निष्कर्ष कक्षाकोठामा यसरी प्रस्तुत गरे :

## प्रतिनिधि सभाको गठन प्रक्रिया

| निर्वाचन प्रणाली | प्रतिनिधि सभा सदस्य सङ्ख्या |
|---|---|
| पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित (६० प्रतिशत) | १६५ |
| समानुपातिक निर्वाचन प्रणाली (४० प्रतिशत) | ११० |
| जम्मा | २७५ |

राज्यका तीन अङ्गमध्ये कानुन निर्माण गर्ने प्रतिनिधिमूलक संस्था व्यवस्थापिका हो । नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक सङ्घीय व्यवस्थापिका रहने प्रावधान छ । ती दुबै सदनको संयुक्त रूपलाई सङ्घीय संसद् पनि भनिन्छ । प्रतिनिधि सभामा कुल २७५ जना सदस्य हुन्छन् जसमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित १६५ र समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित ११० सदस्य रहन्छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि नेपाललाई १६५ सङ्घीय निर्वाचन क्षेत्रमा वर्गीकरण गरिएको छ । समानुपातिकका

लागि भने सिङ्गो देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिइन्छ । प्रतिनिधि सभामा एक जना सभामुख र एक जना उपसभामुख रहने प्रावधान छ । सभामुख र उपसभामुख फरक राजनीतिक दल र फरक लिङ्गको हुनुपर्ने संवैधानिक व्यवस्था छ । प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ ।

## राष्ट्रिय सभा

राष्ट्रिय सभा स्थायी सदन हो । यो सभा ५९ सदस्यीय हुन्छ, जसमा प्रत्येक प्रदेशबाट आठ जनाका दरले निर्वाचित हुने ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित तीन जना सदस्य रहने व्यवस्था छ । राष्ट्रिय सभाको सदस्यको पदावधि छ वर्षको हुन्छ र प्रत्येक एकतिहाइ सदस्यको पदावधि दुई वर्षमा समाप्त हुन्छ । राष्ट्रिय सभामा एक जना अध्यक्ष र एक जना उपाध्यक्ष रहने प्रावधान छ । अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था छ ।

| निर्वाचित/मनोनित | राष्ट्रिय सभा सदस्य सङ्ख्या |
|---|---|
| प्रत्यके प्रदेशबाट आठ जनाको दरले सात प्रदेशबाट निर्वाचित हुने | ५६ |
| प्रधानमन्त्रीको सिफारिसमा र ाष्ट्रपतिद्वारा मनोनित | ३ (कम्तीमा एक जना महिला पर्ने गरी |
| जम्मा | ५९ |

### सङ्घीय संसद्का सदस्य हुन आवश्यक योग्यता

(क) नेपालको नागरिक

(ख) प्रतिनिधि सभाका लागि २५ वर्ष र राष्ट्रिय सभाका लागि ३५ वर्ष उमेर पूरा भएको

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको

(घ) कुनै सङ्घीय कानुनले अयोग्य नभएको

(ङ) कुनै लाभको पदमा बहाल नरहेको

### व्यवस्थापिकाका कार्य

व्यवस्थापिका राज्यको एक महत्त्वपूर्ण अङ्ग हो । यसलाई आफ्ना प्रतिनिधिमार्फत जनताको इच्छा व्यक्त गर्ने प्रमुख थलोका रूपमा लिइन्छ । यसले जनभावनाको प्रतिनिधित्व गरी कानुन र नीति बनाउने कार्य गर्छ ।

**कानुनी कार्य**

(क) विधेयक प्रस्तुत गर्ने

(ख) विधेयकमाथि दफावार छलफल गर्ने

(ग) विधेयकको औचित्यमा बहस गर्ने

(घ) आवश्यक अवस्थामा विधेयक परिमार्जन गर्ने

(ङ) विधेयक पारित गर्ने

(च) राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि सिफारिस गर्ने

**संसदीय निगरानीसम्बन्धी कार्य**

(क) सरकार गठन गर्ने

(ख) जनसरोकार र सार्वजनिक महत्त्वका विषयमा सरकारलाई प्रश्न सोध्ने र ध्यानाकर्षण गराउने

(ग) सरकार विरुद्ध अविश्वासको प्रस्ताव ल्याउने

(घ) महाअभियोग लगाउने

**आर्थिक कार्य**

(क) करको दर निर्धारण गर्ने

(ख) सरकारी बजेट स्वीकृति गर्ने

(ग) बजेटमाथि नियन्त्रण गर्ने

**संविधानसम्बन्धी कार्य**

(क) सामान्य कानुन साधारण बहुमतद्वारा संसोधन गरिने

(ख) दुईतिहाइ बहुमतद्वारा संविधान संसोधन गर्न सकिने

## विधेयक कानुन बन्ने प्रक्रिया

कानुन निर्माण गर्ने काम सङ्घीय संसद्को हो । सङ्घीय संसद्को दुबै सदनमा कानुन निर्माण हुन्छ । संसद्मा छलफलका लागि प्रस्तुत गरिने कानुनको मसौदालाई विधेयक भनिन्छ । सङ्घीय संसद्को कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिन्छ । विधेयक सङ्घीय संसद्बाट पारित भएपछि मात्र कानुन बन्छ । अर्थ विधेयक चाहिँ प्रतिनिधि सभामा

मात्र प्रस्तुत हुन्छ । विधेयक पारित गर्दा देश र जनताको हित र भलाइलाई सर्वोपरी राखी संसद्मा छलफल गर्नुपर्छ । सङ्घीय संसद्को एउटा सदनले विधेयक पारित गरेपछि अर्को सदनमा पठाइन्छ । उक्त सदनले पनि सो विधेयक पारित गरेपछि प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस हुन्छ । राष्ट्रपतिसमक्ष पेस भएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्छ । राष्ट्रपतिलाई विधेयकमा केही सुधार गर्नुपर्ने लागेमा उनले विधेयक फिर्ता गर्न सक्ने प्रावधान संविधानमा छ । यसरी फिर्ता भएको विधेयक दुबै सदनबाट स्वीकृत भई पुनः राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि जान्छ । यसरी आएको विधेयक भने राष्ट्रपतिले प्रमाणीकरण गर्नै पर्ने संवैधानिक व्यवस्था छ । राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेपछि मात्र सो विधेयक कानुन बन्छ ।

नेपालको संविधानमा प्रदेश व्यवस्थापिकाको पनि प्रावधान रहेको छ । प्रदेश व्यवस्थापिकालाई प्रदेश सभा भनिन्छ । यो एक सदनात्मक व्यवस्थापिका हो । प्रत्येक प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ६० प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीबाट ४० प्रतिशत सदस्य निर्वाचित हुने व्यवस्था छ । नेपालमा ७ प्रदेशमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित सदस्य ३३० र समानुपातिक निर्वाचनबाट निर्वाचित २२० गरी जम्मा ५५० जना प्रदेश सदस्य रहन्छन् । प्रदेश व्यवस्थापिकाले आफ्नो प्रदेशका लागि आवश्यक कानुनको निर्माण गर्छ ।

| **निर्वाचन प्रणाली** | **प्रदेशसभा सदस्य सङ्ख्या** |
|---|---|
| पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित (६० प्रतिशत) | ३३० |
| समानुपातिक निर्वाचन प्रणाली (४० प्रतिशत) | २२० |
| जम्मा | ५५० |

## क्रियाकलाप

१. प्रतिनिधि सभामा विधेयक प्रस्तुत गरेको, विधेयकमा आधारित भई छलफल गरेको र विधेयक पारित गरेको सन्दर्भलाई समेटी नमुना अभिनय प्रस्तुत गर्नुहोस् ।

२. प्रतिनिधि सभा र राष्ट्रिय सभाका समानता तथा भिन्नतालाई तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. तपाईंको कक्षामा विद्यमान नियममा सुधार गर्नुपर्ने वा नयाँ नियम बनाउनुपर्ने सन्दर्भलाई विधेयक पारित गर्ने सन्दर्भसँग तुलना गर्नुहोस् ।

**अभ्यास**

१. व्यवस्थापिका भनेको के हो ?

२. प्रतिनिधि सभा गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

३. सङ्घीय संसद् सदस्य हुन आवश्यक योग्यताको सूची बनाउनुहोस् ।

४. राष्ट्रिय सभालाई समावेशी बनाउन गरिएका कानुनी व्यवस्थाको समीक्षा गर्नुहोस् ।

# २ सङ्घीय कार्यपालिका

कार्यपालिकालाई सरकार वा मन्त्रिपरिषद्का रूपमा चिनिन्छ । कार्यपालिकालाई कानुन कार्यान्वयन गर्ने निकायका रूपमा लिने गरिन्छ । नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहीत रहन्छ । नेपालको संविधानअनुसार केन्द्रमा सङ्घीय कार्यपालिका, प्रदेशमा प्रदेश कार्यपालिका र स्थानीय तहमा स्थानीय कार्यपालिका रहने व्यवस्था छ । सङ्घीय कार्यपालिकामा प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री हुने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने कानुनी प्रावधान छ । त्यस्तै कुनै पनि दलले एकल बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत पुऱ्याउन सक्ने संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुन सक्ने प्रावधान संविधानको धारा ७६(२) मा छ । त्यस्तै ७६(२) अनुसार सरकार बन्न नसकेमा वा सरकारले विश्वासको मत प्राप्त गर्न नसकेमा धारा ७६(३) अनुसार संसदको सबैभन्दा ठुलो संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुन सक्छन् । यस धाराअनुसार नियुक्त प्रधानमन्त्रीले नियुक्ति भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान छ । धारा ७६(३) अनुसार पनि सरकार गठन हुन नसकेमा संविधानको धारा ७६(५) अनुसारको सरकार गठन हुने छ । यसअनुसार संसद्बाट बहुमत जुटाउन सक्ने जुनसुकै प्रतिनिधि सभा सदस्य प्रधानमन्त्रीमा नियुक्त हुन सक्छन् । उनले पनि ३० दिनभित्र विश्वासको मत भने लिनुपर्ने हुन्छ ।

राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम बढीमा २५ जनासम्म सदस्य रहेको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ ।

## सङ्घीय कार्यपालिकाका कार्यहरू

(क) **प्रशासनिक कार्य** : दैनिक प्रशासन सञ्चालन गर्ने कार्यकारी निकाय कार्यपालिका हो । यसले व्यवस्थापिकाबाट स्वीकृत कानुनको कार्यान्वयन गर्ने तथा मुलुकमा शान्ति, सुव्यवस्था र स्थायित्व कायम गर्ने कार्य गर्छ । राज्यको नीति निर्माण गर्नु, प्रशासन सञ्चालन, नियन्त्रण र निर्देशन गर्नु, राज्यमा सुशासन कायम राख्नु कार्यपालिकाको मुख्य प्रशासनिक कार्य हुन् ।

(ख) **कूटनीतिक कार्य** : विदेश नीतिको निर्धारण, वैदेशिक सम्बन्ध विस्तार, कूटनीतिक पदमा नियुक्ति जस्ता कूटनीतिसम्बन्धी सरकारका कार्यलाई कूटनीतिक कार्य भनिन्छ ।

यस कार्यअन्तर्गत कूटनीतिक पदमा नियुक्ति, आवश्यकतानुसार सन्धि सम्झौता जस्ता कार्य पर्छन् ।

(ग) **आर्थिक कार्य** : प्रत्येक वर्ष देशको बजेट अर्थमन्त्रीबाट सङ्घीय संसद्मा प्रस्तुत हुन्छ । आवश्यकतानुसार देशको आर्थिक विवरणको प्रस्तुति गर्ने, कर असुली गर्ने जस्ता कार्य पनि कार्यपालिकाको आर्थिक कार्यअन्तर्गत पर्छ । समग्र देशका लागि आवश्यक आर्थिक व्यवस्थापन गर्नु कार्यपालिकाको अर्को महत्त्वपूर्ण कार्य हो । राजस्व परिचालन गर्ने तथा ऋण स्वीकृत गर्ने काम कार्यपालिकाअन्तर्गत हुने गर्छ ।

(घ) **सुरक्षासम्बन्धी कार्य** : समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्नु सङ्घीय कार्यपालिकाको मुख्य कार्य हो । नेपाली सेनाको परिचालन र नियन्त्रण, बाह्य आक्रमणका बेला सुरक्षा प्रदान, आवश्यकतानुसार युद्ध र शान्तिको घोषणा जस्ता कार्य गर्ने निकाय पनि कार्यपालिका नै हो । नेपालको संविधानले समग्र राष्ट्रिय हित र सुरक्षाका लागि आवश्यक नीति निर्माण गर्ने अधिकार नेपाल सरकारलाई दिएको छ । राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने कानुनी व्यवस्था भएकाले देशको सुरक्षा गर्ने जिम्मेवारी पनि कार्यपालिकाको रहन्छ । सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकारको निर्णयअनुसार आवश्यकतानुसार राष्ट्रपतिले सेना परिचालन गर्न सक्ने व्यवस्था पनि संविधानमा उल्लेख छ ।

नेपालको सातओटै प्रदेशमा प्रादेशिक सरकार रहने व्यवस्था छ । प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश कार्यपालिकालाई हुन्छ । प्रदेश कार्यपालिका प्रमुखका रूपमा मुख्यमन्त्री हुन्छन् । प्रदेश सभाको कुल सदस्य सङ्ख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद्को गठन हुन्छ ।

### क्रियाकलाप

१. सङ्घीय कार्यपालिकाका कार्यहरू तालिकामा देखाउनुहोस् ।

२. वर्तमान प्रधानमन्त्री र विभागीय मन्त्रीको नाम खोजी गरी प्रस्तुत गर्नुहोस् ।

३. नेपालको सङ्घीय कार्यपालिका गठनसम्बन्धी कानुनी व्यवस्था खोजी गरी लेख्नुहोस् ।

## अभ्यास

१. कार्यपालिका भनेको के हो ?

२. कार्यपालिकाको प्रशासनिक कार्यअन्तर्गत के के कार्य पर्छन् ?

३. प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराउनुपर्ने मुख्य विषय उल्लेख गर्नुहोस् ।

४. सङ्घीय कार्यपालिका र प्रदेश कार्यपालिकाका भिन्नता लेख्नुहोस् ।

५. तपाईँ नेपालको प्रधानमन्त्री हुनुभयो भने देशमा सुशासन कायम गर्न के के काम गर्नुहुन्थ्यो, बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

# ३ न्यायपालिका

न्यायपालिका न्याय सम्पादन गर्ने निकाय हो । कानुनको व्याख्या गरी वैधता स्थापित गर्ने काम न्यायपालिकाबाट हुन्छ । न्यायपालिका नागरिक अधिकार र संविधानको संरक्षण गर्ने अङ्ग हो । न्यायपालिकाले कानुनको व्याख्या गर्ने, न्यायिक पुनरवलोकन गर्ने, मानव अधिकारको संरक्षण गर्नेलगायतका कार्य गर्छ । कानुन उल्लङ्घन गर्नेलाई सजाय तोक्ने र कानुनको संरक्षकका रूपमा समेत न्यायपालिकाले कार्य गरेको हुन्छ । नेपालको संविधानको भाग ११ मा न्यायपालिकाको व्यवस्था गरिएको छ । नेपालको न्यायसम्बन्धी अधिकार अदालत वा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ । नेपालमा तीन तहका अदालत रहने कानुनी व्यवस्था रहेको छ । तिनीहरूमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत पर्छन् । सर्वोच्च अदालत केन्द्र वा सङ्घमा, उच्च अदालत प्रत्येक प्रदेशमा र जिल्ला अदालत हरेक जिल्लामा रहन्छन् ।

(क) **सर्वोच्च अदालत** : सर्वोच्च अदालतलाई सबैभन्दा माथिल्लो तहको अदालतका रूपमा लिइन्छ । यसलाई अभिलेख अदालत पनि भनिन्छ । सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतको मातहतमा रहन्छन् । प्रधानन्यायाधीशको अतिरिक्त बढीमा २० जनासम्म न्यायाधीश यस अदालतमा रहन सक्ने कानुनी व्यवस्था छ । संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुन्छ । सर्वोच्च अदालतमा कम्तीमा तीन वर्ष न्यायाधीश पदमा काम गरेको व्यक्ति सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा नियुक्त हुन सक्छन् ।




सर्वोच्च अदालतले संविधान र कानुनको अन्तिम व्याख्या गरी नजिर स्थापित गर्ने कार्य गर्छ । त्यस्तै आफ्नो र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत र न्यायिक निकायको न्याय प्रशासन वा व्यवस्थापनसम्बन्धी विषयमा निरीक्षण गर्ने काम पनि

सर्वोच्च अदालतले गर्छ । त्यस्तै ती निकायबाट सम्पादित कार्यको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने काम पनि यस अदालतले गर्छ ।

(ख) **उच्च अदालत** : नेपालको सातओटै प्रदेशमा एक एकओटा उच्च अदालत रहने व्यवस्था छ । उच्च अदालतमा एक मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरू रहने व्यवस्था छ । न्याय परिषद्को सिफारिसमा मुख्य न्यायाधीश र अन्य न्यायाधीशलाई प्रधानन्यायाधीशले नियुक्त गर्ने कानुनी प्रावधान रहेको छ ।

(ग) **जिल्ला अदालत** : नेपालका प्रत्येक जिल्लामा जिल्ला अदालतको व्यवस्था गरिएको छ । जिल्ला अदालतले सुरु कारबाही र किनारा गर्ने, मातहतका न्यायिक निकायले गरेका निर्णयउपर पुनरावेदन सुन्ने काम गर्छ । जिल्ला अदालतले आफ्नो मातहातका न्यायिक निकायको निरीक्षण एवम् सुपरिवेक्षण गर्छ । जिल्ला अदालतले आवश्यकतानुसार आफू मातहातको निकायलाई निर्देशन दिन सक्छ ।

**न्यायपालिकाका प्रमुख कार्य निम्नअनुसार छन् :**

(क) संविधान प्रदत्त अधिकार र स्वतन्त्रताको संरक्षण गर्छ ।

(ख) अधिकार हनन भएमा सोको कानुनी उपचार प्रदान गर्छ ।

(ग) नागरिकलाई न्याय प्रदान गर्छ ।

(घ) देवानी र फौजदारी मुद्दाको फैसला गर्छ ।

(ङ) संविधान र कानुनको व्याख्या गर्छ ।

(च) नजिर स्थापित गर्छ ।

(छ) जटिल कानुनी प्रश्न र समस्यामा परामर्श प्रदान गर्छ ।

## व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिचको अन्तरसम्बन्ध

व्यवस्थापिकाले राज्य सञ्चालनका लागि चाहिने कानुन निर्माण गर्छ । कार्यपालिकाले कानुनको कार्यान्वयन गर्ने काम गर्छ । न्यायपालिकाले कानुनको व्याख्या गर्ने, पुनरवलोकन गर्ने तथा कानुन उल्लङ्घन गर्नेलाई कानुनी कारबाहीको सिफारिस गर्छ । यसरी राज्यका तीन अङ्गहरू एकअर्कामा अन्तरसम्बन्धित हुन्छन् । शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम तीनै तहले आआफ्नो कार्यक्षेत्रमा काम गर्ने भए तापनि यी तीनै अङ्गहरू एकअर्कामा सम्बन्धित तर स्वतन्त्र अस्तित्व भएका निकाय हुन् । राज्यका प्रमुख तीन अङ्गहरूबिचको अन्तरसम्बन्धलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) व्यवस्थापिका र कार्यपालिका**

(अ) व्यवस्थापिकाले कानुनको निर्माण गर्छ, कार्यपालिकाले व्यवस्थापिकाले बनाएको कानुनको कार्यान्वयन गर्छ ।

(आ) मन्त्रिपरिषद्को गठन व्यवस्थापिकाद्वारा गरिन्छ ।

(इ) प्रधानमन्त्रीले विश्वासको मत व्यवस्थापिकामार्फत प्राप्त गर्नुपर्छ ।

(ई) व्यवस्थापिकाको दुबै सदनको अधिवेशनको आह्वान र अन्त्य प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा हुन्छ ।

(उ) व्यवस्थापिकामा प्रस्तुत गरिने विधेयक मुख्य रूपमा कार्यपालिकाले तयार पार्छ ।

**(ख) व्यवस्थापिका र न्यायपालिका**

(अ) व्यवस्थापिकाले कानुनको निर्माण गर्छ । सो कानुनको व्याख्या न्यायपालिकाले गर्छ ।

(आ) व्यवस्थापिकाले प्रधानन्यायाधीश र अन्य न्यायाधीशविरुद्ध महाअभियोग लगाउन सक्छ ।

(इ) व्यवस्थापिकाले बनाएको कानुनको संवैधानिक परीक्षण न्यायपालिकाले गर्छ ।

(ई) प्रधानन्यायाधीश र न्यायाधीशको नियुक्ति सिफारिसमा हुने संसदीय सुनुवाइ व्यवस्थापिकाले गर्छ ।

(उ) मुद्दा मामलाको रोहमा अदालतले दिएको आदेश व्यवस्थापिकाले पालना गर्नुपर्छ ।

**(ग) कार्यपालिका र न्यायपालिका**

(अ) प्रधानन्यायाधीश नियुक्ति गर्ने संवैधानिक परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्छन् ।

(आ) प्रधानन्यायाधीश र अन्य न्यायाधीश रहने संवैधानिक इजालासले सङ्घ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकारको विवाद बारे सुरु कारबाही र किनारा लगाउँछ ।

(इ) सरकारका नाममा अदालतले दिएको आदेश कार्यपालिकाले पालना गर्नुपर्छ ।

(ई) न्यायपालिकाका लागि आवश्यक प्रशासनिक र आर्थिक प्रबन्ध सरकारले गर्छ ।

### क्रियाकलाप

१. “स्वतन्त्र र निष्पक्ष न्यायपालिका लोकतन्त्रको आधार हो”। भन्ने विषयमा एउटा लेख तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

२. अदालतबाट न्याय पाएको कुनै एक व्यक्ति खोजी गरी न्याय सम्पादनमा अदालतको भूमिका सम्बन्धमा उक्त व्यक्तिको अनुभव समेटी आफ्नो विचार प्रस्तुत गर्नुहोस्।

३. सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुन आवश्यक योग्यता खोजी गरी लेख्नुहोस्।

### अभ्यास

**१. न्यायपालिकाको परिचय दिनुहोस्।**

**२. सर्वोच्च अदालतमा कति जना न्यायाधीश रहन्छन्।**

**३. न्यायपालिकाका प्रमुख कार्यको सूची प्रस्तुत गर्नुहोस्।**

**४. सरकारका तीन अङ्गहरूबिचको अन्तरसम्बन्ध देखाउनुहोस्।**

# ४ राजनीतिक दल

कक्षा १० मा अध्ययनरत विद्यार्थीलाई शिक्षकले दुईओटा समूहमा विभाजन गर्नुभयो । समूहगत रूपमा 'राजनीतिक दलहरू' सम्बन्धमा खोजी गरी सङ्क्षिप्त विवरण पेस गर्ने जिम्मेवारी तोकिएको थियो । जिम्मेवारीबमोजिम कक्षाकोठामा उनीहरूले आफ्नो प्रस्तुति दिए । पहिलो समूहले राजनीतिक दलको परिचय र पृष्ठभूमि तथा दोस्रो समूहले राजनीतिक दलको भूमिका र जिम्मेवारी शीर्षकमा प्रस्तुत गरेका विवरण अध्ययन गरौँ ।

## समूह क

### राजनीतिक दलका परिचय र पृष्ठभूमि

जनताको अधिकार प्रत्याभूत गर्ने सन्दर्भमा एक्लो व्यक्तिले सबै ठाउँमा आवाज पुऱ्याउन सक्दैन । यसका लागि सङ्गठित आवाज चाहिन्छ । जनताको सङ्गठन भनेकै राजनीतिक दल हुन् । अब्राहम लिङ्कनले लोकतन्त्रलाई जनताको शासन भनेका छन् । जनअपेक्षित सत्ता सञ्चालन गर्न लोकतन्त्र चाहिन्छ । लोकतन्त्र त्यस वेला सम्भव हुन्छ, जहाँ राजनीतिक दलको सार्थक उपस्थिति रहन्छ । निश्चित सिद्धान्त, मूल्यमान्यता र दर्शनमा आधारित राजनीतिक उद्देश्य प्राप्तिका लागि खोलिएको सङ्गठनलाई राजनीतिक दल भनिन्छ । बहुदलीय राजनीतिक व्यवस्थामा दलहरूले आफ्ना विचार, कार्यक्रम र व्यवहारले जनताको मन जितेर राज्य सञ्चालन गर्ने अधिकार प्राप्त गर्छन् । नेपालका राजनीतिक दलहरूको सन्दर्भमा भन्दा जनताको हकअधिकार प्राप्तिका लागि २००७ साल अगिदेखि नै निरन्तर आन्दोलन गरेको पाइन्छ । जनतालाई दमनकारी शासन सत्ताको विरुद्ध एकजुट बनाउने तथा जनताको आवाज, अधिकार र छनोटमा सक्रिय बनाउने उद्देश्यबाट राजनीतिक दलहरू स्थापित भई क्रियाशील रहेको पाइन्छ ।

नेपालमा सर्वप्रथम वि.सं. १९९३ साल जेष्ठ २० गते प्रजा परिषद् नामक राजनीतिक दलको जन्म भएको थियो । यसै गरी वि.सं. २००५ सालमा नेपाली काङ्ग्रेस, वि.सं.२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीलगायतका पार्टी गठन भई क्रियाशील हुँदै आएको पाइन्छ । पञ्चायतकालीन ३० बर्से अवधिमा राजनीतिक दलमाथि प्रतिबन्ध लगाइएको थियो । २०४६ सालको जनआन्दोलनपछि पञ्चायती व्यवस्थाको अन्त्यसँगै दलमाथिको प्रतिबन्ध हट्यो ।

त्यसपछि नेपालमा राजनीतिक दलहरू उल्लेख्य रूपमा अस्तित्वमा आए । वि.सं. २०६१ मा राजा ज्ञानेन्द्र शाहको शासनको समयमा पनि दलहरूमाथि प्रतिबन्ध लगाइयो । वि.सं. ०६२/०६३ को दोस्रो जनआन्दोलनबाट गणतन्त्रको स्थापना भयो । तत्पश्चात् विभिन्न राष्ट्रिय तथा क्षेत्रीय दलको स्थापना भयो ।

नेपालको संविधानमा राजनीतिक दल गठनसम्बन्धी व्यवस्था गरिएको छ। निर्वाचन प्रयोजनका लागि राजनीतिक दलले निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्नुपर्छ। दल दर्ताका लागि दलको नाम, उद्देश्य, चिह्न र झन्डा निश्चित गरिएको हुनुपर्छ । धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिका दल दर्ता हुँदैनन् ।

**नेपालको संविधानमा राजनीतिक दल दर्तासम्बन्धी निम्नलिखित प्रावधान गरिएको छ :**

(क) दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने

(ख) कम्तीमा पाँच वर्षमा एक पटक सो दलको सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको हुनुपर्ने

(ग) दलका विभिन्न तहका समितिमा समावेशी प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने

मान्यता प्राप्त गर्न चाहने राजनीतिक दलले निर्वाचन आयोगमा निवेदन दर्ता गराउनुपर्छ । निवदेन दर्ता गराउँदा राजनीतिक दलको विधान, घोषणापत्रका साथै निम्नलिखित विवरण पनि खुलाउनुपर्छ :

(क) राजनीतिक दलको नाम र त्यसको केन्द्रीय कार्यालयको ठेगाना

(ख) राजनीतिक दलको कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना

(ग) राजनीतिक दलको आयस्रोतको कोष र सो जुटाउने स्रोतको विवरण

## समूह ख

### राजनीतिक दलको भूमिका र जिम्मेवारी

नेपालमा राजनीतिक दलहरूको नेतृत्वमा नै राजनीतिक परिवर्तन भएको इतिहास छ । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गर्न प्रजापरिषद्, नेपाली काङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी जस्ता राजनीतिक दलको भूमिका महत्त्वपूर्ण रह्यो । नेपालका विभिन्न समयमा सम्पन्न भएका निर्वाचनमा राजनीतिक दलहरूको सक्रिय सहभागिता रहेको थियो ।

२०१७ साल पुस १ गते राजा महेन्द्रले जनताबाट निर्वाचित सरकारको विघटन गरी पञ्चायत व्यवस्थाको सुरुआत गरे । यो कदमको राजनीतिक दलहरूले विरोध गरे । पञ्चायती शासनकालमा राजाको निरङ्कुश शासनको विरुद्ध र प्रजातन्त्र प्राप्तिका लागि राजनीतिक दलका नेता कार्यकर्ताले निरन्तर आन्दोलन गर्दै आए । सो क्रममा धेरै नेता र कार्यकर्ता गिरफ्तारीमा परे भने कतिपय सत्ताबाट मारिए । त्यस्तै २०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ को पहिलो जनआन्दोलनलगायतका निरङ्कुशता विरोधी आन्दोलनमा राजनीतिक दलले अग्रमोर्चामा रही नेतृत्व प्रदान गरे । २०६२/०६३ को जनआन्दोलनमा सात दल र नेकपा माओवादीको संयुक्त आन्दोलनले राजाको निरङ्कुशता समाप्त गरी देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुन मदत पुऱ्यायो ।

राजनीतिक दलकै सक्रियतामा नेपालमा २०७२ साल असोज ३ गते संविधान सभाबाट नेपालको संविधान जारी भयो । नेपाली जनताको हक, अधिकारलाई संस्थागत गर्न यो संविधान नेपालको इतिहासमा महत्त्वपूर्ण उपलब्धि मानिएको छ । लोकतन्त्रमा जनताबाट अनुमोदित भएर राजनीतिक दलले शासन व्यवस्था सञ्चालन गर्ने भएकाले दलहरूको भूमिका र जिम्मेवारी बहुआयामिक हुने गर्छ । जनताको प्रतिनिधि भई जनहितका कार्य गर्ने तथा जनचाहनाअनुरूप नियम कानुन बनाउने भूमिका पनि दलहरूकै हो । बनेका नियम कानुन पूर्णपालन गर्ने जिम्मेवारी पनि उनीहरूको रहन्छ ।

राजनीतिक दलको भूमिका र जिम्मेबारी मूलतः यी दुई पक्षमा बढी केन्द्रित हुनुपर्छ :

**(क)** **हित अभिव्यक्ति** : जनतालाई सङ्गठित गर्ने, सचेतीकरण गर्ने, मानवअधिकार तथा सामाजिक न्याय प्रवर्धनमा क्रियाशील रहने जस्ता कार्यमा राजनीतिक दलको भूमिका महत्त्वपूर्ण रहन्छ । जनताका सर्वाङ्गीण हितका लागि सामाजिक समस्या र विकृति विरुद्ध चेतना जागरण गर्ने सन्दर्भमा पनि राजनीतिक दलको भूमिका रहन्छ ।

**(ख)** **हित संयुक्तीकरण** : निर्वाचनमार्फत सत्तामा पुगेपछि आफ्ना घोषित कार्यक्रममार्फत विकासका गतिविधि सञ्चालन गर्ने, राज्य सञ्चालन गर्ने, सुशासन कायम गर्ने र जनताको हितसँग सम्बन्धित गतिविधि सञ्चालन गर्ने भूमिकामा पनि राजनीतिक दल अग्रसर रहनुपर्छ ।

समानता, सशक्तीकरण, सकारात्मक विभेद र आरक्षणका माध्यमले सामाजिक न्याय प्रत्याभूत गर्न दलहरू जिम्मेवार रहनुपर्छ । वृद्ध, एकल महिला, दलित, अल्पसङ्ख्यकलगायतका जनतालाई सामाजिक सुरक्षाको वातावरण मिलाउने कार्यमा पनि दलहरूको भूमिका अग्रणी

हुनुपर्छ । नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र राज्य बनाउन राजनीतिक दलहरूले खेलेको भूमिका सकारात्मक छ । कुनै पनि देश समुन्नत हुनुको पछाडि त्यहाँ क्रियाशील राजनीतिक दलको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । आफ्ना विचार, दर्शन र दृष्टिकोण जनसमक्ष लगेर जनताबाट निर्वाचित हुने तथा आफू सरकारमा पुगेर राज्यसत्ता सञ्चालन गर्ने काम राजनीतिक दलहरूको हो । जनतालाई राजनीतिक रूपमा सचेत गरी व्यवस्था परिवर्तन गर्ने र जनताको अधिकार स्थापनाको निरन्तर पहल गर्ने भूमिका राजनीतिक दलले निर्वाह गर्छन् ।

देशको शासनसत्ताको दिगोपन र स्थायित्व राजनीतिक दलले खेल्ने भूमिकामा निर्भर हुन्छ । नेपाली राजनीतिमा लोकतन्त्र स्थापनादेखि हालसम्मका गतिविधिलाई नियाल्दा राजनीतिक स्थिरता आवश्यक देखिन्छ । योग्यता, क्षमता एवम् सबलताका आधारमा नेतृत्व चयन गर्ने र जनताप्रति गरेको प्रतिबद्धता पूरा गर्न सके दलप्रति जनताको विश्वास बढ्न सक्छ । अहिलेको आवश्यकता भनेकै लोकतन्त्र र मानवअधिकारको संरक्षण एवम् प्रवर्धन गर्ने तथा दलगत र व्यक्तिगत स्वार्थमा नभई राष्ट्रिय स्वार्थमा कार्य गर्ने राजनीतिक प्रणाली स्थापित गर्नु हो । यसका लागि राजनीतिक दलले शान्ति सुरक्षा, स्थिरता, विकास र कानुनी शासन स्थापना गरी मुलुकमा सुशासन कायम गर्ने कुरालाई विशेष प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसो गर्दा देशमा राजनीतिक स्थायित्व र सुशासन सम्भव हुन सक्छ ।

### क्रियाकलाप

१. "लोकतन्त्रमा राजनीतिक दलको भूमिका" विषयमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

२. तपाईंको समुदायमा विभिन्न राजनीतिक दलका पदाधिकारी हुन सक्छन् । तीमध्ये तीन फरक फरक राजनीतिक दलका पदाधिकारीलाई भेटेर उनीहरूको दलले समाजमा गरेका राम्रा काम र आउँदा दिनमा सुधार गर्नुपर्ने पक्षहरू छलफल गरी तलको तालिकामा भर्नुहोस् :

| राजनीतिक दलको नाम | दलले गरेका राम्रा काम | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

३. विभिन्न राजनीतिक दलका प्रतिबद्धतापत्र/घोषणापत्र सङ्कलन गरी अध्ययन गर्नुहोस् । मुख्य मुख्य प्रतिबद्धताहरू टिपोट गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

१. **राजनीतिक दल भनेको के हो ?**

२. **लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलको भूमिका प्रस्ट्याउनुहोस् ।**

३. **नेपालमा भएका विभिन्न राजनीतिक परिवर्तनमा राजनीतिक दलले खेलेको भूमिकाको विश्लेषण गर्नुहोस् ।**

४. **राजनीतिक दल खोल्न आवश्यक प्रावधान उल्लेख गर्नुहोस् ।**

५. **राजनीतिक दलमाथि जनताको भरोसा अभिवृद्धि गर्ने उपाय सुझाउनुहोस् ।**

६. **नेपालमा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलको सूची बनाउनुहोस् ।**

### सामुदायिक कार्य

तपाईंको समुदायमा सामाजिक समस्या र विकृतिविरुद्ध चेतना जागरण गर्न राजनीतिक दलले खेलेको भूमिका सम्बन्धमा एक स्थानीय नेता/अगुवा कार्यकर्तासँग छलफल गरी प्राप्त विवरण प्रस्तुत गर्नुहोस् ।

# ९ निर्वाचन प्रक्रिया र नागरिकको भूमिका

आज कक्षामा निर्वाचन प्रक्रिया र नागरिकको भूमिका विषय शिक्षण गर्ने सन्दर्भमा स्रोत शिक्षकका रूपमा जिल्ला निर्वाचन अधिकारीलाई आमन्त्रण गरिएको छ । स्रोतव्यक्ति, शिक्षक र विद्यार्थीबिच भएको अन्तरक्रियाको केही अंश तल प्रस्तुत गरिएको छ :

**शिक्षक :** निर्वाचन अधिकारीज्यू, नेपालको निर्वाचन प्रक्रियाबारे आज हामी अन्तरक्रिया गर्दै छौँ । निर्वाचन प्रक्रिया र निर्वाचनमा नागरिकको भूमिका सम्बन्धमा हजुरबाट धेरै विषयवस्तुको जानकारी प्राप्त गर्ने अपेक्षा गरेका छौँ ।

**निर्वाचन अधिकारी :** मेरो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा नै अन्तरक्रिया गर्ने अवसर दिनुभएकामा यहाँहरूलाई धन्यवाद । मैले यहाँ तपाईँहरूका जिज्ञासा मेटाउने प्रयत्न गर्ने छु । तपाईँहरूले पालैपालो जिज्ञासा राख्न सक्नुहुन्छ ।

**महिमा :** निर्वाचनका सम्बन्धमा केही बताइदिनुहुन्छ कि ?

**निर्वाचन अधिकारी :** लोकतान्त्रिक व्यवस्थामा नागरिकले आफ्ना प्रतिनिधि चुन्ने प्रक्रियालाई निर्वाचन भनिन्छ । यो प्रक्रिया विभिन्न देशमा फरक फरक अवधिको हुन्छ । हाम्रो देशमा हरेक पाँच वर्षमा सङ्घ, प्रदेश र स्थानीय तहको आवधिक निर्वाचन हुने गर्छ । आवधिक निर्वाचन लोकतन्त्रको अनिवार्य सर्त हो । नेपालमा निर्वाचन आयोगले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका पदाधिकारीको निर्वाचन गराउँछ ।

**शिशिर :** निर्वाचनको आवश्यकता किन पर्छ ? यस सम्बन्धमा पनि यहाँले स्पष्ट पारिदिनुहुन्छ कि ?

**निर्वाचन अधिकारी :** लोकतन्त्रमा जनता सार्वभौम हुन्छन् । उनीहरूले आफूमाथि शासन गर्न आफ्ना प्रतिनिधि चुन्छन् । यसका लागि जनताले योग्य, सक्षम र आफ्नो भावना बुझ्ने नेतृत्व चयन गर्नुपर्छ । निर्वाचनले असल, सक्षम र जनउत्तरदायी प्रतिनिधि छान्ने अवसर प्रदान गर्छ ।

**शिक्षक :** मतदाता नामावली र फोटोसहितको मतदाता परिचयपत्र निर्वाचनका लागि महत्त्वपूर्ण सामग्री मानिन्छन् । यिनीहरूका बारेमा पनि केही बताइदिनुहोस् न ?

**निर्वाचन अधिकारी :** निर्वाचन प्रयोजनका लागि मतदाता नामावली अद्यावधिक गर्ने जिम्मेवारी निर्वाचन आयोगको हो । यसका लागि हरेक जिल्लामा निर्वाचन कार्यालय रहन्छ । निर्वाचन कार्यालयले १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले मतदान गर्न मतदाता नामावलीमा प्रक्रियाबमोजिम नाम समावेश गर्छन् । मतदाता नामावलीमा नाम समावेश भएको मतदातालाई फोटोसहितको मतदाता परिचयपत्र प्रदान गरिन्छ । मतदाता परिचयपत्रमा फोटोसहित मतदाताको नाम, ठेगाना र परिचयपत्र नम्बर उल्लेख गरिएको हुन्छ । सोही परिचयपत्रका आधारमा मात्र मतदाताले निर्वाचनमा मतदान गर्न पाउँछन् ।




मतदान गर्न पाउने मतदातालाई मताधिकारको सुनिश्चितता गर्न मतदान स्थलको व्यवस्था गरिएको हुन्छ । सम्भव भएसम्म मतदातालाई पायक पर्ने गरी यस्तो व्यवस्था गरिएको हुन्छ । मतदान स्थल प्रायः उपयुक्त सार्वजनिक स्थानमा मिलाइएको हुन्छ । एक मतदानस्थलमा एक वा एकभन्दा बढी मतदान केन्द्र हुन सक्छन् ।

प्रत्येक वर्ष मतदाता नामावली अद्यावधिक गर्ने व्यवस्था छ । मतदाता नामावलीमा नाम नभएका कुनै पनि व्यक्तिले मतदान गर्न पाउँदैनन् ।

**डोल्मा :** मतदान कार्यलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन मतदान अधिकृतको प्रमुख जिम्मेवारी हुन्छ भन्ने कुरा त मैले भर्खरै सम्पन्न निर्वाचनमा थाहा पाएकी थिएँ । यस सम्बन्धमा थप प्रस्ट पारिदिनुहुन्छ कि ?

**निर्वाचन अधिकारी** : तपाईँले ठिक कुरा गर्नुभयो । मतदान केन्द्रमा मतदान सम्पन्न गराउने दायित्व मतदान अधिकृतको हो । मतदानको दिन मतदान केन्द्रको व्यवस्था गर्ने, सुरक्षा व्यवस्था मिलाउने, नियमअनुसार मतदानको सुरुआत र अन्त्य गर्ने काम पनि मतदान अधिकृतले गर्छन् । मतदान प्रक्रियासँग सम्बन्धित उजुरी र गुनासो सुनी सोको कारबाही गर्ने, मतपेटिका सम्बन्धित ठाउँमा बुझाउने दायित्वसमेत मतदान अधिकृतको हुन्छ ।

यसरी निर्वाचनको मिति घोषणादेखि अन्तिम परिणामको घोषणा र प्रमाणपत्र वितरणसम्मका निर्वाचनसम्बन्धी सम्पूर्ण गतिविधिहरू नै निर्वाचन प्रक्रिया हो ।

**सरस्वती** : निर्वाचनमा उम्मेदवार हुन २१ वर्ष उमेर पूरा भएको हुनुपर्छ । यसैगरी नेपालको नागरिक; नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, लाभको पदमा बहाल नरहेको तथा कानुनले अयोग्य नठहर्‍याएका व्यक्तिमात्र निर्वाचनमा उम्मेदवार हुन पाउँछन् ।

**रश्मि** : निर्वाचनमा नागरिकको पनि कुनै भूमिका वा दायित्व रहन्छ होला नि, यस सम्बन्धमा पनि केही बताइदिनुस् न ।

**निर्वाचन अधिकारी** : निर्वाचनमा नागरिकको भूमिका अत्यन्त महत्त्वपूर्ण रहन्छ । .मतदाता नामावलीमा नाम समावेश गर्ने, नाम सच्याउने र हटाउने, आर्थिक प्रलोभनमा नपरी आफूले चाहेको उम्मेदवारलाई मत हाल्ने काममा नागरिकले सघाउनुपर्छ । विभिन्न राजनीतिक दलका घोषणा पत्रको जानकारी जनतालाई गराउने, मतदाता शिक्षा कार्यक्रममा सहभागी हुने, निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्ने, मतदानका क्रममा अनुशासित भई लाइनमा बस्ने र मतदान गर्ने, मतदान स्थलमा होहल्ला नगर्ने, वृद्ध, अपाङ्गता भएका, सुत्केरी, गर्भवतीलाई पहिलो प्राथमिकता दिने वातावरण मिलाउनुपर्छ । फर्जी मतदान कार्यलाई निरुत्साहित गर्ने, गाउँघरमा निर्वाचन प्रक्रियासम्बन्धी छलफल, प्रचारप्रसारलगायत जागरणमूलक कार्यक्रममा सक्रिय सहभागिता जनाउने भूमिका पनि नागरिकले निर्वाह गर्नुपर्ने हुन्छ ।

**शिक्षक :** आज तपाईँले हामीलाई निर्वाचन प्रक्रिया र यसमा नागरिकको भूमिका सम्बन्धमा स्पष्ट पारिदिनुभयो । यहाँलाई धेरै धेरै धन्यवाद ।

**निर्वाचन अधिकारी :** निर्वाचन प्रक्रिया सम्बन्धमा आफ्ना विचारहरू राख्न दिनुभएकामा हार्दिक धन्यवाद दिन चाहन्छु ।

## क्रियाकलाप

१. सचेत नागरिकले निर्वाचन प्रक्रियामा खेल्न सक्ने भूमिकालाई गीत वा कविताका माध्यमले प्रस्तुत गर्नुहोस् ।

२. विदेशमा रहेका नेपाली नागरिकले पनि मतदान गर्न पाउनुपर्छ भन्ने आवाज उठ्न थालेको सन्दर्भमा तपाईँ आफ्नो मान्यतालाई कसरी प्रस्तुत गर्नुहुन्छ, आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

३. मतदाता नामावली कुन कुन अवस्थामा अद्यावधिक गर्नुपर्ने हुन्छ, सोधखोज गरी विवरण तयार पार्नुहोस् ।

## अभ्यास

१. **नेपालमा मतदाता नामावली सम्बन्धमा कस्तो व्यवस्था रहेको छ ?**

२. **फोटोसहितको मतदाता परिचयपत्रको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **निर्वाचन प्रक्रियामा नागरिकले खेल्न सक्ने भूमिका उल्लेख गर्नुहोस् ।**

४. **निर्वाचन प्रक्रियामा मतदान अधिकृतका प्रमुख कामको सूची तयार गर्नुहोस् ।**

५. **नेपालका सबैजसो निर्वाचनमा मतपत्र बदर हुनका कारण पत्ता लगाई समाधान उपायसमेत सुझाउनुहोस् ।**

## सामुदायिक कार्य

नेपालमा सञ्चालन हुने निर्वाचन प्रक्रियामा के के सुधार गर्न आवश्यक छ भन्ने सन्दर्भमा निर्वाचनमा उम्मेदवार भएका व्यक्तिहरूसँग कुराकानी गर्नुहोस् । कुराकानीबाट प्राप्त विवरणलाई आधार बनाएर निर्वाचन प्रक्रियामा सुधार गर्नुपर्ने पक्ष प्रस्तुत गर्नुहोस् ।

# ६ मानव अधिकार

## मानव अधिकारको अवधारणा

मानव अधिकार भनेको संसारका प्रत्येक व्यक्तिसँग सम्बन्धित आधारभूत अधिकार हो । यो मानिसको जन्मसिद्ध अधिकार हो । प्रत्येक व्यक्तिमा जाति, भाषा, धर्म, लिङ्ग, अपाङ्गता, राष्ट्रियता तथा सामाजिक र आर्थिक अवस्था, राष्ट्रिय सिमाना आदिको भेदभावबिनाका व्यवहार मानव अधिकारभित्र पर्छन् । मानव अधिकारसम्बन्धी सबैभन्दा पहिले अभिव्यक्ति दिने व्यक्तित्व इलेनोर रुजवेल्ट हुन् । उनकै प्रयासमा सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घको साधारण सभाले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी गरेको थियो । मानव अधिकार घोषणापत्रमा ३० ओटा धारा रहेका छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र हुन्छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यो मानिसलाई मानिसका रूपमा स्वतन्त्र रही मानवीय मर्यादा र यथोचित सम्मानका साथ बाँच्न आवश्यक पर्ने अधिकार हो । आत्मसम्मानका साथ समाजमा सम्मानित भई बाँच्न यस अधिकारको आवश्यक पर्छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले मानव अधिकार व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित हुने कुरा उल्लेख गरेको छ । यस्ता अधिकार संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका तथा नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा निहित अधिकार हुन् । नेपालमा मानव अधिकारको संरक्षणका लागि वि.सं. २०५७ मा राष्ट्रिय मानव अधिकार आयागको स्थापना भयो । विश्वव्यापी मानव अधिकारसम्बन्धी सन्धि, सम्झौतामा नेपालले प्रतिबद्धता जनाएको मात्र होइन सो अनुकूलको कानुन पनि निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएको छ ।

**मानव अधिकारका विश्वव्यापी घाषणापत्रमा उल्लिखित प्रावधानका मूलभूत सार**

१. सबै व्यक्तिको स्वतन्त्र अस्तित्व र अधिकार हुन्छ ।
२. जातजाति, धर्म, भाषा आदिका नाममा कसैमाथि भेदभाव गरिने छैन ।
३. हरेक व्यक्तिको स्वतन्त्रतापूर्वक जिउने, सुरक्षित रहने र बाँच्ने अधिकार हुन्छ ।
४. कुनै पनि व्यक्तिलाई अनावश्यक दण्ड, सजाय र अमानवीय व्यवहार गर्न पाइने छैन ।

५. हरेक व्यक्तिले समान कानुनको प्रयोग गर्ने र कानुनको प्रयोगमा भेदभाव गर्नु हुँदैन ।

६. कसैलाई पनि बिनाकारण थुनामा राख्ने, देश निकाला गर्ने वा नजरबन्दमा राख्न पाइने छैन ।

७. वाक् स्वतन्त्रता, स्वतन्त्र रूपमा आवतजावत र हिँड्डुल गर्ने अधिकार सबै नागरिकलाई हुने छ ।

८. महिला र पुरुषलाई आफूखुसी वैवाहिक जीवन बिताउने अधिकार हुने छ ।

९. व्यक्तिले समान कानुनको प्रयोग गर्ने र कानुनको प्रयोगमा भेदभाव गर्न पाइने छैन ।

मानव अधिकारको विश्व्यापी घोषणा, १९४८ ले उल्लेख गरेका ३० ओटा धारामा उल्लिखित मानवअधिकारलाई विश्वव्यापी लागु हुने गरी व्यवस्था भएअनुसार विभिन्न मुलुकहरूले मौलिक हकका रूपमा संविधानमा समावेश गर्दै आएका छन् ।

### क्रियाकलाप

१. मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा ३० ओटा धाराको व्यवस्था गरिएको छ । विभिन्न आधिकारिक स्रोतसामग्रीको प्रयोग गरी ती धारामा उल्लिखित प्रावधानको सूची तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालले मानव अधिकारको क्षेत्रमा गरेका मुख्य कार्यहरू जानकार व्यक्ति वा स्रोतसामग्रीमार्फत खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २६ मा कम्तीमा पनि प्रारम्भिक वा आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुने कुरा उल्लेख छ । नेपालमा यसको कार्यान्वयनको अवस्था सम्बन्धमा एउटा खोजमूलक आलेख तयार गरी कक्षाकोठामा सुनाउनुहोस् ।

## मानव अधिकार तथा वैवाहिक स्वतन्तन्त्रता

विवाह पुरुष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी पवित्र सामाजिक तथा कानुनी बन्धन हो । नेपालमा अझै पनि बुबाआमाले छोरीको विवाहका लागि जीवन साथी खोज्ने, निर्णय गर्ने प्रथा, परम्परा तथा अभ्यास रहेको छ । विवाह गर्ने पुरुष पक्षका व्यक्तिहरू महिला पक्षका घरमा प्रस्ताव लिएर प्रस्तावित महिलालाई हेर्न जाने, बिनाकारण खोट देखाएर एकतर्फी रूपमा अस्वीकार गर्ने

पनि गरिन्छ । प्रस्तावित पुरुषतर्फबाट विवाह गर्न स्वीकार गरेमा प्रस्तावित महिलाको इच्छा नसुनी निजको बुबाआमाले विवाहको सहमति दिने चलन पनि छ । शिक्षित समाज तथा परिवारमा केही हदसम्म यो खराब चलन हटेको भए पनि उन्मूलन हुन सकेको छैन । यसले विवाहमा महिलाको Reciprocal Right हनन गरेको छ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १६ मा उमेर पुगेका पुरुष तथा महिलालाई जाति, राष्ट्रियता वा धर्मका कारणले लगाइने कुनै पनि सीमाबिना विवाह गरी परिवार बसाउने अधिकार हुने कुरा उल्लेख गरिएको छ । आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ मा इच्छुक वरवधूको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनुपर्छ भन्ने उल्लेख छ । त्यस्तै महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ मा स्वतन्त्र रूपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकारको कुरा उल्लेख गरिएको छ । नेपाल यी दुबै महासन्धिको पक्षराष्ट्र बनेको हुँदा यसमा भएको व्यवस्था नेपाल कानुनसरह लागु हुन्छ ।

विवाह प्रत्येक वयस्क व्यक्तिको मौलिक हक एवम् मानव अधिकार हो । कुनै पनि महिलाले कसैको करकाप, प्रलोभन तथा अन्य कुनै कुरामा इच्छा विपरीतको सम्झौता गरी विवाह गर्नुहुँदैन । पुरुष तथा महिला मञ्जुरी नभई भएको विवाह स्वतः बदर हुने व्यवस्था मुलुकी देवानी संहिता, २०७४ मा गरिएको छ । महिलाले आफूले विवाह गर्न लागेको पुरुष छनोटको निर्णय स्वतन्त्र रूपमा र पूर्ण सहमतिमा हुनुपर्छ । अभिभावकले सहजकर्ता, व्यवस्थापक र आर्थिक सहयोगीको भूमिका निर्वाह गर्न सक्छन् तर छोरीको सहमतिबिना जीवनसाथी रोज्ने हक हुँदैन । त्यसैले विवाह गर्दा पुरुषले मात्र महिलालाई एकतर्फी रूपमा वस्तुसरह हेर्ने र निर्णय गर्ने गलत अभ्यासलाई उन्मूलन गर्नुपर्छ ।

### अभ्यास

१. **मानव अधिकार भनेको के हो ?**

२. **मानव अधिकार र मौलिक अधिकारबिचको भिन्नता उल्लेख गर्नुहोस् ।**

३. **मानव अधिकारको संरक्षणमा सरकारी तवरबाट भएका प्रयासको समीक्षा गर्नुहोस् ।**

४. **मानव अधिकारलाई विश्वव्यापी रूपमा उच्च प्राथमिकता दिनुका कारण उल्लेख गर्नुहोस् ।**

# ८ मानव अधिकार संरक्षणमा सङ्घसंस्थाको भूमिका

*मानव अधिकार आफैँमा बृहत् क्षेत्रसँग सम्बन्धित अवधारणा भएकाले यसको संरक्षणमा कुनै एक व्यक्ति वा संस्थाको भूमिकामात्र पर्याप्त हुँदैन । मानव अधिकार संरक्षणमा विश्वभरि विभिन्न संस्थाले काम गरिरहेका छन् । नेपालमा मानव अधिकारसँग सम्बद्ध विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्था क्रियाशील रहेका छन् । यी सङ्घ/संस्थाले मानव अधिकार उल्लङ्घन हुन नदिन तथा उल्लङ्घन भएको अवस्थामा खबरदारी गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । यसै सन्दर्भमा विद्यार्थीका तीनओटा समूहले निम्नलिखित बुँदामा आधारित रही एक एकओटा मानव अधिकारसँग सम्बद्ध संस्थासँग सम्बन्धित सूचना सङ्कलन गरी विवरण तयार पारे र कक्षामा प्रस्तुत गरे ।*

*(क) संस्थाको नाम (ख) संस्थाको सङ्क्षिप्त परिचय*

*(ग) संस्थाले मानव अधिकार सम्बन्धमा गर्ने प्रमुख कार्य*

## समूह क

| संस्थाको नाम | संस्थाको सङ्क्षिप्त परिचय | मानव अधिकारका क्षेत्रमा गर्ने मुख्य कार्य |
|---|---|---|
| राष्ट्रिय मानव अधिकार आयोग | राष्ट्रिय मानव अधिकार आयोग नेपालको एक संवैधानिक आयोग हो । वि.सं. २०५७ सालमा स्थापना भएको यस आयोगले मानव अधिकारको क्षेत्रमा काम गर्दै आएको छ । गौरव (Dignity), समानता (Equity) र न्याय (Justice) राष्ट्रिय मानव अधिकार आयोगको मूल नारा हो । | ♦ सबैका लागि गौरव, समानता र न्याय स्थापना गर्न पहल गर्छ ।<br>♦ मानव अधिकार हनन हुन नदिन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्छ ।<br>♦ मानव अधिकार उल्लङ्घन गर्ने दोषीमाथि कानुनी कारबाहीका लागि सिफारिस गर्छ ।<br>♦ मानव अधिकारको संरक्षण र संवर्धनका सन्दर्भमा महत्त्वपूर्ण नीतिगत निर्णय गरी कार्यान्वयनका लागि सिफारिस गर्ने कार्य गर्छ ।<br>♦ विविधताको आधारमा पीडितहरूको अवस्था सार्वजनिक गर्छ ।<br>♦ मानव अधिकार संरक्षणका लागि सरोकारवालाको ध्यानाकर्षण गराउने काम गर्छ । |

## समूह ख

| संस्थाको नाम | संस्थाको सङ्क्षिप्त परिचय | मानव अधिकारका क्षेत्रमा गर्ने मुख्य कार्य |
|---|---|---|
| अनौपचारिक सेवा केन्द्र (इन्सेक -INSEC) | यस संस्थाको स्थापना सन् १९८८ मा भएको हो । यो संस्था नेपालमा मानव अधिकार र मौलिक हकको सबालमा लामो समयदेखि क्रियाशील रहेको छ । इन्सेक अनौपचारिक क्षेत्रमा संलग्न व्यक्तिको मानव अधिकार रक्षा गर्ने उद्देश्यले स्थापना गरिएको संस्था हो । वर्षभरिमा अनौपचारिक क्षेत्रमा मानव अधिकारको अवस्था अध्ययन विश्लेषण गरी सत्य, तथ्य बाहिर ल्याउन यस संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । | ♦ प्रत्येक वर्ष 'मानव अधिकार वर्ष' पुस्तकमार्फत मानव अधिकारसम्बन्धी वास्तविक घटना सार्वजनिक गर्छ ।<br>♦ मानव अधिकार सम्बन्धमा विभिन्न सचेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गर्छ ।<br>♦ मानव अधिकारको अवस्था विश्लेषण तथा आवश्यक रायसल्लाह प्रस्तुत गर्छ ।<br>♦ मानव अधिकार उल्लङ्घनविरुद्ध उजुरी तथा समाधानका उपाय खोजी गर्छ ।<br>♦ मानव अधिकार संरक्षण र संवर्धन गर्न सरोकारवालासँग अन्तरक्रिया, कार्यशाला तथा गोष्ठीको आयोजना गर्छ ।<br>♦ मौलिक हक कार्यान्वयनका लागि दबाबमूलक कार्यक्रम सञ्चालन गर्छ । |

## समूह ग

| संस्थाको नाम | संस्थाको सङ्क्षिप्त परिचय | मानव अधिकारका क्षेत्रमा गर्ने मुख्य कार्य |
|---|---|---|
| एम्नेस्टी इन्टरनेसनल | मानव अधिकारका क्षेत्रमा कार्यरत एम्नेस्टी इन्टरनेसनल एक अन्तर्राष्ट्रिय संस्था हो । सन् १९६१ मा स्थापना भएको यस संस्थाले मानव अधिकार विरोधी गतिविधिलाई रोक्न तथा मानव अधिकारबाट विमुख भएकालाई न्याय दिन विभिन्न काम गर्दै आएको छ । मानव अधिकारको क्षेत्रमा उल्लेख्य काम गरेबापत एम्नेस्टी इन्टरनेसनलले सन् १९७७ मा नोबेल शान्ति पुरस्कार र सन् १९७८ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार पुरस्कार प्राप्त गरेको छ । विश्वमा नेपाललगायत ७० भन्दा बढी देशमा कार्यरत यो संस्था मानव अधिकारका क्षेत्रमा विश्वकै अग्रणी संस्था हो । | ♦ यातनाविरुद्ध विभिन्न दबाबमूलक अभियान सञ्चालन गर्दै आएको छ ।<br>♦ मानव अधिकारको विश्वव्यापी घोषणामा उल्लिखित सबै अधिकार नागरिकले निर्बाध प्राप्त गर्न र प्रयोग गर्न पाउनुपर्छ भन्ने अभियान चलाउँदै आएको छ ।<br>♦ मानव अधिकार शिक्षा एवम् सचेतनाका कार्यक्रम सञ्चालन गर्छ ।<br>♦ भेदभाव, पक्षपात, यातना, गैरकानुनी थुना, मृत्युदण्डलगायत मानव अधिकार विरोधी क्रियाकलाप नियन्त्रणका लागि विश्वव्यापी दबाबमूलक अभियान सञ्चालन गर्छ ।<br>♦ मानव अधिकारको क्षेत्रमा खोज, अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्छ । |

## क्रियाकलाप

१. तपाईँको समुदायमा मानव अधिकारका क्षेत्रमा क्रियाशील कुनै सङ्घसंस्था हुन सक्छन् । उक्त संस्थाले मानव अधिकारका क्षेत्रमा गरेका कार्यको विवरण तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

२. मानव अधिकार सम्बन्धमा पत्रपत्रिकामा प्रकाशित समाचार तथा सम्पादकीयको कटिङ सङ्कलन गरेर बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

३. मानव अधिकारको क्षेत्रमा कार्यरत धेरै सङ्घ/संस्था हुँदाहुँदै पनि मानव अधिकार उल्लङ्घनका घटना किन बढिरहेका होलान्, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाका औचित्य प्रस्ट पार्नुहोस् ।**

२. **एम्नेस्टी इन्टरनेसनलले मानव अधिकारका क्षेत्रमा गर्दै आएका मुख्य कार्यको सूची तयार पार्नुहोस् ।**

३. **इन्सेकले मानवअधिकारका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।**

## परियोजना कार्य

"मानव अधिकार संरक्षण र प्रवर्धनमा नागरिकको भूमिका" विषयमा एउटा स्थानीय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# ८ उपभोक्ता अधिकार

### तलका दुईओटा घटना अध्ययन गरौँ :

**घटना नं. १**

ल हेर तताउँदा तताउँदै दुध फाट्यो । पाउरोटी पनि बासी परेछ । होइन, सामान किन्दा उत्पादन मिति र उपयोग गर्नुपर्ने अन्तिम मिति हेर्नुपर्छ भनेर कति भन्नु यी छोराछोरीलाई ? अचेल हरेक सामान किन्दा गुणस्तर र मूल्य पनि ख्याल गर्नुपर्छ भनी कति सम्झाउनु । हैन ए नानी, तिमीहरूले चासो नराखेको कि नटेरेको हँ ?

**घटना नं. २**

गैरसरकारी संस्थाको सहयोगमा एउटा गाउँपालिकाले कृषकहरूका लागि सहुलियत मूल्यमा मकैको बिउ वितरण गऱ्यो । ४० जना कृषकले उक्त बिउ लगेर आफ्नो खेतबारीमा लगाए । मकैका बोट अपेक्षाकृत रूपमा सप्रेर आए । यस उन्नत बिउबाट उत्पादन बढ्ने कुरामा कृषक ढुक्क थिए । मकैमा घोगा त लागे तर घोगामा कतै कतै मात्र मकैका गेडा थिए । कति त रित्ता खोया मात्र । कृषि विज्ञले यो अवस्था अवलोकन गरेपछि मकैको बिउको तोकिएको म्याद गुज्रिएको र कमसल भएकाले यो अवस्था आएको पत्ता लगाए । कृषकहरू उन्नत जातको बिउका नाममा आफू ठगिएकाले क्षतिपूर्तिका लागि दबाबमूलक कार्य गर्ने तयारीमा छन् ।

माथिका यी दुई अवस्था प्रतिनिधिमूलक घटना मात्र हुन् । यी घटनाबाट पनि थाहा हुन्छ कि हाम्रा विद्यार्थी, अभिभावक तथा आम उपभोक्ताहरू उपभोक्ता अधिकार सम्बन्धमा संवेदनशील हुन सकिरहेका छैनन् । कतिपय व्यक्तिमा सचेतना भए पनि चासो कम छ । दैनिक उपभोग्य तथा अन्य प्रयोजनका लागि खरिद गरिएका सामग्रीको गुणस्तरबारे समयमै ध्यान पुऱ्याउन नसक्दा उपभोक्ता ठुलो मर्कामा परिरहेका छन् ।

उपभोक्ताले आफूले प्रयोग गर्ने सामानको गुणस्तर तथा फाइदा जान्ने र गलत प्रयोगमा क्षतिपूर्ति पाउने वा बजारमा उपलब्ध सामानको निर्बाध रूपमा प्रयोग गर्न पाउने हकलाई उपभोक्ता अधिकार भनिन्छ । उपभोक्ता अधिकारमा उपभोग्य वस्तु तथा सेवाको बिक्री

वितरणबाट सुरक्षित हुने अधिकार, उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता आदिबारे सूसुचित हुने अधिकार पनि पर्छन् । यसका साथसाथै प्रतिस्पर्धात्मक मूल्यमा वस्तु तथा सेवाको छनोट गर्न पाउने अधिकार, उपभोक्ताको हकहित संरक्षणका लागि उपयुक्त निकायबाट सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार आदि पनि उपभोक्ता अधिकार हुन् ।

अमेरिकी संसद्ले सन् १९६२ मा पहिलो पटक उपभोक्ता अधिकारको विधेयक पारित गरेको थियो । प्रत्येक वर्ष मार्च १५ लाई विश्व उपभोक्ता अधिकार दिवसका रूपमा मनाइन्छ । उपभोक्ता अधिकार सम्बन्धमा सुरक्षा, सूचना, छनोट र सुनुवाइको अधिकार महत्त्वपूर्ण हुन्छ । उपभोक्ता अधिकारलाई व्यापक बनाउन सन् १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसङ्घको महासभाबाट थप आठ अधिकारसहितको अनुबन्धन पारित गरिएको थियो । नागरिकलाई अहित हुने गलत व्यापारिक क्रियाकलापबाट सुरक्षा दिन यो अनुबन्धन आफैँमा महत्त्वपूर्ण मानिन्छ ।

नेपालको संविधानको धारा ४४ मा गुणस्तरहीन वस्तु तथा सेवाबाट प्रत्यक्ष क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । उपभोक्ता अधिकारका लागि संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ ल्याइएको छ । यस ऐनले उपभोक्तालाई सहज पहुँचको अधिकार, प्रतिस्पर्धात्मक मूल्यमा वस्तु वा सेवा छनोट गर्न पाउने अधिकार, वस्तु वा सेवाबारे सुसूचित हुन पाउने अधिकार प्रदान गरेको छ । यस ऐनमा मिश्रित वस्तुमा रहेको तत्त्व वा प्रतिशतबारे जानकारी पाउने अधिकार, उपभोक्ताको जिउज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार, अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलापविरुद्ध उचित कानुनी कारबाही गराउन पाउनेलगायत अधिकारको व्यवस्था छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले उपभोक्ता अधिकारसम्बन्धी कानुनको कार्यान्वयन र नियमन गर्ने व्यवस्था गरेको छ । उपभोक्ता अधिकारको निर्वाध प्रयोगको वातवारण निर्माण गर्न तीनै तहका सरकार क्रियाशील हुन आवश्यक देखिन्छ ।

### क्रियाकलाप

१. तपाईंले बजारबाट किनेर ल्याएका खाद्यवस्तुको नाम, उत्पादन मिति, म्याद समाप्त हुने मिति, वस्तुको मिश्रणको अवस्था, मूल्य र तौल अवलोकन गर्नुहोस् र तोकिएबमोजिमको गुणस्तर भए नभएको पहिचान गर्नुहोस् ।

२. “उपभोक्ता अधिकार हामी सबैको अधिकार” भन्ने शीर्षकमा एउटा लेख तयार गरी विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् ।

३. उपभोक्ता अधिकारबारे नागरिकलाई सचेत गराउन तपाईं आफ्नो क्षेत्रबाट कस्तो योगदान दिन सक्नुहुन्छ, सहपाठीलाई सुनाउनुहोस् ।

४. बजारमा सामानको कृत्रिम अभाव सिर्जना गर्ने, अखाद्य वस्तुको मिसावट गर्ने व्यक्ति वा फर्म वा उद्योग विरुद्ध एउटा सचेत नागरिकको हैसियतले तपाईंले कस्तो भूमिका निर्वाह गर्नुहुन्छ, छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. उपभोक्ता अधिकार भनेको के हो ?**

**२. उपभोक्ता अधिकार सम्बन्धमा नेपालको संविधानमा भएको व्यवस्था उल्लेख गर्नुहोस् ।**

**३. उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ता अधिकारसम्बन्धी गरेको व्यवस्था व्याख्या गर्नुहोस् ।**

**४. उपभोक्ता अधिकार संरक्षण र संवर्धनमा स्थानीय सरकारको भूमिका कस्तो हुनुपर्ला ?**

**५. न्यून गुणस्तरीय सामग्री उत्पादन तथा बिक्रीवितरण रोक्न एक सचेत उपभोक्ताले खेल्न सक्ने भूमिका उल्लेख गर्नुहोस् ।**

## परियोजना कार्य

तपाईंको विद्यालयमा सञ्चालित दिवा खाजा अवलोकन गर्नुहोस् । दिवा खाजा तयार गर्दा प्रयोग गरिएका खाद्यसामग्री उपभोक्ताको हित अनुकूल छन् कि छैनन्, पत्ता लगाई एउटा प्रतिवेदन तयार गर्नुहोस् र प्रधानाध्यापकलाई बुझाउनुहोस् ।

एकाइ ६

# हाम्रो पृथ्वी

## सिकाइ उपलब्धि

१. हावापानीमा प्रभाव पार्ने तत्त्वहरू, विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पार्ने प्रभाव बताउन

२. उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न

३. भूकम्पको परिचय दिन र यसबाट जोगिने उपायहरूको अभ्यास गर्न

४. नक्सा उतार्ने विभिन्न विधि/तरिकाको अभ्यास गर्न र नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधिको उपयोग गर्न

# १ हावापानीमा प्रभाव पार्ने तत्त्वहरू


कुनै स्थान विशेषको लामो अवधिको मौसमी वा वायुमण्डलको औसत अवस्थालाई हावापानी भनिन्छ । साधारणतया ३० वर्षभन्दा बढी समयको मौसम वा वायुमण्डलको औसत प्रवृत्तिलाई गणना गरी हावापानीको अवस्था यकिन गरिन्छ । हावापानीले ठुलो क्षेत्र (जस्तै : नेपालको सन्दर्भमा तराई, पहाड र हिमालको हावापानी) ओगटेको हुन्छ । हावापानीका सूचक तापक्रम, वर्षा, वायुका चाप हुन् । हावापानीलाई जलवायु भनेर पनि चिनिन्छ । संसारमा एकै प्रकारको हावापानी पाइँदैन ।

**स्थानअनुसार हावापानी फरक हुन्छ किनकि हावापानीलाई विभिन्न तत्त्वले प्रभाव पारेका हुन्छन् । ती मूलत: निम्नप्रकार रहेका छन् :**

हावापानीमा प्रभाव पार्ने तत्त्वहरू

- *अक्षांश*
- *उचाइ*
- *जमिनको मोहोडा*
- *सामुद्रिक दूरी*
- *पहाडको उपस्थिति*
- *सामुद्रिक धार*
- *वायुको स्वभाव र दिशा*
- *वनस्पति र माटो*

(क) **अक्षांश :** अक्षांश उत्तर र दक्षिण दुबै ध्रुवतर्फ ०° देखि ९०° सम्म हुन्छ । भूमध्यरेखाबाट जति जति उत्तर वा दक्षिण ध्रुवीय क्षेत्रतर्फ गयो उति नै सूर्यको किरण छड्के पर्ने हुनाले तापक्रम घट्दै जान्छ । भूमध्यरेखीय क्षेत्रमा सूर्यको प्रकाश सिधा पर्छ । फलस्वरूप भूमध्यरेखीय क्षेत्रमा हावापानी उष्ण प्रकृतिको हुन्छ ।




(ख) **उचाइ** : फरक उचाइका कारण सानो क्षेत्रमा पनि विभिन्न प्रकारको हावापानी पाइन्छ । कम उचाइमा हावाको उपस्थिति बाक्लो र बढी उचाइ भएको क्षेत्रमा पातलो हुन्छ । समुद्र सतहबाट हरेक १६० देखि १६५ मिटरको उचाइमा १° सेल्सियस तापक्रम घट्दै जाने हुँदा जति जति उचाइ बढ्दै जान्छ, तापक्रम पनि घट्दै जान्छ ।




(ग) **जमिनको मोहडा** : जमिनको ढालको कारणले कुनै पनि स्थानको हावापानी प्रभावित हुन्छ । वायु सम्मुख पर्वतीय मोहडाको हावापानी ओसिलो हुन्छ भने वायु विमुख मोहडाको हावापानी शुष्क हुन्छ । नेपालमा उत्तरतर्फ फर्केको जमिनको भूभाग चिसो हुन्छ भने सूर्य सम्मुख दक्षिणतर्फ फर्केको जमिनमा न्यानो हुन्छ ।

(घ) **सामुद्रिक दुरी** : जमिन र पानीको तात्ने र सेलाउने स्वभाव फरक हुन्छ । जमिन छिटो तात्छ भने छिट्टै सेलाउँछ । पानी ढिलो तात्छ र ढिलै सेलाउँछ । सामुद्रिक निकट क्षेत्रमा समुद्री वायु र स्थलीय वायुको प्रभाव पर्ने हुनाले वर्षभरि लगभग एकै प्रकृतिको हावापानी पाइन्छ । तर जमिनको भित्री भागमा ती वायुको प्रभाव नपर्ने हुनाले हावापानी शुष्क र विषम हुन्छ । पूर्वी चीनको सामुद्रिक किनारी क्षेत्रको हावापानी सुरम्य हुनु र पश्चिम चीन तथा मङ्गोलियाको हावापानी विषम हुनुलाई उदाहरणका रूपमा लिन सकिन्छ ।




(ङ) **पहाडको उपस्थिति** : पहाडले वायुलाई एकैतिर बहने दिशामा अवरोध सिर्जना गर्छ । ग्रीष्म ऋतुमा हिन्द महासागरबाट आउने जलवाष्पयुक्त वायुलाई पर्वतले रोकेर नेपालमा वर्षा गराउँछ । हिउँदमा उत्तरबाट बहने चिसो वायुलाई रोकिदिन्छ । बाफिलो वायु बहने मार्गमा पर्वतको अवरोध भएमा पर्वत पछाडिको क्षेत्र शुष्क रहन्छ । वायु सम्मुख हुने पर्वतका कारण



बङ्गालको खाडीबाट बहने बाफिलो वायु तिब्बती क्षेत्रमा पुग्न सक्दैन । पर्वतको उपस्थितिका कारण आर्द्रतायुक्त वायु तिब्बती क्षेत्र पुग्न नसक्दा पानी पर्दैन र सो क्षेत्र शुष्क हुन्छ ।

(च) **सामुद्रिक धार** : न्यानो सामुद्रिक धार बहने सामुद्रिक किनारी भागको हावापानी न्यानो र चिसो धार बहने क्षेत्रको हावापानी चिसो र शुष्क हुन्छ । संयुक्त राज्य अमेरिकाको पूर्वी किनारामा तातो धार बहने हुनाले







हावापानी न्यानो र ओसिलो छ भने पश्चिम किनारामा चिसो धार बहने हुनाले चिसो र शुष्क छ । यसको कारण पूर्वी क्षेत्रमा न्यानो गल्फ स्टिम धार र पश्चिमी क्षेत्रमा चिसो क्यालिफोर्निया धार बहनु हो ।


(छ) **वायुको स्वभाव** : वायुको स्वभावले पनि हावापानीमा प्रभाव पार्छ । कुनै ठाउँमा हावापानी प्रभावित भई शुष्क हुन्छ भने कुनै ठाउँमा आद्र वा बाफिलो हुन्छ । नेपाललगायत मनसुनी वायु बहने क्षेत्रमा ग्रीष्ममा बाफिलो वायु समूद्रबाट जमिनतर्फ बहने हुनाले प्रशस्त वर्षा हुन्छ । हिउँदमा भने सुक्खा मनसुनी वायु जमिनबाट समुद्रतर्फ बहने हुनाले हावापानी शुष्क हुन्छ । यस्तो वायुले कम वर्षा गराउँछ ।

(ज) **वनस्पति र माटो** : कुनै स्थानको वर्षा तथा तापक्रमको अवस्थालाई वनस्पतिले प्रभावित पार्छ । घना जङ्गल भएको स्थानमा आर्द्रतायुक्त वायु हुने हुँदा बढी वर्षा हुन्छ । वनस्पति नभएको क्षेत्रमा सुक्खा र विषम खालको हावापानी पाइन्छ । यस्तै माटाले पनि हावापानीलाई प्रभाव पारेको हुन्छ । कालोमाटो भएका ठाउँमा माटाले ताप सोस्ने हुँदा न्यानो हुन्छ । त्यस्तै कमेरो वा सेतो माटो भएको स्थानमा ताप कम सोस्ने हुँदा तापक्रम कम हुन्छ र चिसो हुन्छ । बलौटे तथा रातो फुस्रो माटो छिटो तात्छ र छिट्टै सेलाउँछ । तसर्थ उक्त स्थानको हावापानी प्रायः विषम हुन्छ ।

## क्रियाकलाप

१. नेपालको तराईदेखि हिमालसम्म भ्रमण गर्ने हो भने उष्णदेखि समशीतोष्ण हुँदै शीत प्रदेशीय हावापानीको अनुभव गर्न सकिन्छ । सानो भौगोलिक क्षेत्रमा पनि यति धेरै हावापानीको विविधता हुनुका कारण के के हुन्, विभिन्न स्रोतको अध्ययन गरी सोको विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

२.	दिइएका चित्रको अध्ययन गर्नुहोस् । ०० अक्षांश वरिपरि बर्सैभरि गर्मी हुने र ८०० अक्षांश वरिपरि क्षेत्रमा बर्सैभरि हिउँ जम्ने कारण के होला ? नेपालमा ग्रीष्ममा हुने वर्षामा वायु र पर्वतको अवस्थितिले के कस्तो प्रभाव पार्छ ? उक्त समयमा तिब्बततर्फ किन वर्षा हुन सक्दैन, कारणहरू खोजी गरी प्रस्तुत गर्नुहोस् ।







## अभ्यास

१.	हावापानी भनेको के हो ?

२.	तराईमा उत्तरी मोहडा र पहाडमा दक्षिण मोहडा भएको घरलाई भौगोलिक हिसाबले उपयुक्त मानिन्छ, किन ? कारण दिनुहोस् ।

३.	कैलालीको धनगढी र गोरखा जिल्लामा अवस्थित सामागाउँ बस्ती लगभग एउटै अक्षांशमा पर्छन् तर धनगढीमा अत्यन्तै गर्मी र सामागाउँमा अत्यन्तै जाडो हुन्छ, किन ? कारण दिनुहोस् ।

४.	कालोमाटो भएको क्षेत्रमा हावापानी न्यानो हुनाको कारण के होला ?

५.	छिमेकी देश भारतको मुम्बईमा वर्षैभरि तापक्रममा भिन्नता हुँदैन तर दिल्लीमा तापक्रमको भिन्नता बढी हुन्छ, किन होला ?

६.	विश्वको हावापानीलाई प्रभाव पार्ने तत्त्वहरूको सूची तयार गरी कुनै दुईको वर्णन गर्नुहोस् ।

# २ विश्वका हावापानीका प्रकारहरू

विश्वमा पाइने हावापानीलाई मुख्यगरी तीनओटा मण्डलमा वर्गीकरण गर्न सकिन्छ, ती मण्डलअन्तर्गत पनि विभिन्न किसिमको हावापानी पाइन्छ ।




## १. उष्ण मण्डल

भूमध्य रेखाबाट दुबै गोलार्धको ३०° अक्षांशसम्मको क्षेत्रलाई उष्ण मण्डल भनिन्छ । यस मण्डलमा बर्सैभरि सूर्यको किरण सिधा रूपमा पर्ने हुनाले निकै गर्मी हुनुका साथै स्थान र समयअनुसार फरक फरक वर्षा हुन्छ । यो मण्डलमा ताप, चाप र वर्षा उच्च हुन्छ । २३$^{१/२}$ डिग्री उत्तरी र दक्षिणी गोलार्धमा अवस्थित क्रमशः कर्कट र मकर रेखा पनि यस क्षेत्रमा पर्छन् । यस मण्डलअन्तर्गत चारओटा हावापानीका उपप्रदेशहरू पर्छन् ।


## २. समशीतोष्ण मण्डल

दुबै गोलार्धको ३०° देखि ६०° अक्षांशसम्मको भूभागलाई समशीतोष्ण मण्डल भनिन्छ । बर्सैभरि तातो र चिसोको समान अवस्था भई मानव जीवनका लागि अनुकूल रहेको यो क्षेत्रमा पर्याप्त मात्रामा वर्षासमेत हुन्छ । यो मण्डल हावापानी, वनस्पति, मानव जाति र संस्कृतिलगायत विविधताको क्षेत्र पनि हो । यस मण्डलअन्तर्गत छओटा हावापानीका उपप्रदेश पर्छन् ।


## ३. शीत मण्डल

पृथ्वीको दुबै गोलार्धको ६०° देखि ९०° अक्षांशसम्मको ध्रुवीय प्रभाव क्षेत्रलाई शीत प्रदेश भनिन्छ । प्रायः बर्सैभरि सूर्यको किरण छड्के पर्ने र तापक्रम शून्य डिग्रीभन्दा तल रहने हुनाले अत्यधिक जाडो हुन्छ । चिसो र सुक्खा वायु बहने भएकाले खासै वर्षा हुँदैन । उत्तरी ध्रुवीय भाग ग्रिनल्यान्ड, आइसल्यान्ड तथा दक्षिणी ध्रुवीय क्षेत्रको अन्टार्कटिकालगायतका स्थानमा बर्सैभरि बरफ जमेको हुन्छ । सूर्य उत्तरायणको समयमा दक्षिणी ध्रुवीय क्षेत्र र सूर्य दक्षिणायनको समयमा उत्तर ध्रुवीय क्षेत्र प्रायः अन्धकार रहन्छ । यस मण्डलअन्तर्गत दुईओटा हावापानीका उपप्रदेश पर्छन् ।

अक्षांशीय अवस्थितिसहित हावापानीको प्रकारलाई निम्नलिखित चार्टद्वारा प्रस्तुत गर्न सकिन्छ । पृथ्वीको उत्तरी गोलार्धमा पाइने हावापानीको फैलावट, क्षेत्र र दिशालाई यस चार्टले प्रस्ट पार्न सहयोग गर्छ ।




## क्रियाकलाप



१. दिइएको चित्रलाई कापीमा उतार्नुहोस् र नामाकरण गरी उपयुक्त सङ्केतसहित भर्नुहोस् ।

२. विभिन्न स्रोतको खोजी वा आफ्नै अनुभवका आधारमा दिइएको तालिका पूरा गर्नुहोस् । अब गर्मी हुने महिना, जाडो हुने महिना, ठिक्कको मौसम हुने महिना, वर्षा हुने महिना र वर्षा नहुने महिनाको समूह बनाई वर्गीकरण गर्दै समग्रमा आफ्नो ठाउँको हावापानी पहिचान गर्नुहोस् । कक्षामा साथीहरूसँग परिणामलाई आदानप्रदान पनि गर्नुहोस् ।

| महिना | वै. | जे. | अ. | सा. | भ. | अ. | का. | मङ्. | पु. | मा. | फा. | चै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | | | | | | | | | | | | |
| (औसतमा) | | | | | | | | | | | | |
| वर्षा (औसतमा) | | | | | | | | | | | | |

## अभ्यास

१. हावापानीको प्रदेश भनेको के हो ?

२. विश्वमा पाइने हावापानीका प्रकार र तीअन्तर्गत पर्ने उपप्रदेशसहितको तालिका निर्माण गर्नुहोस् ।

३. समशीतोष्ण क्षेत्रमा न धेरै गर्मी न धेरै जाडो अर्थात् ठिक्कको हावापानी पाइनुका कारण के के हुन्, उल्लेख गर्नुहोस् ।


४. तपाइँ बसेको ठाउँ कुन हावापानीको प्रदेशमा पर्छ, सो प्रदेशमा ऋतुअनुसार वर्षभरि तपाइँले अनुभव गर्ने हावापानीको विवरण प्रस्तुत गर्नुहोस् ।

# ३ उष्ण मण्डल

शिक्षकले उष्ण मण्डल र यसअन्तर्गत पर्ने हावापानीका क्षेत्रसम्बन्धी विषयवस्तु कक्षामा सहजीकरण गर्न तयार पारेको विवरण र चित्र अध्ययन गरौँ :

## १. भूमध्यरेखीय हावापानी

(क) **अवस्थिति** : भूमध्यरेखाबाट ५° उत्तर र ५° दक्षिणअक्षांशसम्म भूमध्यरेखीय हावापानी पाइन्छ । यो क्षेत्रमा दक्षिण अमेरिकाको अमेजन बेँसी, अफ्रिकाको कङ्गो बेँसी, मलेसिया र एसियाको दक्षिण पूर्वी द्विपसमूहअन्तर्गतका भूभागहरू पर्छन् ।




(ख) **हावापानीका अवस्था** : बर्सैभरिको औसत तापक्रम २७°C र तापान्तर जम्मा २°C मात्र हुन्छ । यस क्षेत्रमा बर्सैभरि सूर्यको किरण सिधा पर्ने हुनाले धेरै गर्मी हुन्छ । यहाँ दैनिक मध्याह्नपछि संवाहनिक वर्षा हुन्छ । दिन र रातको समय बराबर रहनु र ऋतु परिवर्तन नहुनु यस हावापानीको विशेषता हो । यहाँ २०० से.मि.सम्म वार्षिक औसत वर्षा हुने र सापेक्षित आद्रता औसतमा ८०% भन्दा बढी हुन्छ ।

(ग) **वनस्पति र वन्यजन्तु** : प्रशस्त वर्षा र गर्मीको कारण वनस्पतिका लागि यो क्षेत्र निकै उपयुक्त छ । यहाँ विभिन्न जातका ठुला, अग्ला र कडाजातका वनस्पति र लहरा प्रशस्त मात्रामा पाइन्छन् । अमेजनको सेल्भास जङ्गल यसै क्षेत्रमा पर्छ । वनक्षेत्र प्रशस्त रहेकाले विभिन्न प्रजातिका पशुपक्षीहरू यहाँ पाइन्छन् । यो क्षेत्र जैविक विविधताका लागि संसारभर प्रसिद्ध छ । यहाँ अजिङ्गर, चिम्पान्जी, विषालु सर्प, गोही आदि जनावर र हाँस, बकुल्ला, धनेस, मयूर आदि चराचुरुङ्गी पाइन्छन् ।

(घ) **जनजीवन र आर्थिक क्रियाकलाप** : एसियाली पूर्वी द्विपसमूहका मानिसको विकसित र आधुनिक जीवनशैली छ । खेतीपाती, काठसम्बन्धी उद्योग, व्यापार र पर्यटन यहाँका प्रमुख आर्थिक गतिविधि हुन् । यस क्षेत्रको अमेजन र कङ्गो उपत्यकामा फिरन्ते स्वभावका रेड इन्डियन पिग्मिजहरूको बसोबास रहेको छ ।

## २. उष्ण तृणभूमिको हावापानी




(क) **अवस्थिति** : यो हावापानी भूमध्यरेखाबाट उत्तर र दक्षिणतर्फ ५° देखि २०° अक्षांशको क्षेत्रमा पाइन्छ । यस हावापानीको क्षेत्रमा अफ्रिकाको सुडान, दक्षिण अफ्रिकाको उत्तरी भाग र ब्राजिलको उच्चसमस्थली, ओरिन उपत्यका, अस्ट्रेलियाको उत्तरी भाग, डेक्कन र शान उच्चसमस्थलीअर्न्तगतका भूभाग पर्छन् ।

(ख) **हावापानीका अवस्था** : ग्रीष्ममा धेरै गर्मी र वर्षा तथा हिउँद न्यानो र सुक्खा हुने यो क्षेत्रमा स्थान र अवस्थानुसार वार्षिक ५० देखि १५० से.मि. सम्म वर्षा हुन्छ । ग्रीष्ममा ३२°C भन्दा बढी र हिउँदमा २१°C भन्दा कम तापक्रम हुन्छ । यहाँ ग्रीष्म र हिउँद गरी दुई ऋतु हुन्छन् ।

(ग) **वनस्पति र वन्यजन्तु** : यो हावापानी प्रदेशमा ग्रीष्ममा वर्षा हुनाले घाँसका लागि निकै राम्रो र अनुकूल हुने तर ठुला बिरुवा हुर्कन नसक्नाले फाट्टफुट्ट मात्र रुख पाइन्छन् । यो हावापानीको क्षेत्रलाई सभाना घाँसेभूमि पनि भनिन्छ । भेनेजुयला र कोलम्बियामा 'लानोस', ब्राजिलमा 'क्याम्पोस' तथा मध्य र पूर्वी अफ्रिकी क्षेत्रमा 'सभाना' भनिन्छ । यस क्षेत्रमा जिराफ, जेब्रा, हात्ती अर्ना, हायनालगायतका धेरै प्रकारका जीव जनावरहरू पाइने हुनाले संसारको चिडियाखाना पनि भनिन्छ ।

(घ) **जनजीवन र आर्थिक क्रियाकलाप** : यहाँका कतिपय मानिस अझै पुरानै रीतिरिवाजमा रमाउने र फिरन्ते जीवन जीउने गर्छन् । मध्य अफ्रिकी क्षेत्रका मसाई र हाउसा जातिका मानिस यसका उदाहरण हुन् । यस क्षेत्रमा जनघनत्व कम र गरिबी तथा पछौटेपन व्याप्त छ । गहुँ, कपास, मकैखेती, पशुपालन र पर्यटन यहाँका आर्थिक क्रियाकलाप हुन् । यहाँ व्यावसायिक खेती, पशुपालन र पर्यटन उद्योगको प्रभावकारिता बढ्दो छ । राष्ट्रिय निकुञ्जको स्थापना र संरक्षण क्षेत्र बढ्दै गएकाले पर्यटन उद्योग र फिल्म सुटिङको गन्तव्य बनेको छ ।

## ३. उष्ण मरुस्थलीय हावापानी




(क) **अवस्थिति** : पृथ्वीको दुवै गोलार्धमा २०° देखि ३०° अक्षांशको महाद्वीपको सामान्यतया पश्चिमी भागमा यस प्रकारको हावापानी पाइन्छ । अफ्रिकाको सहारा, कालाहारी र नामिव, एसियाको अरेबियन र थार मरुभूमिका साथै उत्तर अमेरिकाको दक्षिण क्यालिफोर्निया, दक्षिण अमेरिकाको एटकामा र मध्य अस्ट्रेलिया क्षेत्रमा यो हावापानी पाइन्छ । यहाँको अधिकांश भूभाग बालुवा र चट्टानले ढाकेको छ ।


(ख) **हावापानीका अवस्था** : दिनमा अति गर्मी र रातमा अति चिसो हुने अर्थात् दिउँसो ४०°C भन्दा बढी र रातमा तापक्रम घटेर १०°C भन्दा कम हुन्छ । सुक्खा हुनु, तापान्तर बढी हुनु, वार्षिक औसत १२ से.मि. वर्षा हुनु यो हावापानीका विशेषता हुन् ।

(ग) **वनस्पति र वन्यजन्तु** : यहाँ काँडेदार, लामा जरा भएका र खस्रा पातयुक्त सिउँडी (Cactus) जातका वनस्पति मात्र पाइन्छन् । कम वर्षा र विषमताले गर्दा ठुला जातका वनस्पति खासै पाइँदैन । उँटलाई प्रमुख यातायातको साधनका रूपमा प्रयोग गरिन्छ । मरुद्यानको आसपासमा पाम जातका वनस्पति पाइन्छन् ।

**(घ) जनजीवन र आर्थिक क्रियाकलाप** : विषम हावापानीका कारण यस क्षेत्रमा जीवन सहज छैन । पानी नपर्ने हुनाले घरहरू प्रायः मुण्डा हुन्छन् । यहाँको जनघनत्व अति कम छ । यहाँ केही फिरन्ते जातिका मानिस बस्छन् । पेट्रोलियम पदार्थ र सुनलगायतका वस्तुको उत्पादनले आर्थिक गतिविधि बढ्दो छ । यहाँका मानिसले भारी बोकाउन, दुध र मासुका लागि उँट पाल्छन् । मरुस्थलको कतिपय ठाउँमा पानी पाइन्छ । त्यहाँ खेतीपाती गरिन्छ र बस्ती पनि बाक्लो भेटिन्छ । यस क्षेत्रलाई मरुद्यान भनिन्छ ।

## ४. उष्ण मौसमी हावापानी

**(क) अवस्थिति** : पृथ्वीको दुबै गोलार्धमा ५° देखि ३०° अक्षांशमा महाद्वीपको दक्षिण पूर्वी भागमा यस प्रकारको हावापानी पाइन्छ । दक्षिण एसिया, दक्षिण पूर्वी एसिया, उत्तरी अस्ट्रेलिया, दक्षिणपूर्वी अफ्रिका, मदागास्कर, दक्षिण पश्चिम अफ्रिका, दक्षिण पूर्वी ब्राजिल, क्यारिबियन क्षेत्रमा समेत यो हावापानी पाइन्छ । यो हावापानी पाइने मुख्य क्षेत्र दक्षिण एसिया हो ।




**(ख) हावापानीका अवस्था** : ग्रीष्ममा गर्मी र औसत तापक्रम ३०°C हुन्छ । हिउँदमा ठन्डा र औसत तापक्रम १५°C हुन्छ । स्थानअनुसार ५० देखि २०० से.मि. सम्म वार्षिक मनसुनी वर्षा हुन्छ ।

**(ग) वनस्पति र वन्यजन्तु** : ग्रीष्म ओसिलो र हिउँद ठन्डा हुनाले पतझर वनस्पति पाइन्छ भने पर्याप्त वर्षा र बर्सैभरि गर्मी हुने ठाउँमा सदावहार वन पाइन्छ । उचाइ र वनस्पतिको प्रकृतिअनुरूप विभिन्न प्रजातिका वन्यजन्तु प्रशस्त पाइन्छन् । यहाँ हात्ती, गैँडा, बाघ, भालु, चितुवा आदि जनावर र पानीहाँस, मयूर आदि चराचुरुङ्गी पाइन्छन् ।

(घ) **जनजीवन र आर्थिक क्रियाकलाप :** यो क्षेत्र कृषि, उद्योग र व्यापारलगायत सबै कार्यका लागि अनुकूल छ । यस क्षेत्रको मुख्य बाली धान हो । उखु, जुट, सुर्ती, चिया जस्ता नगदेबाली यहाँ प्रशस्त हुन्छन् । हावापानी, माटो र वर्षाले गर्दा अधिकांश मुलुक कृषिमा निर्भर छन् । मानव सभ्यता र संस्कृतिका लागि यो क्षेत्र सम्पन्न मानिन्छ । यहाँको जनघनत्व उच्च छ ।

## क्रियाकलाप

१. **दिइएको विश्वको रेखाङ्कित नक्सामा उष्ण प्रदेशका हावापानीका क्षेत्र पहिचान गरी रङ लगाई कक्षामा प्रदर्शन गर्नुहोस् :**




२. **निम्नलिखित अवस्थामा समाधानको उपयुक्त तरिका के हुन सक्छ, समूहमा छलफल गरी पत्ता लगाउनुहोस् र कक्षामा आदानप्रदान गर्नुहोस् :**

(क) सहारा मरुभूमिको क्षेत्रमा घुम्न जाने योजना बनाउनु थियो । न त त्यहाँको तापक्रमको अवस्था थाहा छ, न त ठाउँ । कस्ता लुगा लानुपर्ने हो, के मा यात्रा गर्ने होला ? म त बिलखबन्दनमा परे । लौ न केही उपाय बताइदिनुपर्‍यो ।

(ख) मलेसिया, सिङ्गापुर, इन्डोनेसियातिर हरेक दिन मध्याह्नमा ठुलो पानी पर्छ । हालसालै सिङ्गापुर भ्रमण गरी फर्किनुभएको मेरा कान्छा काकाले त्यहाँ स्विटर ज्याकेटलगायतका न्याना कपडा बर्सैभरि लगाउनुपर्दैन भन्नुहुन्छ अनि मैले सोचेँ, यस्तो कसरी सम्भव भयो ?

(ग) सभाना क्षेत्रमा बस्ने चराको तौल धेरै हुने, फुल भुइँमा पार्ने, उडेर वेग हान्न नसक्ने तर मज्जाले दौडिन सक्ने हुन्छन् भनी शिक्षकले कक्षामा भन्नुभएको थियो । त्यसका कारण खोजी गरी लेखेर ल्याउन गृहकार्य दिनुभएको थियो । साथीलाई सोधे उहाँलाई पनि थाहा रहेनछ । भोलि बिहानसम्म जसरी पनि उत्तर खोज्नुपर्ने छ । यसको उत्तर के होला ?

**३. विभिन्न समूहमा विभाजन भई उष्ण प्रदेशीय हावापानीका क्षेत्रका सम्बन्धमा पाठ्यपुस्तक, सन्दर्भ सामग्री, एटलस वा इन्टरनेटमा खोजी अध्ययनबाट प्राप्त जानकारीलाई दिइएको तालिकामा भर्नुहोस् :**

| हावापानीको प्रदेश | भौगोलिक अवस्थिति | हावापानीको विशेषता | वनस्पतिको विशेषता | जनजीवन | आर्थिक गतिविधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अभ्यास

**१. भूमध्यरेखीय र उष्ण मरुस्थलीय हावापानीबिच फरक छुट्याउनुहोस् ।**

**२. नेपाल मौसमी हावापानीका क्षेत्रमा पर्ने भए तापनि हिमाली, पहाडी र तराई क्षेत्रका वनस्पतिबिचमा समानता छैन । कारण उल्लेख गर्नुहोस् ।**

**३. सभाना क्षेत्रमा बस्ने र अमेजन क्षेत्रमा बसोबास गर्ने मानिसको जीवनशैलीमा के के भिन्नता छ ?**


**४. 'उष्ण तृणभूमिका मानिसको कमजोर आर्थिक अवस्थालाई पर्यटन विकास गरी सुधार गर्न सकिन्छ ।' यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

**५. मरुद्यान भनेको के हो, यसको महत्त्व सम्बन्धमा चर्चा गर्नुहोस् ।**

# ४ समशीतोष्ण मण्डल

पृथ्वीको दुबै गोलार्धमा ३०° देखि ६०° अक्षांशसम्मको भूभागलाई समशीतोष्ण मण्डल भनिन्छ । यो हावापानी उत्तरी गोलार्धमा ७०° अक्षांशसम्म पनि पाइन्छ । यहाँको हावापानी बर्सैभरि तातो र चिसोको समान अवस्था हुन्छ । कहीँ ग्रीष्ममा गर्मी र हिउँदमा जाडो हुन्छ । यो क्षेत्रमा पर्याप्त मात्रामा वर्षा हुन्छ । सघन मानव बसोबास भएको यो क्षेत्र हावापानीका आधारमा विश्वकै अनुकूल भएको प्रदेश हो । उत्तर अमेरिका, एसिया र युरोपका सबैभन्दा विकसित क्षेत्रहरू यही प्रदेशमा पर्छन् । विश्वका ठुला औद्योगिक सहरहरू, जस्तै : चीनको सङ्घाई, जापानको टोकियो, दक्षिण कोरियाको सिओल, बेलायतको लन्डन, संयुक्त राज्य अमेरिकाको सिकागो यही हावापानीका क्षेत्रमा पर्छन् । यस मण्डलमा हावापानीका निम्नलिखित उपप्रदेश पर्छन् :

## १. भूमध्यसागरीय हावापानी




उत्तरी गोलार्धमा ३०° देखि ४५° अक्षांश र दक्षिणी गोलार्धमा ३०° देखि ४०° अक्षांशमा महाद्वीपको पश्चिमी भागमा यो हावापानी पाइन्छ । ग्रीष्ममा यहाँको तापक्रम औसत २७°C र हिउँदमा औसत १०°C हुन्छ । वार्षिक वर्षा ४० से.मि. देखि ८० से.मि. सम्म हुन्छ । भूमध्यसागर वरिपरि अवस्थित युरोपका फ्रान्स, स्पेन, इटाली, पोर्चुगललगायतका क्षेत्रहरू, दक्षिण र दक्षिण पश्चिम अस्ट्रेलिया, संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया, अफ्रिका महादेशको उत्तरी तथा दक्षिण पश्चिम क्षेत्र र दक्षिण अमेरिकाको चिलीको मध्य भूभागमा यस प्रकारको हावापानी पाइन्छ । यहाँ ग्रीष्ममा गर्मी र शुष्क तथा हिउँदमा ठन्डा

र ओसिलो हुन्छ । हिउँदमा समुद्री सतह भई आउने पश्चिमी वायुले वर्षा गराउँछ । यहाँ ग्रीष्म र हिउँद गरी दुई ऋतु हुन्छन् । यहाँ लामा जरा, पात साना र चिल्ला तथा बोक्रा बाक्ला भएका झाडीयुक्त वनस्पति पाइन्छन् । प्रशस्त मात्रामा अमिलोयुक्त रसिलो जातका फलफूलहरू, जस्तै : सुन्तला, अङ्गुर, कागती आदिको उत्पादन हुन्छ । यहाँ जैतुन पनि पाइन्छ । ती फलफूलबाट वाइन, पर्फ्युम आदि उत्पादन गरिन्छ । जैतुनबाट तेल बनाइन्छ । त्यसैले यो क्षेत्रलाई विश्वको बगैँचा भनिन्छ ।

## २. समशीतोष्ण मरुस्थलीय हावापानी

महाद्वीपका भित्री भागमा ३०° देखि ४५° अक्षांशमा यो हावापानी पाइन्छ । क्यास्पियन सागरदेखि पूर्वपट्टि तुर्किस्तान, चीनको पश्चिमी क्षेत्र, मङ्गोलिया, अमेरिकाको रकी पर्वतबिचको उच्चसमस्थली आदि क्षेत्रमा यो हावापानी पाइन्छ । ग्रीष्ममा अधिकतम तापक्रम २७°C र हिउँदमा ०°C सम्म पुग्छ । यहाँ चक्रवातबाट वर्षा हुन्छ । यहाँ वर्षमा औसत १० से.मि. देखि २५ से.मि. सम्म वर्षा हुन्छ । यहाँ जमिन सुक्खा र बलौटे हुनुका कारण काँडेदार झाडी र खस्रा घाँसका वनस्पति पाइन्छन् । यहाँ खेतीपाती कम र बढी मात्रामा पशुपालन गरिन्छ । मानिसको जीवनशैली उन्नत किसिमको हुन सकेको छैन ।

## ३. समशीतोष्ण मौसमी हावापानी

महाद्वीपको ३०° देखि ४५° अक्षांशमा पूर्वी भागको क्षेत्रमा यो हावापानी पाइन्छ । एसियाको पूर्वी खण्ड मुख्यतया मध्य र उत्तरी चीन, संयुक्त राज्य अमेरिकाको दक्षिण पूर्वी खण्ड र अस्ट्रेलियाको दक्षिण पूर्वी क्षेत्रमा यो हावापानी फैलिएको छ । चीनको धेरै भूभागमा यो हावापानी पाइने भएकाले यसलाई चिनियाँ हावापानी पनि भनिन्छ । ग्रीष्म गर्मी र आद्र हुन्छ भने हिउँदमा ठन्डा र सुक्खा हुन्छ । यहाँको औसत तापक्रम ग्रीष्ममा २५°C र हिउँदमा ५°C हुन्छ । मनसुनी वायुले ५० देखि १५० से.मि. सम्म वर्षा गराउँछ । वर्षा धेरै हुने क्षेत्रमा पतझर वन र कम हुने क्षेत्रमा झाडी र घाँस पाइन्छ । रेसम उत्पादनका लागि यहाँको हावापानी अनुकूल छ । यहाँ धान, गहुँ, मकै, कपास, उखु आदिको खेती गरिन्छ । ठुला ठुला सहरको विकास तथा उद्योग व्यवसायको राम्रो प्रगति भएकाले यो क्षेत्रमा जनसङ्ख्या अधिक रहेको छ ।

## ४. समशीतोष्ण सामुद्रिक हावापानी

दुबै गोलार्धको ३०° देखि ४५° अक्षांशको पश्चिमी सामुद्रिक क्षेत्रमा यो हावापानी पाइन्छ । मानव स्वास्थ्यका लागि अनुकूल यो हावापानीको मुख्य क्षेत्र पश्चिम युरोप, पश्चिम क्यानडा,

चिली, तास्मानिया टापु, दक्षिण न्युजिल्यान्ड हुन् । ग्रीष्ममा न्यानो हुने र हिउँदमा खासै जाडो नहुने यो हावापानी साह्रै मनोरम र स्वास्थ्यकर मानिन्छ । यहाँ ग्रीष्ममा १५°C हिउँदमा ५°C तापक्रम रहन्छ । वार्षिक वर्षा ७५ देखि १५० से.मि. सम्म हुन्छ । सामुद्रिक प्रभावले बाह्रै महिना पानी परिरहन्छ । सामुद्रिक चक्रवात र पश्चिमी वायुका कारणले यस क्षेत्रमा वर्षा हुन्छ । मिश्रित वनस्पति रहने यो क्षेत्रको पहाडी भागमा कोणधारी वन र मैदानी भागमा पतझर वन पाइन्छ । उद्योग, व्यापार, पर्यटन तथा सेवा क्षेत्रमा यहाँका मानिस संलग्न छन् ।

## ५. समशीतोष्ण तृणभूमिको हावापानी

दुबै गोलार्धको ४५° देखि ६०° अक्षांशबिच महाद्वीपको मध्यभागतिर यो हावापानी पाइन्छ । दक्षिणी रुस, उत्तर पश्चिम एसिया, पूर्वी युरोप, दक्षिण अफ्रिकाको उच्च समस्थली क्षेत्र, दक्षिण पूर्वी अस्ट्रेलिया, उत्तर अमेरिकाको मध्यभाग, दक्षिण अमेरिकाको दक्षिणपूर्वी भाग यो हावापानी पाइने मुख्य क्षेत्रहरू हुन् । यहाँ ग्रीष्ममा बढीमा २७°C र हिउँदमा ०°C भन्दा कम तापक्रम हुन्छ । महाद्वीपको मध्य क्षेत्रमा फैलिएकाले यहाँ सामुद्रिक प्रभाव कम पर्छ । यसका कारण यहाँ वर्षा कम हुन्छ । त्यस्तै हिउँदमा हिउँ पर्नु पनि यो हावापानीको विशेषता हो । कम वर्षा हुने हुँदा यहाँ ठुला जातका वनस्पति पाइँदैनन् । यहाँ ठुला ठुला घाँसे मैदान पाइन्छन् । उर्वर माटो हुनाले यहाँ गहुँ खेती राम्रो हुन्छ । समशीतोष्ण तृणभूमि क्षेत्रका घाँसे भूमिलाई एसिया र युरोपमा स्टेप्स, उत्तर अमेरिकामा प्रेरिज, अर्जेन्टिनामा पम्पास, दक्षिण अफ्रिकामा भेल्ड र अस्ट्रेलियामा डाउन्स भनिन्छ ।




यहाँ ठुलो लगानी गरी व्यावसायिक कृषि तथा पशुपालन गरिएको छ । पूर्वी युरोप तथा अमेरिकाको कतिपय राज्यको अर्थतन्त्र नै पशुपालनमा आधारित छ । यहाँ मासु, छाला र दुधजन्य उद्योग प्रशस्त मात्रामा स्थापना गरिएको छ । प्रेरिज र स्टेप्स क्षेत्रमा मुख्य रूपमा गाईपालन गरिने हुनाले यस क्षेत्रलाई दुग्धपेटीका रूपमा लिइन्छ । यस्तै अस्ट्रेलियाको डाउन्स र अर्जेन्टिनाको पम्पास क्षेत्रमा प्रशस्त मात्रामा गाई तथा भेडापालन गरिन्छ । अस्ट्रेलियाको भेडा ऊनका लागि र अर्जेन्टिनाको भेडा मासुका लागि विश्व प्रख्यात छन् ।

## ६. सेन्ट लरेन्स र मन्चुरियाको हावापानी

महाद्वीपको ४५° देखि ६०° अक्षांशमा पर्ने पूर्वी किनारमा यस प्रकारको हावापानी पाइन्छ । खास गरी उत्तर अमेरिकाको सेन्ट लरेन्स नदीको आसपास र चीनको मन्चुरिया प्रायद्वीपमा पाइने यो हावापानीलाई त्यही ठाउँको नामले चिनिन्छ । यो हावापानी महाद्वीपको पूर्वी किनारमा चिसो पानीको धार बहने क्षेत्रमा पाइने हुनाले ग्रीष्म न्यानो भए पनि हिउँद अत्यन्त ठन्डा हुन्छ । ग्रीष्म तापक्रम २०° से.सम्म पुग्छ तर हिउँद भने ०° से. भन्दा तल झर्छ । यहाँ न्यानो र चिसो सामुद्रिक धारको सङ्गम हुने भएकाले चक्रवाती वर्षा हुन्छ । यहाँ ५० देखि १०० से.मि. सम्म वार्षिक वर्षा हुन्छ । यहाँ कोणधारी वनस्पति पाइन्छ । कृषि, पशुपालन तथा मत्स्य व्यवसाय यहाँका प्रमुख आर्थिक क्रियाकलाप हुन् ।

### क्रियाकलाप

१. उत्तर अमेरिकाको प्रेरिज र युरेसियाको स्टेप्समा प्रशस्त मात्रामा गहुँ खेती र पशुपालन गरिनुका कारण के के हुन्, समूहमा छलफल गरी लेख्नुहोस् ।

२. भूमध्यसागरीय क्षेत्रमा फलफूल उत्पादन गरेर प्रशस्त आम्दानी गरे जस्तै नेपालमा पनि फलफूल उत्पादन हुने स्थान रहेका छन् र त्यहाँको जस्तै व्यावसायिक फलफूल खेती गरी आयआर्जन गर्न नेपालमा के गर्नुपर्छ ? सामूहिक छलफलबाट कक्षामा निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

१. **समशीतोष्ण प्रदेशका हावापानीको क्षेत्रलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।**

२. **समशीतोष्ण मौसमी क्षेत्रमा कुन कुन कृषि कार्य गर्न उपयुक्त हुन्छ, किन ?**

३. **समशीतोष्ण तृणभूमि क्षेत्रका घाँसे मैदानको नाम लेख्नुहोस् ।**

४. **भूमध्यसागरीय क्षेत्रमा हिउँदे फलफूल खेती हुनाको कारण उल्लेख गर्नुहोस् ।**

५. **समशीतोष्ण सामुद्रिक हावापानी र भूमध्यसागरीय हावापानीबिच तुलना गर्नुहोस् ।**

६. **भूमध्यसागरीय हावापानीका क्षेत्रमा धेरै प्राचीन सभ्यता विकास भएको पाइन्छ । किन यस्तो भएको हो, कारण दिनुहोस् ।**

# ६

# शीत प्रदेश

### एक पर्यटक समूहको यात्रा विवरण अध्ययन गरौँ :

#### हाम्रो यात्रा विवरण, २०७९

कुन्साङ, प्रवीण र म ईशानसहित तीन जनाको टोली विश्वको उत्तरी क्षेत्र मुख्यतया उत्तरी क्यानडा, अमेरिकाको अलस्का, ग्रिनल्यान्ड तथा उत्तरी रुसको एक महिने योजना बनाई भ्रमणमा निस्कियौँ । काठमाडौँबाट सिधा मस्कोको हवाईयात्रापछि हामी साइबेरिया क्षेत्रतिर लाग्यौँ । समग्रमा शीत प्रदेश ६०° देखि ९०° उत्तर दक्षिण दुवै अक्षांशमा फैलिएको भए पनि साइबेरिया ६०° देखि ७०° उत्तरी अक्षांशसम्म मात्र फैलिएको रहेछ । ओहो ! चिसो त कति हो कति, चार फिटसम्म हिउँ, हाम्रा ठुला बाक्ला ज्याकेट र न्याना कपडाले बल्ल बल्ल धानेको । यहाँ त दिन र रातको लम्बाइमा धेरै अन्तर हुने रहेछ । ग्रीष्म ऋतुको समयमा दिन अत्यधिक लामा र हिउँद ऋतुमा दिन अत्यधिक छोटा हुने त्यहाँका आदिबासीले बताए । यस क्षेत्रमा ग्रीष्मको तापक्रम १२°C र हिउँदमा -१३°C भन्दा कम हुन्छ ।

चक्रवातका कारणले यहाँ वार्षिक वर्षा ४० देखि ५० से.मि. सम्म हुने रहेछ । तापक्रम कमी भएका कारण माटो सधैँ भिजेको हिलो (bog soil) हुन्छ । ठुला र अग्ला वनस्पति नपाइने यहाँ नेपालको उत्तरी क्षेत्रमा जस्तो नरम काठयुक्त होचा रुखको कोणधारी घना जङ्गलको क्षेत्र रहेछ जसलाई टाइगा जङ्गल (Taiga) भनिने रहेछ । यस्तो विशाल वनजङ्गलको






क्षेत्र समानान्तर रूपमा क्यानाडा र अलस्कासम्म फैलिएको समग्र यात्रा गरिसकेपछि थाहा पाइयो । यो वनजङ्गलको आर्थिक महत्त्व धेरै रहेछ किनकि कागज बनाउन चाहिने अर्ध तरल पदार्थ Pulp यही वनस्पतिबाट तयार पारिने रहेछ । कृषि कार्य कम हुने यस क्षेत्रका मानिसको मुख्य पेसा वनपैदावारमा आधारित नरम काठको व्यवसाय Lumbering हो ।

यस क्षेत्रका मानिसको जीवन कठिन रहेछ । त्यसैले जनसङ्ख्या अत्यन्त कम रहेछ । जाडो अधिक हुने र हिउँ परिरहने भएकाले काठबाट घर बनाई बस्दा रहेछन् । तर पर्यटकका लागि सुविधायुक्त ठुला होटेल र होमस्टेको राम्रो व्यवस्था रहेछ । त्यहाँका पथ प्रर्दशकले हामीलाई हेलिकोप्टर चार्टर गरेर रुसको सुदूर उत्तरी क्षेत्र अर्थात् पृथ्वीको उत्तरी ध्रुवको करिब ८०° अक्षांशको सेरोफेरोमा पुऱ्याउनुभयो । बाफ्रे बाफ हिउँ पनि कति जम्न सकेको हो ! त्यहाँ त हाम्रो देशको हिमाली शृङ्खलामा जस्तै बर्सैभरि हिउँ जमिरहने रहेछ । ७०° देखि ९०° सम्मको अक्षांशको क्षेत्रलाई टुन्ड्रा प्रदेश भनिदो रहेछ । यहाँ ग्रीष्मको तापक्रम १०°C सम्म रहन्छ भने हिउँदमा सधैँभरि ०°C भन्दा तल रही -४५°C सम्म तापक्रम पुग्छ । यहाँ अत्यन्त चिसो र सुक्खा ध्रुवीय वायु चलायमान हुने रहेछ । वार्षिक वर्षा २५ से.मि. भन्दा कम हुन्छ । त्यहाँ झ्याउ, काई, लेउ जस्ता केही वनस्पति ग्रीष्मको समयमा मात्र देखा पर्ने रहेछन् । मानिसको स्थायी बसोबास अत्यन्त न्यून रहेको देखियो । यहाँ फिरन्ते आदिबासी एस्किमो र इन्युट जातका मानिस बसोबास गर्दा रहेछन् । ती मानिसले हिउँमा पाइने सिल माछा र हिम भालुको सिकार गरेर जीविकोपार्जन गरेको देखियो । जनावरका छाला र चराका प्वाँखबाट लुगा तथा पाल बनाई उपयोग गरेको पनि देखियो । यिनीहरू बस्ने घर त हिउँको हुने रहेछ जसलाई इग्लु भनिने रहेछ । कतै जनावरको छालाबाट पनि अस्थायी घर बनेका रहेछन् । जसलाई ट्युपिक्स भनिने रहेछ । यस क्षेत्रका केही ठाउँमा त छ महिना दिन र छ महिना रात पर्छ रे । धन्य, हामी ग्रीष्ममा भ्रमण गरेकाले अँध्यारो महसुस गर्न परेन ।






बसाइँको अन्तिम दिन हाम्रो बिदाइका लागि साइबेरियाका स्थानीयहरूले Ice Marathon को आयोजना गरेका रहेछन् । हामी कठिनले पन्ध्र मिनेट दौडियौँ । त्यसपछि बिदा मागेर हाम्रो यात्रा युरोपको ग्रिनल्यान्डतिर मोडियो । त्यहाँको केही दिनको भ्रमणपश्चात् हामी उत्तरी क्यानाडा र अमेरिकाको अलस्कामा पुग्यौँ । साइबेरियाको जस्तै हावापानी र वनस्पति त्यहाँ पनि पाइने रहेछ । त्यहाँका आदिवासीको जीवनशैली अलिक विकसित र आधुनिकताले प्रभाव पारेको पाइयो । जनघनत्व अति कम रहेछ । उत्तरी ध्रुवको त जानकारी प्रत्यक्ष अवलोकन गरेर प्राप्त भयो तर समान अक्षांशको दक्षिणी ध्रुवमा कस्तो हावापानी होला भन्ने जिज्ञासा

हाम्रो मानसपटलमा जाग्यो । हामी तीनै जना अलस्काको एक होटेलमा बेलुका सुत्ने वेला ल्यापटप खोलेर गुगल सर्च र युटुब हेर्‍यौँ । दक्षिणमा अन्टार्टिका रहेको र अति विषम हावापानीका कारण मानव बस्ती नरहेको र यहाँ पेन्गुइन चरा पाइने तथ्य पत्ता लगायौँ । अर्को दिन बिहान आफ्ना सम्पूर्ण सामग्री प्याक गरी हवाईजहाजबाट अमेरिकाको वासिङ्टन डि.सी. पुग्यौँ । त्यस दिन परिवारका सदस्य तथा इष्टमित्रलाई केही सामान र चकलेट खरिद गर्‍यौँ । अर्को दिन एक महिने भ्रमण अति छोटो भएको महसुस गर्दै काठमाडौँ फर्कियौँ ।

## क्रियाकलाप

१. नेपालको हिमाली क्षेत्रमा पनि ध्रुवीय क्षेत्रमा जस्तै टुन्ड्रा हावापानी पाइन्छ तर जनजीवन भने फरक छ, किन होला ? विभिन्न स्रोतसामग्री अध्ययन गरी लेख्नुहोस् ।

२. उत्तरी ध्रुवको शीत प्रदेशमा अवस्थित राष्ट्र विकसित छन् यद्यपि एस्किमो र इन्युट जातका मानिसको जीवनशैली परम्परागत रहेको छ । के त्यहाँको सरकारले उनीहरूको जनजीविका परिवर्तनमा ध्यान नदिएर हो वा अन्य केही कारण छन्, समूहगत छलफल गर्दै नेपालका राउटे जातिलाई तिनीहरूसँग तुलना गर्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

३. पाठमा दिइएअनुसार तीन जनाको टोली विश्वको उत्तरी क्षेत्रको भ्रमण गरे । अब तपाईँ कल्पना गर्नुहोस् कि तिनीहरूले के कस्तो बन्दोबस्तीका सामग्रीहरू आफूसँगै लगेका थिए होलान् । यदि तपाईँले पनि उक्त भ्रमण गर्न परेको भए के कस्ता थप बन्दोबस्तीका सामग्रीहरू लैजानुपर्थ्यो होला, समूहमा छलफल गरी दिइएको तालिकामा प्रस्तुत गर्नुहोस् :

| क्र.स. | सम्भावित सामग्री | परिमाण |
|---|---|---|
| १. | ठुलो भुवादार ज्याकेट | १ थान |
| २. | ऊनको टोपी | २ थान |
| ३. | | |
| | | |
| | | |

**अभ्यास**

१. **शीत प्रदेशको अवस्थिति उल्लेख गर्नुहोस् ।**

२. **टाइगा भनेको के हो, यसको महत्त्व बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।**

३. **अति चिसो ठाउँ हुँदा पनि टुन्ड्रा प्रदेशका आदिवासीहरू हिउँकै घर इग्लुमा बस्छन्, किन ? कारण दिनुहोस् ।**

४. **शीत प्रदेशको अति उत्तरी र दक्षिणी केही भागमा छ महिना दिन र छ महिना रात हुन्छ । के कारणले यस्तो भएको होला ?**

## परियोजना कार्य

तपाईंले कुनै क्षेत्रको भौगोलिक भ्रमण गर्नुभएको होला । उक्त भ्रमणमा कस्तो योजना निर्माण गरिएको थियो, प्रस्तुत गर्नुहोस् । योजनाअनुरूप भ्रमण सफल भएको दृष्टान्त प्रस्तुत गर्दै एक प्रतिवेदनसमेत तयार पार्नुहोस् ।

# ६ विश्वको हावापानी : धरातलीय विविधता र प्रभाव

विश्वको हावापानी र धरातलीय विविधताले वनस्पति, वन्यजन्तु र जनजीवनमा कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा अनुसन्धान गर्नका लागि एक अन्तर्राष्ट्रिय संस्थाले इन्डोनेसियाको बालीमा कार्यक्रमको आयोजना गरेको थियो । त्यहाँ विभिन्न भौगोलिक क्षेत्रका मानिसलाई प्रतिनिधिका रूपमा आमन्त्रण गरिएको थियो । प्रतिनिधिहरूले आफ्नो भौगोलिक क्षेत्रको हावापानी, धरातलीय विविधता र प्रभाव सम्बन्धमा व्यक्त गरेका विचारको नेपाली रूपान्तरणको केही अंश यसप्रकार रहेको छ :

नमस्कार तथा शुभप्रभात । मेरो नाम पेद्रो लुकास हो । म ब्राजिलबाट प्रतिनिधित्व गर्छु । सर्वप्रथम यति राम्रो र समय सान्दर्भिक कार्यक्रम गरेकामा आयोजकप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । उष्ण मण्डलको भूमध्यरेखीय हावापानीको क्षेत्रमा मेरो बसोबास रहेको छ । बर्सैभरि एकैनासको गर्मी र आद्र हावापानी पाइने भएकाले मेरो क्षेत्रमा सदावहार कडा काठका थोरै हाँगायुक्त ठुला वनस्पति पाइन्छन् । यहाँ रबर, टिक, साल, रोजवुड, एबोनि आदि वनस्पति पाइन्छन् । यस्तै ठुला शरीर भएका हात्ती, गैँडा, बाघ, भालु, अजिङ्गर, गोही, विभिन्न जातका सर्प, मयूर, सारस वन्यजन्तु पाइन्छन् । यहाँको जमिन समथर छ । समान उचाइको जमिन हुने भएकाले हावाहुरी कम चल्छ भने बाढीको प्रकोप झेल्नुपर्छ । धेरै गर्मी भएकाले कहिलेकाहीँ हामीलाई काम गर्न अल्छी लाग्छ । काठजन्य उद्योग प्रशस्त छन् । अमेजन बेँसीमा परम्परागत जीवनशैली भएका आदिवासी रेड इन्डियन बस्छन् । यहाँ पातलो कपडा लगाउने गरिन्छ । खरको छानायुक्त घरको प्रयोग बढी छ । जनसङ्ख्या वृद्धिका कारण वनजङ्गलको अतिक्रमण बढिरहेको छ । क्रिसमस हाम्रो मुख्य चाड हो । धन्यवाद ।

नमस्कार, मेरो नाम एड्रियाना मुलर हो । म युरोपको जर्मनीबाट आएकी हुँ । हाम्रो देश समशीतोष्ण मण्डलको भूमध्यसागरीय क्षेत्रमा पर्छ । यहाँ हिउँदमा पानी पर्ने र ग्रीष्म सुक्खा अनि गर्मी हुन्छ । हाम्रो देशमा पतझर प्रकारका वनस्पति पाइन्छन् । बाँदर, स्याल, बाघ, दुम्सीलगायतका जनावर पाइन्छन् । यहाँ साना पहाड, उपत्यका र समथर जमिन छ । यहाँका मानिस जाँगरिला र सिर्जनशील छन् । यहाँ कृषिजन्य र औद्योगिक वस्तुको उत्पादन बढी हुन्छ । कला, साहित्य एवम् विज्ञानका अतिरिक्त उद्योग, व्यापार र सेवा क्षेत्रको विकासमा यो क्षेत्र अग्रणी छ । अग्ला अग्ला गगनचुम्बी महल निर्माण भएका छन् । मानिसको जीवनशैली उन्नत छ । हाम्रो क्षेत्रमा धेरैजसो न्याना कपडा लगाइन्छ । यहाँ क्रिसमस, इस्टरलगायतका चाडपर्व धुमधामका साथ मनाइन्छ ।









शुभप्रभात सबैमा, म क्यानाडाबाट आएको हुँ । मेरो नाम लियाम ब्राउन हो । म बसेको स्थानमा शीत प्रदेशअन्तर्गत साइबेरिया प्रकारको हावापानी पाइन्छ । यहाँ बर्सैभरि अत्यन्तै चिसो हुने, हिउँ पर्ने र चिसो हावाहुरी चल्छ । यहाँ अग्ला हिमाल र पहाड भएको जमिनको स्वरूप छ । बस्ती पातलो छ भने घरहरू होचा छन् । हामीले बर्सैभरि बाक्ला न्याना कपडा लगाउँछौँ । कृषि, साहसिक पर्यटन, पशुपालन र घरेलु उद्योग हाम्रा पेसा हुन् । यहाँ कोणधारी वनस्पति प्रशस्त पाइन्छन् । यी वनस्पति त्रिकोण आकारका हुन्छन् र पात मसिनो हुन्छ । लचकदार हाँगा र बाक्लो बोक्रा हुन्छ । सल्ला, धुपी, देवदार, फर, स्प्रुस आदि हाम्रो देशमा पाइने वनस्पतिका उदाहरण हुन् । हिमचितुवा, हिमाली भालु र हाँस प्रजातिका चरा यहाँ पाइने जीवजन्तु हुन् ।

## क्रियाकलाप

१. तपाईँ बसेको क्षेत्रको धरातलीय स्वरूप र हावापानीले स्थानीय जनजीवनमा पारेको प्रभावलाई निम्नलिखित तालिकामा प्रस्तुत गर्नुहोस् :

| वनस्पति | जीवजन्तु | जनजीवनमा पारेको प्रभाव |
|---|---|---|
| | | |

२. अल्छीपना, सिर्जनशीलता, खाना रुच्ने नरुच्ने, पहिरन, भ्रमण आदि व्यवहार सामान्यतया ऋतुअनुसार निर्धारित हुन्छन्, कसरी ? वर्षभरि आफूले गर्ने क्रियाकलाप र भावनाका आधारमा आफ्ना अनुभव कारणसहित कक्षामा सुनाउनुहोस् ।

## अभ्यास

१. **धरातलीय स्वरूपले जनजीवनमा प्रभाव पार्छ भन्ने तथ्यलाई नेपालको दृष्टान्त दिई प्रमाणित गर्नुहोस् ।**

२. **सभाना क्षेत्रमा धेरै प्रजातिका जनावर पाइन्छन्, किन ? कारण दिनुहोस् ।**

३. **नेपालको उत्तरी क्षेत्र पाँच हजार मिटर माथिको उचाइमा बोटबिरुवा पाइँदैन, किन ?**

४. **संस्कृति र संस्कारलाई पनि हावापानी र धरातलले प्रभाव पारेको हुन्छ भन्ने तथ्यलाई आफ्नो परिवेशको उदाहरण दिई प्रस्ट पार्नुहोस् ।**

# ७ उत्तर अमेरिका महादेश

## परिचय




उत्तर अमेरिका महादेश पृथ्वीको उत्तरी र पश्चिमी गोलार्धमा पर्छ । यो महादेश १०° उत्तरदेखि ८०° उत्तरी अक्षांश र २०° पश्चिमदेखि १६०° पश्चिमी देशान्तरसम्म फैलिएको छ । पृथ्वीको करिब २,४७,०९,००० वर्ग कि. मि. अर्थात १६.९% क्षेत्रफल ओगटेको यो महादेशको उत्तर दक्षिण सरदर लम्बाइ ७२०० कि.मि. र पूर्वपश्चिम चौडाइ लगभग ४८०० कि.मि. रहेको छ । यसको उत्तरमा सुमेरु महासागर, पूर्वमा आन्ध्र महासागर, दक्षिणमा दक्षिण अमेरिका र पश्चिममा प्रशान्त महासागर रहेका छन् । यो क्षेत्रफलका आधारमा तेस्रो र जनसङ्ख्याका आधारमा चौथो ठुलो महादेश हो । यस महादेशको सबैभन्दा अग्लो पर्वत माउन्ट म्याकिन्ले (६१९४ मि.) हो भने सबैभन्दा होचो भूभाग मृत उपत्यका (समुद्री सतहबाट ८६ मि.गहिरो) हो । यहाँको सबैभन्दा ठुलो ताल सुपेरियर ताल हो । लामो नदी मिसिसिपी मिसौरी (६२७५ किमि), ठुलो देश क्यानडा र सानो देश सेन्ट भिसेन्ट एन्ड नेभिस हो । सन् १४९२ मा क्रिस्टोफर कोलम्बसले पत्ता लगाएका हुनाले उत्तर अमेरिकालाई नयाँ संसार पनि भनिन्छ ।

### भौगोलिक स्वरूप र हावापानी

| भौगोलिक क्षेत्र | अवस्थिति | हावापानी |
|---|---|---|
| रकी पर्वत श्रेणी क्षेत्र | पश्चिमी क्षेत्रमा उत्तर दक्षिण भएर फैलिएको लामो पर्वत शृङ्खला | यहाँ शीतोष्ण प्रकारको हावापानी पाइन्छ । यहाँ हिम शृङ्खला रहेको छ । यो बर्सैभरि चिसो हुने क्षेत्र हो । |

| भौगोलिक क्षेत्र | अवस्थिति | हावापानी |
|---|---|---|
| अपलेचियन पर्वत श्रेणी क्षेत्र | पूर्वी भागमा रहेको, उत्तर दक्षिण फैलिएको होचो पर्वत श्रेणी | यस क्षेत्रमा शीतोष्ण प्रकारको हावापानी पाइन्छ । यहाँ पर्वत शृङ्खला रहेको छ । |
| प्रेरिजको मैदान क्षेत्र | मेक्सिको खाडीदेखि केहीभित्र उत्तरमा क्यानाडाको जङ्गलसम्म फैलिएको समशीतोष्ण घाँसे भूमिको विशाल मैदान | समथर मैदान रहेको यस क्षेत्रमा सुक्खा र चिसो हावापानी पाइन्छ । |
| ग्रेट ताल क्षेत्र | अपलेचियन पर्वत श्रेणीदेखि पश्चिममा विशाल तालहरू (सुपेरियर, मिचिगन, हुरेन, इरी र ओन्टेरियो) को भूभाग नायग्रा झरना इरी र ओन्टेरियो तालका बिचमा अवस्थित छ । | समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । यहाँको हावापानी आद्र हुन्छ । |
| पूर्वी किनारी क्षेत्र | उत्तर अमेरिकाको पूर्वी किनारा हुँदै दक्षिण पूर्वमा मेक्सीको खाडीसम्म फैलिएको छ । | समशीतोष्ण सामुद्रिक हावापानी पाइन्छ । |
| मरुभूमि क्षेत्र | उत्तर अमेरिकाको क्यालिफोर्नियाका उत्तरी भागमा अवस्थित सोनरान मरुभूमिको क्षेत्र | सुक्खा मरुस्थलीय हावापानी पाइन्छ । |
| उत्तरी जङ्गल क्षेत्र | अलस्कादेखि क्यानाडाको मध्य भाग हुँदै क्यानाडाको पूर्वी भागसम्म फैलिएको कोणधारी जङ्गलको क्षेत्र (टायगा) | चिसो वा शीतोष्ण हावापानी पाइन्छ । |
| दक्षिणी पश्चिम क्षेत्र | क्यालिफोर्नियाको पश्चिमी किनारी क्षेत्र | हिउँदमा ठन्डा र वर्षा हुने र ग्रीष्ममा गर्मी र सुक्खा हुने भूमध्यसागरीय हावापानी पाइन्छ । |

## वनस्पति

हावापानीले उत्तर अमेरिकाको वनस्पतिलाई प्रभाव पारेको छ । उत्तरी भागमा चिसो र ओसिलो हावापानी हुनाले टुन्ड्रा वनस्पति पाइन्छ भने सोभन्दा दक्षिणतर्फ क्यानाडाको उत्तरी भागमा घना कोणधारी जङ्गल पाइन्छ । मध्य मैदानी भागमा बाक्लो घाँसेमैदान छ । यसलाई प्रेरिज भनिन्छ । यस्तै दक्षिण पूर्वी भाग र सेन्टलरेन्स क्षेत्रमा पतझर वनस्पति पाइन्छ । मध्य दक्षिणी क्षेत्रमा उष्ण सदावहार जङ्गल पाइन्छ ।

## आर्थिक गतिविधि र सामाजिक जनजीवन




उत्तर अमेरिका विश्वको विकसित महादेश हो । क्यानाडा र संयुक्त राज्य अमेरिकाले अतुलनीय पूर्वाधारको निर्माण, सञ्चालन र आर्थिक वृद्धि गरेका छन् । दक्ष जनशक्तिको पर्याप्तता र उचित व्यवस्थापन, अधिकतम स्रोत र साधनको परिचालन भएकाले उत्तर अमेरिकाको आर्थिक अवस्था निकै मजबुत रहेको छ । विश्वका अधिक प्रतिव्यक्ति आय हुने मुलुकको शीर्ष स्थानमा अमेरिका र क्यानाडा पर्छन् । सेवा तथा उद्योग एवम् प्रविधिमा यहाँका मानिसको संलग्नता रहेको छ । कृषिमा मानिसको कम संलग्नता भए पनि आधुनिक र व्यावसायिक खेतीका कारण उत्पादन प्रशस्त हुँदा देश आत्मनिर्भर बनेका छन् । गहुँ र मकै यहाँका प्रमुख खाद्यवाली हुन् । यहाँ पर्यटन उद्योग फस्टाएको छ । यहाँ तामा, फलाम, कोइला, सुन, निकेल, प्लाटिनम, चाँदी लगायतका खनिजमा आधारित उद्योग सञ्चालित छन् । यहाँ प्रशस्त मात्रामा पेट्रोलियम पदार्थ पनि पाइन्छ ।

सुरुमा युरोपबाट बसाइँ सरी गएका गोरा जातिका मानिसले यहाँका आदिवासीलाई शासन गरेका थिए । विगतमा फ्रेन्च र अङ्ग्रेजी भाषीहरूको बढी बसोबास रहेको भए तापनि हिजोआज संसारका सबै क्षेत्रबाट मानिस पुगेका छन् । संयुक्त राज्य अमेरिका त संसारका मानिसको मिश्रित बसोबास रहेको देश बन्न पुगेको छ । विभिन्न प्रकृतिको भिसाबाट

अमेरिका र क्यानाडामा पुग्ने मानिसको सङ्ख्या बढ्दो छ । लोकतन्त्र, स्वतन्त्रता, समानता, समावेशिता र समता यहाँको सामाजिक जीवनका विशेषता हुन् । मानव सुरक्षादेखि आयआर्जनका प्रशस्त सुविधा भएकाले यस महादेशका मानिसको जीवनशैली उन्नत छ । उत्तरी भेगमा भने फिरन्ते इन्युट जातिका मानिस बस्छन् ।

### क्रियाकलाप

१. नेपाल कृषि प्रधान देश भएर पनि कृषि उत्पादनमा आत्मनिर्भर बन्न नसकेको सन्दर्भमा जम्मा ३% मानिस कृषिमा संलग्न रही खाद्यान्नमा आत्मनिर्भर बनेको संयुक्त राज्य अमेरिकाबाट के शिक्षा पाइन्छ, खोजी गरी लेख्नुहोस् ।

२. उत्तर अमेरिकाको रेखाङ्कित नक्सा कोर्नुहोस् र एटलसको सहायताले निम्नलिखित तथ्यहरू भर्नुहोस् । प्रमुख पर्वतमाला र हिम शृङ्खला, प्रमुख खाडी, प्रमुख नदी र ताल, विविध वनस्पतिका क्षेत्र, विभिन्न खनिज उत्पादनका स्थल, देश र तिनका प्रमुख सहर, पानामा नहर, प्रेरिजको क्षेत्र, मृत उपत्यका, आँधीहुरी आउने क्षेत्र, मरुभूमिको क्षेत्र आदि ।

३. नेपालको लेकाली घाँसेक्षेत्र र प्रेरिजको घाँसेमैदानबिच के के भिन्नता पाइन्छन्, समूहमा छलफल गरी लेख्नुहोस् ।

### अभ्यास

**१. उत्तर अमेरिकाका विकसित राष्ट्र र नेपालबिच आर्थिक सामाजिक अवस्थाको तुलना गर्नुहोस् ।**

**२. अमेरिकाको क्यालिफोर्निया क्षेत्रमा हिउँदमा र दक्षिण पूर्वी क्षेत्रमा ग्रीष्ममा पानी पर्छ । एउटै देशमा पनि यस्तो भिन्नता किन भएको होला, कारण दिनुहोस् ।**

**३. मानौँ, तपाईँ उत्तर अमेरिकाको उत्तरी क्यानाडाको बासिन्दा हुनुहुन्छ । तपाईँले गर्ने आर्थिक क्रियाकलाप के के हुन्छन् ? सामाजिक रहनसहन र त्यहाँको वनस्पति कस्तो हुन्छ, विवरण प्रस्तुत गर्नुहोस् ।**

**४. उत्तर अमेरिकाका पूर्वी क्षेत्रमा पश्चिमी क्षेत्रभन्दा ठुला सहर विकास भएका छन् । यसका कारणहरू उल्लेख गर्नुहोस् ।**

# ८ दक्षिण अमेरिका महादेश

## अवस्थिति

दक्षिण अमेरिकाको अधिकांश भूभाग दक्षिण र पश्चिमी गोलार्धमा पर्छ । यो महादेश १२° उत्तरी अक्षांशदेखि ५५° दक्षिणी अक्षांश र ३५° पश्चिमी देशान्तरदेखि ८०° पश्चिमी देशान्तरसम्म फैलिएको छ । यसको क्षेत्रफल १,७८,४०,००० वर्ग कि.मि. रहेको छ । यो कूल विश्व भूक्षेत्रको ११.९६ प्रतिशत ओगटेको चौथो ठुलो महादेश हो । यो महादेशको पूर्वमा आन्ध्र महासागर, पश्चिममा प्रशान्त महासागर, उत्तरमा उत्तर अमेरिका र दक्षिणमा कुमेरु महासागर रहेका छन् । पानामा नहरले यो महादेशलाई उत्तर अमेरिकाबाट छुट्याउँछ ।




## भौगोलिक अवस्था

दक्षिण अमेरिका महादेशको उत्तरी भूभागमा भूमध्य रेखा पर्छ । यो महादेशको पश्चिमपट्टि उत्तरदेखि दक्षिणसम्म फैलिएको एन्डिज पर्वतमाला रहेको छ । विश्वकै सबैभन्दा लामो यो पर्वतमाला (७,००० कि.मि.) दक्षिणमा चिलीदेखि उत्तरमा भेनेजुयलासम्म फैलिएको छ । एन्डिज पर्वतमालाको सबैभन्दा अग्लो हिमाल अकान्नकागुवा (६,९६० मि.) हो । यस पर्वतमालामा उच्च समस्थलीसमेत रहेका छन् । सर्वाधिक उचाइमा रहेको टिटिकाका ताल पनि यस पर्वतमालामा रहेको छ । यो पर्वतमाला भूकम्प र ज्वालामुखीका दृष्टिले प्रकोपयुक्त क्षेत्र हो ।

दक्षिण अमेरिका महादेशको पूर्वी भागमा पुरानो कडा चट्टानयुक्त ब्राजिलियन उच्चभूमि छ । पूर्वोत्तर क्षेत्रमा गायनाको उच्चभूमि पर्छ । महादेशको पश्चिमको एन्डिज र पूर्वी

उच्चभूमिका बिचमा संसारकै सबैभन्दा ठुलो नदी अमेजन तथा ओरिन्को नदीले बनाएको विशाल मैदानी क्षेत्र छ । मध्य क्षेत्रमा पाराना, पाराग्वे र उरुग्वे नदीले बनाएको निम्न भूमि छ, जसलाई ग्रान चा को निम्न भूमि भनिन्छ । यो एन्डिज पर्वत र ब्राजिलियल उच्च भूमिका बिचमा अवस्थित छ । ब्राजिल मध्य भागमा मटोग्रसो उच्च समस्थली पर्छ । पम्पास भनिने घाँसेमैदान क्षेत्र पनि यहीबिचमा रहेको छ । यो महादेशको सुदूरदक्षिण पूर्वी क्षेत्रमा चिसो पाटागोनिया मरुभूमि छ । यो उच्च भूमि पनि हो । भेनेजुयलाको उत्तरी क्षेत्रमा संसारको सबैभन्दा अग्लो एन्जेल झरना (९७९ मि.) अवस्थित छ । त्यस्तै चिलीको उत्तर पश्चिमी भागमा अटाकामा मरुभूमि पर्छ । जम्मा १४ देश रहेको यस महादेशमा बोलिभिया र पाराग्वे भूपरिवेष्टित राष्ट्र हुन् ।

## हावापानी

अमेजन बेँसी क्षेत्रमा बर्सैंभरि गर्मी हुन्छ । यहाँ ओसिलो हावापानी पाइन्छ । भूमध्यरेखीय क्षेत्र हुनाले यहाँ दैनिक घनघोर वर्षा हुन्छ र बाढी आइरहन्छ । त्यस्तै महादेशका किनार क्षेत्रमा पनि सामुद्रिक प्रभावले बर्सैंभरि वर्षा भइरहन्छ । यस महादेशको मध्य क्षेत्रका कतिपय भूभागमा अनिश्चित वर्षा हुन्छ । यस क्षेत्रमा लामो खडेरी परिरहन्छ । यस महादेशको पूर्वोत्तर किनार क्षेत्रमा मनसुनी प्रकारको हावापानी पाइन्छ । यस महादेशको चिलीको मध्यभागमा भूमध्य सागरीय प्रकारको हावापानी पाइन्छ । यसको उत्तरी खण्डमा अटाकामा मरुभूमि पर्ने भएकाले उष्ण मरुस्थलीय किसिमको हावापानी पाइन्छ । यसरी यो महादेशमा हावापानीको विविधता रहेको छ ।

## वनस्पति

अमेजन बेँसी क्षेत्रमा गरम आद्र हावापानी हुनाले घना उष्ण सदावहार जङ्गल रहेको छ । सेल्वास भनिने यो संसारकै सबैभन्दा विस्तृत क्षेत्रमा फैलिएको जङ्गल हो । यो क्षेत्रको जङ्गलमा कडा काठका अग्ला वनस्पति पाइन्छन् । पूर्वोत्तर क्षेत्रको उच्चभूमिमा प्रशस्त घाँस पाइन्छ । मध्य र दक्षिण पूर्वी क्षेत्रमा पम्पास भनिने घाँसे मैदानको क्षेत्र छ । मरुस्थलीय क्षेत्रहरू वनस्पतिविहीन छन् । कतै कतै क्याक्टस प्रजातिका वनस्पति पाइन्छन् ।

## सामाजिक आर्थिक क्रियाकलाप

इतिहासमा लामो समयसम्म युरोपेली उपनिवेशबाट गुज्रिएको दक्षिण अमेरिका महादेशको सामाजिक आर्थिक क्रियाकलाप युरोपबाट प्रभावित रहेको देखिन्छ । अमेजन बेँसीमा प्रारम्भिक जीवनशैलीका रेड इन्डियनहरू बस्छन् । युरोपबाट स्पेनिस र पोर्चुगालीहरू

बसाइँ सरी दक्षिण अमेरिका पुगेका थिए । तिनीहरूले दक्षिण अमेरिकाका आदिवासीलाई परास्त गरी त्यहाँको इन्का सभ्यता लोप गराई आफ्नो शासन सत्ता स्थापित गरेका थिए ।

विभिन्न अवसरको खोजीमा मानिस मध्य क्षेत्रबाट महादेशको किनार क्षेत्र र ठुला सहरमा बसाइँ सरिरहेका छन् । तसर्थ पूर्वी किनारा क्षेत्रमा जनआवादी निकै घना छ भने मध्य क्षेत्रमा जनशक्तिको अभाव छ । ब्राजिल संसारमा सबैभन्दा धेरै मात्रामा कोका, कफी र उखु उत्पादन गर्ने राष्ट्र हो । अर्जेन्टिनामा प्रशस्त मात्रामा गहुँको उत्पादन हुन्छ । यहाँको पम्पासलगायत घाँसेमैदान क्षेत्रमा ठुलो सङ्ख्यामा भेडा तथा गाईवस्तु पालिन्छ । यहाँका भेडा मासुका लागि उपयुक्त मानिन्छन् । त्यसैले यहाँबाट युरोपेली मुलुकमा मासु निर्यात गरिन्छ । एन्डिज पर्वतीय क्षेत्रमा आदिवासीले लामा (Lhama) जातका भेडा पाल्छन् । यहाँका भेडा मासु र ऊनका लागि प्रयोग हुन्छन् भने भारी बोकाउन पनि प्रयोग हुँदै आएका छन् । पर्वतीय क्षेत्रमा पशुपालनका साथै पर्यटन कार्य पनि फस्टाउँदो छ । तामा, फलाम, सुन, आल्मुनियम, पेट्रोल, हिरा, कोइला आदि यो महादेशमा पाइने खनिज हुन् । अटाकामा मरुभूमिमा विशाल सुनखानी रहेको छ । त्यहाँ सुनको उत्खनन गर्न बहुराष्ट्रिय कम्पनीहरू संलग्न छन् । यो महादेशको अधिकांश व्यापार युरोपसँग हुन्छ । यहाँका मानिसले रोमन क्याथोलिज्म, प्रोटेस्टेन्ट क्रिस्चियन, हिन्दु र इस्लाम धर्म मान्छन् । युरोपेली उत्पत्तिका पुर्तगाली, रेड इन्डियन, निग्रो, म्युलेटोस, मेस्टिजोस आदि यहाँका प्रमुख जाति हुन् ।

### क्रियाकलाप

१. विभिन्न स्रोतको अध्ययन गरी दक्षिण अमेरिकाको भौगोलिक स्वरूप र विशेषता लेखी तलको तालिका पूरा गर्नुहोस् :

| भौगोलिक क्षेत्र | अवस्थिति | हावापानी | आर्थिक क्रियाकलाप |
|---|---|---|---|
| एन्डिज पर्वतमाला | | | |
| अमेजन बेँसी | | | |
| | | | |
| | | | |
| | | | |

२.	दिइएका दुई चित्रको अध्ययन गर्नुहोस् र तिनीहरू पाइने ठाउँ, हावापानीको अवस्था, उपयोगितालगायतका विषयमा तुलना गरी एक लेख तयार पार्नुहोस् ।

३.	दक्षिण अमेरिकाका दुई राष्ट्रहरू अर्जेन्टिना र ब्राजिल विश्व फुटबलका हस्ती हुन् । त्यहाँ फुटबललाई सरकारले ठुलो महत्त्व दिएको र खेल पर्यटनको विकास गरेको पाइन्छ । नेपालले त्यस कार्यबाट के शिक्षा लिन सक्छ ? विश्व खेलकुदको संसारमा आफूलाई चिनाउन नेपालले कुन मौलिक खेलको विकास गर्न प्राथमिकता दिनुपर्छ, छलफल गरी लेख्नुहोस् ।

४.	दक्षिण अमेरिकाको नक्सा बनाई निम्नलिखित तथ्यहरू भर्नुहोस् :

एन्डिज पर्वत माला, अमेजन बेँसी, ब्राजिलियन उच्चभूमि, अटाकामा मरुभूमि, सेल्भास क्षेत्र, पम्पास घाँसेमैदान, केपहर्न, ग्यालाप्यागस टापु, टिटिकाका ताल, ओरिन्को नदी, गायना उच्चभूमि, पटागोनिया मरुभूमि, एन्जल झरना, फोक्ल्यान्ड टापु ।

## अभ्यास

**१.	अमेजन बेँसीमा पाइने जङ्गलको आर्थिक महत्त्व लेख्नुहोस् ।**

**२.	दक्षिण अमेरिकी राष्ट्रहरूले त्यहाँ उपलब्ध खनिजको प्रयोग गरी समृद्धि ल्याउन के गर्नुपर्छ, सुझाव प्रस्तुत गर्नुहोस् ।**

**३.	दक्षिण अमेरिकी मानिसको जीवनशैली किन मौलिक नभई युरोपको प्रभाव रहेको छ, कारण दिनुहोस् ।**

**४.	नेपाल र दक्षिण अमेरिकी राष्ट्रहरूबिच प्राकृतिक र आर्थिक क्षेत्रका समानता तथा भिन्नता छुट्याउनुहोस् ।**

# १ अफ्रिका महादेश

## भौतिक अवस्थिति र वनस्पति




अफ्रिका क्षेत्रफलको हिसाबले विश्वको दोस्रो ठुलो महादेश हो । यस महादेशले पृथ्वीको कुल भूभागको करिब २०.२५% अर्थात् ३,०२,२१,५३२ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । अफ्रिका ३७° उत्तरी अक्षांशदेखि ३५° दक्षिणी अक्षांशसम्म र १८° पश्चिम देशान्तरदेखि ५१० पूर्वी देशान्तरसम्म फैलिएको छ । यस महादेशको पूर्वमा हिन्द महासागर तथा लालसागर, पश्चिममा आन्ध्र महासागर, उत्तरमा भूमध्यसागर र दक्षिणमा कुमेरु महासागर पर्छन् । यसको उत्तर दक्षिण लम्बाइ सरदर ८००० कि.मि. र पूर्वपश्चिम चौडाइ ७४०० कि.मि. रहेको छ । यो महादेशलाई भूमध्यरेखाले लगभग बिच भागबाट काटेर गएको छ । विश्वमा सबैभन्दा धेरै राष्ट्र भएको महादेश अफ्रिका हो । यस महादेशको सबैभन्दा उच्च स्थान किलिमन्जरो पर्वत (५,८९५ मि.) र होचो भाग असाल ताल (समुद्री सतहबाट ५१० फिट गहिरो) रहेको छ । विश्वको सबैभन्दा लामो नाइल नदी (६,६७० कि.मि.) यही महादेशमा पर्छ । विश्वको ठुलो सहारा मरुभूमिसहित कलाहारी र नामिव मरुभूमि पनि यहाँ पर्छन् । यहाँको सबैभन्दा ठुलो ताल भिक्टोरिया हो । यही तालबाट नाइल नदीको उत्पत्ति भएको मानिन्छ ।

भौगोलिक स्वरूप र अवस्थितिको प्रभावले गर्दा यो महादेशको अधिकांश क्षेत्रको हावापानी विषम छ । भूमध्यरेखीय भूभाग र कङ्गो बेँसीमा उष्ण तथा ओसिलो हावापानी पाइन्छ । महादेशको उत्तरमा विशाल साहारा मरुभूमि रहेका कारण त्यहाँको हावापानी अत्यन्त गर्मी र शुष्क छ । दक्षिण पूर्वी भागमा उष्ण मौसमी हावापानी पाइन्छ भने दक्षिण अफ्रिकी उच्च समस्थलीय क्षेत्रमा ग्रीष्ममा धेरै गर्मी र हिउँदमा धेरै जाडो हुने हावापानी पाइन्छ । महादेशको पश्चिमोत्तर क्षेत्र र दक्षिण अफ्रिकाको दक्षिण पश्चिम क्षेत्रमा भूमध्यसागरीय हावापानी पाइन्छ । दक्षिण पूर्वका टापु क्षेत्रमा मौसमी हावापानी पाइन्छ । अफ्रिका महादेशमा वनस्पतिको विविधता रहेको छ ।




भूमध्यरेखीय क्षेत्रमा उष्ण, ओसिलो र व्यापक वर्षा हुने भएकाले त्यहाँ सदावहार जङ्गल पाइन्छ । महादेशको भित्री मध्य भागमा कम वर्षा हुने विशाल रूपमा फैलिएको 'सभाना' घाँसेमैदान क्षेत्र पर्छ । यस महादेशमा पतझर, क्याक्टस, छत्राकार वनस्पति पाइन्छन् । यहाँ जेब्रा, जिराफ, हात्ती, जलगैंडा, अस्ट्रिच, इमु जस्ता जीवजन्तु पाइन्छन् ।

## क्रमशः उज्यालोतर्फ अफ्रिका

लामो अवधिसम्मको भोकमरी, गृहयुद्ध, रोगव्याधी, अशिक्षा र गरिबीबाट गुज्रिएको अफ्रिका हाल शान्ति, विकास र सम्मृद्धितर्फ उन्मुख छ । आठ सयभन्दा बढी जातजातिका मानिस बसोबास गर्ने र दुई हजारभन्दा बढी भाषा बोलिने यो महादेश विविधताको स्थल हो । सभाना, भेल्ड जस्ता विशाल घाँसेमैदान र सयौँ प्रजातिका वन्यजन्तुको वासस्थान, इजिप्टको पिरामिड र भिक्टोरिया झरनाले यहाँको पर्यटन प्रवर्धनमा मदत पुऱ्याएको छ । मध्य अफ्रिकी क्षेत्रको जङ्गल आसपासमा बसोबास गर्ने मानिसको जीवनशैली परम्परागतबाट आधुनिकतातर्फ बढेको छ । अफ्रिका महादेशमा सुन, चाँदी, हिरा, पेट्रोल, तामालगायतका बहुमूल्य खनिज सम्पदा छन् । दक्षिण अफ्रिका विश्वकै सबैभन्दा ठुलो मात्रामा हिराको उत्पादन र निर्यात गर्ने मुलुक हो । मिश्र, गिजाको पिरामिड, नाइल नदीको सभ्यता यहाँका प्राचीन सांस्कृतिक सम्पदा हुन् । अफ्रिकी मुलुकका मानिसको मुख्य पेसा कृषि हो । कृषिको व्यावसायीकरण र आधुनिकीकरणले उत्पादनमा वृद्धि भएको छ । विदेशी लगानीमा सुविधायुक्त ठुला ठुला औद्योगिक तथा व्यावसायिक क्षेत्र स्थापना गरिएका छन् । ती क्षेत्रमा खाद्यान्न, कोका, कफी, केरा र जुट जस्ता रेसादार बाली ठुलो मात्रामा उत्पादन भएको र रोजगारीका अवसरमा उल्लेख्य सुधार आएको छ । दिइएका चार्ट र तालिकाले अफ्रिकाको सामाजिक आर्थिक अवस्था सुधारोन्मुख रहेको देखाउँछ ।

| S/N | Country | 2020 GDP ($Bn) | 2021 GDP ($Bn) | Share of the Economy in Africa |
|---|---|---|---|---|
| 1 | Nigeria | 429.423 | 480.482 | 18.4% |
| 2 | S.Africa | 335.344 | 415.315 | 15.9% |
| 3 | Egypt | 363.245 | 396.328 | 15.2% |
| 4 | Algeria | 147.6 | 163.812 | 6.29% |
| 5 | Morocco | 114.602 | 126.035 | 4.84 |
| 6 | Kenya | 102.427 | 109.491 | 4.2 |
| 7 | Ethiopia | 96.611 | 92.757 | 3.56 |
| 8 | Ghana | 68.498 | 75.487 | 2.9 |
| 9 | Angola | 58.376 | 70.339 | 2.7 |
| 10 | Tanzania | 64.403 | 69.238 | 2.66 |




स्रोत : IMF, 2021

## क्रियाकलाप

१. अफ्रिका महादेश अध्ययनपश्चात् कक्षाका दुई विद्यार्थीबिचको तलको संवाद अध्ययन गरी उत्तर दिनुहोस् :

करिना : हेर साथी, अफ्रिका महादेशका बारेमा पढियो तर मलाई अफ्रिकाको जनजीवन कठिन पो लाग्यो त ?

मनिता : किन तिमीलाई त्यस्तो लाग्यो करिना ?

करिना : त्यति ठुलो महादेशको एकतिहाइ भूभाग त मरुभूमि नै रहेछ । भोकमरी, अशिक्षा र युद्धले मानिसको जीवन अति कष्टकर रहेछ । त्यसैले मैले जनजीबन कठिन रहेछ भनेको नि मनिता ।

मनिता : समस्या त जहाँ पनि हुन्छन् नि, समस्या छन् भनेर समस्या मात्रै केलाएर केही हुँदैन । बरु त्यसको समाधान के हो भन्नेतिर सोच्नु पो बुद्धिमानी हुन्छ त । अफ्रिकामा चुनौती अवश्य छन् तर पनि विकासका सम्भावना पनि उत्तिकै रहेका छन् ।

करिना : खै अफ्रिका महादेशमा कसरी सुधार आउला र ?

मनिता : अफ्रिकामा धेरै मरुभूमि छ भन्यौँ । त्यहाँ मरुद्यानहरू छन् जहाँ कृषि खेती गर्न सकिन्छ । मरुभूमिमा प्रशस्त खनिज तत्त्व, जस्तै : पेट्रोलियम पदार्थ, हिरा आदि पाइन्छ । उँटलगायतका जनावर पालेर व्यावसायिक पशुपालन तथा पर्यटनको विकास गर्न सकिन्छ । यो त एक उदाहरण मात्र हो । यस्ता सम्भावना अफ्रिकामा धेरै छन् ।

करिना : अनि त्यहाँको अशिक्षा, गरिबी र द्वन्द्व कसरी समाधान होलान् त ?

मनिता : अफ्रिका महादेश बिस्तारै आधुनिकतातर्फ उन्मुख छ । यहाँ रोजगारीका अवसरहरू वृद्धि हुँदै जान थालेका छन् । यसले आर्थिक उन्नति हुन्छ, रोजगारी सिर्जना हुन्छ र द्वन्द्व पनि सँगै अन्त्य हुन्छ । यसरी आर्थिक उन्नति भएपछि सबै राम्रो भएन त ।

करिना : त्यो त हो करिना । बल्ल बुझेँ मैले, तिमीलाई धन्यवाद ।

**प्रश्नहरू**

(क) करिना र मनितामध्ये कसको विचार तपाईंलाई मन पऱ्यो र किन ?

(ख) यो संवादबाट तपाईंले के सन्देश प्राप्त गर्नुभयो ?

(ग) सफल र सार्थक जीवनका लागि सकरात्मक सोच हुनु किन जरुरी छ ?

२. एटलस तथा विभिन्न स्रोतसामग्रीको सहायताले अफ्रिका महादेशका हिरा, पेट्रोल र सुन उत्पादक मलुकुहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. अफ्रिका महादेशको नक्सा कोरी निम्नलिखित तथ्य अङ्कित गर्नुहोस् :

एटलस पर्वत श्रेणी, भूमध्य रेखा, सभाना घाँसेमैदान, कङ्गो बेँसी, साहारा मरुभूमि, किलिमन्जरो पर्वत, नाइल नदी, धसान घाँटी, भिक्टोरिया ताल, जिम्बाबे, इथोपियन उच्चभूमि, जाम्बेजी नदी, नाइजर नदी, ओरेन्ज नदी ।

## अभ्यास

**१. 'भौगोलिक स्वरूप र अवस्थितिको प्रभावले गर्दा अफ्रिका महादेशको अधिकांश क्षेत्रमा हावापानी विषम छ ।' यस भनाइलाई कारणसहित पुष्टि गर्नुहोस् ।**

**२. सभाना क्षेत्रलाई संसारको चिडियाखाना किन भनिन्छ, कारणहरू दिनुहोस् ।**

**३. 'अफ्रिका पर्यटनको प्रचुर सम्भावना भएको महादेश हो ।' यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

**४. अफ्रिका महादेशमा पाइने प्रमुख हावापानी बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

**५. नेपालको लेकाली घाँसे क्षेत्र र अफ्रिकाको भेल्डबिच तुलना गर्नुहोस् ।**

## परियोजना कार्य

कक्षाका विद्यार्थी चार समूहमा विभाजन हुनुहोस् । पहिलो समूहले अफ्रिका महादेशका मुख्य प्राकृतिक स्वरूप, जस्तै : पर्वत श्रेणी, नदी, मरुभूमि, ताल र उच्च समस्थलीको विवरण टिप्नुहोस् । दोस्रो समूहले मुख्य सहरी र औद्योगिक क्षेत्रको नाम खोजी गर्नुहोस् । तेस्रो समूहले प्राकृतिक स्रोत साधन वन, खनिज र अन्य सम्पदाका बारेमा खोजी गर्नुहोस् र चौथो समूहले अफ्रिकासँग नेपालको प्राकृतिक, आर्थिक तथा सामाजिक जनजीवनको तुलना गर्नुहोस् । अन्त्यमा सबै समूहले पत्ता लगाएका विवरण कक्षामा प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।


# १० प्राकृतिक प्रकोप : भूकम्प


## भूकम्प के हो ?

पृथ्वीको भित्री भागमा निरन्तर भइरहने हलचलका कारणले बाहिरी भागमा रहेका भौगर्भिक चट्टानका पत्रहरू (Tectonic Plates) एकआपसमा ठोक्किने वा टाढिने वा च्यातिने हुन्छन् । यस क्रममा पृथ्वीको भित्री भागमा जम्मा हुँदै गएको शक्ति एक्कासि बाहिर फैलिँदा पृथ्वीको सतहमा आउने कम्पनलाई भूकम्प भनिन्छ । भूकम्पसँगै तरङ्ग पैदा हुने र टाढा टाढासम्म फैलिने हुन्छ । शक्तिशाली भूकम्पले धनजनमा क्षति पुऱ्याउने गर्छ ।

## भूकम्प के कारणले कहाँ जान्छ ?

पृथ्वीमा मध्यमण्डलको माथिल्लो भागमा पातलो तह वा प्लेट हुन्छ। करिब १०० किलोमिटरको बाहिरी सतह अर्थात् लिथोस्फेयरमा यस्ता सातओटा ठुला र अरू दर्जनौं ससाना टुक्राका प्लेटहरू हुन्छन् । यी प्लेटहरू चलायमान भई एकआपसमा धसिने र घर्षण भइरहने हुन्छ । परिणामस्वरूप ऊर्जा भण्डारण भई भूकम्प जान्छ । यसका अतिरिक्त ज्वालामुखी, आणविक हतियार विस्फोटलगायतका कारणले पनि भूकम्प जान सक्छ ।








नेपालको भूखण्डमुनि दक्षिणतर्फको इन्डियन प्लेट निरन्तर रूपमा उत्तरतर्फ रहेको तिब्बत (युरेसियन) प्लेटको दक्षिणी भागमा प्रतिवर्ष २ से.मि. का दरले घुसिरहेको पाइएको छ । नेपालको उत्तरमा रहेको करिब ३००० मिटर उचाइ भएको पहाडमुनि करिब १५ देखि २५ कि.मि. मा शक्ति सञ्चय हुने गरेको पाइन्छ । यसरी चट्टान र प्लेटहरूको घुस्ने वा जुध्ने क्रममा केही अवरुद्ध हुँदा सञ्चित भएको शक्ति थेग्न नसकेपछि चट्टान अचानक

भाँचिन्छन् । ती चट्टान भाँचिदा उत्पन्न हुने तरङ्ग चारैतिर फैलिन्छ र नेपालमा भूकम्प जान्छ । दुई प्लेटको परस्पर ठक्करबाट भूकम्प जाने क्रमसँगै हिमालय पर्वत शृङ्खला बनेको वा बनिरहेको र अग्लो हुँदै गइरहेको अनुसन्धानले बताएको छ । पूर्वमा म्यानमारदेखि पश्चिममा अफगानिस्तानसम्म करिब २५०० कि.मि. लामो हिमालय पर्वत शृङ्खलाको मध्य भागको करिब ८०० कि.मि. खण्ड नेपालमा पर्छ । त्यसैले नेपाल भूकम्पीय संवेदनशील वा भूकम्पीय जोखिम क्षेत्रका रूपमा रहेको मानिन्छ ।

पृथ्वीको सतहभन्दा ठिकमुनि भूकम्पको उत्पत्ति हुने भागलाई उद्गमविन्दु (Hypocenter) भनिन्छ । उद्गमविन्दुबाट ठिकमाथि पृथ्वीको सतह जहाँ हलचलको पहिलो झड्का महसुस गरिन्छ, त्यस भागलाई केन्द्रविन्दु (Epicenter) भनिन्छ । कहिलेकाहीँ भूकम्पको पूर्व धक्काको (Foreshocks) महसुस गरिन्छ । यस्ता धक्काले पछि ठुला भूकम्प आउने सङ्केत गरेका हुन्छन् । भूकम्पको ठुलो धक्कालाई मुख्य हलचल (Main shock) भनिन्छ । तत्पश्चात् निरन्तर पराकम्पन (Aftershocks) जान्छन् । मुख्य भूकम्प भएका ठाउँमा पछि साना भूकम्प निरन्तर जानु पराकम्पन हो । ठुलो भूकम्पको परकम्पन हप्ता, महिना र बर्सौंसम्म जारी पनि रहन सक्छन् ।

## भूकम्प मापन




भूकम्पलाई सिस्मोग्राफ वा सिस्मोमिटर उपकरणको सहायताले मापन गरिन्छ । यसमा रहेको स्केल जडित ग्राफलाई सिस्मोग्राफ भनिन्छ । सिस्मोग्राफको तलको भाग अथवा आधारलाई जमिनमा मिलाएर राखिएको हुन्छ र एउटा भारी तौल झुन्ड्याइएको हुन्छ । भूकम्पले जमिन हल्लाउँदा सिस्मोग्राफको आधार पनि हल्लिन पुग्छ । यसरी त्यहाँ रहेको स्प्रिङले भूकम्पको मापन गर्छ । यस यन्त्रबाट भूकम्पको वेग (Magnitude), उदगमविन्दु (Hypocenter) तथा केन्द्रविन्दु (Epicenter) आदि पत्ता लगाउन सकिन्छ ।

भूकम्पको उद्गमविन्दुमा शक्ति क्षय भएको रेक्टर स्केलमा गरिने मापन र स्थान विशेषमा भएको कम्पनको मात्रा र त्यसले पुऱ्याउने असर गरी दुई तरिकाले भूकम्प मापन गरिन्छ । भूकम्पको भौतिक असर त्यसको तीव्रता, म्याग्निच्युड, केन्द्रविन्दुबाट स्थान विशेषको दुरी, भौगर्भिक अवस्था, भौतिक संरचनाको दृढता आदि कुरामा निर्भर हुन्छ । भूकम्पको

म्याग्निच्युड १ अङ्कले वृद्धि हुँदा यसको शक्ति ३२ गुणाले वृद्धि हुन्छ भने भूकम्पले ल्याउने कम्पनमा १० गुणाले वृद्धि हुन्छ । अर्थात् ५ रेक्टर स्केलको भूकम्पभन्दा ६ रेक्टर स्केलको भूकम्प ३२ गुणाले शक्तिशाली हुन्छ । यसैगरी ५ रेक्टर स्केलको भूकम्पभन्दा ७ रेक्टर स्केलको भूकम्प १०२४ गुणा शक्तिशाली भई १०० गुणा बढी कम्पन गराउँछ ।

नेपालमा भूकम्प मापनको पहिलो स्थल (Seismic Station) ललितपुरको फुलचोकी डाँडामा स्थापना गरिएको हो । यो केन्द्रबाट प्राप्त हुने भूकम्पीय आँकडाहरू खानी तथा भूगर्भ विभागअन्तर्गतको राष्ट्रिय भूकम्प मापन केन्द्रमा रेकर्ड हुन्छन् । नेपालमा हालसम्म यस्ता स्थल २१ ओटा र दुईओटा भूकम्प मापन केन्द्र रहेका छन् ।

## भूकम्प तथा यसको क्षतिबाट सुरक्षित हुने उपाय

भूकम्पलाई रोक्न सकिँदैन तर यसबाट हुने क्षतिलाई भने कम गर्न सकिन्छ । जनचेतनासँगै निर्माण संहिताको प्रयोग गरी भूकम्प प्रतिरोधी संरचना निर्माणलगायतका निम्नलिखित सावधानी अपनाउँदा सुरक्षित हुन सकिन्छ :

१. एक दुई दिनका लागि पुग्ने चिउरा तथा चाउचाउ जस्ता सुक्खा खाना, टर्चलाइट, सिटी, खानेपानीका बोतल, औषधी र आफ्नो परिचयपत्र रहेको आपत्कालीन झोला सधैँ तयारी अवस्थामा राख्ने

२. भूकम्प प्रतिरोधी संरचनाको निर्माण गर्ने

३. चर्किएका वा भत्किन लागेका घर एवम् अन्य संरचना भित्र नबस्ने

४. भूकम्पका वेला टेबुल, खाट वा डेस्कबेन्चमुनि घुँडा टेकेर गुडुल्किने, ओत लागेर समात्ने र बिस्तारै सुरक्षित खुला ठाउँतिर लाग्ने

५. भूकम्प गएका बेला विद्युत् र ग्यासको स्विच बन्द गर्ने

६. आपतमा परेकालाई आवश्यक सहयोग गर्दै उद्धार कार्यमा संलग्न हुने र सूचनाका लागि रेडियोलगायतका सञ्चारका साधन सुन्ने

७. भूकम्प रोकिएपछि आगलागी हुने, पहिरो जाने, ढुङ्गा खस्ने, बाढी आउनेलगायतका जोखिम पनि हुन सक्छन् तसर्थ सावधानी अपनाउने ।

## क्रियाकलाप

१. वि.सं. १९९० र २०७२ मा नेपालमा गएका भूकम्पले के कति क्षति भएको थियो, सूचना सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको विद्यालयमा शिक्षकले कक्षामा पढाइरहेको समयमा भूकम्प गएको, सावधानी अपनाउँदै सुरक्षित स्थानमा गएको, शिक्षकको निर्देशन मानेको, घाइतेको उद्धार गरेको, साना बालबालिकालाई सामाजिक मनोपरामर्श गरेको चेतनामूलक कृत्रिम घटना अभ्यास गर्नुहोस् ।

३. विभिन्न समूहमा विभाजन भई भूकम्प आउनुपूर्व, भूकम्पका वेला र भूकम्प गइसकेपछि अपनाउनुपर्ने सुरक्षात्मक उपाय समेटी चित्रहरूसहितको फ्लिप चार्ट तयार पार्नुहोस् र विद्यालयमा प्रदर्शनीको आयोजना गर्नुहोस् ।

## अभ्यास

**१. भूकम्प भनेको के हो ?**

**२. 'भूकम्पलाई रोक्न सकिँदैन तर क्षतिको न्यूनीकरण गर्न सकिन्छ ।' यस भनाइलाई उदाहरणसहित पुष्टि पार्नुहोस् ।**

**३. नेपाल भूकम्पकीय जोखिमको क्षेत्र हुनुका कारण प्रस्तुत गर्नुहोस् ।**

**४. भूकम्पको उद्‌गमविन्दु र केन्द्रविन्दुबिच फरक छुट्याउनुहोस् ।**

**५. भूकम्प कसरी मापन गरिन्छ, तरिका उल्लेख गर्नुहोस् ।**

# ११ नक्सा कार्य

पृथ्वीको कुनै अंश वा पूरै भाग कागज वा अन्य वस्तुमा निश्चित नापसहित उतारिएको आकृतिलाई नक्सा भनिन्छ । नक्सा भौगोलिक तथा राजनीतिक तथ्यहरूको प्रस्तुति पनि हो । दिशा, सङ्केत र स्केल वा नापो नक्साका तीन आधारभूत तत्त्व हुन् । खुला हातले कोर्ने नक्सामा दिशा र सङ्केत मात्र देखाउन सकिन्छ तर नापोको प्रयोग गर्न सकिँदैन । नक्सामा सङ्केतका सहायताले विभिन्न तथ्य र तथ्याङ्कको सहज ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । सिमाना, भौगोलिक स्वरूप, उचाइ, वनस्पति, बस्ती, खनिज, वन, माटो, जनसङ्ख्या वितरण, धार्मिक स्थल र सम्पदा, बाली र उत्पादन, विकासका पूर्वाधार आदि नक्सामा देखाउन सकिन्छ । वर्तमान समयमा भौगालिक सूचना र तथ्याङ्कको प्रस्तुतिका लागि नक्सा बनाउने सिप सबैका लागि आवश्यक छ । नक्सा बनाउने सिपलाई कार्टोग्राफी भनिन्छ । नक्सामा यसको शीर्षक, उत्तर दिशा, सङ्केत चिह्न र नापो राख्नुपर्छ । यसबाट प्रवाहित हुने सूचना तथ्याङ्क र स्केलका आधारमा नक्साको विभाजन गरिन्छ । नक्सामा प्रयोग गरिने सङ्केत चिह्न अन्तर्राष्ट्रिय प्रचलनमा आएको हुनुपर्छ ।

### *नक्सा उतार्ने केही विधि*

*(क) स्वतन्त्र नक्साङ्कन विधि : यो विधिअनुसार नक्सा बनाउँदा वास्तविक नक्सालाई हेर्दै उक्त नक्सालाई कापीमा उतार्ने प्रयास गरिन्छ । यसको कुनै वास्तविक स्केल भने हुँदैन ।*

*(ख) टेम्प्लेट विधि : कुनै पनि नक्सालाई बाक्लो कागज वा काठमा उतारेर उक्त काठ वा कागजलाई काटेर नक्सा बनाइन्छ । यस्तो नक्सा दृष्टिविहीन बालबालिकालाई अध्ययन अध्यापन गर्नका लागि प्रयोग गरिन्छ ।*

*(ग) ग्राफिक विधि : वास्तविक नक्सा माथि ग्राफ गरेर नक्साको आकार प्रकार र फैलावटका आधारमा नक्सा उतार्ने विधिलाई ग्राफिक विधि भनिन्छ ।*

*(घ) कार्बन विधि : नक्साको तल कार्बन पेपर राखी नक्सा माथि कुनै सिसाकलम वा पेन्सिलले कोरेर कार्बनको मुनि राखिएको कागजमा नक्सा छाप्ने तरिकालाई नै कार्बन विधि भनिन्छ ।*


*(ङ) ट्रेसिङ विधि : वास्तविक नक्सामाथि ट्रेसिङ पेपर राखी उक्त ट्रेसिङ पेपरमा नक्सा छापेर नक्सा बनाउने विधिलाई नै ट्रेसिङ पेपर विधि भनिन्छ ।*


*(च) जी.पी.एस. विधि : जी.पी.एस. एउटा यस्तो उपकरण हो जसको सहायताबाट सर्वेक्षण गरी नक्सा निर्माण कार्यमा प्रयोग गर्न सकिन्छ ।*

*(छ) जी.आई.एस. विधि : जी.आई.यस. कम्प्युटरमा नक्सा बनाउने एक सफ्टवेयर हो जसको सहायताबाट भूउपग्रहबाट खिचिएको तस्बिरका आधारमा नक्सा बनाइन्छ ।*

नक्सा बनाउने विभिन्न विधि र तरिका रहेका छन् । जिग्सअ, ग्राफिक, ट्रेसिङ, कार्बन कपी, स्वतन्त्र नक्साङ्कन आदि केही उदाहरण हुन् । प्रविधि र उपकरणको विकासले नक्सा निर्माणमा ठुलो फड्को मारेको देखिन्छ । तथापि स्वतन्त्र नक्सा कोर्ने विधि शिक्षण कार्यमा बढी प्रचलनमा रहेको छ । यसमध्ये एक तरिका निम्नअनुसार प्रस्तुत गरिन्छ :


**चरण** १. नेपाल आयतकार छ । 

**चरण** २. नेपाल पश्चिमबाट पूर्वतर्फ ढल्केको छ । 

**चरण** ३. नेपाल पश्चिममा हल्का फराकिलो र पूर्वमा साँघुरिँदै गएको छ । 

**चरण** ४. नेपाल करिब अर्ध चन्द्राकार, जस्तै : मध्यउत्तर भागमा बाङ्गिएको छ । 


**चरण ५.** सीमा क्षेत्रमा स्पष्ट देखिने गरी बाहिर निस्केका चुच्चे भागहरू पश्चिम उत्तरबाट क्रमशः लिपुलेक लिम्पियाधुरा, मुस्ताङ, लाङटाङ, गौरीशङ्कर, सगरमाथा र कञ्चनजङ्घा रहेका छन् । पूर्वमा पाँचथर दक्षिणमा विराटनगर, जनकपुर, चितवन, भैरहवा र धनगढीमा भित्रतिर घुसेका क्षेत्र रहेका छन् ।



यसरी पटक पटकको अभ्यासले नेपालको रेखाङ्कित नक्सा कोर्न सकिन्छ । ग्राफमा बक्स बनाएर पनि नक्सा उतार गर्न सकिन्छ । यस्तै तरिका अपनाएर विभिन्न महादेशका नक्सा पनि उतार्न सकिन्छ ।



नक्सामा सङ्केतको प्रयोग गरिन्छ जसले विशेष अर्थ दिएका हुन्छन् । सङ्केतका माध्यमबाट नक्साको अध्ययन गर्न सकिन्छ । नक्साको प्रयोग र उपादेयता आजको विश्वमा बढ्दो क्रममा रहेको छ । नक्सामा प्रयोग गरिने केही सङ्केत तल दिइएको छ :



## क्रियाकलाप

१. नेपालको नक्सा बनाई प्रमुख हिमाल, नदी, ताल, झरना, सहर, राजमार्ग, धार्मिक स्थल, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, भञ्ज्याङ, उत्पादन क्षेत्र, सात प्रदेश एवम् तिनको राजधानी देखाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाको रेखाङ्कित नक्सा कोर्नुहोस् र मरुभूमिको क्षेत्र, नदीहरू, घाँसे मैदान क्षेत्रहरू देखाई तिनीहरूबिच तुलना गर्नुहोस् ।

३. नक्सामा पर्वत शृङ्खला, विमानस्थल, महासागर, ग्रामीण बस्ती, विद्यालय, अस्पताल र रज्जुमार्गलाई कस्तो सङ्केतद्वारा देखाइन्छ, चार्टपेपरमा कोरी कक्षाकोठामा टाँस गर्नुहोस् ।

## अभ्यास

**१. नक्सा भनेको के हो ? नक्साका आधारभूत तत्त्व के के हुन् ?**

**२. कार्टोग्राफी भनेको के हो ?**

**३. नक्साको उपयोगिताबारे चर्चा गर्नुहोस् ।**

**४. नक्सा कोर्ने विधि उल्लेख गर्दै तरिकासमेत प्रस्तुत गर्नुहोस् ।**

**५. नक्सा र चित्रबिचका भिन्नता लेख्नुहोस् ।**

# १२ नक्सासम्बन्धी आधुनिक प्रविधि

विज्ञान र प्रविधिको द्रुततर विकाससँगै नक्सा निर्माण र अध्ययनमा विभिन्न आधुनिक व्यावहारिक प्रविधि प्रयोगमा आएका छन् । यी प्रविधिले नक्सा निर्माणलाई सहज र सरल बनाउनुका साथै स्पष्ट पनि बनाएका छन् । तीमध्ये केही यसप्रकार रहेका छन् :

## (क) भौगोलिक सूचना प्रणाली (Geographical Information System- GIS)




भौगोलिक सूचना प्रणाली पृथ्वीमा स्थित जानकारी वा तथ्याङ्कलाई एकीकरण, भण्डारण, सम्पादन, विश्लेषण, विभाजन जस्ता कार्य गर्न सकिने सूचना प्रणाली हो । यसले कम्प्युटरलगायतका उपकरणको प्रयोग गरी सफ्टवेयरका माध्यमबाट कार्य गर्छ । भौगोलिक वस्तुको यथार्थ पहिचान, अवस्थिति, भौतिक क्षेत्र, जस्तै : गाउँ, सहर, जिल्ला, प्रदेश, देश आदि देखाउन यो प्रणाली उपयोगी मानिन्छ । यस प्रविधिबाट नक्सामा तथ्याङ्क र विवरण लिङ्क गरेर राख्न सकिन्छ ।

## (ख) भूमण्डलीय अवस्थिति मापन प्रणाली (Global Positioning System- GPS)

भूउपग्रहको सहायताले कुनै डिभाइस वा सफ्टवेयरलगायतका प्रविधिमार्फत पृथ्वीको कुनै स्थानको अक्षांश, देशान्तर र उचाइलगायतका सूचना प्राप्त गर्ने प्रणालीलाई भूमण्डलीय अवस्थिति मापन प्रणाली (Global Positioning System- GPS) भनिन्छ । यसको उपयोग गरी नक्सा कोर्नका लागि आधारभूत तथ्यहरू प्राप्त हुन्छन् ।




## (ग) गुगल अर्थ (Google earth)

गुगल अर्थ एक कम्प्युटर प्रोग्राम हो । यसको प्रयोगबाट मुख्य गरी उपग्रहबाट खिचिएका तस्बिरका आधारमा पृथ्वीका विभिन्न क्षेत्रको अवस्थिति खोजी गर्न सकिन्छ ।

पृथ्वीमा रहेका भौगोलिक अवस्थिति, जस्तै : महासागर, महादेश, देश, आफू बसेको स्थान आदिको अवस्थितिको खोजी गर्न यसको उपयोग प्रभावकारी हुन्छ ।



शिक्षकले नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधि पाठ शिक्षणपछि विद्यार्थीलाई भ्रमण लैजाने योजना गर्नुभयो । नुवाकोटको विदुरमा अवस्थित एक विद्यालयका विद्यार्थीलाई रसुवाको स्याप्रुबेँसीमा भ्रमण लैजाने कार्यक्रम तय भयो । भ्रमणको अगिल्लो दिन विद्यार्थीले नक्सासम्बन्धी विभिन्न व्यावहारिक प्रविधिको उपयोग गरी पहिचान गरेका क्षेत्र तल प्रस्तुत गरिएको छ :

(क) रसुवा जिल्लासम्बन्धी विभिन्न सूचना, जस्तै : दिशा, अवस्थिति, राजमार्ग र दुरी भ्रमणको रुट र लाग्ने समय

(ख) रसुवाको उचाइ, तापक्रम र भौतिक वातावरण पत्ता लगाई सोअनुरूपका सामानको बन्दोबस्ती र तयारी

(ग) आवश्यक वस्तु तथा सेवाको उपलब्धता, जस्तै : होटल, पार्किङ, पर्यटकीय स्थल

(घ) बिरामी वा आपत् पर्दा उपलब्ध हुन सक्ने सेवा, जस्तै : अस्पताल, एम्बुलेन्स आदि

(ङ) भ्रमण जानुपूर्व स्याफ्रुबेँसीमा हुने गतिविधिको अवलोकन गरी आफूले त्यहाँ गएपछि गर्न सकिने मनोरञ्जन कार्य तय

## क्रियाकलाप

१. विद्यालयको ICT Lab जानुहोस् वा मोबाइलमा भएको Google Earth App खोल्नुहोस् । अब उक्त App बाट आफ्नो जिल्ला, स्थानीय तह, गाउँ र विद्यालयको खोजी गर्नुहोस् । आफ्नो गाउँको नक्सा कोरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. आधुनिक व्यावहारिक प्रविधिको प्रयोग गर्दै कसरी नक्सा अध्ययन र नक्सा कार्य गर्न सकिन्छ, कक्षामा प्रत्यक्ष अभ्यास गर्दै प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

१. **GPS ले कस्ता सूचना प्राप्त गर्न सहयोग गर्छ ?**

२ **जी.आई.एस. (GIS) र जी.पी.एस. (GPS) नक्साबिच के के भिन्नता छन्, लेख्नुहोस् ।**

३. **सूचना प्रवाहमा परम्परागत नक्साभन्दा गुगल अर्थलगायतका आधुनिक व्यावहारिक प्रविधि बढी प्रभावकारी हुन्छन्, कसरी ? प्रस्ट पार्नुहोस् ।**

एकाइ
७

# हाम्रो विगत

## सिकाइ उपलब्धि

१. वि.सं. २००७ सालदेखि २०४६ सम्मका प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न

२. वि.सं. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न

३. प्रथम र दोस्रो विश्वयुद्धका कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले खेलेको भूमिका प्रस्तुत गर्न

४. आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूका खोजी पहिचान, संरक्षण र संवर्धन गर्न ।

# १ वि.सं. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता

विद्यालयमा फागुन ७ गते प्रजातन्त्र दिवस मनाउने कार्यक्रमको अवसरमा 'वि.सं. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता' भन्ने विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ । यसमा इतिहासविद्, स्थानीय राजनीतिज्ञ, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक र विद्यार्थीको सहभागिता रहेको छ । कार्यक्रमको सञ्चालन विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकले गर्नुभयो । कार्यक्रमको अध्यक्षता व्यवस्थापन समितिका अध्यक्षले गर्नुभयो । कार्यक्रममा स्थानीय राजनीतिज्ञ, शिक्षक, विद्यार्थी र समाजसेवीले आफ्नो विचारसहित विभिन्न जिज्ञासा राख्नुभएको थियो । प्रमुख अतिथिका रूपमा रहनुभएका इतिहासविद्ले सहभागीहरूले उठाउनुभएका प्रश्नको जवाफ दिनुभएको थियो ।

सञ्चालक : नमस्कार, प्रजातन्त्र दिवसका अवसरमा आयोजित 'वि.सं. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता' विषयक यस अन्तरक्रिया कार्यक्रममा सहभागी सबैमा हार्दिक स्वागत छ । कार्यक्रममा आजको विषयवस्तुमाथि आफ्नो विचार, जिज्ञासा र प्रश्न केही भए राख्नुहुन यस विद्यालयका कक्षा १० का भाइ सुदिपलाई अनुरोध गर्छु ।

सुदीप : नमस्कार, निरङ्कुश राणा शासन नेपालमा १०४ वर्षसम्म चलेको थियो । सो समयमा जनतामा गरिबी, चेतनाको कमी, डर त्रास र चर्को दमनका कारण राणा शासनको विरोध हुन सकेन भन्ने त थाहा थियो । यो शासन हटाउनका लागि कस्ता आन्दोलन सञ्चालन भए र तिनको स्वरूप कस्तो थियो ? प्रस्ट पारिदिनुहुन्छ कि ?

इतिहासविद् : सुदिप भाइले भन्नुभएको ठिक हो । जब जनतामा चेतना र राजनीतिक जागरण वृद्धि हुँदै गयो तब राणा विरोधी आन्दोलन क्रमशः सशक्त हुँदै गयो । वि.सं. १९८८ मा 'प्रचण्ड गोरखा' नामक सङ्गठन खोलियो । यसले राणा विरोधी गतिविधि गर्न थाल्यो । राणाहरूले यस संस्थामा क्रियाशील व्यक्तिलाई पक्रिएपछि आन्दोलन सुस्तायो तथापि यो राणा विरोधी आन्दोलनको एउटा ऐतिहासिक कोसेढुङ्गा थियो । यस्तै वि.सं. १९९३ जेठ

२० मा टङ्कप्रसाद आचार्यको सभापतित्वमा नेपाल प्रजा परिषद् नामक राजनीतिक दल गठन भयो । राणाहरूको अन्याय र अत्याचारको विरोध गर्ने, जनतामा जागरण भर्ने र राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्ने सो दलको उद्देश्य थियो । यसको गतिविधिबाट अत्तालिएको राणा सरकारले यसका कुनै सदस्यलाई प्रलोभनमा पारी प्रजा परिषद्का गोप्य गतिविधि र पदाधिकारीहरूका बारेमा सुराकी गरी सबै सदस्यलाई पक्राउ गर्‍यो । वि.सं. १९९७ माघ महिनामा शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथचन्दलाई मृत्युदण्ड दिइयो । टङ्कप्रसाद आचार्यलाई पक्राउ गरेर जेलमा राखियो । उनलाई जिउँदो सहिद पनि भनिन्छ । गणेशमान सिंहलाई पनि प्रजा परिषद्मा लागेको आरोपमा सर्वस्वसहित जन्मकैद भएको थियो । उता राजा त्रिभुवनले पनि धर्मभक्त माथेमामार्फत प्रजा परिषद्लाई आर्थिक सहयोग दिने गरेका थिए । यो कुराको सुराक पाएका राणाहरूले राजाका सम्पूर्ण सुविधामा कटौती गरी राजाका गतिविधि माथि निगरानी बढाएका थिए ।

सञ्चालक : अब आफ्नो विचार र जिज्ञासा राख्नु हुन स्थानीय राजनीतिज्ञ गीतालाई अनुरोध गर्छु ।

गीता : नमस्कार, वि.सं. १९९७ सालको घटनापछि पनि राणा विरोधी आन्दोलनले तीव्रता लिएको कुरा इतिहासमा अध्ययन गर्न पाइन्छ । वि.सं. २००६ सालमा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । यी दुई राजनीतिक सङ्गठनको स्थापनापछि राणा विरोधी गतिविधिले तीव्रता पायो । यस्तै राणा प्रधानमन्त्री पद्मशमशेरले एउटा सार्वजनिक कार्यक्रममा संस्कृत भाषा मृतभाषा भइसक्यो भनी भाषण गरेकाले यसको विरोधमा तीनधारा संस्कृत पाठशालाका विद्यार्थीले वि.सं. २००४ मा 'जयतु संस्कृतम' नामक आन्दोलन चलाएका थिए । यस आन्दोलनले जनतामा राणाहरूको अत्याचार र अन्यायको विरोधमा एकजुट हुने प्रेरणा र जागरण ल्याएको थियो । अब मेरो जिज्ञासा चाहि वि.सं. २००७ सालको क्रान्तिका लागि कुन कुन कारण जिम्मेवार थिए र किन, प्रस्ट पारिदिनुहुन प्रमुख अतिथिज्यू समक्ष अनुरोध गर्छु ।

इतिहासविद् : धन्यवाद ! तपाईंले भनेको जस्तै प्रजा परिषद्का सदस्यलाई मृत्युदण्डको सजाय दिएपछि राणा विरोधी आन्दोलनको अन्त्य हुन्छ भनेर राणा विश्वस्त

थिए । तर उनीहरूले सोचे जस्तो हुन सकेन । आन्दोलन झन् झन् चर्कियो । नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीले आन्दोलनमा जनतालाई सहभागी हुन प्रेरित गरिरहे । नेपाली काङ्ग्रेसको वि.सं. २००७ असोजमा भारतको बैरगनियामा भएको सम्मेलनले राणा विरुद्धमा सशस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो । यस सशस्त्र क्रान्तिमा दोस्रो विश्वयुद्धबाट फर्केका भुपू सैनिकहरूले साथ दिएका थिए । यसका कारण वि.सं. २००७ को क्रान्तिले सफलता प्राप्त गरेको थियो । अब म वि.सं. २००७ को क्रान्तिका कारण सम्बन्धमा स्पष्ट पार्न चाहन्छु । राणाले जनतामाथि गरेको अन्याय र दमनले जनतालाई क्रान्तिका लागि प्रेरित गऱ्यो भने अगि तपाइँले भन्नुभए जस्तै राजनीतिक दलको स्थापना र तिनको नेतृत्वमा भएको आन्दोलनमा जनताको समर्थन भयो । देशभर गरिबी तथा बेरोजगारी व्याप्त थियो । जनता यसबाट मुक्त हुन चाहन्थे र आन्दोलित भए । अर्को कुरा राणाको आफूभित्रैको आन्तरिक कलह र शक्ति सङ्घर्षले गर्दा उनीहरू विरुद्ध आन्दोलन गर्ने उपयुक्त वातावरण बन्यो । त्यस्तै दोस्रो विश्वयुद्धको प्रभाव विश्वव्यापी रूपमा परेको थियो जसले गर्दा नेपाली जनतामा चेतना र राजनीतिक जागरण वृद्धि हुन गएको थियो । अन्य समसामयिक कारणले पनि राणाहरूको पारिवारिक शासन विरुद्धको क्रान्तिलाई अगि बढाउन मलजल हुन पुग्यो । यसले देशभर क्रान्तिको ज्वाला दन्कियो र १०४ वर्षसम्म सञ्चालन भएको जहानियाँ शासनको अन्त्य हुन पुग्यो ।

***वि.सं. २००७ को क्रान्तिका कारण***

- *निरङ्कुश शासन*
- *राजनीतिक दलको स्थापना र राणा विरोधी सङ्घर्ष*
- *गरिबी र बेरोजगारी*
- *राणाहरूमा आन्तरिक कलह*
- *विश्वयुद्धमा भाग लिएर फर्केका गोरखा सैनिकमा राणाप्रतिको असन्तुष्टि*
- *भारत स्वतत्र भएपछि त्यसको प्रभाव नेपालमा समेत पर्नु*
- *जनतामा चेतना वृद्धि*

सञ्चालक : अब सशस्त्र क्रान्तिका मुख्य घटनाका बारेमा आफ्ना विचार र जिज्ञासा राख्नु हुन विद्यालयका शिक्षक गोविन्दप्रसादलाई हार्दिक अनुरोध गर्छु ।

गोविन्दप्रसाद : नमस्कार, आजको यस अन्तरक्रिया कार्यक्रममा म आफूलाई जानकारीमा भएसम्म सशस्त्र क्रान्तिका मुख्य घटनाका बारेमा बताउँछु । वि.सं. २००७ को असोज ७ र ८ मा बैरगनियामा भएको नेपाली काङ्ग्रेसको सम्मेलनले राणा विरुद्ध आन्दोलनको घोषणा गऱ्यो । यस्तै राजा त्रिभुवनले

सशस्त्र क्रान्तिलाई सहयोग गर्नका लागि कात्तिक २६ गते सपरिवार भारतीय दूतावासमार्फत दिल्ली प्रस्थान गरे । यस घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हलचल ल्यायो । राजा त्रिभुवनको यस कदमले रिसाएका मोहनशमशेरले त्रिभुवनका चार वर्षीय माहिला नाति ज्ञानेन्द्र शाहलाई राजा घोषणा गरे तर यस कदमको अन्तर्राष्ट्रिय क्षेत्रमा समेत कडा विरोध भयो । क्रान्तिकै क्रममा नेपालको पूर्वी पहाड र विराटनगर क्षेत्र मुक्ति सेनाले कब्जामा लियो भने वीरगन्जमा क्रान्तिको नेतृत्व गरेका थिरबम मल्लले वीरगति प्राप्त गरे । पश्चिमी क्षेत्रमा क्रान्तिको नेतृत्व गरेका डा. के.आई सिंहले भैरहवा क्षेत्रमा ठुलो सफलता पाएका थिए । यसै गरी पूर्वी कमान्ड सम्हालेका विश्वेश्वरप्रसाद कोइराला र सुवर्णशमशेरले बिनायुद्ध धेरै स्थान कब्जा गरी जन सरकारसमेत गठन गरेका थिए र जनतालाई कर नतिर्न आह्वानसमेत गरेका थिए ।

क्रान्तिका कारण राणाहरूको प्रभाव खुम्चिएर काठमाडौँमा मात्र सीमित भएको थियो । यसबाट अत्तालिएर मोहनशमशेरले भारतलाई मध्यस्थता गरी वार्ता गराइदिन अनुरोध गरे । वि.सं. २००७ फागुन १ गते दिल्ली सम्झौता भयो । यो सम्झौतामा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले मध्यस्थता गरेका थिए । यो सम्झौता राणाका प्रतिनिधि, नेपाली काङ्ग्रेसका प्रतिनिधि र राजा त्रिभुवनबिच भएको थियो । त्यसपछि राजा त्रिभुवन फागुन ४ मा नेपाल फर्किए । विमानस्थलमा उनको भव्य स्वागत गरियो । त्यसको तीन दिनपछि फागुन ७ गते राणा शासन अन्त्य भई प्रजातन्त्रको घोषणा भयो ।

मेरो जानकारीमा भएको यति कुरा राख्दै अब दिल्ली सम्झौताको सम्बन्धमा थप प्रस्ट पारिदिनुहुन इतिहासविद्लाई हार्दिक अनुरोध गर्छु ।

इतिहासविद् : दिल्लीमा त्रिपक्षीय सम्झौता भएको कुरा यहाँ आइसकेको छ । यस सम्झौतामा श्री ३ मा रहेको सम्पूर्ण अधिकार श्री ५ महाराजमा सुम्पिने र वैधानिक राजा त्रिभुवन नै हुने कुरा उल्लेख थियो । त्यस्तै आन्दोलनकारीले आन्दोलन रोक्नुपर्ने र हातहतियार सरकारलाई बुझाउनुपर्ने सर्त राखिएको थियो । त्यस्तै मोहनशमशेरको प्रधानमन्त्रीत्वमा १० सदस्यीय अन्तरिम मन्त्रीमण्डल गठन गर्ने जसमा नेपाली काङ्ग्रेसका तर्फबाट पाँच जना र राणाका तर्फबाट पाँच जना सहभागी हुने उल्लेख थियो । फौजदारी अभियोग लागेका बाहेकका राजबन्दीलाई तत्काल रिहा गर्ने बुँदा पनि यस

सम्झौतामा समावेश गरिएको थियो । जनताद्वारा निर्वाचित विधान सभाले संविधान निर्माण गर्ने विषय पनि यस सम्झौतामा समेटिएको थियो ।

सञ्चालक : धन्यवाद ! प्रमुख अतिथिज्यू, आफ्नो अति व्यस्त समयमा हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यहाँ समय प्रदान गर्नुभएकामा । अब आजका यस सभाका अध्यक्षलाई कार्यक्रमको अन्त्य गरिदिनुहुन अनुरोध गर्छु ।

अध्यक्ष : यस कार्यक्रमका प्रमुख अतिथि तथा इतिहासविद्लगायत सम्पूर्ण सहभागीलाई धन्यवाद दिन्छु । आगामी दिनको कार्यक्रम पनि यस्तै रोचक बनाउन सबैको सहभागिता हुने कुरामा विश्वास राख्दै आजको यस कार्यक्रम अन्त्य भएको जानकारी गराउँछु ।

## क्रियाकलाप

१. विभिन्न स्रोतबाट राजा त्रिभुवन, जवाहरलाल नेहरू, मोहनशमशेर, बी.पी. कोइरालाको तस्बिर सङ्कलन गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. वि.सं. २००७ मा राजा त्रिभुवनले प्रजातन्त्र घोषणा गरेको भाषणको खोजी गरी चार्टपेपरमा उतारेर विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् ।

४. वि.सं. २००७ को क्रान्तिका कारणको खोजी गरी सबैलाई समेटी वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **दिल्ली सम्झौतालाई त्रिपक्षीय सम्झौता भनिन्छ, किन ?**

२. **प्रजातन्त्र स्थापनाका लागि राजा त्रिभुवनको भूमिकाको समीक्षा गर्नुहोस् ।**

३. **दिल्ली सम्झौताका मुख्य बुँदा के के थिए ?**

४. **प्रजातन्त्रपछि पनि मोहनशमशेरलाई नै प्रधानमन्त्री बनाइयो यसमा तपाईँ सहमत वा असहमत के हुनुहुन्छ, कारणसहित लेख्नुहोस् ।**

## परियोजना कार्य

विद्यालयको पुस्तकालयमा भएका इतिहासका पुस्तकको अध्ययन गरेर वा इन्टरनेटका माध्यमबाट वि.सं. २००७ को क्रान्ति, यसका कारण र परिणाम खोजी गरी विवरण तयार गर्नुहोस् ।

# २ प्रजातान्त्रिक व्यवस्थाको एक दशक (वि.सं. २००७ देखि २०१७)

दिल्ली सम्झौताका आधारमा राणा शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएपछि देशमा दलीय राजनीतिक व्यवस्थाको सुरुआत भयो । यस बिचमा सरकार बनाउने र गिराउने कार्य धेरै भए । देशको राजनीतिले स्थिरता प्राप्त गर्न सकेन । वि.सं. २००७ सालको चैत्र १७ गते नेपालको अन्तरिम शासन विधान पारित गरेर लागु गरियो । यसमा जनप्रतिनिधिमूलक प्रजातान्त्रिक शासन व्यवस्थालाई प्रत्याभूत गरिएको थियो । यसै क्रममा संयुक्त मन्त्रीमण्डलमा राणा र नेपाली काङ्ग्रेसका सदस्यबिचमा मनमुटाव सुरु भयो र २००८ कात्तिक ८ मा एक दलको मात्र मन्त्रीमण्डल हुनुपर्छ भनी काङ्ग्रेसतर्फका मन्त्रीले राजीनामा गरे । यसको दबाबमा परेर मोहनशमशेरले पनि केही दिनपछि राजीनामा दिए । यसपछि राजा त्रिभुवनले काङ्ग्रेस नेता मातृकाप्रसाद कोइरालाको नेतृत्वमा आठ जना काङ्गेस र छ जना स्वतन्त्र गरी १४ सदस्यीय मन्त्रीमण्डल गठन गरे । यस सरकारलाई स्वतन्त्र न्याय विभाग खडा गर्ने, जनताका नागरिक अधिकारको रक्षा गर्ने, लोकसेवा आयोगको व्यवस्थालाई राम्रोसँग लागु गर्ने र वि.सं.२००९ भित्र विधानसभाका लागि आमनिर्वाचन गर्ने मुख्य जिम्मेवारी प्रदान गरिएको थियो ।

**डा. के.आई. सिंहको विद्रोह :** दिल्ली सम्झौता चित्त बुझ्दो नभएकाले डा. के.आई. सिंहले आन्दोलन जारी राखेका थिए । उनी र उनका सर्मथकलाई गिरफ्तार गरी भैरहवा जेलमा राखियो । तर उनी उक्त जेलबाट २००८ आषाढ २७ का दिन भाग्न सफल भए । सोही वर्षको श्रावणमा पुनः गिरफ्तार गरी काठमाडौँको जेलमा राखियो । त्यसै सालको माघ ८ गते राति उनका समर्थकले सिंहदरबार आक्रमण गरी उनलाई जेलमुक्त गराए र उनी भागेर तिब्बतमा पुगे । यस घटनालाई के.आई. सिंह विद्रोहको नामले समेत चिनिन्छ ।

**परामर्शदातृ सरकार गठन :** मातृका कोइरालाको राजीनामापछि राजा त्रिभुवनले २००९ साल श्रावण ३० गते केशरशमशेरको अध्यक्षतामा पाँच सदस्यीय परामर्शदातृ सरकारको गठन गरे । भाद्र १० गते विशेष परिस्थिति ऐन २००९ घोषणा गरियो । नेपालको अन्तरिम शासन विधानको कार्यपालिका र व्यवस्थापिकासम्बन्धी प्रावधान निलम्बन गरियो । यो सरकार वि.सं. २०१० असार २ सम्म रह्यो ।

**शाही घोषणा र मातृका कोइरालाको सरकार :** काङ्ग्रेसबाट विद्रोह गरेर बनेको राष्ट्रिय प्रजा पार्टीका अध्यक्ष मातृकाप्रसाद कोइरालाको नेतृत्वमा वि.सं. २०१० असार २ गते नयाँ सरकारको गठन भयो । यस सरकारले सुरुआती दिनदेखि नै सङ्कटको सामना गर्नुपरेको थियो । भारतीय सेना हतियारसहित नेपाल प्रवेश गर्नु, भीमदत्त पन्तले विद्रोह गर्नु, विवादास्पद कोसी सम्झौता हुनु जस्ता कारणले यो सरकारको तीव्र आलोचना भयो । वि.सं.२०११ फागुन १८ गते मातृकाप्रसाद कोइरालाले राजीनामा दिए र यो सरकार विघटन भयो ।

**शाही सल्लाहकार सरकार (राजा महेन्द्रको प्रत्यक्ष शासन) :** वि.सं. २०११ फागुन ३० गते राजा त्रिभुवनको मृत्यु भयो । वि.सं. २०११ चैत्र ४ गते युवराज महेन्द्र राजा बने । वि.सं. २०१२ वैशाख १ गते गुञ्जमानसिंह संयोजक रहेको पाँच सदस्यीय सल्लाहकार सरकारको गठन गरी उनीहरूको सल्लाहमुताबिक राजा महेन्द्रले प्रत्यक्ष शासनको सुरुआत गरे । यो सरकार करिब १० महिनासम्म कायम रह्यो । वि.सं. २०१२ माघ १२ सम्म यो सरकार क्रियाशील रह्यो ।

**टङ्कप्रसाद आचार्य सरकार :** वि.सं. २०१२ माघ १३ मा प्रजा परिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्यको नेतृत्वमा सात सदस्यीय मन्त्रीमण्डल गठन भयो । यस सरकारले वि.सं. २०१४ आश्विनमा गराउने भनिएको आमचुनाव गराउन सकेन । देशमा चरम आर्थिक सङ्कट देखा पर्न थाल्यो । सरकारले पत्रपत्रिकामा बन्देज लगाउने प्रयास गर्‍यो । यी सबै घटनाले गर्दा उक्त सरकार पनि लामो समयसम्म टिक्न सकेन । वि.सं. २०१३ असार ३१ मा विघटन हुन पुग्यो ।

**डा. के.आई. सिंहको नेतृत्वमा सरकार :** सहयोगीहरूले जेलमा आक्रमण गरी भगाएका डा. के.आई. सिंह तिब्बतमा निर्वासित जीवन बिताइरहेका थिए । देशको राजनीतिक अन्योलता कायमै थियो । यसै समयमा डा. के.आई. सिंहले आफ्ना कार्यहरूबाट आफू ज्यादै दुःखी र ग्लानि भएको, देशको अवस्था देखी दुःखी भएको, राजासँग माफी माग्न चाहेको र राजासँगै मिलेर देशको सेवा गर्ने तीव्र इच्छा रहेको भनी राजा महेन्द्रलाई पत्र लेखे । राजाले पनि उनलाई आममाफी दिने घोषणा गरे र उनलाई नेपाल बोलाए । उनी काठमाडौँ आउँदा भव्य स्वागतसमेत गरियो । वि.सं. २०१४ श्रावण ११ मा उनको नेतृत्वमा सरकार गठन भयो तर यो सरकार करिब तीन महिना मात्र टिक्यो ।

**नेपाल अधिराज्यको संविधान, २०१५ र सुवर्णशम्शेरको सरकार :** राजा महेन्द्रले शाही घोषणामार्फत डा. के.आई. सिंहको सरकार विघटन गरी वि.सं. २०१४ कार्तिक २९ देखि २०१५ जेठ २ गतेसम्म आफैँले प्रत्यक्ष शासन गरे । वि.सं. २०१४ चैत्र ३ मा संविधानको

मसौदा तयार गर्न भगवतीप्रसाद सिंहको अध्यक्षतामा राजाराम पन्त, सूर्यप्रसाद उपध्याय, रणधीर सुब्बा सदस्य रहेको मसौदा समिति गठन गरे । वि.सं. २०१५ जेठ २ मा नेपाली काङ्ग्रेसका नेता सुवर्णशमशेरको अध्यक्षतामा काम चलाउ सरकार गठन गरे । संविधान मसौदा समितिले तयार गरेको संविधान 'नेपाल अधिराज्यको संविधान, २०१५' लाई २०१५ फागुन १ मा जारी गरियो ।

**प्रथम आमनिर्वाचन र बी.पी. कोइरालाको नेतृत्वमा प्रथम जननिर्वाचित सरकार** : नेपाल अधिराज्यको संविधान, २०१५ जारी भएपश्चात् वि.सं. २०१५ फागुन ७ गतेबाट २०१६ वैशाख २१ गतेसम्म नेपालको पहिलो ऐतिहासिक आमनिर्वाचन सञ्चालन गरियो । यो निर्वाचन दुई महिना १५ दिनसम्म सञ्चालन भएको थियो । उक्त निर्वाचन १०९ क्षेत्रका लागि भएको थियो । निर्वाचन सकिएपछि वि.सं. २०१६ जेठ २ गते सुवर्णशमशेरको सरकार विघटन गरियो । कुल १०९ स्थानमा सम्पन्न भएको आमनिर्वाचनमा नेपाली काङ्ग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । नेपाली काङ्ग्रेस संसदीय दलका नेतामा बी.पी. कोइराला र उपनेतामा सुवर्णशमशेर निर्वाचित गरिए । संसदीय दलका नेता बी.पी. कोइरालाको नेतृत्वमा वि.सं. २०१६ जेठ १३ मा १९ सदस्यीय प्रथम जननिर्वाचित सरकारको गठन गरियो । कृष्णप्रसाद भट्टराई नेपालको पहिलो सभामुख निर्वाचित भए ।

## वि.सं. २००७ देखि २०१७ सम्मका प्रमुख सामाजिक र आर्थिक उपलब्धि

**प्रमुख सामाजिक उपलब्धि**

(क) देशभर विद्यालय खुल्ने क्रम बढ्यो र शिक्षाको व्यापक प्रचार भयो ।

(ख) नेपालभित्र तथा बाहिर हवाई सेवाको सुरुआत र विस्तार भयो ।

(ग) यातायातका क्षेत्रमा विकास भयो । हेटौँडा काठमाडौँ रोप वे, त्रिभुवन राजपथ निर्माणको सुरुआत भयो ।

(घ) वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो ।

(ङ) विभिन्न राष्ट्रसँग कूटनीतिक सम्बन्ध कायम भयो ।

(च) भारतसँग वि.सं. २०११ वैशाखमा कोसी र २०१६ मङ्सिरमा गण्डक सम्झौता भयो ।

(छ) टेलिफोन तथा आकाशवाणी सेवाको सुरुआत भयो ।

(ज) निजामती सेवा ऐन, २०१३ जारी भई लागु भयो ।

(झ) नेपालका वनजङ्गलको राष्ट्रियकरण गरियो ।

(ञ) स्वतन्त्र तथा निष्पक्ष न्याय सेवाको व्यवस्था लागु गरियो ।

(ट) नेपाल १४ डिसेम्बर १९५५ (२०१२) मा संयुक्त राष्ट्रसङ्घको सदस्य भयो ।

**प्रमुख आर्थिक उपलब्धि**

(क) वि.सं. २००८ श्रावण महिनादेखि बजेट प्रस्तुत गर्न थालियो ।

(ख) वि.सं. २०१३ भाद्रमा भूमिसम्बन्धी नियमको घोषणा गरी मोहियानी हकको व्यवस्था गऱ्यो ।

(ग) वि.सं. २०१२ मा पञ्चवर्षीय योजनाको घोषणा भयो भने २०१३ मा प्रथम पञ्चवर्षीय योजना लागु भयो ।

(घ) १४ वैशाख २०१३ मा नेपाल राष्ट्र बैङ्कको स्थापना गरियो ।

(ङ) नयाँ कर नीति, कृषिमा आधुनिकीकरणको सुरुआत र व्यापार प्रवर्धनको सुरुआत गरियो ।

(च) वि.सं. २०१६ पुसमा बिर्ता उन्मूलन ऐन जारी गरियो ।

(छ) मुद्राको प्रचलनमा एकरूपता कायम गरियो ।

## क्रियाकलाप

१. वि.सं. २००७ देखि २०१७ सम्म धेरै सरकार गठन र विघटन हुनाका प्रमुख कारणको खोजी गर्नुहोस् ।

२. वि.सं. २००७ देखि २०१७ सम्मका सामाजिक उपलब्धिलाई समेटेर संवाद तयार गर्नुहोस् ।

३. वि.सं. २००७ देखि २०१७ सम्मका प्रमुख राजनीतिक घटनाक्रमलाई उल्लेख गरी समय रेखा तयार गर्नुहोस् ।

## अभ्यास

**१. वि.सं. २००८ मङ्सिरमा गठन भएको काङ्ग्रेसको सरकारलाई तोकिएका कार्य के के थिए ?**

**२. परामर्शदातृ सरकारको छोटो परिचय दिनुहोस् ?**

**३. राजनीतिक सङ्क्रमण भनेको के हो ? वि.सं. २००७ देखि २०१७ को दशकलाई राजनीतिक सङ्क्रमणको अवधि किन भनिन्छ ?**

**४. वि.सं. २००७ देखि २०१७ सम्मका प्रमुख सामाजिक तथा आर्थिक उपलब्धिको सूची तयार गर्नुहोस् ।**

**५. राजा महेन्द्रलाई महत्त्वाकाङ्क्षी राजा भनिन्छ, उनलाई यसो भनिनुका कारण के के हुन् ?**

# ३ वि.सं. २०१७ देखि २०४६ सम्मका राजनीतिक घटनाहरू

लामो समयको सङ्क्रमण र यस क्रममा भएका कमजोरीलाई आधार मानेर राजा महेन्द्रले वि.सं. २०१७ पुस १ संसद र सरकारलाई निलम्बन गरी राजनीतिक दलमाथि प्रतिबन्ध लगाए । उनले वि.सं. २०१५ को संविधानको धारा ५५ को सङ्कटकालीन अधिकारलाई आफूखुसी प्रयोग गरी राजनीतिक कु गरेका थिए । यसले जनताको नागरिक अधिकारको हनन् मात्र गरेन कि देशको राजनीतिक व्यवस्थालाई निरङ्कुशतातर्फ समेत धकेल्यो । देशमा निर्दलीय व्यवस्थाको सुरुआत भयो । देशमा अस्थिरताको राजनीति सुरु भयो । यो दिन इतिहासकै कालो दिनका रूपमा चित्रित छ । वि.सं. २०१७ पुस २२ बाट राजाले विधिवत् रूपमा पञ्चायती व्यवस्थाको सुरुआत गरे ।

*पञ्चायती व्यवस्थाको सुरुआत हुनाका कारण*

- *वि.सं. २००७ मा जनताले पूर्ण अधिकार प्राप्त गर्न नसक्नु*
- *विधान सभाको निर्वाचन हुन नसक्नु*
- *दिल्ली सम्झौताको पूर्ण कार्यान्वयन नहुनु*
- *राजनीतिक दलमा अनुभव र परिपक्वताको कमी रहनु*
- *राजा महेन्द्रमा प्रत्यक्ष शासनको मोह पलाउनु*
- *राजनीतिक दलबिच बेमेल हुनु*
- *जनचेतनाको कमी हुनु*
- *भ्रष्टाचार र अनियमितता वृद्धि हुनु*

## वि.सं. २०१७ देखि २०४६ सम्मका मुख्य मुख्य राजनीतिक घटनाक्रम

**जनकपुर बम काण्ड**

वि.सं. २०१९ पुस १ गते नेपालको संविधान जारी गरियो । राजा महेन्द्रले आफ्नै नाममा शासनसत्ता सञ्चालन गर्दै नागरिक अभिनन्दनका नाममा देशव्यापी भ्रमण थाले । भ्रमण गर्ने क्रममा पूर्वको भ्रमण सकेर जनकपुर आइपुगेको समयमा मिति २०१८ माघ ९ गते उनी चढेको गाडीमा बम आक्रमण भयो । दुर्गानन्द झा, दलसिंह थापा र अरविन्द्र ठाकुरको समूहले हानेको बमले उनको गाडीमा क्षति पुगे पनि उनलाई भने केही भएन । उक्त काण्डमा संलग्नमध्ये दुर्गानन्द झालाई मिति वि.सं. २०२० माघ २५ गते फाँसी दिइयो । अन्य दुईलाई भने आजीवन कैद गरियो यस घटनाले पञ्चायतको ठुलो विरोध भयो ।

**भूमि सुधार ऐन र गाउँफर्क राष्ट्रिय अभियान**

राजा महेन्द्रले पञ्चायतलाई मजबुत बनाउने क्रममा विभिन्न क्रियाकलाप जारी राखे। त्यस समयमा केही विकासका कार्य पनि भयो। वि.सं. २०२१ सालमा भूमिसुधार ऐन ल्याई जमिनको वितरणमा केही सुधार ल्याइयो। पञ्चायतलाई सुदृढ बनाउन २०२४ मा नेपालको संविधान २०१९ को पहिलो संशोधन गरियो र गाउँफर्क राष्ट्रिय अभियान सञ्चालन गरियो। यसै क्रममा बी.पी. कोइरालालगायतका बन्दीलाई २०२४ मै रिहा त गरियो तर निरंकुशता भने कायमै रह्यो।

**झापा विद्रोह र सुखानी हत्याकाण्ड**

पूर्वी नेपालको झापामा कम्युनिष्ट युवाले सामन्तको सफाया गर्ने भन्दै अभियान चलाएका थिए। त्यसको नेतृत्व गर्ने केहीलाई पक्राउ गरिएको थियो। वि.सं. २०२९ फागुन २१ गते झापा विद्रोहका होनाहार पाँच युवा रामनाथ दाहाल, नारायण श्रेष्ठ, कृष्ण कुइँकेल, बिरेन राजवंशी र नेत्रप्रसाद घिमिरेलाई इलामको सुखानीको जङ्गलमा लगेर गोली हानी हत्या गरियो। यस घटनाले पञ्चायती व्यवस्था विरुद्धको आक्रोस झन् बढायो।

**विमान अपहरण र सिंहदरवार आगलागी**

वि.सं.२०३० जेठ २५ गते विराटनगरबाट काठमाडौँका लागि उडेको विमानलाई काङ्ग्रेसका नेताले अपहरण गरेर भारतको फारबिसगन्जमा लगेर जबरजस्ती अवतरण गराए। जुन घटनाले देशको राजनीति झन् जटिलतातर्फ गयो। त्यस्तै वि.सं. २०३० असार २५ गते देशको प्रमुख प्रशासनिक भवन सिंहदरबारमा आगलागी भयो। देशका महत्त्वपूर्ण कागजात जलेर नष्ट हुनाका साथै ठुलो नोक्सान भयो। प्रधानमन्त्री कीर्तिनिधि विष्टले आफ्नो पदबाट राजीनामा दिएका थिए।

**टिम्बुरबाटे काण्ड र रत्नकुमार बान्तवा हत्याकाण्ड**

वि.सं. २०३१ सालमा पूर्वको ओखलढुङ्गा जिल्ला कब्जा गर्ने योजनासहित टिम्बुरबोटे भन्ने स्थानमा शिविर सञ्चालन गरेर युवाको समूह बसेको थियो। गुप्तचरमार्फत सूचना बाहिरिएपछि सेनाले उक्त शिविरमा आक्रमण गरी धेरैको हत्या गरेको थियो। त्यस घटनामा पक्राउ परेका क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई वि.सं. २०३३ सालमा फाँसी दिएर मारिएको थियो। त्यस घटनालाई टिम्बुरबोटे हत्याकाण्ड भनेर चिनिन्छ। त्यसै गरी वि.सं. २०३५ चैत्र २७ गते कम्युनिस्ट नेता रत्नकुमार बान्तवालाई देउमाई नदीको किनारमा लगेर गोली हानेर हत्या गरियो। पञ्चायती सरकारको यसप्रकारको अत्याचारको देशभर विरोध भएको थियो।

**ऐतिहासिक जनमत सङ्ग्रह**

तत्कालीन पाकिस्तानका प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई फाँसी दिएको विरोधमा नेपालका विद्यार्थी सङ्गठनले पाकिस्तानी राजदूतावासमा ज्ञापनपत्र बुझाउने कार्यक्रममा भएको विद्यार्थीको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गऱ्यो । यसले विद्यार्थीलाई अझ आक्रोशित बनायो । विद्यार्थी आन्दोलन निरन्तर अगि बढ्यो । आन्दोलनमा पेसाकर्मी र आमजनताको साथ र समर्थन रह्यो । विद्यार्थी आन्दोलनबाट सुरु भएको पञ्चायत विरोधी आन्दोलनका कारण वि.सं. २०३६ जेठ १० मा राजा वीरेन्द्रले जनमत सङ्ग्रह गराउने घोषणा गरे । सुधारिएको पञ्चायती व्यवस्था वा बहुदल दुई विकल्प राखेर कुनै एकलाई रोज्नु पर्ने गरी वि.सं. २०३७ वैशाख २० गते जनमत सङ्ग्रह भयो । सुधारिएको पञ्चायतको पक्षमा चुनावी परिणाम घोषणा गरियो । जनमत सङ्ग्रहको परिणामलाई बहुदलवादी नेताले अप्रत्यासित भनेर व्याख्या गरे । साथै पञ्चायत विरोधी आन्दोलन जारी नै राखे । यसै क्रममा वि.सं. २०३८ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचन सम्पन्न भयो । सूर्यबहादुर थापा प्रधानमन्त्री बनेर सरकार गठन भयो ।

**पिस्कर हत्याकाण्ड**

वि.सं. २०४० माघ १ गते सिन्धुपाल्चोकको पिस्कर गाउँमा महादेवको मन्दिरमा सांस्कृतिक कार्यक्रम सञ्चालन भएको थियो । उक्त कार्यक्रममा पञ्चायती व्यवस्थाविरुद्ध जनचेतना जगाउने कार्य भइरहेको थियो । कार्यक्रममा पञ्चायत विरोधी प्रदर्शन भयो भनेर प्रहरीद्वारा अन्धाधुन्ध गोली प्रहार गरी केही नागरिकको ज्यान लियो । यस घटनालाई पिस्कर हत्याकाण्डको नामले चिनिन्छ । यस घटनाले राष्ट्रिय राजनीतिमा ठुलो हलचल ल्यायो । सूर्यबहादुर थापालाई अविश्वासको प्रस्ताव ल्याएर प्रधानमन्त्री पदबाट हटाइयो र लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भए ।

**सत्याग्रह र बमकाण्ड**

वि.सं. २०४२ असार ६ गते नारायणहिटी दरबारलगायत देशका विभिन्न स्थानमा बम पड्कियो । त्यसको कारणले नेपाली काङ्ग्रेसले जेठ १० गतेबाट सुरु गरेको सत्याग्रह आन्दोलनलाई पनि असर गऱ्यो । उक्त घटनामा संलग्न भएको आरोपमा रामराजाप्रसाद सिंह, लक्ष्मणप्रसाद सिंह तथा प्रेमबहादुर विश्वकर्मालगायतका व्यक्तिलाई मृत्युदण्डको घोषणा गरिएको थियो ।

**संयुक्त जनआन्दोलन २०४६ र बहुदलीय अन्तरिम सरकार**

वि.सं. २०४६ फागुन ७ गतेबाट संयुक्त जनआन्दोलनको सुरुआत भएको थियो । नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाको आह्वानमा सुरु भएको आन्दोलनको प्रभाव देशभर बढेपछि चैत्र २६ गते राजाबाट २०१९ को संविधानमा भएको निर्दलीय पञ्चायती व्यवस्था भन्ने वाक्यांशलाई हटाई बहुदलीय व्यवस्था स्थापना गर्ने घोषणा भयो । यसपछि ३० बर्से लामो निरङ्कुश शासनको अन्त्य भई बहुदलीय व्यवस्थाको सुरुआत भयो । २०४७ वैशाख ६ गते नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा ११ सदस्यीय अन्तरिम सरकारको गठन गरियो । यसमा काङ्ग्रेसका तर्फबाट चार जना, संयुक्त वाममोर्चाका तर्फबाट तीन जना, स्वतन्त्र बुद्धिजीवी र राजाका तर्फबाट दुई दुई जना सदस्य समावेश भएका थिए । यस सरकारलाई संविधान निर्माण र आमचुनाव सम्पन्न गर्ने दुईओटा जिम्मेवारी तोकिएको थियो ।

**वि.सं. २०१७ देखि २०४६ सम्मका घटनाले देशको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा पारेको प्रभाव**

- भूमिसुधार
- राजमार्गको विकास र विस्तार
- औद्योगिक क्षेत्रको स्थापना
- साक्षरता दरमा वृद्धि
- नयाँ शिक्षा पद्धतिको योजना लागु
- हवाई सेवामा विस्तार
- जनतामा राजनीतिक सचेतना वृद्धि
- विदेशी राष्ट्रहरूसँगको सम्बन्धमा नयाँ आयाम थपिएका
- अधिकारप्रति सचेतना वृद्धि
- असंलग्नता, संयुक्त राष्ट्रसङ्घ जस्ता अन्तर्राष्ट्रिय फोरममा सहभागिता वृद्धि

***पञ्चायती व्यवस्था पतनका कारण***

- *निरङ्कुश शासन सञ्चालन हुनु*
- *मानव अधिकार र मौलिक अधिकारको हनन हुनु*
- *जनतामा राजनीतिक चेतनाको वृद्धि हुनु*
- *राजनीतिक दलको आन्दोलन र जनताको सहभागिता*
- *दमन र हत्याको शृङ्खला वृद्धि हुनु*
- *राजनीतिक आन्दोलनमा अन्तर्राष्ट्रिय समर्थन र सद्भाव रहनु*
- *भ्रष्ट्राचार वृद्धि हुनु आदि ।*

नेपालमा ३० बर्से निरङ्कुश पञ्चायती व्यवस्थाको विरुद्ध भएका आन्दोलनका सकारात्मक तथा नकारात्मक दुबै प्रभाव परेका छन् । तिनीहरू यसप्रकार रहेका छन् : पञ्चायत विरोधी आन्दोलनका क्रममा धेरै ठुलो धनजनको क्षति भयो । आर्थिक विकासले गति लिन सकेन । विकास र सुशासनमा देश धेरै नै पछाडि धकेलियो । नागरिक अधिकार कुण्ठित भए ।

तर पनि देशमा यसका सकारात्मक प्रभाव परेका छन् । राजनीतिक व्यवस्थामा परिवर्तन भएको छ । जनतामा राजनीतिक र नागरिक सचेतना वृद्धि भएको छ । यसका साथै आर्थिक अवसर वृद्धि हुनु, विदेशी राष्ट्रहरूसँगको सम्बन्धमा नयाँ आयाम थपिनु, जनताको सार्वजनिक क्षेत्रमा चासो वृद्धि हुनु पनि यस कालका सकारात्मक प्रभावका रूपमा लिन सकिन्छ । त्यस्तै आफ्नो अधिकारका लागि आवाज उठाउने प्रवृत्तिको बढोत्तरी हुनुलाई पनि यस अवधिको सकारात्मक प्रभावका रूपमा लिन सकिन्छ ।

## क्रियाकलाप

१. वि.सं. २०१७ देखि २०४७ सम्मका राजनीतिक घटनाक्रमलाई समेट्दै गीत वा संवाद वा कथा तयार गर्नुहोस् ।

२. राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाउनु प्रजातन्त्र र बहुदलीय व्यवस्थामाथिको हस्तक्षेप थियो भन्ने सन्दर्भमा आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

३. तपाईंको गाउँ, नगर वा समुदायमा पञ्चायती व्यवस्थाको विरोधमा भएका आन्दोनमा सहभागी भएका व्यक्ति, राजनीतिज्ञ, शिक्षक, समाजसेवी, उद्योगी, व्यापारीमध्ये कोही हुनुहुन्छ होला । उहाँसँग सोधेर वा विद्यालयको पुस्तकालयमा रहेको सर्न्दभ सामग्रीको अध्ययन गरी पञ्चायत विरोधी आन्दोलन र यसका प्रभाव विषयमा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

## अभ्यास

१. **पञ्चायती व्यवस्थाको परिचय दिई यस व्यवस्थाको उदय र पतनका कारण लेख्नुहोस् ।**

२. **अन्तरिम सरकार भनेको के हो ?**

३. **निरङ्कुशता भनेको के हो ? यस व्यवस्थाका बेफाइदा लेख्नुहोस् ।**

४. **जनमत सङ्ग्रह भनेको के हो ? नेपाली जनमत सङ्ग्रहको पृष्ठभूमि उल्लेख गर्नुहोस् ।**

५. **बहुदलीय व्यवस्थाका सबल पक्ष उल्लेख गर्नुहोस ।**

# ४ वि.सं. २०४६ देखि वि.सं. २०६३ सम्मका प्रमुख राजनीतिक घटनाहरू

संयुक्त जनआन्दोलनको सफलता र बहुदलीय व्यवस्थाको पुनः प्राप्तिपश्चात् जनतामा राजनीतिक चेतना वृद्धि भयो । अधिकार प्राप्तिले नागरिकमा खुसी छायो । मुलुकलाई प्रजातान्त्रिक राज्य व्यवस्थामा रूपान्तरण गर्न सोअनुरूपको संवैधानिक र कानुनी प्रबन्ध गर्नु जरुरी थियो । यसै सन्दर्भमा विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठन भएको संविधान सुझाव आयोगले तयार पारेको मसौदाअनुसार २०४७ कात्तिक २३ गते शुक्रबारका दिन नेपाल अधिराज्यको संविधान, २०४७ जारी गरियो । यस संविधानमा जनताको मौलिक हकको व्यवस्था गरिएको थियो भने मानवअधिकार तथा कानुनी शासनको प्रत्याभूत गरिएको थियो ।

वि.सं. २०४८ वैशाख २९ मा २०५ स्थानमा प्रतिनिधि सभाका लागि निर्वाचन सम्पन्न भयो । नेपाली काङ्ग्रेसले ११० स्थानमा विजय हासिल गरी बहुमत प्राप्त गऱ्यो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । नेकपा. एमालेले ६९ स्थानमा जितेर प्रमुख प्रतिपक्षी दल भयो ।

नेपाली काङ्ग्रेसभित्रको आन्तरिक कलहका कारण सरकारका नीति तथा कार्यक्रम संसद्बाट पारित हुन नसकेपछि गिरिजाप्रसाद कोइरालाले वि.सं. २०५१ असार २६ गते प्रतिनिधि सभाको विघटन गरे । त्यसपछि वि.सं. २०५१ कार्तिक २९ मा मध्यावधि निर्वाचन भयो । त्यो चुनावमा कुनै पनि दलले बहुमत ल्याउन सकेन । प्रतिनिधि सभामा ८८ स्थान जितेर नेकपा (एमाले) संसद्को ठुलो दल बन्यो । ठुलो दलका नाताले एमालेका नेता मनमोहन अधिकारीको नेतृत्वमा वि.सं. २०५१ मङ्सिर १४ गते अल्पमतको सरकार गठन भयो । उक्त सरकार ९ महिनासम्म सञ्चालन भयो । त्यसपछि नेपाली काङ्ग्रेसका नेता शेरबहादुर देउवाको नेतृत्वका संसद्ले मनमोहन अधिकारीको सरकारमाथि अविश्वासको प्रस्ताव पारित गऱ्यो । वि.सं. ०५२ भाद्र २५ मा देउवाको नेतृत्वमा काङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको सरकार गठन भयो । यसपछि सरकार बनाउने र गिराउने खेल भइरह्यो ।

निरङ्कुश राजतन्त्रको अन्त्य गरी गणतन्त्रात्मक व्यवस्थाको स्थापना गर्नका लागि वि.सं. २०५२ फागुन १ गतेदेखि नेकपा. माओवादीले सशस्त्र सङ्घर्षको सुरुआत गऱ्यो । उक्त

सङ्घर्ष १० वर्ष (वि.सं. २०६३) सम्म कायम रही विस्तृत शान्ति सम्झौतापछि विधिवत् रूपमा समाप्त भयो । वि.सं. २०५६ मा सम्पन्न आमनिर्वाचनमा पनि नेपाली काङ्ग्रेसले कुल ११४ स्थानमा विजय हासिल गरी बहुमत ल्यायो । त्यसपछि नेता कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री नियुक्त भए । यसको नौ महिनापछि पुनः गिरिजाप्रसाद कोइराला दोस्रो पटक प्रधानमन्त्री भए ।

वि.सं. २०५८ जेठ १९ राति नारायणहिटी दरबारमा राजा वीरेन्द्रको वंश सखाप हुने गरी हत्याकाण्ड भयो । यो हत्याकाण्ड दरबार हत्याकाण्डका नामले समेत परिचित छ । त्यसपछि ज्ञानेन्द्र शाह नेपालका राजा भए ।

नेपाली काङ्ग्रेसभित्रको आन्तरिक कलह तथा माओवादी सङ्घर्षका कारण शेरबहादुर देउवाले वि.सं. २०५९ असार ८ गते प्रतिनिधि सभा विघटन गर्न लगाई मङ्सिरमा मध्यावधि निर्वाचन सिफारिस गरे । पछि उनले सशस्त्र युद्धका कारण चुनाव गराउन नसक्ने भनेर राजालाई सिफारिस गरे । राजा ज्ञानेन्द्रले शेरबहादुर देउवालाई असंवैधानिक तरिकाले २०५९ असोज १८ मा बर्खास्त गरी २५ गते लोकेन्द्रबहादर चन्दको नेतृत्वमा सरकार गठन गरे ।

वि.सं. २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सबै राजनीतिक दलका नेतालाई घरमै नजरबन्दमा राखी देशको कार्यकारिणी अधिकारको आफैँले प्रयोग गरे । त्यसपछि प्रत्यक्ष शासनको शैलीमा सरकार सञ्चालन गर्न सुरु गरे ।

वि.सं. २०६२ मङ्सिर ७ मा सङ्घर्षरत माओवादी र राजाको गैरसंवैधानिक कदमको विरुद्ध सङ्घर्षरत सात राजनीतिक दलबिच १२ बुँदे सम्झौता सम्पन्न भयो । उक्त सम्झौताअनुसार वि.सं. २०६२ चैत्र २४ देखि संयुक्त आन्दोलन सुरु भयो । लगातार १९ दिनसम्म सञ्चालन भएको उक्त आन्दोलनका कारण राजा ज्ञानेन्द्रले जनताको नासो जनतालाई फर्काएको भनी घोषणा गरे । वि.सं. २०६३ वैशाख ११ गतेका दिन लोकतन्त्रको स्थापना भयो ।



वि.सं. २०६३ जेठ ४ मा पुनर्स्थापित प्रतिनिधि सभाको ऐतिहासिक बैठक बस्यो । राजामा भएको सम्पूर्ण शासकीय र राष्ट्र प्रमुखको हैसियतले प्राप्त भएका अधिकार कटौती गरियो । राष्ट्र प्रमुखका हैसियतमा

प्रधानमन्त्रीले कार्य गर्ने व्यवस्था कायम गरियो । साथै देशलाई पहिलो पटक धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएको थियो ।

वि.सं. २०६३ मङ्सिर ५ गते नेपाल सरकार र नेकपा माओवादीबिच विस्तृत शान्ति सम्झौता सम्पन्न भई १० बर्से सशस्त्र युद्धको विधिवत् अन्त्य गरियो । यसै वर्षको पुसमा नेकपा माओवादी अन्तरिम व्यवस्थापिका संसद्मा ७३ जना सदस्यसहित सहभागी भयो ।

यसरी वि.सं. २०४६ सालको अन्त्यमा प्राप्त भएको बहुदलीय व्यवस्थामा पनि राजनीतिक स्थिरता कायम हुन सकेन भने सरकार बनाउने र गिराउने खेल भइरहे । जनतामा राजनीतिक चेतना वृद्धि भने भई नै रह्यो । माओवादी सशस्त्र सङ्घर्षका कारण धनजनको क्षति धेरै भयो तर दलित, उत्पीडित, महिला, आदिवासी जनजाति पिछडिएका वर्गका मानिसमा चेतना र जागरण बढ्न गयो । आफ्नो अधिकारका लागि बोल्नुपर्छ र सङ्घर्ष गर्नुपर्छ भन्ने धारणाको विकास भयो । राजनीतिक अस्थिरताका कारण देशको अर्थतन्त्रमा नकारात्मक असर पर्‍यो । देशका उद्योग कलकारखानाहरू निजीकरण गरिए । बैङ्क र वित्तीय संस्थाहरूको विकास र विस्तारमा तीव्रता आयो । सूचना र सञ्चारका क्षेत्रमा उल्लेख्य प्रगति भयो । अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता र प्रभाव बढ्न गयो । शैक्षिक संस्थाहरूको स्थापना र विकासमा तीव्रता आयो । समग्रमा देशको सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा सकारात्मक तथा नकारात्मक दुबै प्रकारका प्रभाव देखा परे ।

### क्रियाकलाप

१. वि.सं. २०४७ देखि २०६३ सम्मका प्रधानमन्त्रीहरूको नाम विभिन्न माध्यमबाट सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपाल सरकार र माओवादीबिच सम्पन्न विस्तृत शान्ति सम्झौता सम्बन्धमा विभिन्न स्रोतबाट विवरण खोजी गरी प्रतिवेदन तयार गर्नुहोस् ।

३. वि.सं. २०४७ देखि २०६३ सम्मका प्रमुख राजनीतिक घटनालाई समय रेखामा देखाउनुहोस् ।

४. आफ्नो परिवारका अग्रज, समाजका अग्रज, स्थानीय राजनीतिज्ञ, पत्रकार, शिक्षकमध्ये कुनै एक व्यक्तिसँग जनआन्दोलन २०६२/०६३ का बारेमा सोधखोज गरी विवरण तयार गर्नुहोस् ।

## अभ्यास

१. मध्यावधि निर्वाचन भनेको के हो ?

२. वि.सं. २०४७ देखि २०६३ सम्मका प्रमुख आर्थिक तथा सामाजिक उपलब्धिको सूची तयार गर्नुहोस् ।

३. "वि.सं. २०६१ माघ १९ को घटना सिर्जना हुनुमा राजनीतिक दल पनि उत्तिकै जिम्मेवार छन् ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

४. वि.सं. २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाले गरेको विशेष घोषणाका कुनै चारओटा निर्णय उल्लेख गर्नुहोस् ।

५. अल्पमतको सरकार भनेर कस्तो सरकारलाई बुझाउँछ ? मनमोहन अधिकारीले किन अल्पमतको सरकार गठन गरेका थिए ?

# ६ वि.सं. २०६३ देखि २०७९ सम्मका राजनीतिक घटनाक्रम

कक्षा १० को सामाजिक अध्ययन विषयअन्तर्गतको वि.सं. २०६३ देखि २०७९ सम्मका राजनीतिक घटनाक्रम भन्ने पाठको सिकाइ सहजीकरणका क्रममा शिक्षकले कक्षाका सम्पूर्ण विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई पुस्तकालयको अध्ययन गरेर विवरण सङ्कलन गर्न भन्नुभएको थियो । यस क्रममा एलिसा र अञ्जलीको समूहले तयार गरेको विवरण यसप्रकार छ :



वि.सं. २०६३ मंसिर ५ मा नेपाल सरकार र नेकपा माओवादीबिचमा विस्तृत शान्ति सम्झौता सम्पन्न भयो । सम्झौताअनुरूप संविधान सभाको निर्वाचन र तत्कालका लागि अन्तरिम संविधान निर्माण गरी राज्य सञ्चालन गर्ने तयारी अगाडि बढाइयो । साथै द्वन्द्व व्यवस्थापन प्रक्रियालाई पनि अगाडि बढाउने सहमति भयो । वि.सं. २०६३ माघ १ गते अन्तरिम संविधान जारी भयो ।

वि.सं. २०६४ चैत्र २८ गते ऐतिहासिक संविधान सभाको निर्वाचन सम्पन्न भयो । वि.सं. २०६५ जेठ १५ गते भएको संविधान सभाको प्रथम ऐतिहासिक बैठक बस्यो । उक्त बैठकले शाहवंशीय राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गर्‍यो । यसपछि नेपालको प्रथम निर्वाचित राष्ट्रपति डा. रामवरण यादव र उपराष्ट्रपति परमानन्द झा भए । गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री पुष्पकमल दाहाल चुनिए । संविधान सभाले निर्धारित समय दुई वर्षमा संविधान निर्माण गरी जारी गर्नुपर्ने संवैधानिक व्यवस्था रहेकामा उक्त अवधिमा नसकेपछि दुई पटकसम्म संविधान संशोधन गरेर संविधान सभाको कार्यकाल थपियो । तर उक्त थपिएको अवधिमा पनि संविधान जारी हुन सकेन र वि.सं. २०६९ जेठ १४ गते पहिलो संविधान सभा विघटन भयो । दलहरूबिचको सहमति भएअनुरूप सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा वि.सं. २०६९ चैत्र १ गते चुनावी सरकार गठन भयो । यस सरकारले वि.सं. २०७० मङ्सिर ४ गते संविधान सभाको दोस्रो निर्वाचन सम्पन्न गरायो । दोस्रो संविधान सभाले वि.सं. २०७२ असोज ३ गते नेपालको संविधान जारी गर्‍यो । यो नेपालको ऐतिहासिक घटना थियो ।

वि.सं. २०७४ वैशाख, असार र असोजमा नयाँ संरचनाअनुसारको स्थानीय तहको निर्वाचन भयो भने वि.सं. २०७४ को मङ्सिरमा सङ्घीय र प्रदेश सभाको निर्वाचन सम्पन्न भयो । यसपछि लामो समयसम्म जनप्रतिनिधि विहीन अवस्थामा रहेका स्थानीय निकायले जनताको इच्छाअनुसार काम गर्ने प्रतिनिधि पाए भने केन्द्रमा बलियो सरकार पनि गठन हुन पुग्यो । सरकार सञ्चालन गरिरहेको नेपाल कम्युनिस्ट पार्टीको आन्तरिक कलह र फुटका कारण करिब दुई वर्ष समय बाँकी रहेको प्रतिनिधि सभा दुई पटकसम्म विघटन हुन पुग्यो । सर्वोच्च अदालतको आदेशले पुनर्स्थापित भएर नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार गठन भयो । वि.सं. २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भयो भने वि.सं. २०७९ साल मङ्सिर ४ गते प्रतिनिधि सभा र सातओटै प्रदेश सभाको निर्वाचन सम्पन्न भएको छ । यस निर्वाचनपछि पुष्पकमल दाहालको प्रधानमन्त्रीत्वमा सरकार गठन भयो ।

## क्रियाकलाप

१. वि.सं. २०६९ चैत्र १ गते बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्ययक्षतामा गैरराजनीतिक व्यक्ति संलग्न भएको चुनावी सरकार गठन भयो किन ? उक्त सरकारलाई तोकिएका कार्य के के हुन् ?

२. नेपालमा गणतन्त्र स्थापना भएपछि हालसम्मका प्रधानमन्त्रीका नाम तथा तस्बिर सङ्कलन गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

३. नेपालमा वि.सं. २०६२/०६३ को आन्दोलनपछि सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा भएका सकारात्मक परिवर्तनको अलग अलग सूची तयार गर्नुहोस् ।

## अभ्यास

**१. संविधान सभाबाट निर्मित संविधान जनमुखी हुन्छ, कसरी, कारण दिनुहोस् ।**

**२. नेपालमा पहिलो संविधान सभाबाट संविधान जारी हुन नसक्नुका कारण के के हुन्, लेख्नुहोस् ।**

**३. नेपालमा गणतन्त्र स्थापनाका कारणहरू के के हुन्, लेख्नुहोस् ।**

**४. वि.सं. २०४६ को जनआन्दोलन र २०६२/०६३ को जनआन्दोलनबिचका समानता र भिन्नता लेख्नुहोस् ।**

# ६ प्रथम विश्वयुद्ध : कारण र घटनाक्रम

मानव सभ्यताको इतिहासको एउटा विध्वंसात्मक कालखण्डका रूपमा चिनिएको प्रथम विश्व युद्धमा विश्वका अधिकांश देश कुनै न कुनै प्रकारले सहभागी भएका थिए । सन् १९१४ को जुलाई २८ मा अस्ट्रिया हङ्गेरीद्वारा सर्बियामाथि आक्रमण भएपछि सुरु भएको युद्ध सन् १९१९ जुन २८ मा भर्सेलिजको सन्धिमा हस्ताक्षर गरिएपछि अन्त्य भएको थियो । विशेष गरी मित्र राष्ट्रअन्तर्गतका मुख्य देश बेलायत, फ्रान्स, रुस, इटालीलगायतका देशको समूह र धुरी राष्ट्रअन्तर्गतका जर्मनी, अस्ट्रिया हङ्गेरी, टर्कीलगायतका देशका समूहबिचमा उक्त विनाशकारी युद्ध भएको थियो । इतिहासकारले यस युद्धलाई महङ्गो र रक्तपातपूर्ण भनेर उल्लेख गरेका छन् । यस युद्धका कारण यसप्रकार रहेका छन् :

### (क) युरोपेली राष्ट्रबिचको गुटबन्दी र गोप्य सन्धि

जर्मनीका चान्सलर अटोभान बिस्मार्कले आफ्नो देशको सीमा जसरी भए पनि विस्तार गर्ने नीति तय गरेका थिए । यसै क्रममा सन् १८७१ मा उसले फ्रान्समाथि आक्रमण गरी एल्सेस र लोरेन प्रान्त कब्जा गर्‍यो । बिस्मार्कले युरोपमा फ्रान्सलाई एक्लो बनाउने नीति लिएका थिए । यसले गर्दा फ्रान्स र जर्मनीबिच शत्रुता सुरु भयो । यसै क्रममा जर्मनीले अस्ट्रिया हङ्गेरीसँग सन् १८७९ मा र इटालीसँग सन् १८८२ मा गोप्य सम्झौता गर्‍यो । यो सम्झौतालाई त्रिपक्षीय सन्धि भनिन्छ । सन् १८९० मा बिस्मार्कको पतन भएपछि फेरि फ्रान्सले जर्मनीविरुद्ध गतिविधि गर्न थाल्यो । सन् १८९४ मा फ्रान्सले रुससँग र सन् १९०४ मा बेलायतसँग सन्धि गर्‍यो । यो सन्धिलाई त्रिपक्षीय मैत्री सन्धिका नामले चिनिन्छ । यी गोप्य सन्धिले युरोपका राष्ट्रहरू दुई शक्तिशाली गुटमा विभाजन हुन पुगे । यसले गर्दा आपसमा शङ्काका साथै अस्वस्थ प्रतिस्पर्धा, घृणा, बदलाको भावना, इर्ष्या र तनावको सिर्जना भयो र युद्धको कारण बन्न पुग्यो ।

### (ख) उग्र राष्ट्रवादी भावना र सैन्यवाद

युरोपका देश विशेष गरी जर्मनी र इटालीका जनतामा आफ्नो राष्ट्रप्रतिको भावना उच्च विन्दुमा पुगेको थियो । यतिसम्म कि उनीहरू संसारमा अरू कुनै पनि राष्ट्रको

अस्तित्वलाई गौण मान्थे भने विश्वमा शासन गर्नका लागि हाम्रो जन्म भएको हो भन्ने गर्थे । यस प्रकारको उग्रराष्ट्रवादले राष्ट्रबिच दुरी बढायो । यस्तै जर्मनी र इटालीले आफ्ना सैनिकको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि गरे । युरोपका अन्य राष्ट्रहरूले पनि आफ्नो सैन्य शक्ति बढाउने होड नै चलाए साथै प्रशस्त मात्रामा हातहतियारको वृद्धि गरे । सेना र हतियारको वृद्धिका कारण युरोपका राष्ट्रमा घमण्ड र उग्रतामा थप वृद्धि भयो जुन युद्ध निम्त्याउने कारक बन्यो ।

### (ग) उपनिवेशवाद र साम्राज्यवाद

युरोपका देशले आफ्नो उद्योग र व्यापारको विस्तार गर्ने क्रममा आफ्नै मुलुकको बजार तथा कच्चा पदार्थको कमी भएको महसुस गरे । यसका लागि उनीहरूले एसिया, अफ्रिका तथा दक्षिण अमेरिकी मुलुकलाई व्यापारिक उपनिवेश बनाए । ती देशहरूमा चरम शोषण र आर्थिक नियन्त्रण गर्न थाले । यस कार्यमा युरोपका देश खास गरी बेलायत, फ्रान्स, जर्मनी, इटाली र रुसबिच प्रतिस्पर्धा तथा होडबाजी चल्यो । यो अस्वस्थ प्रतिस्पर्धाले तनाव सिर्जना गऱ्यो । यस क्रममा एकले अर्काको अभियानमा बाधा पार्ने र समस्या सिर्जना गरिदिने कार्य गर्न थाले । यसरी एउटाको साम्राज्य माथि अर्कोले आक्रमण गर्ने, अवरोध गर्ने कार्यले अन्ततः युद्धको स्वरूप लिन पुग्यो ।

### (घ) भ्रमपूर्ण प्रचार र झुठा समाचारको प्रसारण

तत्कालीन समयमा युरोपका विभिन्न देशबाट प्रकाशित हुने भ्रमपूर्ण समाचारले राष्ट्रबिच अनावश्यक तनाव र अविश्वास सिर्जना गरेको थियो । एउटा देशबाट प्रकाशित समाचारले अर्को देशका बारेमा अपमान, घृणा र ईर्ष्या सिर्जना गर्थ्यो । हरेक देशका समाचारपत्रले आफ्नो देशका बारेमा अनावश्यक बढाइ चढाइ गरी लेख्ने गर्थे । विरोधीका बारेमा नकारात्मक, झुठो, कपोलकल्पित र पूर्वाग्रहपूर्ण समाचार प्रसारण गर्थे । यस्ता कार्यले जनतामा भ्रम सिर्जना भई युद्धको वातावरण तयार भएको थियो ।

### (ङ) बाल्कन प्रायद्वीपको समस्या

टर्की साम्राज्यअन्तर्गत ग्रिस, बुल्गेरिया, सर्बिया र मेसोडोनिया पर्थे । यसलाई अटोमन इम्पाएर (Ottoman Empire) भनिन्थ्यो । यिनीहरू एकआपसमा लडाइँ गरिरहन्थे भने टर्कीले उनीहरूमाथि गरेको दमनपूर्ण व्यवहारका कारण टर्की विरुद्ध एक थिए । ती राज्यहरू संयुक्त प्रयासबाट स्वतन्त्र हुन चाहन्थे । यसका लागि उनीहरूले एउटा

साझा लिग बनाए जसलाई बाल्कन लिग भनेर चिनिन्छ । उनीहरूको एकताको उद्देश्य टर्कीलाई जितेर बराबरी बाँड्ने थियो । यसैअनुरूप बाल्कन लिगले सन् १९१२ मा टर्कीलाई आक्रमण गऱ्यो र चारओटै राज्य स्वतन्त्र भए । स्वतन्त्र भए पनि ती बाल्कन राज्यको आपसी लडाइँ यथावत् नै थियो । अस्ट्रिया हङ्गेरी र जर्मनीले आफ्नो स्वार्थका लागि बुल्गेरियालाई उचाली रहेका थिए । फलस्वरूप बुल्गेरियाले सर्बियालाई आक्रमण गऱ्यो तर सर्बियाले बुल्गेरियालाई कब्जा गऱ्यो र सर्बिया ठुलो राष्ट्र बन्न पुग्यो । युद्धका कारण बाल्कन प्रायद्वीपको यसप्रकारको समस्या बन्न पुग्यो ।

### (च) ब्ल्याक ह्यान्ड सोसाइटीको गठन

बाल्कन राज्यअन्तर्गत पर्ने बोस्निया र हर्जगोभिना राज्यहरू सन् १९०८ को बर्लिन सम्मेलनद्वारा अस्ट्रिया हङ्गेरीको अधीनमा रहेका थिए । तिनीहरूका बासिन्दाको रहनसहन, भाषा र संस्कृति सर्बियासँग मिल्ने भएकाले उनीहरू सर्बियासँग मिल्न चाहन्थे । यसले गर्दा त्यहाँका युवाहरूले ब्ल्याक ह्यान्ड सोसाइटी नामको सङ्गठन निर्माण गरे । यसमा सर्बियाको गोप्य सहयोग रहेका कारण अस्ट्रिया हङ्गेरीसँग विवाद भयो र यो युद्धको कारण बन्न पुग्यो ।

### (छ) तत्कालीन कारण

अस्ट्रिया हङ्गेरीका राजकुमार आर्कड्युक फ्रान्सिस फर्डिनान्ड (Arch Duke Francis Ferdinand) र उनकी पत्नी सोफी चोटेक (Sophie Chotek) बोस्नियाको राजधानी साराजेभोको भ्रमणमा गएका थिए । २८ जुन १९१४ मा बोस्नियाका एक विद्यार्थी ग्राभिलो प्रिन्सिप (Gravilo Princip) ले गोली हानेर उनीहरूको हत्या गरे । उनी ब्ल्याक ह्यान्ड सोसाइटीका सदस्य रहेका थिए । यस घटनामा जर्मनीको इसारामा अस्ट्रिया हङ्गेरीले ब्ल्याक ह्यान्ड सोसाइटीलाई प्रतिबन्ध लगाई दमन गर्न सर्बियालाई भन्यो । त्यसको अनुगमन अष्ट्रियाले गर्न पाउनुपर्ने माग राखेर अठचालिस घन्टे चेतावनी पठायो । सर्बियाले ब्ल्याक ह्यान्ड सोसाइटीलाई कारबाही गर्न र प्रतिबन्ध लगाउन सकिने तर त्यसको निगरानी अस्ट्रिया हङ्गेरीलाई गर्न नदिने कुरा प्रस्ट पाऱ्यो । यसले गर्दा दुई देशबिच थप तनाव सिर्जना भयो । अस्ट्रिया हङ्गेरीले सन् १९१४ जुलाई २८ मा सर्बियामाथि आक्रमण गऱ्यो र यही घटनाबाट प्रथम विश्वयुद्धको प्रारम्भ भयो ।

## प्रथम विश्वयुद्धका प्रमुख घटना

| मिति | मुख्य घटना |
|---|---|
| २८ जुलाइ १९१४ | अस्ट्रियाद्वारा सर्बियाको राजधानी बेलग्रेडमाथि आक्रमण |
| २९ जुलाइ १९१४ | रुसद्वारा सर्बियाको रक्षा गर्न आफ्ना सेनालाई आदेश र युद्धमा प्रवेश |
| ३० जुलाइ १९१४ | जर्मनीले रुसलाई सर्बियामा खटाएको सेना फिर्ता गर्न दबाब |
| १ अगस्ट १९१४ | रुसले सर्बियाबाट सेना फिर्ता नबोलाएपछि जर्मनीद्वारा रुसविरुद्ध युद्धको घोषणा र फ्रान्सद्वारा रुसको समर्थन |
| ३ अगस्ट १९१४ | जर्मनीद्वारा फ्रान्स विरुद्ध युद्धको घोषणा, जर्मन सेना फ्रान्समाथि आक्रमण गर्न बेल्जियम प्रवेश। बेलायतद्वारा बेल्जियमबाट सेना फिर्ता गर्न जर्मनीलाई चेतावनी |
| ४ अगस्ट १९१४ | बेल्जियमबाट जर्मनीले सेना फिर्ता नगरेपछि बेल्जियमको सुरक्षाका लागि भन्दै बेलायतद्वारा जर्मनी विरुद्ध युद्धको घोषणा |
| १२ अगस्ट १९१४ | बेलायत र फ्रान्सद्वारा अस्ट्रिया हङ्गेरी विरुद्ध युद्धको घोषणा |
| २० अक्टोबर १९१४ | बेल्जियमको यप्रस (Ypres) सहरमा प्रथम यप्रस युद्ध, बेल्जियमको ठुलो सङ्ख्यामा सेनाको मृत्यु |
| २४ मे १९१५ | इटालीद्वारा अस्ट्रिया हङ्गेरी विरुद्ध युद्धको घोषणा |
| १५अक्टोबर १९१५ | बेलायतद्वारा बुल्गेरिया विरुद्ध युद्धको घोषणा |
| २७ अगस्ट १९१६ | रोमानियाद्वारा अस्ट्रिया हङ्गेरी विरुद्ध युद्धको घोषणा |
| २८ अगष्ट १९१६ | इटालीद्वारा जर्मनी विरुद्ध युद्धको घोषणा |
| ६ अप्रिल १९१७ | अमेरिकाद्वारा जर्मनी विरुद्ध युद्धको घोषणा |
| ७ अगस्ट १९१८ | जर्मन सेनाको पराजय र जर्मनको कालो दिन |
| ९ नोभेम्बर १९१८ | जर्मन सम्राट् कैजर विलियम द्वितीय भागेर हल्यान्ड पलायन |
| २८ जुन १९१९ | पेरिस शान्ति सम्मेलन, भर्सेलिजको सन्धि र युद्धको अन्त्य |

## क्रियाकलाप

१. कुण्ठा, ईर्ष्या, बदलाको भावना, अस्वस्थ प्रतिष्पर्धा तथा नकारात्मक सोच आदिले गर्दा प्रथम विश्वयुद्ध भएको देखिन्छ । यसले व्यक्तिको सर्वाङ्गीण विकासमा समेत अवरोध गर्छ । तसर्थ त्यस्ता कुरालाई मानिसको मस्तिष्कबाट हटाउन के के गर्नुपर्छ, समूहमा खोजी गरी लेख्नुहोस् ।

२. फ्रान्सिस जोसेफ, सर्बियाका पिटर, कैजर विलियम द्वितीय र जार निकोलसका बारेमा विभिन्न माध्यमबाट विवरण सङ्कलन गर्नुहोस् र छोटकरीमा लेख्नुहोस् ।

३. प्रथम विश्वयुद्धका विभिन्न घटनालाई समयरेखामा देखाउनुहोस् ।

## अभ्यास

**१. गुटबन्दीले प्रथम विश्वयुद्धलाई कसरी प्रश्रय दियो, लेख्नुहोस् ।**

**२. उग्रराष्ट्रवादलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।**

**३. साम्राज्यवाद र उपनिवेशवादमा के भिन्नता छ, उदाहरणसहित लेख्नुहोस् ।**

**४. प्रथम विश्वयुद्धको तत्कालीन कारण के थियो, लेख्नुहोस् ।**

# ७ प्रथम विश्वयुद्धका परिणाम

प्रथम विश्वयुद्धको परिणाम भयानक रह्यो । यस युद्धका कारण धेरै जनधनको क्षति भएकाले यस युद्धलाई नरसंहारकारी युद्धका रूपमा लिइन्छ । यसका परिणाम यसप्रकार रहेका छन् :

१. **राष्ट्रसङ्घको स्थापना** : विश्वलाई युद्धबाट टाढा राख्ने, विश्व शान्ति कायम गर्ने र देशहरूबिचको द्वन्द्वलाई वार्ताद्वारा अन्त्य गर्ने उद्देश्यले तत्कालीन अमेरिकी राष्ट्रपति विड्रो विल्सनका पहलमा १० जनवरी १९२० मा राष्ट्रसङ्घको स्थापना भयो ।

२. **जनधनको ठुलो क्षति** : यस युद्धमा साँढे छ करोड मानिस संलग्न थिए । करिब ९२ लाख मानिसको मृत्यु भएको थियो भने २ करोड ९० लाख मानिस घाइते भएका थिए । त्यस्तै कैयौँ मानिस बेपत्ता भएका थिए । यस युद्धमा करिब ३३ करोड ६० लाख अरब पाउन्ड खर्च भएको थियो । कैयौँ भौतिक संरचना नस्ट भएका थिए । युरोपका प्रमुख देश आर्थिक रूपमा टाट पल्टिएका थिए ।

३. **भर्सेलिज सन्धिमा हस्ताक्षर** : सन् १९१९ जुन २८ मा फ्रान्सको राजधानी पेरिसमा रहेको भर्सेलिजको दरबारमा मित्र राष्ट्र समूह र जर्मनीबिच प्रथम विश्वयुद्ध रोक्ने तथा यसको क्षतिपूर्ति भराउने सर्तसहित सन्धि भएको थियो । यस सन्धिलाई भर्सेलिजको सन्धि भनिन्छ । यो एकपक्षीय रूपमा जर्मनीमाथि लादिएको सन्धि थियो । जसका कारण जर्मनीले सन्धिमा आफू अपमानित भएको महसुस गरेको थियो ।

### भर्सेलिजको सन्धिले जर्मनीलाई परेको असर

| युद्ध अपराध | राज्यको क्षति | सैनिक प्रतिबन्ध | आर्थिक क्षतिपूर्ति |
|---|---|---|---|
| सन्धिको धारा २३१ अनुसार युद्ध अपराधका रूपमा जर्मनीले युद्धका सबै प्रकारको क्षतिको दायित्व व्यहोर्नु पर्‍यो । | – एल्सेस र लोरेन प्रान्त फ्रान्सलाई फिर्ता गर्नुपर्‍यो ।<br>– युरपेन तथा मालमडी बेल्जियमलाई छोड्नुपर्‍यो ।<br>– डान्जिङ र पोलिस करिडोर पोल्यान्डलाई छोड्नुपर्‍यो ।<br>– जर्मन उपनिवेश मित्र राष्ट्रले बाँडेर लिए ।<br>– सार र डान्जिङ क्षेत्र राष्ट्रसङ्घअन्तर्गत रहने भयो | – राइनल्यान्डलगायतका क्षेत्रहरू १५ वर्षसम्म मित्र राष्ट्रको अधीनमा राख्नु पर्नाका साथै यस स्थानभन्दा १० कि.मि. पर मात्रै सेना राख्नुपर्ने<br>– नयाँ सेना भर्ती गर्न नपाउने र एक लाख मात्रै सेना राख्नुपर्ने<br>– युद्धपोत र जहाज निर्माण गर्न नपाउने साथै छओटा भन्दा धेरै युद्धपोतहरू राख्न नपाउने | – युद्धको क्षतिपूर्तिबापत ६६ करोड पाउन्ड मित्र राष्ट्रहरूलाई बुझाउनुपर्ने<br>– सार क्षेत्रमा रहेको कोइलाखानी १५ वर्षका लागि फ्रान्सलाई दिनुपर्ने |

४. **सामन्तवादी राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना :** यस युद्धको प्रभावले युरोपका अधिकांश मुलुकमा राजतन्त्रको अन्त्य हुन गई गणतान्त्रिक शासन व्यवस्थाको सुरुआत भएको थियो ।

५. **विश्वव्यापी आर्थिक सङ्कट :** विश्व युद्धका कारण युरोपका मुख्य देशको आर्थिक अवस्था ज्यादै नाजुक भएको थियो । अधिकांश युवाहरू युद्धमा सामेल भएका कारण कृषि, उद्योग, व्यापारका क्षेत्रमा प्रतिकूल असर परेको थियो । विश्वव्यापी रूपमा भोकमरीले सताएको थियो । बेरोजगारी, गरिबी, मुद्रास्फीति र महङ्गीले सताएको थियो ।

६. **अधिनायकवादको उदय :** भर्सेलिजको सन्धिपछि जर्मनीको अपमान भयो । अन्तर्राष्ट्रिय जगत्मा उसको शक्ति कमजोर बनाइएको थियो । यसैलाई आधार बनाएर जर्मनीमा नाजी पार्टीका नेता एडल्फ हिटलरले शक्ति आफ्नो हातमा लिए । त्यस्तै इटालीमा फासिस्ट पार्टीका मुसोलिनीको उदय भयो । उनीहरूले आफ्नो सत्ता टिकाउन विरोधीलाई दमन गर्ने, यातना दिने र हत्या गर्ने जस्ता कार्य गर्न लागे । यसरी अधिनायकवादको जन्म हुन पुग्यो ।

७. **नयाँ राष्ट्रको उदय :** प्रथम विश्वयुद्धपछि अल्वानिया, युगोस्लाभिया, फिनल्यान्ड, चेकोस्लोभाकिया आदि राष्ट्रहरूको उत्पत्ति भयो ।

## प्रथम विश्व युद्धमा नेपालीको भूमिका

प्रथम विश्व युद्धताका नेपालका प्रधानमन्त्री चन्द्रशमशेर थिए । उनले अङ्ग्रेजलाई सहयोग गर्न जनरल बबरशमशेरको नेतृत्वमा ७,५०० नेपाली फौज पठाएका थिए । त्यसपछि पनि जनरल पद्मशमशेर, तेजशमशेर र केशरशमशेरको नेतृत्वमा समेत नेपाली फौज पठाई अङ्ग्रेजलाई सैनिक सहयोग गरेका थिए । कुल १६,५४४ जना नेपाली सैनिकले प्रथम विश्व युद्धमा अङ्ग्रेजका तर्फबाट लडाइँ लडेका थिए । चन्द्रशमशेरले बेलायतलाई आर्थिक सहयोगका रूपमा १० लाख पाउन्ड प्रदान गरेका थिए । नेपालको सैन्य तथा आर्थिक सहयोगबाट प्रभावित भएर बेलायत सरकारले चन्द्रशमशेरलाई ब्रिटिस फौजको जनरल पद प्रदान गरेको थियो । कम्पनी सरकारले नेपाललाई प्रतिवर्ष १० लाख रुपियाँसमेत प्रदान गर्न थाल्यो । युद्धमा वीरता प्रदर्शन गरेबापत धेरै नेपाली फौज प्रसिद्ध भिक्टोरिया क्रस र मिलिटरी क्रस नामक पदकबाट सम्मानित भए । नेपाली योद्धाहरूको विषयलाई लिएर तत्कालीन जर्मन सम्राट् कैजर विलियम द्वितीयले यस्तो भनेका थिए, "म मेरा सेनालाई

संसारका जुनसुकै सेनासँग युद्ध लड्न पठाउन सक्छु तर गोरखाली सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कन्छ ।" यो भनाइबाट के कुराको पुष्टि हुन्छ भने प्रथम विश्वयुद्धमा नेपाली सेनाको प्रवेश र वीरताबाट बेलायतले युद्ध जित्न सफल भएको थियो ।

### क्रियाकलाप

१. प्रथम विश्वयुद्धमा मारिएका सैनिकको सङ्ख्यालाई वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् :

| **राष्ट्र** | **मारिएका सैनिक सङ्ख्या** |
|---|---|
| इटाली | ६,५०,००० |
| जर्मनी | १७,७३,००० |
| बुल्गेरिया | ८,७५,००० |
| अमेरिका | १,१६,५१६ |
| रोमानिया | ३,३५,००० |

२. विभिन्न स्रोतहरूबाट सङ्कलन गरेर हिटलर र मुसोलिनीको जीवनी तयार गर्नुहोस् ।

३. भर्सेलिजको सन्धिले दोस्रो विश्वयुद्धको बीजारोपण गरेको थियो । के तपाईं यस भनाइसँग सहमत हुनुहुन्छ, आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

**१. राष्ट्रसङ्घको छोटो परिचय दिनुहोस् ।**

**२. प्रथम विश्वयुद्धका परिणामको छोटकरीमा वर्णन गर्नुहोस् ।**

**३. प्रथम विश्वयुद्धमा नेपालीले खेलेको भूमिकाको छोटकरीमा वर्णन गर्नुहोस् ।**

**४. अधिनायकवाद भनेको के हो ?**

**५. "बदलाको भावनाले सङ्कट निम्त्याउँछ ।" यस भनाइलाई प्रथम विश्वयुद्धको प्रसङ्ग जोडेर पुष्टि गर्नुहोस् ।**

**६. भर्सेलिजको सन्धिको सकारात्मक तथा नकारात्मक प्रभावको समीक्षा गर्नुहोस् ।**

# ८ दोस्रो विश्वयुद्ध र यसका कारण

प्रथम विश्वयुद्धको अन्त्यमा गरिएको भर्सेलिजको सन्धिले युद्धमा पराजित भएका राष्ट्रहरूमध्ये विशेष गरी जर्मनीको अपमान गरेको थियो । जर्मनीमाथि विभिन्न प्रकारका प्रतिबन्ध लगाइएको थियो जसले गर्दा जर्मनी नराम्रोसँग चिढिएको थियो । जर्मनी यसको बदला कुनै पनि वेला लिन चाहन्थ्यो । यस्तै जर्मनीलाई उक्साएर फेरि पनि युद्ध गर्न चाहने रुसको नीतिले गर्दा तथा जापानको बढ्दो महत्त्वाकाङ्क्षाले गर्दा पहिलो विश्वयुद्ध अन्त्य भएको २० वर्ष नौ महिनापछि अर्को भयानक युद्धको सुरुआत भयो । जसलाई दोस्रो विश्वयुद्धका नामले चिनिन्छ । यसका कारण यसप्रकार रहेका छन् :

१. **भर्सेलिजको सन्धि र जर्मनीद्वारा यसको उल्लङ्घन** : २८ जुन १९१९ मा भएको भर्सेलिजको सन्धिबाट जर्मनीको अपमान भएसँगै उसमा प्रतिशोधको भावना उब्जेको थियो । यसैलाई लिएर जर्मनीमा तानशाह हिटलरको उदय भयो । उनले जर्मनीको सैन्य शक्ति विस्तार गर्नुका साथै युद्ध सामग्रीको पनि वृद्धि गरे । भर्सेलिजको सन्धिमार्फत जर्मन सेनाबाट मुक्त राखिएको राइनल्यान्डमा सन् १९३६ मा आफ्नो सेना पुनः पठाए । यसरी जर्मनीले यो सबै गरिरहँदा बेलायत तथा फ्रान्सले जर्मनीलाई उक्साए भने राष्ट्रसङ्घलाई जर्मनीका गतिविधि नियन्त्रण गर्न दबाब दिए । यसरी उनीहरूको दोहोरो चरित्र र जर्मनीको सन्धि विपरीत गतिविधिलाई राष्ट्रसङ्घले नियन्त्रण गर्न सकेन । अन्ततः यो नै दोस्रो विश्वयुद्धको प्रमुख कारण बन्न पुग्यो ।

२. **राष्ट्रसङ्घको असफलता** : सदस्य राष्ट्रहरूले राष्ट्रसङ्घको नियमको उल्लङ्घन गर्दा पनि उसले तिनीहरूलाई नियन्त्रण गर्न सकेन । प्रथम विश्वयुद्धको सफलताबाट हौसिएको जापानले आफ्नो साम्राज्यको विस्तार गर्ने सपनाअनुसार सन्धि विपरीत चीनको मन्चुरियामा आक्रमण गरी कब्जा गऱ्यो । उसले सन् १९३३ मा राष्ट्रसङ्घको सदस्यता त्याग गऱ्यो । त्यसै गरी सन् १९३६ मा इटालीले इथियोपिया कब्जा गऱ्यो । जर्मनीले पनि राष्ट्रसङ्घ त्याग्यो र अस्ट्रिया तथा चेकोस्लोभाकियामाथि आक्रमण गरी नियन्त्रणमा लियो । रुसले फिनल्यान्ड कब्जा गऱ्यो । यी सम्पूर्ण गतिविधिमाथि राष्ट्रसङ्घले नियन्त्रण गर्न सकेन र असफल सावित भयो । यसरी राष्ट्रसङ्घको असफलता नै दोस्रो विश्वयुद्धको कारण बन्न पुग्यो ।

३. **अधिनायकवादको उदय** : प्रथम विश्वयुद्धको अन्त्यसँगै युरोपका जर्मनीमा एडल्फ हिटलर, इटालीमा बेनिटो मुसोलिनी र स्पेनमा जनरल फ्रान्सिस्को फ्राँन्को जस्ता अधिनायकवादीहरूले सत्ता कब्जा गरे । तिनीहरूले अन्य राष्ट्रलाई चुनौती दिँदै आफ्नो सैनिक सङ्ख्यामा वृद्धि गरे भने हातहतियार निर्माण र सङ्कलनमा जोड दिए । आफ्ना नागरिकमा उग्रराष्ट्रवादी भावना जागृत गराए । हिटलरले जर्मनीका युवालाई अनिवार्य रूपमा सेनामा सामेल हुन आदेश दिए । उनीहरूको यसप्रकारको कार्यले गर्दा युरोपलगायत विश्वभर अविश्वास र आशङ्काको वातावरण पैदा भयो । जसले पुनः हतियार निर्माण गर्ने र सैन्य शक्ति वृद्धि गर्ने होडबाजी चल्यो । यसको फलस्वरूप दोस्रो विश्वयुद्धको सुरुआत भयो ।

४. **अपवित्र गठबन्धन** : प्रथम विश्वयुद्धमा मित्र राष्ट्रको पक्षमा रहेका इटाली र जापानले मित्र राष्ट्र गठबन्धन छोडेर जर्मनीसँग कम्युनिस्ट विरोधी गठबन्धन (Anti Communist Pact) गरे । यसको उद्देश्य रुसमा बढ्दै गएको साम्यवादी शक्तिको प्रभाव चीनतर्फ बढ्नबाट रोक्नु र रुसको शक्तिलाई कमजोर बनाउनु थियो । साम्यवादी व्यवस्थाका कारण रुसको आर्थिक अवस्थामा सुधार आएको बेलायत र फ्रान्सलाई डाहा भएको थियो । उनीहरू यसलाई कमजोर बनाउन चाहन्थे । बेलायत आफ्नो विश्व प्रभुत्व गुम्ने त्रासमा भएका कारण भित्रभित्रै रुसको विरोधमा थियो । त्यस्तै अर्कोतिर अमेरिकासँग बेलायत, फ्रान्स, युगोस्लाभिया र रोमानियाको गठबन्धन भएको थियो । पछि रुस पनि यसको सदस्य भयो । यहाँ बेलायत र फ्रान्सको दोहोरो चरित्रले अपवित्र गठबन्धनलाई टेवा पुऱ्यायो । यो गुट उपगुटले गर्दा राष्ट्रहरूबिच शङ्का र अविश्वासको वातावरण सिर्जना भयो । अन्त्यमा यसले युद्धको रूप लियो ।

५. **साम्यवादको त्रास र तुष्टीकरण नीति** : प्रथम विश्वयुद्ध चलिरहँदा रुसमा क्रान्ति सफल भई कम्युनिस्टहरूले सत्ता कब्जा गरेका थिए । रुसमा साम्यवादी शासन सुरु भएपछि छोटो समयमा धेरै परिवर्तन भएका थिए । यसको प्रभाव अन्य युरोपेली मुलुकमा पनि पर्न गयो । रुसको प्रभाव बिस्तारै युरोपेली मुलुक र अन्यत्र पनि पर्न थाल्यो । यसले फ्रान्स र बेलायतमा चिन्ता थप्यो । बेलायत आफ्नो साम्राज्य समाप्त हुने त्रासमा थियो । उसले जर्मनीको गठबन्धनले रुसमा आक्रमण गरोस् र उसको शक्ति क्षीण होस् भन्ने चाहन्थ्यो । यो तुष्टीकरणको नीतिलाई फ्रान्सले पनि साथ दिएको थियो ।

६. **स्पेनको गृहयुद्ध** : सन् १९३६ मा भएको स्पेनको आन्तरिक युद्धलाई दबाउन जनरल फ्रान्सिस्कोले सेना परिचालन गरे भने इटाली र जर्मनीले फ्रान्सिस्कोको उक्त कार्यलाई

सहयोग गरे । यस घटनामा जर्मन र इटालीले आफ्नो सैन्य शक्ति र हतियारको परीक्षण गर्ने अवसर प्राप्त गरे । फ्रान्सिस्कोले आफ्नो गृहयुद्धलाई दबाउन सफल भए र स्पेन पनि जर्मनीको गुटमा सामेल भयो । यस घटनाले गर्दा धुरी राष्ट्रहरूको मनोबल बढ्न गयो । फलस्वरूप दोस्रो विश्वयुद्ध हुन पुग्यो ।

७. **विश्वव्यापी आर्थिक सङ्कट** : प्रथम विश्वयुद्धका कारणले विश्वव्यापी आर्थिक सङ्कट निम्तिएको थियो । जसका कारण विश्वभरका मानिसमा निराशा, आक्रोश र असन्तोष बढ्दै गएको थियो । बढ्दो बेरोजगारीका कारण युवाहरू सेनामा भर्ती भए । यसका कारण राष्ट्रहरूले सैनिक शक्ति वृद्धि गर्ने अवसर पाए । तसर्थ बेरोजगारी र गरिबीको आक्रोश युद्धमा परिणत हुन पुग्यो ।

८. **तात्कालीन कारण** : भर्सेलिजको सन्धि उल्लङ्घन गरेको जर्मनीले सन् १९३९ मा उक्त सन्धिअनुरूप पोल्यान्डलाई दिइएको डानिजङ र पोलिस करिडोर फिर्ता माग्यो । पोल्यान्डले फिर्ता दिन अस्वीकार गऱ्यो । उता रुस र जर्मनीले पनि युद्ध भइहालेको अवस्थामा एकअर्कालाई आक्रमण नगर्ने र पोल्यान्डलाई कब्जा गरेर आपसमा बाँडेर लिने सहमति गरे । त्यसैअनुरूप १९३९ सेप्टेम्बर १ मा हिटलरले पोल्यान्डमाथि स्थल तथा हवाई आक्रमण गरे । यो घटनाले विधिवत् रूपमा दोस्रो विश्वयुद्धको सुरुआत भयो ।

## दोस्रो विश्वयुद्धका प्रमुख घटना

| मिति | प्रमुख घटनाहरू |
|---|---|
| १ सेप्टेम्बर १९३९ | जर्मनीद्वारा पोल्यान्डमाथि आक्रमण र दोस्रो विश्व युद्धको आरम्भ |
| ३ सेप्टेम्बर १९३९ | रुस र फ्रान्सद्वारा जर्मनीको उक्त कार्यको निन्दा जर्मनी विरुद्ध युद्धको घोषणा |
| ९ अप्रिल १९४० | जर्मनीद्वारा डेनमार्क र नर्वेमाथि आक्रमण |
| ३० अप्रिल १९४० | धुरी राष्ट्रका तर्फबाट जापान युद्धमा सामेल भएको घोषणा |
| १० मे १९४० | जर्मनीद्वारा बेल्जियम, नेदरल्यान्ड र लक्जेम्वर्ग कब्जा |
| १७ मे १९४० | जर्मनीद्वारा फ्रान्समाथि आक्रमण |
| १० जुन १९४० | इटालीद्वारा बेलायत र फ्रान्स विरुद्ध युद्धको घोषणा |

| | |
|---|---|
| १० जुलाइ १९४०<br>२८ अक्टोबर १९४० | बेलायतद्वारा युद्ध आरम्भ<br>इटालीद्वारा ग्रिसमा आक्रमण |
| १९४१ अप्रिल ६<br>१९०१ अप्रिल २१<br>१९४१ जुन २२<br>१९४१ डिसेम्बर ७<br>१९४१ डिसेम्बर ८ | जर्मनीद्वारा युगोस्लाभिया र ग्रिसमाथि आक्रमण<br>ग्रिसद्वारा जर्मनीसामु आत्मसमर्पण<br>२३ अगस्ट १९३९ को सन्धिको विपरीत जर्मनीद्वारा रुसमाथि आक्रमण<br>युद्धमा तटस्थ रहेको अमेरिकाको पर्ल हार्वरमा रहेको अमेरिकी सेना र पानी जहाजमाथि जापानले बम हानी ध्वस्त<br>अमेरिकाद्वारा जापान, जर्मनी र इटाली विरुद्ध युद्धको घोषणा र युद्ध प्रारम्भ |
| १९४२ फ्रेब्रअरी २७<br>१९४२ मे ४ | जाभा सामुद्रिक युद्ध<br>कोरल सामुद्रिक युद्ध |
| १९४३ सेप्टेम्बर ८ | इटालीद्वारा आत्मसमर्पण |
| १९४४ अगस्ट २५ | जर्मनीको कब्जामा रहेको पेरिसलाई मित्रराष्ट्रका संयुक्त फौजद्वारा मुक्त र जर्मनीको भयानक क्षति |
| १९४५ जनवरी १७<br>१९४५ अप्रिल १२ | रुसद्वारा पोल्यान्डको वार्सामा अधिकार<br>अमेरिकी राष्ट्रपति फ्राङ्कलिन डी रुजवेल्टको मृत्यु र हेरीएस ट्रमेन नयाँ राष्ट्रपति चयन |
| १९४५ अप्रिल २८<br>१९४५ अप्रिल ३०<br>१९४५ मे ७<br>१९४५ अगस्ट ६<br>१९४५ अगस्ट ९<br>१९४५ सेप्टेम्बर १२ | इटालीका शासक मुसोलिनीको हत्या<br>हिटलर र उनकी श्रीमती इभा ब्राउनद्वारा आत्महत्या<br>जर्मनीद्वारा रिममा आत्मसमर्पण<br>जापानको हिरोसिमा सहरमा अमेरिकाद्वारा Little Boy नामको एटम बम प्रहार<br>जापानको नागासाकी सहरमा अमेरिकाद्वारा Fat Man नामको एटम बम प्रहार<br>जापानद्वारा आत्मसमर्पण र ६ वर्ष ११ दिनमा दोस्रो विश्वयुद्धको अन्त्य |

## क्रियाकलाप

१. जापान र इटाली प्रथम विश्वयुद्धमा मित्रराष्ट्र समूहबाट सहभागी भएकामा द्वितीय विश्वयुद्धमा धुरी राष्ट्र समूहबाट सहभागी भएका थिए । यसको कारण के होला, विभिन्न स्रोतबाट खोजी गर्नुहोस् ।

२. पत्रकारले अन्तर्वार्ताका क्रममा तेस्रो विश्वयुद्ध भयो भने कस्ता हतियारहरूको प्रयोग हुन्छ भनेर गरेको प्रश्नको उत्तरमा वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले "तेस्रोमा त कस्तो हतियारको प्रयोग हुन्छ थाहा छैन, तर चौथो विश्वयुद्ध भयो भने चाहिँ ढुङ्गाका हतियार प्रयोग हुने छन् ।" भन्ने उत्तर दिएका थिए । यस भनाइप्रति तपाईँको आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

३. दोस्रो विश्वयुद्धका लागि हिटलरको नीतिका कारण जर्मनी मात्र दोषी थिएन, जापान, रुस, बेलायत र फ्रान्ससमेत दोषी थिए भन्ने गरिन्छ । यसका कारणको खोजी गर्नुहोस् ।

## अभ्यास

१. **"भर्सेलिजको सन्धिले दोस्रो विश्वयुद्धलाई निम्ता गरेको थियो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

२. **दोस्रो विश्वयुद्धका कारणको छोटकरीमा वर्णन गर्नुहोस् ।**

३. **तुष्टीकरणको नीति भनेको के हो ? यसले दोस्रो विश्वयुद्धलाई कसरी निम्त्यायो ?**

# १ दोस्रो विश्वयुद्धका परिणाम र नेपालको भूमिका

दोस्रो विश्वयुद्धका घटना जति धेरै भयानक थिए यसका परिणामसमेत त्यतिकै भयानक थिए । युद्धमा सामेल भएका राष्ट्र मात्रै नभई यसमा प्रत्यक्ष सहभागी नरहेका राष्ट्रसमेत नराम्रोसँग प्रभावित भएका थिए । विश्वलाई दोस्रो भयानक युद्धमा होम्ने हिटलर स्वयम् श्रीमतीसहित आत्महत्या गर्न पुगे । त्यस्तै अर्का तानाशाह मुसोलिनीको हत्या भयो भने जापान पनि तहसनहस हुन पुग्यो । युद्धमा अनेकन दाउपेच गर्ने मित्र राष्ट्रहरूको पनि धनजनको ठुलो क्षति हुन पुग्यो । १ सेप्टेम्बर १९३९ मा जर्मनीले पोल्यान्डलाई आक्रमण गरी सुरु भएको युद्ध १२ सेप्टेम्बर १९४५ मा जापानले आत्मसमर्पण गरेपछि विधिवत् अन्त्य भएको थियो ।

## दोस्रो विश्वयुद्धको परिणाम

**धनजनको ठुलो क्षति :** दोस्रो विश्वयुद्धमा धेरै विनाशकारी हतियारको प्रयोग गरिएको थियो जुन मानव अस्तित्वका लागि ठुलो चुनौतीसमेत थियो । यो युद्ध धेरै खर्चिलो समेत थियो । यसमा ११ सय खरब डलर रकम खर्च भएको अनुमान गरिएको छ । यस्तै करिब २ करोड २० लाख मानिस मारिएको अनुमान गरिएको छ । खरबौँको सम्पत्ति र भौतिक संरचना ध्वस्त पारिएका थिए । कृषियोग्य जमिन मरुभूमिमा परिणत भएका थिए । करोडौँ मानिस घाइते तथा बेपत्ता भएका थिए । लाखौँ मानिस भोकमरीले मरेका थिए भने शरणार्थीसमेत भएका थिए ।

**विश्व दुई ध्रुवमा विभाजित र शीतयुद्धको सुरुआत :** युद्धको समाप्तिपछि विश्वमा धेरै देशहरूको आर्थिक तथा सैनिक शक्ति कमजोर भयो । अमेरिका र रुसको भने शक्ति वृद्धि भयो । अमेरिकाले युरोपका युद्धरत देशलाई हतियार व्यापार गरेर ठुलो धनराशि जम्मा गऱ्यो । अरू देशको तुलनामा उसको सेना पनि कम क्षति भएको थियो । रुसको सैन्य शक्ति धेरै भएका कारण ऊ अरूभन्दा शक्तिशाली भयो । यसै क्रममा रुस र अमेरिकाबिच वैचारिक तथा राजनीतिक मतभेद बढ्न गयो । रुसमा साम्यवादी व्यवस्था थियो भने अमेरिकाले पुँजीवादी व्यवस्था अँगालेको थियो । यसले गर्दा यी दुबै देशबिचमा एक आपसमा आलोचना गर्ने होडबाजी नै चल्यो । विश्वका अन्य राष्ट्रहरू कुनै रुसको साम्यवादी व्यवस्थाका पक्षमा

र कुनै अमेरिकाको पुँजीवादी व्यवस्थाका पक्षमा ध्रुवीकृत भए । एकआपसमा सैनिक आक्रमण त भएन तर दुबै समूहबिच कडा प्रतिस्पर्धा हुन लाग्यो । यसले सैन्य युद्ध त भएन तर उनीहरूबिचको सम्बन्ध चिसियो । यसलाई शीतयुद्धका रूपमा लिने गरिन्छ । सोभियत सङ्घको विघटनपछि मात्रै उक्त समस्यामा कमी आयो ।

**विभिन्न प्रतिस्पर्धी संस्थाको स्थापना** : आर्थिक पुन:निर्माणका नाममा विभिन्न प्रतिस्पर्धी संस्थाहरूको स्थापना र क्रियाशीलता बढ्न थाल्यो । युरोपलगायतका क्षेत्रमा बढ्दै गएको साम्यवादी प्रभावलाई रोक्नका लागि अमेरिका तथा पश्चिम युरोपका राष्ट्रहरू मिलेर सन् १९४९ मा उत्तर एटलान्टिक सन्धि सङ्गठन (NATO) को स्थापना गरे । यसको विपरीत रुसले पनि पूर्वी युरोपेली राष्ट्रहरूको सहभागितामा पोल्यान्डको राजधानी वार्सामा सन् १९५५ मा वार्सा सन्धि सङ्गठन नामको संस्थाको गठन गरेको थियो । उक्त देशलाई आर्थिक सहयोग गर्ने भन्दै रुसले विदेशमन्त्री मोलोटोभको नेतृत्वमा Council for Mutual Economic Assistance नामको Molotov Plan सुरु गऱ्यो । यसको प्रतिक्रियास्वरूप अमेरिकाको समर्थनमा रहेका युरोपका मुलुकलाई आर्थिक सहयोग गर्न अमेरिकी विदेशमन्त्री जर्ज मार्सलको नेतृत्वमा Marsal Plan सुरु भयो ।

**उपनिवशेवादको अन्त्य र विश्वभर प्रजातान्त्रिक लहर** : दोस्रो विश्वयुद्धपछि युरोपका शक्तिशाली राष्ट्रहरूको शक्ति पहिलेको तुलनामा कमजोर भयो । बेलायतले उपनिवेशका रूपमा राखेका देशहरू स्वतन्त्र भए । विश्वभर प्रजातान्त्रिक आन्दोलनको लहर आयो । नेपालमा पनि यसैको परिणामस्वरूप राणा शासन विरोधी आन्दोलन भयो । अङ्ग्रेज साम्राज्यबाट भारत मुक्त भयो ।

**संयुक्त राष्ट्रसङ्घको स्थापना** : सन् १९४१ जुन १२ मा मित्र राष्ट्रहरूको समूहले बेलायतको राजधानी लन्डनमा एउटा घोषणापत्र जारी गरे । यस घोषणापत्रलाई लन्डन घोषणापत्र भनिन्छ । यसमा युद्ध रोक्ने कुरा समावेश गरिएको थियो । त्यस्तै सन् १९४१ अगस्ट १४ मा अमेरिकी राष्ट्रपति फ्रयाङ्कलिन रुजवेल्ट र बेलायती प्रधानमन्त्री विस्टन चर्चिलले आन्ध्र महासागरमा युद्धपोतभित्र रहेर एउटा घोषणापत्र तयार गरे । यसलाई एटलान्टिक चार्टर भनियो । यिनै सम्झौताका जगमा रहेर सन् १९४५ को अप्रिल २५ देखि जुन २६ सम्म विश्वका ५० ओटा देशको सहभागितामा भएको फ्रान्सिस्को सम्मेलनले संयुक्त राष्ट्रसङ्घको घोषणापत्र तयार गऱ्यो । पछि पोल्यान्ड पनि सहभागी भएर यसको सङ्ख्या ५१ पुग्यो । सन् १९४५ को अक्टोबर २४ मा विधिवत् रूपमा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो ।

## द्वितीय विश्वयुद्धमा नेपालीको भूमिका

द्वितीय विश्वयुद्धमा नेपालले बेलायतका तर्फबाट लडाइँ लडेको थियो । त्यसताका नेपालका प्रधानमन्त्री जुद्धशमशेर थिए । उनले बहादुर शमशेरलगायतको नेतृत्वमा २ लाख ५० हजार नेपाली फौजलाई युद्धमा पठाएका थिए । त्यस समयमा नेपालीहरूले वीरताका साथ युद्ध लडेका थिए । नेपाली फौजले साइप्रस, ग्रिस, सिरिया, प्यालेस्टाइन, लेवनान, सिङ्गापुर, इराक मलाया तथा बर्मामा गएर जर्मन तथा जापानको विरुद्ध बेलायतका तर्फबाट युद्ध लडेको थियो । त्यस युद्धमा धेरै नेपालीले वीरगति प्राप्त गरेका थिए भने धेरै नेपाली सैनिक घाइते भएका थिए । कैयौँ बेपत्तासमेत भएका थिए । नेपालले गरेको सहयोगबाट बेलायत सरकार खुसी भएर जुद्ध शमशेरलाई ब्रिटिस फौजको पूर्ण अनररी जर्नेल पदको उपाधि प्रदान गरेको थियो भने एकमुष्ट रूपमा ३ करोड ३३ लाख रुपियाँ सहयोग गरेको थियो । साथै प्रथम विश्वयुद्धपश्चात् दिँदै आएको वार्षिक १० लाख रुपियाँ पनि निरन्तर दिएको थियो । धेरै नेपाली वीरहरूले भिक्टोरिया क्रस र मिलिटरी क्रस प्राप्त गरेका थिए ।

दोस्रो विश्वयुद्धमा सहभागी हुने क्रममा नेपालीले विश्वभर भएका विकास र परिवर्तनलाई राम्रोसँग देख्न पाएका थिए । यसबाट प्रभावित भएर नेपालमा पनि प्रजातान्त्रिक आन्दोलनमा सक्रियतापूर्वक सहभागी भएर राणा शासनको अन्त्य गर्न सफल भएका थिए ।

### क्रियाकलाप

१. दोस्रो विश्वयुद्ध हुनुभन्दा अगाडि रुस र जर्मनीबिच एकआपसमा आक्रमण नगर्ने सम्झौता भएको थियो । उक्त सन्धिको पालना नगरी रुस र जर्मनीले एकअर्कालाई आक्रमण गर्नुलाई तपाइँ कसरी विश्लेषण गर्नुहुन्छ ?

२. "आणविक हतियारको प्रयोगले निम्त्याउने विनाश" शीर्षकमा वक्तृता तयार पार्नुहोस् ।

३. विश्वको राजनीतिक नक्सालाई चार्टपेपरमा उतारी मित्र राष्ट्र समूहमा पर्ने देशहरूलाई र धुरी राष्ट्र समूहमा पर्ने देशहरूलाई अलग अलग रङको प्रयोग गरी सङ्केत गर्नुहोस् र कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

४. दोस्रो विश्वयुद्धको समयमा बेलायतलाई नेपालले आर्थिक तथा सैन्य दुबै प्रकारको सहयोग प्रदान गरको थियो । यस प्रकारको सहयोग नेपालले बेलायतलाई गर्नुका कारण के के हुन सक्छन्, समूहमा छलफल गरी लेख्नुहोस् ।

## अभ्यास

१. द्वितीय विश्व युद्धका परिणामको छोटकरीमा वर्णन गर्नुहोस् ।

२. एटलान्टिक चार्टर भनेको के हो ?

३. पर्लहार्वर घटना जापानका लागि कसरी घातक हुन पुग्यो ?

४. दोस्रो विश्व युद्धअगाडि शक्तिशाली हिटलरले युद्धको क्रममै आत्महत्या गर्नु पर्नाका कारण के के हुन्, लेख्नुहोस् ।

५. नेपालका राणा शासक ब्रिटिस सरकारप्रति बफादार हुनाका कारण के के हुन्, स्पष्ट पार्नुहोस् ।

# १० स्थानीय क्षेत्रका ऐतिहासिक स्थलको पहिचान र संरक्षण

सामाजिक अध्ययन विषयको सिकाइ सहजीकरणका क्रममा 'स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक स्थल एवम् स्मारकको खोजी, पहिचान, संरक्षण र संवर्धन' भन्ने पाठको अध्ययनपश्चात् मच्छिन्द्र मा.वि. का विद्यार्थीले ऐतिहासिक ठाउँ कोटकालिका मन्दिरको क्षेत्र भ्रमणबाट प्राप्त जानकारीलाई समेटी तयार गरेको प्रतिवेदन यसप्रकार छ ।

## शीर्षक : कोटकालिका मन्दिर एक ऐतिहासिक स्थल

### परिचय

मच्छिन्द्र मा.वि. मा कक्षा १० मा अध्ययनरत सम्पूर्ण विद्यार्थी र कक्षा नौ र १० मा सामाजिक अध्ययन विषय अध्यापन गराउनुहुने शिक्षकसहितको टोली एक दिने शैक्षिक अवलोकन भ्रमणका लागि विद्यालय नजिकै रहको ऐतिहासिक स्थल कोटकालिका मन्दिर गएका थियौँ । धादिङ जिल्लाको दक्षिण पूर्वी क्षेत्र धुनिबेँसी नगरपालिकामा अवस्थित यो स्थल नेपालको मध्यकालीन समयमा स्थापना भएको महत्त्वपूर्ण स्थल हो । काठमाडौँबाट १८ कि.मि. को दुरीमा रहेको यस स्थल धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ ।

**उद्देश्य : ऐतिहासिक स्थलको भ्रमणका उद्देश्य यसप्रकार रहेका थिए :**

(क) कोटकालिका मन्दिरको ऐतिहासिक महत्त्व खोजी गर्नु

(ख) कोटकालिका मन्दिरको संरक्षण र संवर्धन गर्न भएका प्रयासको खोजी गरी थप संरक्षणका लागि सुझाव प्रस्तुत गर्नु

**अध्ययन विधि** : यस अध्ययनका क्रममा निम्नलिखित विधिको प्रयोग गरिएको थियो :

(क) प्रश्नावली निर्माण र विवरण सङ्कलन

(ख) स्थानीय र सरोकारवालासँग अन्तर्वार्ता

(ग) अवलोकन

(घ) विभिन्न समाचार, स्रोतसामग्रीको अध्ययन

## अध्ययनबाट प्राप्त विवरण

कोटकालिका मन्दिर धादिङ जिल्लाको धुनिबेँसी नगरपालिका वडा न. ४ मा रहेको छ । यो स्थान मल्लकालीन समयमा पाटन राज्यको अधीनमा रहेको थियो । यस क्षेत्रको सुरक्षा तथा रेखदेखका लागि यहाँ प्रशासनिक अड्डा राखिएको थियो । पाटन राज्यका लागि आवश्यक पर्ने काठ तथा दाउराको आपूर्ति यसै क्षेत्रबाट हुने गरेको थियो । यहाँ मल्लकालीन समयमा निर्माण भएको कोटकालिकाको ऐतिहासिक मन्दिर रहेको छ । नेपाल एकीकरण गर्ने क्रममा गोरखाले पाटनअन्तर्गत रहेको यस क्षेत्रलाई अधीनमा लिन खोज्दा पाटनले नमानेको, यो क्षेत्र आफूले गुमाएको खण्डमा पाटनमा काठ, दाउरा, उखु तथा अन्य फलफूलको अभाव हुने कुरा बताएकाले यहाँका काठ दाउरा र फलफूल पाटनले नै उपयोग गर्न पाउने सर्तमा गोरखाले आफ्नो अधीनमा लिएको थियो । गोरखाको अधीनमा रहेपछि पनि यस मन्दिरमा गरिने पूजाआजाको प्रचलन पाटनकै रीतिथितिअनुसार गर्ने गरिएको पाइन्छ । नेपालको राजधानी काठमाडौँ बनाएपछि दसैँमा गोरखाबाट फूलपाती ल्याउने चलन चलाइएको र गोरखाबाट जीवनपुरको कोटकालिका मन्दिरसम्म ल्याएर वास राख्ने र फूलपातीका दिन काठमाडौँको दसैँ घरका पुजारीले आएर लैजाने चलन हिजोआज पनि कायम रहेको पाइन्छ ।

यस मन्दिरबाट काठमाडौँ, नुवाकोट, मकवानपुर, रसुवा, गोरखा, धादिङलगायतका जिल्लाका विभिन्न भाग तथा धुनिबेँसी नगरपालिकाका अधिकांश भाग देख्न सकिन्छ । नवरात्र, बालाचर्तुदशी, ठुली एकादशी, माघे सङ्क्रान्ति, चैते दसैँ जस्ता प्रमुख पर्वमा यस मन्दिरमा मेला लाग्ने गरेको छ । आर्थिक वर्ष २०७४/७५ सम्म यो स्थान जीर्ण अवस्थामा रहेकोमा त्यसपछि धुनिबेँसी नगरपालिका र नेपाली सेनाले यसको पुनःनिर्माणमा चासो लिई पुनःनिर्माण गरिएको छ । धुनिबेसी नगरपालिकाले प्रमुख पर्यटकीय स्थलका रूपमा विकास गर्न गुरुयोजना तयार गरी कार्य अगाडि बढाएको छ ।

**यसको संरक्षण प्रचारप्रसार गर्न निम्नलिखित सुझाव प्रस्तुत गरिएको छ :**

(क) यो स्थानको ऐतिहासिक महत्त्वको प्रचारप्रसार गर्ने

(ख) यसको संरक्षण गर्ने र वरपर भएका अतिक्रमणलाई नियन्त्रण गर्ने

(ग) यस क्षेत्रमा भएको सडकको स्तरोन्नति गर्ने

(घ) यस क्षेत्रमा आउने पर्यटकको सेवा सुविधाका लागि खाना, बास र मनोरञ्जनको व्यवस्था गर्ने

(ङ) मन्दिरको प्राचीन मूर्ति चोरी भएका कारण सोही स्वरूपको मूर्तिको व्यवस्था गर्ने

(च) स्थानीय जनसहभागितामा मन्दिर क्षेत्रको संरक्षण गर्ने प्रबन्ध मिलाउने

**निष्कर्ष**

धादिङ जिल्लाका विभिन्न तीर्थस्थलमध्ये यो स्थान एक महत्त्वपूर्ण ऐतिहासिक स्थल हो । यो मन्दिर काठमाडौँ उपत्यकाको मध्यकालीन समयको इतिहासको महत्त्वपूर्ण स्रोत हो । धुनिबेँसी नगरको गौरवसमेत हो । यो स्थान हिन्दु धर्ममा विश्वास राख्ने भक्तजनका लागि आस्था र विश्वासको प्रतीक हो । यसको संरक्षण गरी यसको विरासत भावी पुस्तालाई सुरक्षित तरिकाले हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हो । यसको संरक्षण भनेको हाम्रो इतिहास, धार्मिक विश्वास, आस्था र परम्परालाई जोगाई हाम्रो पहिचान जीवित राख्नु हो । त्यसकारण हामी सबै मिलेर यो र यस्तै हाम्रा सम्पदाको संरक्षणमा जुट्नु जरुरी छ ।

## क्रियाकलाप

१. तपाईंको विद्यालयबाट शैक्षिक भ्रमण वा क्षेत्र भ्रमण जाने क्रममा पूर्वतयारी, जिम्मेवारी वितरण, उपलब्धिको समीक्षा जस्ता कार्य समेटेर योजनाको खाका बनाउनुहोस्, उक्त योजनाको खाका कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. हाम्रो आफ्नो स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक स्थल, मन्दिर, स्मारकहरूको खोजी किन गर्नुपर्छ ? यसका कारण लेखी आफ्नो क्षेत्रका सम्पदाको संरक्षणमा तपाइँ कस्तो भूमिका निर्वाह गर्नुहुन्छ, लेख्नुहोस् ।

## अभ्यास

१. **ऐतिहासिक स्थल भन्नाले के बुझिन्छ ?**

२. **हाम्रा ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक स्थलको संरक्षण किन गर्नुपर्छ ?**

३. **हाम्रा ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक स्थलको महत्त्व उल्लेख गर्नुहोस् ।**

## सामुदायिक कार्य

तपाइँ बसोबास गरेको क्षेत्रमा रहेका ऐतिहासिक स्थलको खोजी तथा पहिचान गर्नुहोस् र पाठमा दिइए जस्तै गरी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ ८

# आर्थिक क्रियाकलाप

## सिकाइ उपलब्धि

१. नेपालमा ऊर्जाको महत्त्व र सम्भावना बताउन एवम् ऊर्जा र आर्थिक विकासको अन्तरसम्बन्ध पहिचान गर्न

२. नेपालमा पर्यटनको महत्त्व, सम्भावना र प्रवर्धनका उपाय व्याख्या गर्न

३. रोजगारीको परिचय, प्रकार र यसले पारेको प्रभाव खोजी गर्न

४. वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न

५. करको परिचय, प्रकार र महत्त्व उल्लेख गर्न र कर तिर्ने कार्यलाई नागरिक दायित्वका रूपमा आत्मसात् गर्न

६. आवधिक योजनाको परिचय दिन र चालु आवधिक योजनाका लक्ष्य र कार्यक्रमसँग परिचित हुन

# १ ऊर्जा र विकास

कक्षामा १० का विद्यार्थीलाई शिक्षकले 'ऊर्जा र आर्थिक समृद्धि' शीर्षकमा विभिन्न स्रोतसामग्रीको अध्ययन गरी प्रतिवेदन तयार गर्न दिनुभएको थियो । यसै सन्दर्भमा जानकार व्यक्तिसँगको कुराकानी, विभिन्न स्रोतसामग्रीको अध्ययनद्वारा विद्यार्थीले तयार पारेको प्रतिवेदनको नमुना यसप्रकार रहेको छ :

## ऊर्जा र आर्थिक समृद्धि

### १. परिचय

ऊर्जा शक्तिको स्रोत हो । मानवलगायत सबै प्राणी र वनस्पतिलाई ऊर्जा आवश्यक पर्छ । जनसङ्ख्या वृद्धि, औद्योगिकीकरण र सहरीकरणका कारणले ऊर्जाको उपयोग बढ्दै गइरहेको छ । यसको समुचित प्रयोग नभएमा भविष्यमा ऊर्जा सङ्कट आउन सक्छ । त्यसैले ऊर्जाको प्रयोगमा मितव्ययिता अपनाउने र वैकल्पिक स्रोतको उपयोगतर्फ ध्यान दिन जरुरी छ ।

नेपालमा वायु ऊर्जा, जैविक ऊर्जा, सौर्य ऊर्जा, बायोग्यास ऊर्जा, जलविद्युत्लगायत विभिन्न ऊर्जाका स्रोतको सम्भावना रहेको छ । नेपालमा ऊर्जाको महत्त्व, सम्भावना र ऊर्जाले आर्थिक विकासमा पार्ने प्रभावका सम्बन्धमा केन्द्रित रही यो अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

### २. उद्देश्य

(क) नेपालमा ऊर्जाका स्रोतको पहिचान गर्न

(ख) देश विकासमा ऊर्जाको महत्त्व बताउन

(ग) नेपालमा ऊर्जाका सम्भावना पत्ता लगाउन

### ३. अध्ययन विधि

(क) प्रश्नावली तथा अन्तर्वार्ता

(ख) सन्दर्भ सामग्रीको अध्ययन

## ४. अध्ययनबाट पत्ता लगाइएका तथ्यहरू

ऊर्जा मानव जीवनको अभिन्न अङ्ग हो । हाम्रा दैनिक क्रियाकलापमा ऊर्जाको प्रयोग दिन प्रतिदिन बढ्दै गइरहेको छ । घरायसी काम, कार्यालय सञ्चालन, सञ्चार, यातायात, कृषि, उद्योगलगायतका क्षेत्रमा ऊर्जाको महत्त्वपूर्ण भूमिका रहेको छ । ऊर्जा विभिन्न स्रोतबाट प्राप्त हुन्छ । सौर्य, जलविद्युत्, कोइला, बायोग्यास आदि उर्जाका स्रोत हुन् । यस्ता स्रोत नवीकरणीय र अनविकरणीय गरी दुई प्रकारका हुन्छन् । पुनः निर्माण हुने वा उत्पादन गर्न सकिने ऊर्जाका स्रोतलाई ऊर्जाको नवीकरणीय स्रोत भनिन्छ । सूर्य, वायु, जलआदिबाट उत्पादित ऊर्जा नवीकरणीय ऊर्जाका उदाहरण हुन् । त्यस्तै पुनः निर्माण गर्न नसकिने वा फेरि उत्पादन हुन लामो समय लाग्ने ऊर्जाका स्रोतलाई अनवीकरणीय ऊर्जा भनिन्छ । खनिज पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास आदिबाट उत्पादित ऊर्जा अनवीकरणीय ऊर्जाका उदाहरण हुन् । दिगो विकास, वातावरण संरक्षण र जलवायु परिवर्तन नियन्त्रणमा अनवीकरणीय ऊर्जाको महत्त्वपूर्ण भूमिका रहेको छ । ऊर्जाका स्रोतको संरक्षण तथा दिगो उपयोग गर्नेतर्फ हामी सबैले ध्यान दिनु जरुरी छ ।

आज विश्वका विकसित देशले ऊर्जाकै कारणले आर्थिक समृद्धि हासिल गरेका छन् । नेपालको आर्थिक समृद्धिमा पनि ऊर्जा महत्त्वपूर्ण कोसेढुङ्गा बन्न सक्छ । नेपालमा ऊर्जाका क्षेत्रमा उपलब्ध स्रोत तिनका महत्त्व र सम्भावना यसप्रकार रहेका छन् ।

(क) नेपालमा ऊर्जाको स्रोतका रूपमा पेट्रोल, डिजेल र ग्यास प्रयोग हुँदै आएका छन् । नेपालमा यसको सम्भावना पनि त्यतिकै रहेको छ । अध्ययन, उत्खनन र उत्पादन गर्न सकेका आयातित पेट्रोलियम पदार्थलाई प्रतिस्थापन गर्न सकिन्छ ।



ग्रामीण क्षेत्रमा खाना पकाउने ग्यासको विकल्पका रूपमा गोबरग्यासको उपयोग गर्न सकिन्छ । गोबरग्यासबाट खाना पकाउनुका साथै बत्ती पनि बाल्न सकिन्छ । गोबरग्यास कम धुवाँ आउने र स्वास्थ्यका लागि पनि कम हानिकारक हुन्छ । गोबरग्यास प्लान्ट निर्माण गर्न नेपाल सरकारले सहयोग र सहुलियत पनि दिँदै आएको छ । सहरी क्षेत्रमा कुहिने फोहोरको प्रयोग गरी बायोग्यास र मल उत्पादन गर्न सकिन्छ ।

(ख) काठको धुलो, भुस, पराल तथा छ्वालीका टुक्रालाई मेसिनद्वारा खँदिलो बनाई प्रयोग गरिने ऊर्जालाई बायोमास भनिन्छ । यसरी बायोमासबाट प्राप्त गरिने ऊर्जालाई बायोमास ऊर्जा भनिन्छ । नेपाल कृषिप्रधान देश भएकाले दाउरा, पराल, छ्वाली, भुस आदि इन्धनका स्रोत सजिलै प्राप्त गर्न सकिन्छ । त्यसैले बायोमास ऊर्जालाई पनि वैकल्पिक ऊर्जाका रूपमा प्रयोग गर्न सकिन्छ । त्यसैले नेपालमा बायोमास ऊर्जाको पनि सम्भावना रहेको छ ।

(ग) नेपालका नियमित रूपमा ठुलो वेगका साथ वायु चल्ने स्थानमा वायु मिल राखेर वायु ऊर्जा निकाल्न सकिन्छ । रामेछाप, धादिङ र मुस्ताङमा यसको सम्भाव्यता अध्ययन भई कार्यान्वयन प्रक्रिया अगाडि बढाउने काम पनि भइरहेको छ । यसरी ऊर्जा उत्पादन गर्न सकियो भने वायु ऊर्जा पनि वैकल्पिक ऊर्जाको राम्रो स्रोत बन्न सक्छ ।

(घ) सूर्यलाई शक्तिको प्रमुख स्रोत मानिन्छ । सौर्य ऊर्जाको भरपुर प्रयोगबाट नेपालमा ऊर्जाका क्षेत्रमा थप मदत पुग्छ । सौर्य ऊर्जालाई ताप र विद्युत् दुबै रूपमा प्रयोग गर्न सकिन्छ । सौर्य ऊर्जाको अधिकतम सदुपयोगका लागि राज्य स्तरबाट सोलार प्लान्टका रूपमा सौर्य विद्युत्का ठुला योजना सञ्चालन गर्न सकिने सम्भावना छ । यसरी उत्पादन गरिएको विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न सकिन्छ । त्यस्तै सहुलियत दरमा घर घरमा साना साना सौर्य प्यानल जडान गर्न प्रोत्साहन गर्न सकिन्छ । यसबाट घरायसी प्रयोगका लागि आवश्यक सौर्य ऊर्जाको उपयोग वृद्धि गर्न सकिन्छ । सौर्य ऊर्जा वातावरणमैत्री अनन्त स्रोत र भण्डार भएको नवीकरणीय ऊर्जा हो ।

(ङ) नेपालमा सबैभन्दा भरपर्दो ऊर्जाको स्रोतका रूपमा जलविद्युत्लाई लिन सकिन्छ । नेपालमा ठुला साना गरी करिब ६००० नदीनाला रहेका छन् । ती नदीनालामा सैद्धान्तिक रूपमा करिब ८३००० मेगावाट जलविद्युत् उत्पादन क्षमता रहेको छ । प्राविधिक क्षमताको अध्ययन अनुसन्धानपछि करिब ४२००० मेघावाट जलविद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेको देखिन्छ । वि.सं. २०७८ फागुनसम्ममा नेपालको कुल उत्पादित जलविद्युत् २,२०५ मेगावाट रहेको छ । उपलब्ध क्षमताको प्रयोगका लागि राज्यले निजी क्षेत्रलाई पनि आकर्षित गर्ने



नीति लिएर जलविद्युत् उत्पादन क्षमता वृद्धि गर्न सक्छ । त्यस्तै स्थानीय तहलाई थप जिम्मेवार बनाएर साना जलविद्युत् आयोजनाको सञ्चालनबाट पनि जलविद्युत् उत्पादन क्षमतामा वृद्धि गर्न सकिन्छ । नेपालमा बर्सेनि भित्रिने विप्रेषण रकम र राष्ट्रिय पुँजीलाई दीर्घकालीन नीति बनाएर जलस्रोतको विकासमा उपयोग गर्न सकेमा नेपाल जलविद्युत्मा आत्मनिर्भर बन्न सक्छ । जलविद्युत् निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । जलविद्युत् उत्पादन लागत बढी लागे तापनि दीर्घकालीन रूपमा यो सस्तो पर्छ । यसबाट कुनै प्रकारको प्रदूषण हुँदैन र नवीकरणीय शक्तिको स्रोत भएकाले कहिल्यै पनि रित्तिँदैन ।

## ५. निष्कर्ष

नेपालको आर्थिक विकासका लागि ऊर्जाका स्रोतले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसका लागि ऊर्जाका विभिन्न स्रोतको पहिचान गरी तिनीहरूको सही सदुपयोग गर्नुपर्ने आजको मुख्य आवश्यकता रहेको देखिन्छ । ऊर्जाका विभिन्न स्रोतमध्ये जल ऊर्जाको उच्च सम्भावना रहेको देखिन्छ । कुल उत्पादन क्षमताको ५० प्रतिशत मात्र जलविद्युत् उत्पादन गर्न सकिए मात्र पनि नेपालको ऊर्जाको आवश्यकता परिपूर्ति गर्न सकिन्छ । त्यसैले नेपालको उज्ज्वल भविष्य जलविद्युत् आयोजनाको निर्माण, सञ्चालन र विस्तारमा जोड दिनुमा देखिन्छ । यसका लागि नीतिगत सुधार आवश्यक हुन्छ । जलविद्युत्बाट देशभित्र नै उद्योगधन्दा कलकारखाना सञ्चालनका लागि आवश्यक ऊर्जा जुटाउन सहयोग पुग्छ । वनजङ्गल फँडानी नियन्त्रण गर्न मदत पुग्छ । घरायसी प्रयोगका लागि जलविद्युत्को बढीभन्दा बढी मात्रामा प्रयोग गर्न सकिन्छ । विद्युत् उत्पादन क्षमता वृद्धि गरी विद्युतीय सवारी साधनको प्रयोगमा जोड दिनुपर्छ । त्यति मात्र नभएर जलविद्युत्को प्रयोगबाट जमिनमुनिको पानी बोरिङ गरेर निकाल्न सकिन्छ । यसरी निकालिएको पानीलाई कुलो, पैनी, नहरमार्फत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सकिन्छ । जसबाट कृषि उत्पादनमा वृद्धि हुन्छ । देशमै रोजगारीको अवसर सिर्जना भई आर्थिक विकासमा महत्त्वपूर्ण टेवा पुग्न सक्छ ।

## क्रियाकलाप

१. तपाईंको घरमा महिनाभरि कुन कुन ऊर्जा शक्तिमा कति कति खर्च भएको छ, तलको तालिकामा भर्नुहोस् र वृत्तचित्रमा देखाउनुहोस् ।

| ऊर्जाको स्रोत | महिनाभरिको खर्च |
|---|---|
| विद्युत् | |
| दाउरा/ग्यास/मट्टितेल | |
| डिजेल/पेट्रोल | |

## अभ्यास

१. **ऊर्जाको परिचय दिई यसका स्रोत उल्लेख गर्नुहोस् ।**

२. **ऊर्जाको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **ऊर्जामा आत्मनिर्भर हुनका लागि अपनाउन सकिने उपाय लेख्नुहोस् ।**

४. **"नेपालमा जलविद्युत् विकासको अपार सम्भावना रहेको छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

५. **नेपालको आर्थिक विकासमा जलविद्युत् क्षेत्रको योगदान छोटकरीमा व्याख्या गर्नुहोस् ।**

## परियोजना कार्य

तपाईंको समुदायमा उपलब्ध ऊर्जाका विभिन्न स्रोतमध्ये बढी सम्भावना भएको ऊर्जाको स्रोत कुन हो ? उक्त ऊर्जाको स्रोतले त्यहाँको आर्थिक विकासमा कस्तो भूमिका खेलेको छ, सोधखोज गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

# २ पर्यटन प्रवर्धन



मानिस तीर्थाटन, दृश्यावलोकन, पर्वतारोहण, मनोरञ्जन आदिका लागि विभिन्न ठाउँमा घुमफिर गरिरहेका हुन्छन् । त्यस्तै कला, संस्कृति, भाषा, वेशभूषा, रहनसहनलगायतका नयाँ नयाँ विषयवस्तुका बारेमा पनि अध्ययन अनुसन्धान र खोजी गरिरहेका हुन्छन् । यसरी विभिन्न उद्देश्य राखेर एक ठाउँबाट अर्को ठाउँमा भ्रमण गर्ने कार्यलाई पर्यटन भनिन्छ । विश्व पर्यटन सङ्गठनका अनुसार “आफ्नो नियमित वासस्थानबाट बिदा मनाउने, व्यापार गर्ने वा त्यस्तै अन्य कुनै उद्देश्यले २४ घण्टाभन्दा बढी समय र लगातारको एक वर्षभन्दा कम समय बाहिर बिताउन निस्किने व्यक्ति पर्यटक हुन् ।”



पर्यटक दुई किसिमका हुन्छन् । कुनै देशका बासिन्दा आफ्नै देशभित्र विभिन्न उद्देश्यले घुमफिर गर्छन् भने तिनीहरू आन्तरिक पर्यटक हुन् । आफ्नो देशको सिमानाभन्दा बाहिर विभिन्न उद्देश्यले घुमफिर गर्ने व्यक्ति बाह्य पर्यटक हुन् । पर्यटकलाई विभिन्न किसिमका सेवा सुविधा प्रदान गर्ने उद्देश्यले सञ्चालित सबै व्यवसाय पर्यटन उद्योगअन्तर्गत पर्छन् । पर्यटकलाई सशुल्क भ्रमण गराउने, आवासको व्यवस्था गर्ने, यातायातको व्यवस्था मिलाउने, दृश्यावलोकन गराउने जस्ता क्रियाकलाप पर्यटन उद्योगअन्तर्गत पर्छन् ।

## नेपालमा पर्यटनको महत्त्व

नेपालमा पर्यटनको महत्त्व दिन प्रतिदिन बढिरहेको छ । पर्यटन उद्योगबाट रोजगारी सिर्जना र विदेशी मुद्रा आर्जन हुने हुँदा देशको आम्दानी वृद्धि हुन्छ । यसले सरकारी राजस्वसमेत वृद्धि हुन्छ । देशमा पर्यटकीय गतिविधि वृद्धि हुँदै जाँदा घरेलु तथा कला संस्कृतिमा आधारित उद्योग फस्टाउँछन् र व्यापार वृद्धि तथा प्रवर्धनमा टेवा पुग्छ । पर्यटकले पदयात्राका लागि रमणीय क्षेत्र रोज्ने भएकाले ती क्षेत्रको विकासमा समेत टेवा पुग्छ । यसका कारण ग्रामीण

क्षेत्रमा रोजगारी सिर्जना हुन्छ र आम्दानी वृद्धि गर्न र गरिबी घटाउन ठुलो सहयोग पुग्छ । त्यस्तै ग्रामीण क्षेत्रमा रहेका परम्परागत उत्पादनको प्रचारप्रसार र विकासमा समेत सहयोग पुग्छ । यसले देशको आर्थिक समृद्धि हासिल गर्न मदत पुग्छ ।

## नेपालमा पर्यटन उद्योगको सम्भावना

नेपाल अनुपम प्राकृतिक सौन्दर्य, जैविक, ऐतिहासिक, सामाजिक एवम् सांस्कृतिक विविधताले भरिपूर्ण देश हो । यस्ता अमूल्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा र संस्कृतिकै कारणले नेपालमा पर्यटन उद्योगको विकासका लागि प्रशस्त सम्भावना रहेका छन् । ती सम्भावनालाई तल प्रस्तुत गरिएको छ :

### १. बृहत् हिमालय पदमार्ग (Great himalaya trail)



बृहत् हिमालय पदमार्ग संसारकै लामा र अग्ला पदमार्गमध्ये एक हो । नेपालमा यसले सुदूरपूर्वको जिल्ला ताप्लेजुङदेखि सुदूरपश्चिमको दार्चुला जिल्लासम्मको भूभाग ओगटेको छ । । यो पदमार्ग नेपालका हिमाली जिल्लाहरू हुँदै गएको छ । यो पदमार्गको विकासले पर्यटकलाई पर्वतारोहण र पदयात्राका माध्यमबाट नयाँ अनुभूति दिन्छ साथै उक्त क्षेत्रको गरिबी निवारण, विकास र पर्यटन प्रवर्धनको सम्भावनालाई पूरा गर्न मदत गर्छ । यो पदमार्गको मुख्य उद्देश्य पर्यटन प्रवर्धन, रोजगारी सिर्जना, अविकसित हिमाली जिल्लाको विकास र हिमाली क्षेत्रका समुदायमा अवसर प्रदान गर्नु हो ।

### २. प्राकृतिक सौन्दर्य

नेपालका विभिन्न प्रकारका मनोरम प्राकृतिक दृश्य रहेका छन् । त्यस्तै उत्तरी भागमा विश्वप्रसिद्ध हिम शिखरहरू अवस्थित छन् । ठाउँ ठाउँमा रहेका स्वच्छ पानीका ताल तलैया, तीव्र प्रवाहमा बग्ने नदी, झरना, राष्ट्रिय निकुञ्ज, जङ्गली जीवजन्तु, मनोरम फाँट, उपत्यका आदि पर्यटकीय आकर्षणका केन्द्र हुन् । नेपालमा यस्ता मनोरम प्राकृतिक दृश्यहरू जहाँतहीँ पाइने हुनाले चलचित्र छायाङ्कनको सम्भावना पनि बढ्दै गएको देखिन्छ ।

३. **धार्मिक स्थलहरू**

नेपालमा पशुपतिनाथ, लुम्बिनी, गोसाइँकुण्ड, स्वयम्भूनाथ, जामे मस्जिद, रामजानकी मन्दिर, लारुम्बा, मुक्तिनाथ जस्ता प्रसिद्ध धार्मिक स्थलहरू रहेका छन् । यस्ता धार्मिक सम्पदाबाट पर्यटन विकासको प्रशस्त सम्भावना रहेको छ ।

४. **प्राचीन तथा ऐतिहासिक सम्पदा र कलाकृति**

नेपाल प्राचीन कला संस्कृतिको केन्द्र हो । नेपालमा वास्तुकला, चित्रकला र मूर्तिकलाका अनुपम नमुना रहेका छन् । त्यस्तै गरी काठमाडौँ उपत्यकामा प्राचीन कला संस्कृतिले सजिएका ऐतिहासिक दरबार क्षेत्रहरू रहेका छन् । त्यस्तै देवल तथा ऐतिहासिक सम्पदामा कुँदिएका कलात्मक चित्र, बुट्टा, टुँडाल आदिले पनि पर्यटन विकासका सम्भावना बोकेका छन् ।

५. **साहसिक पर्यटन**

नेपालमा साहसिक पर्यटनका लागि महत्त्वपूर्ण स्थलहरू रहेका छन् । र्‍याफ्टिङका लागि नेपालका सुनकोसी, त्रिशूली, कर्णाली नदीहरू प्रख्यात मानिन्छन् । पर्वतारोहण तथा ट्रेकिङका लागि उपयुक्त स्थल र मार्गहरू रहेका छन् । त्यस्तै गरी प्याराग्लाइडिङ, बन्जिजम्पिङ, जिप्लाइन, माउन्टेन फ्लाइट जस्ता थुप्रै किसिमका साहसिक पर्यटनको सम्भावना रहेको पाइन्छ ।

६. **हावापानीमा विविधता**

नेपालमा विभिन्न प्रकारका हावापानी पाइन्छन् । धरातलको उचाइअनुसार दक्षिणी तराई खण्डमा गर्मी, मध्य पहाडी खण्डमा न्यानो र उत्तरी हिमाली खण्डमा ठन्डा हावापानी पाइन्छ । यसरी विश्वका विभिन्न हावापानीका क्षेत्रबाट आउने पर्यटकका लागि पनि नेपालको हावापानी मिल्ने भएकाले पर्यटक आकर्षणको सम्भावना रहेको छ ।

७. **सांस्कृतिक विविधता**

नेपाली समाज जातीय तथा धार्मिक दृष्टिकोणबाट विविधतायुक्त छ । विभिन्न जातजातिका रहनसहन, वेशभूषा, कला संस्कृति चालचलन, परम्परा, जात्रा, चाडपर्व फरक फरक हुने हुँदा पर्यटकका आकर्षणका केन्द्र बनेका छन् ।

## पर्यटन प्रवर्धनका उपायहरू

नेपाल पर्यटकीय दृष्टिकोणबाट प्रशस्त सम्भावना बोकेको देश हो । पर्यटनका क्षेत्रमा देखिएका यस्ता सम्भावनालाई अवसरमा बदलेर अगाडि बढ्न सकेको खण्डमा नेपाल एक पर्यटकीय गन्तव्यको क्षेत्र बन्न सक्छ । यसका लागि निम्नलिखित उपाय अवलम्बन गर्न उपयुक्त हुने देखिन्छ :

१. पर्यटन स्थलमा आवश्यक पूर्वाधार र सुविधा उपलब्ध गराउनमा विशेष जोड दिनुपर्छ ।

२. नयाँ नयाँ पर्यटकीय स्थलको खोजी गरी ती क्षेत्रको प्रवर्धन तथा पूर्वाधार विकासमा जोड दिनुपर्छ ।

३. पर्यटकीय गन्तव्य स्थलको प्रचारप्रसार गर्नुपर्छ ।

४. पर्यटन उद्योगको विकासका लागि गुणस्तरीय र सुविधायुक्त यातायातको व्यवस्था गर्नुपर्छ ।

५. नेपालका प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षण तथा संवर्धनमा विशेष ध्यान दिनुपर्छ ।

६. पर्यटक आकर्षण र उनीहरूको सुरक्षाका लागि राजनीतिक स्थिरता र शान्तिको वातावरण कायम हुनुपर्छ ।

७. स्वदेशी तथा विदेशी लगानीकर्तालाई पर्यटन उद्योगको विकासका लागि अभिप्रेरित गरिनुपर्छ ।

८. पर्यटकको आगमन प्रक्रियालाई सरल र सुलभ बनाइनुपर्छ ।

### क्रियाकलाप

१. तपाइँको समुदायमा रहेको कुनै पर्यटकीय स्थलको प्रचारप्रसारका लागि विज्ञापनको नमुना बनाउनुहोस् ।

२. तपाइँको समुदाय वा नजिकै रहेको कुनै पर्यटकीय क्षेत्रको संरक्षणका लागि के के उपाय अवलम्बन गरिएका छन्, खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. कुनै धार्मिक स्थलमा पर्यटकलाई घुमाउन लैजाँदा पर्यटकलाई पथप्रदर्शकले धार्मिक स्थलका बारेमा जानकारी गराइरहेको भूमिका अभिनय गर्नुहोस् ।

४. विदेशमा बस्दै आएको तपाईंको साथी नेपाल घुम्न आउँदै हुनुहुन्छ । उहाँलाई आफ्नो प्रदेशका मुख्य मुख्य पर्यटकीय स्थल घुमाउनका लागि नमुना योजना बनाउनुहोस् ।

**अभ्यास**

**१. पर्यटन उद्योग भनेको के हो, यसको महत्त्व चर्चा गर्नुहोस् ।**

**२. नेपालमा साहसिक पर्यटनको कस्तो सम्भावना रहेको छ, उल्लेख गर्नुहोस् ।**

**३. नेपालमा पर्यटन प्रवर्धनका उपाय उल्लेख गर्नुहोस् ।**

**४. तपाईंको विचारमा नेपालमा पर्यटकको सङ्ख्या वृद्धि गर्न कस्ता कदमहरू चालिनुपर्छ, बुँदागत रूपमा टिपोट गर्नुहोस् ।**

**५. पर्यटकको आगमनले पार्न सक्ने सकारात्मक र नकारात्मक प्रभाव उल्लेख गर्नुहोस् ।**

# ३ रोजगारी

(सन्तोष वैदेशिक रोजगारीका लागि कोरिया गएका थिए । कोरियामा कम्पनीमा काम गर्दा मेसिनले पेलिएर उनको दाहिने हात गुम्यो । त्यसपछि उनी नेपाल फर्किए र हाल घरमा नै किराना पसल राखेर बसेका छन् । आज उनलाई विगतका घटनाले झस्काइरहेको छ ।)

रातको ११ बजिसकेको छ । पटक्कै निदाउन सकेको होइन् । त्यति वेला साथीको लहैलहैमा लागेर कोरिया नगएको भए, यो हात गुमाउनु त पर्दैनथ्यो । बेकार दुःख पाउनु रहेछ । नेपालमै स्नातकोत्तरसम्म पढाइ सकेर विकास बैङ्कमा त्यति राम्रो नोकरी गरेको मान्छे म । अहिले विगतको पश्चात्तापपूर्ण घटना आँखा अगाडि घुमिरहन्छ । धन्न मेसिनमा मेरो एउटा हात पर्नेबित्तिकै साथीले देखिहाल्यो र पो ! नत्र त पूरै शरीर पेलिन्थ्यो होला । अहिले सम्झँदा पनि आङ जिरिङ्ङ हुन्छ । आ कति सम्झनु यी विगतका तिता घटना । (कोल्टे फर्किन्छन् ।)

स्नातकोत्तर उत्तीर्ण भएको खबर आमाबुबालाई सुनाउँदा उहाँहरू कति खुसी हुनुभएको थियो । अब त छोराले पनि जागिर खाने भयो । भाइबहिनीलाई पनि उसले नै पढाउन सक्ने भयो । हामीलाई अब बल्ल आर्थिक रूपमा बोझ कम हुने भयो भन्दै आफन्तसँग बाँडेको खुसी मेरो दिमागमा आज पनि ताजै छ । स्नातकोत्तरको प्रमाणपत्र झोलामा बोकेर ओ हो कत्ति पो हिँडियो रोजगारीका लागि उफ् ...। (नजिकैको अङ्खोराबाट पानी पिउँछन् ।) साच्चैँ बैङ्कको जागिर पाएपछि आमाबुबा निकै खुसी हुनुभएको थियो । नोकरी गर्न थालेपछि भाइबहिनीलाई पनि पढाउनका लागि आफूसँगै काठमाडौँ ल्याएर राखेँ । दिनहरू बित्दै थिए । सबै जना खुसी थियौँ ।

(बाहिर कतै कुकुर भुकेको आवाज आउँछ, सन्तोष उठेर पानी पिउँछन् र फेरि ओछ्यानमा गएर पल्टन्छन् ।)

कहाँबाट त्यो रमेश आइपुग्यो र कोरियन भाषा सिकौँ भन्यो । सरकारी कोटामा कोरियाका लागि कामदार माग्दिँदै छ रे भन्ने पनि सुनायो । महिनाकै २ लाख ५० हजार हुन्छ भनेर वैदेशिक रोजगारीको सपना देखायो । त्यसपछि वैदेशिक रोजगारीको भूत चढेर म पनि रमेशसँगै कोरियन भाषा सिक्नका लागि गएँ । वैदेशिक रोजगारीमा जानका लागि गर्नुपर्ने पूर्वतयारीका बारेमा बुझ्नका लागि श्रम तथा रोजगार मन्त्रालयमा गयौँ । जिल्ला प्रशासन

कार्यालयमा गएर राहदानी बनायौँ । वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति पनि लियौँ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि आवश्यक तालिम पनि लियौँ । कोरिया जानका लागि लिइएको परीक्षामा हामी दुबै जना सफल भयौँ । वैदेशिक रोजगारीमा गएर धेरै पैसा कमाउने सपना पनि पूरा हुने भयो भनेर खुसीको त सिमाना नै रहेन । नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ परीक्षण गरायौँ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि अभिमुखीकरण तालिममा पनि बस्यौँ । त्यहाँबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भयो । त्यस्तै गरी वैदेशिक रोजगारमा जानुअगि गर्नुपर्ने बिमा पनि गरियो । विदेशमा बस्दा कुनै किसिमको समस्या आइपरेमा आफ्नो देशको दूतावासमार्फत समस्या समाधान गर्न सकिन्छ भन्ने जानकारी पनि प्राप्त भयो ।

(घडी हेर्छन्) ओ हो रातको १२ बज्न लागिसकेछ । अब त घरमा सबै जना निदाइसक्नु भयो होला । मेरो भने मनमा कस्तो कुरा खेलिरहेको होला । रमेश र मसँगै कोरिया उड्दा र दुबै जनाले एउटै कम्पनीमा काम गर्दा कम्ती खुसी भएका थिएनौँ । अहिले भने त्यही कामप्रति पश्चात्ताप लागिरहेछ, पश्चात्ताप पनि किन नलागोस् । त्यहाँ मैले पाएको दुःख र पीडाले आज पनि मलाई बारम्बार झस्काइरहेको छ । म पनि उस्तै, विदेश जान पाएकामा के के न पाए जस्तो भएको थिएँ । त्यो त भ्रम पो रहेछ । अहिले पनि धेरै नेपाली वैदेशिक रोजगारीका लागि मरिहत्ते गरेको देख्छु । वैदेशिक रोजगारीकै कारणले उनीहरूको जीवनस्तर केही हदसम्म त सुध्रिएको होला । पारिवारिक गुजारा त चलेको होला, गरिबी कम भएको होला । नेपालमा विदेशी मुद्रा आर्जन पनि राम्रै भएको होला तर कतिपय ठाउँमा त विकास निर्माणका काममा कामदारको अभाव भई ढिलासुस्ती पनि भइरहेको देखिन्छ । ओहो हाम्रै गाउँकी सुन्तली भाउजूको के दोष थियो र ? दाइले वैदेशिक रोजगारीबाट आउँदा एच्.आई.भी. एड्स लिएर आएछन् । गाउँकै कतिपय युवाले वैदेशिक रोजगारीबाट फर्केपछि आफ्ना परम्परा, संस्कृति, मूल्यमान्यता बिर्सने गरेको पनि देखिन्छ । अर्काको देखासिकीमा आफ्नै संस्कृति भुल्नेलाई धिक्कार छ । म पनि अलि वर्ष कोरिया बसेको भए त्यस्तै पो हुन्थेँ कि ? भो भो म त त्यस्तो कहिल्यै हुन सक्दिनथेँ । यहाँ काम गर्न सक्ने उमेर समूहका नयाँ जोस जाँगर भएका पढेलेखेका युवा जनशक्ति विदेश पलायन भएपछि कसले गर्नु नि देशको विकास ?

मलाई अहिले आएर यो वैदेशिक रोजगार सम्झन पनि मन लागेको छैन । तैपनि दिमागमा त्यही कुरा मात्र याद आइरहन्छ । कतिपय मानिस म जस्तै अङ्ग भङ्ग भएर फर्केका पनि छन् । कतिले त ज्यान गुमाएर बाकसमा फर्कनुपरेको छ । मेरो त बिमा गरेको थिएँ र पो दुर्घटनामा परे तापनि उपचार खर्च सबै बिमा कम्पनीले नै बेहोर्‍यो । कतिले त बिमासमेत

गरेका हुँदैनन् । सँगै गएको साथी रमेशको पनि परिवारमा विखण्डन आयो । वैदेशिक रोजगारीले गर्दा कसैका छोराछोरी बिग्रिएर पारिवारिक समस्या बढेको पनि सुनिन्छ । (कोल्टो फर्किन्छन् ।)

विदेश जानुलाई नकारात्मक मात्र सोच्ने म पनि कस्तो ? हाम्रै गाउँका हर्क दाइले विदेशमा सिकेको सिपबाट व्यावसायिक तरकारी खेती गरेर विदेशमा भन्दा धेरै पैसा कमाएका छन् । परिवारमा रमाएर बसेका छन् । हाम्रो मामाले गाईपालनबाट प्रशस्त आम्दानी गर्नुभएको छ । नेपालमा पनि केही गर्छु भन्नेका लागि त प्रशस्त सम्भावना रहेका छन् नि । कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गरेर पनि राम्रो आम्दानी गरेका प्रशस्त उदाहरण छन् । घरेलु उद्योग सञ्चालन गर्न सकिने पनि प्रशस्त सम्भावना छन् । त्यस्तै आफ्नै पालिकाबाट सिप तथा व्यावसायिक तालिम लिएर स्वरोजगार बन्न सकिने कुरा वडाध्यक्षले पनि भन्दै हुनुहुन्थ्यो । रातको १२:३० बज्न लागिसकेछ । ओहो ! अब त निदाउनुपर्छ ।

(सिरक ओडेर सुत्ने कोसिस गर्छन् ।)

### क्रियाकलाप

१. "वैदेशिक रोजगारीभन्दा स्वदेशी रोजगारी नै बेस" भन्ने शीर्षकमा वादविवाद प्रतियोगिताको आयोजना गर्नुहोस् ।

२. नेपालमा वैदेशिक रोजगारमा गएर फर्केका व्यक्तिले आफूले विदेशमा सिकेका श्रम र सिपको कसरी उपयोग गरेका छन्, खोजी गरी समाचारको नमुना बनाउनुहोस् ।

३. नेपालमा वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनका लागि सरकार, वैदेशिक रोजगारदाता र सम्बन्धित व्यक्तिले कस्तो कार्य गर्नुपर्छ, समूहमा छलफल गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

| सरकार | वैदेशिक रोजगारदाता | सम्बन्धित व्यक्ति |
|---|---|---|
| | | |

## अभ्यास

१. रोजगारी भनेको के हो ?

२. वैदेशिक रोजगारीको परिचय दिनुहोस्, नेपालमा यसले पारेको प्रभाव उल्लेख गर्नुहोस् ।

३. वैदेशिक रोजगारीमा जानुभन्दा अगि अपनाउनुपर्ने पूर्वसर्तको सूची बनाउनुहोस् ।

४. नेपालमा रोजगारी प्रवर्धनका प्रभावकारी उपाय के के हुन सक्छन्, उल्लेख गर्नुहोस् ।

५. वैदेशिक रोजगारीमा जान चाहने आनी काकीलाई तपाईँ के के सुझाव दिनुहुन्छ, उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाइँको समुदायमा वैदेशिक रोजगारमा गएर फर्कनुभएका व्यक्तिको खोजी गरी उहाँले वैदेशिक रोजगारका क्रममा अनुभव गरेका सकारात्मक र नकारात्मक पक्ष सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# ४ वित्तीय शिक्षा

श्री जनजागृति विद्यालयमा नेपाल राष्ट्र बैङ्कबाट वित्तीय शिक्षा कार्यक्रमका लागि प्रतिनिधि आउनुभएको छ । यसै क्रममा राष्ट्र बैङ्कका कर्मचारी कृशला र विद्यार्थीबिच भएको अन्तरक्रियात्मक छलफल यहाँ प्रस्तुत गरिएको छ :

नमस्कार सबै जनामा म कृशला, आज हामी वित्तीय शिक्षा, यसको महत्त्व र नेपालमा सञ्चालित वित्तीय प्रणाली सम्बन्धमा छलफल गर्ने छौँ ।

साधारणतया वित्त भन्नाले धनमाल, सम्पत्ति वा जायजेथा भन्ने बुझिन्छ । यसअन्तर्गत विशेष गरी मुद्राको कारोबार पर्छ । प्रत्येक व्यक्तिले आफूसँग भएको आर्थिक तथा वित्तीय साधनको महत्त्व बुझी सोहीअनुसारको उचित व्यवस्थापन गर्न सक्ने ज्ञान तथा सिपलाई वित्तीय शिक्षा वा वित्तीय साक्षरता भनिन्छ । हरेक मानिसको जीवनमा बिरामी, दुर्घटना, प्राकृतिक प्रकोप जस्ता विभिन्न समस्या आइपर्छन् । ती समस्या समाधान गर्न खर्च गर्नुपर्ने हुन्छ । त्यस्तै गरी छोराछोरीको पढाइ, घर खर्च र विभिन्न किसिमका सामान खरिदका लागि खर्च गर्नुपर्ने हुन्छ । यस्ता किसिमका गर्जो टार्न तथा समस्या समाधानका लागि आम्दानी हुनु अति आवश्यक छ । आम्दानी, खर्च, बजेट व्यवस्थापन, बचत, ऋण आदि कुराको व्यवस्थित परिचालन गर्नका लागि आवश्यक ज्ञान, सिप तथा क्षमता नै वित्तीय शिक्षा हो ।

**उर्मिला** : म्याडम, वित्तीय शिक्षाको सम्बन्धमा त प्रस्ट भइयो । यसको आवश्यकता सम्बन्धमा पनि स्पष्ट पारिदिनुहुन्छ कि ?

राम्रो कुरा गर्नुभयो । विश्व बैङ्कको प्रतिवेदनअनुसार नेपालमा हाल वित्तीय साक्षरताको अवस्था करिब १८ प्रतिशत मात्र पुगेको देखिन्छ । त्यसैले सबै उमेर समूह, शैक्षिक योग्यता र आर्थिक अवस्थाका मानिसलाई वित्तीय शिक्षाको आवश्यकता छ । त्यस्तै व्यक्तिलाई कमाउने, बचाउने, खर्च गर्ने, ऋण लिने र लगानी गर्ने जस्ता वित्तीय कारोबारका लागि सक्षम बनाउनु हो । वित्तीय शिक्षाले समुदायका सबै वर्गलाई सुखी र सुरक्षित भविष्यका लागि सघाउँछ । आर्थिक सम्पन्नताको बाटोतिर डोऱ्याउन मदत गर्छ । त्यस्तै पैसाको महत्त्व बुझी त्यसको सही सदुपयोगबाट आर्थिक तथा सामाजिक सुरक्षा प्रदान गर्न पनि सहयोग पुऱ्याउँछ । व्यक्तिलाई आफूसँग भएको आर्थिक वा वित्तीय स्रोतसाधनको प्रभावकारी एवम् मितव्ययी उपयोग गर्न सक्ने बनाउनु नै आजको मुख्य आवश्यकता रहेको छ । यसका

लागि हरेक व्यक्तिले आफ्नो सीमित आम्दानीलाई व्यक्तिगत बजेट बनाई विवेकशील खर्च, नियमित बचत गर्ने जस्ता कुरामा विशेष ध्यान दिनुपर्छ । त्यस्तै आवश्यकताअनुसार ऋण प्राप्ति तथा समयमा कर्जा भुक्तानी, सुरक्षित लगानी र भविष्यमा आउन सक्ने वित्तीय चुनौतीको सामना गर्न पनि सक्षम हुनुपर्छ ।

वित्तीय शिक्षाले बैङ्किङ् सेवा उपयोग गरी आफ्नो धनको सुरक्षा तथा आर्थिक उन्नति कसरी गर्ने भन्ने बारेमा उचित ज्ञान प्रदान गर्छ । त्यस्तै वित्तीय संस्थाको काम कर्तव्य र अधिकार, निक्षेप सङ्कलन प्रक्रिया, ऋण लिने दिने प्रक्रिया आदिका बारेमा पनि व्यक्तिलाई सचेत गराउँछ । ऋणको उपयोगबाट हुने फाइदा र दुरुपयोग गर्दा हुने बेफाइदाबारे पनि पर्याप्त जानकारी हासिल गर्न सहयोग पुग्छ । व्यक्तिको जीवनमा आउने वित्तीय समस्याको समाधान गर्न र पैसाको उचित व्यवस्थापन गर्न आवश्यक ज्ञान र सिपका लागि वित्तीय शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

**रिकेश** : गुरुआमा आजको युगमा वित्तीय शिक्षा अति नै आवश्यक रहेछ भन्ने त प्रस्ट भयो । नेपालमा वित्तीय शिक्षाका लागि के के प्रयास भएका छन् त ?

**कृशला** : प्रश्नका लागि धन्यवाद । बालबालिका तथा युवाहरूका लागि वित्तीय साक्षरता प्रदान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैङ्कले विद्यालयमा नेपाल राष्ट्र बैङ्क भन्ने कार्यक्रम सञ्चालन गर्दै आएको छ । वित्तीय साक्षरतासम्बन्धी सन्दर्भसामग्री पनि प्रकाशन र प्रसारण गर्ने गरेको छ । नेपाल राष्ट्र बैङ्कले बैङ्कसँगको नाता हरेक नेपालीको बैङ्क खाता भन्ने अभियान पनि सञ्चालन गर्दै आएको छ । त्यस्तै निजी स्तरबाट सञ्चालित विभिन्न वित्तीय संस्थाले पनि वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएका छन् । विभिन्न सञ्चारका माध्यमबाट वित्तीय शिक्षासम्बन्धी जनचेतनामूलक भिडियो देख्न, सुन्न र पढ्न पाइन्छ । विद्यालयमा विद्यार्थीलाई वित्तीय साक्षरता सम्बन्धमा सचेत गराउने उद्देश्यका साथ विद्यालय तहको पाठ्यक्रममा वित्तीय शिक्षासम्बन्धी विषयवस्तु समावेश गरिएको छ ।

**रामनरेश** : गुरुआमा वित्तीय प्रणाली कार्यान्वयन गर्न कुन कुन संस्था र निकाय क्रियाशील छन् र के के कार्य गर्दै आएका छन् ?

**कृशला** : धन्यवाद तपाईँलाई, हाल नेपालमा वित्तीय प्रणालीअन्तर्गत केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी र लघुवित्त आदि सञ्चालित छन् । साथै बचत तथा ऋण सहकारी संस्था तथा लघुवित्तको कारोबार गर्ने गैरसरकारी सङ्घसंस्थाहरू पनि कार्यरत छन् । नेपालमा केन्द्रीय बैङ्कका रूपमा नेपाल राष्ट्र बैङ्क कार्यरत छ । नेपाल राष्ट्र बैङ्क सम्पूर्ण बैङ्कको पनि बैङ्क हो किनभने यसले सम्पूर्ण वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरू

स्थापना गर्ने अनुमति प्रदान गर्छ । यस बैङ्कले नेपाल सरकारको आर्थिक सल्लाहकारका रूपमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नोट निष्कासन गर्ने एकाधिकार केन्द्रीय बैङ्कलाई मात्र रहेको छ । नेपालमा सञ्चालित सम्पूर्ण वित्तीय संस्थाले निक्षेपका रूपमा बचत सङ्कलन गर्ने, कर्जा प्रदान गर्ने जस्ता कार्य गर्दै आएका छन् । त्यस्तै गरी विप्रेषणबारे जनतालाई जानकारी दिलाउने, विदेशी मुद्रा सटही गर्ने, सरकारी ऋणपत्रको कारोबार गर्ने, बैङ्क ग्यारेन्टी बस्ने जस्ता थुप्रै बैङ्किङ कारोबार गर्छन् ।'

**उर्मिला** : गुरुआमा, अगि हजुरले बताउनुभएका आवश्यकताअनुसार ऋण प्राप्ति तथा समयमा कर्जा भुक्तानीका सम्बन्धमा पनि थप प्रस्ट पारिदिनुहोस् न ?

हो बहिनी, तपाईंले ठिक भन्नुभयो, बैङ्क कर्जा तथा ऋणबारेमा ज्ञान हुनु पनि वित्तीय शिक्षाअन्तर्गत नै पर्छ । कुनै व्यवसाय सञ्चालन, आकस्मिक समस्या समाधान, सामाजिक कार्य आदि गर्न ऋण लिने गरिन्छ । त्यस्तै छोराछोरीको शिक्षादीक्षा र विभिन्न आर्थिक कारोबार गर्न विभिन्न वित्तीय संस्थाबाट ऋण लिन सक्छौँ । यस्तो ऋण निश्चित समयपछि सावाँ ब्याजसहित फिर्ता गर्नुपर्छ । बैङ्क वा वित्तीय संस्थाबाट लिइएको ऋण यदि समयमा तिर्न सकिएन भने ब्याज र हर्जनासहित बुझाउनुपर्छ । यस्तो अवस्थामा धितो लिलामी र कानुनी कारबाहीसमेत हुन सक्छ । समयमा ऋणको सावाँ बुझाउन सकिएन भने वित्तीय संस्थाको कालोसूचीमा पर्न सकिन्छ । त्यस्तै सामाजिक प्रतिष्ठामा आँच आउँछ र धितोसमेत जफत गरी लिलाम हुन सक्छ । त्यसैले हामीले अति आवश्यक कामका लागि मात्र ऋण लिनुपर्छ । ऋण लिइसकेपछि पनि समय समयमा किस्ता बुझाउने कामलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ ।

आजको मेरो प्रस्तुति यत्ति नै, हवस् त धन्यवाद ।

(विद्यार्थीले पनि वित्तीय शिक्षा र वित्तीय प्रणालीका बारेमा यति धेरै कुरा सिक्ने अवसर पाएकामा धन्यवाद ।)

## क्रियाकलाप

१. नेपालमा वित्तीय शिक्षाको उपयोगिता उल्लेख गर्दै गाउँमा बस्ने आफ्नो साथीलाई चिठी लेख्नुहोस् ।

२. वित्तीय शिक्षाका लागि नेपालमा भएका प्रयास खोजी गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

३. तल दिइएको घटना अध्ययन गर्नुहोस् र प्रश्नको जवाफ लेख्नुहोस् :

| |
|---|
| बलबहादुर आफ्नो दुई कट्ठा जमिनमा च्याउ खेती गर्छन् । उक्त च्याउ खेतीबाट आम्दानी बढ्दै जान थालेपछि घरमै केही रकम भविष्यका लागि भनेर बचत गर्न थालेका थिए । उनलाई घरमा पैसा राख्दा कतै चोरी हुने त होइन भन्ने डर पनि लागिरहेको थियो । त्यसै समयमा गाउँमा वित्तीय संस्थाका एक जना प्रतिनिधि गाउँलेलाई वित्तीय शिक्षा प्रदान गर्ने सिलसिलामा त्यहाँ आउनुभयो । उहाँले गाउँलेहरूलाई बचत गर्नका लागि विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरू खुलेका छन् भनी बताउनुभयो । बैङ्कमा खाता खोल्ने प्रक्रिया र खाता खोल्नका लागि आवश्यक कागजातका बारेमा प्रस्ट पारिदिनुभयो । बैङ्कमा खाता खोलेपछि आवश्यक परेका बेलामा सुन चाँदी वा जग्गा जमिन धितो राखेर बैङ्कबाट ऋण लिएर व्यवसाय सञ्चालन गर्न सकिने कुरा पनि बताउनुभयो । बलबहादुर निकै नै खुसी भए र भोलिपल्टै गएर नजिकैको वित्तीय संस्थामा खाता खोलेर आफूले बचत गरेको रकम बैङ्कमा जम्मा गरे । केही समयपछि उनले आफ्नो दुई कट्ठा जमिन धितो राखेर बैङ्कबाट ऋण लिए र थप दुई कट्ठा जमिन भाडामा लिएर तरकारी खेती पनि सुरु गरे । |

(क) बलबहादुरको समस्या कसरी समाधान भयो ?

(ख) बलबहादुरले कसरी आफ्नो व्यवसायलाई विस्तार गर्न सफल भए ?

## अभ्यास

**१. वित्तीय शिक्षा भनेको के हो ?**

**२. वित्तीय शिक्षाको महत्त्व उल्लेख गर्नुहोस् ।**

**३. वित्तीय प्रणाली भनेको के हो ? नेपालको वित्तीय प्रणाली सम्बन्धमा चर्चा गर्नुहोस् ।**

**४. बैङ्कबाट ऋण लिएर कुनै व्यवसाय सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची तयार गर्नुहोस् ।**

# ९ वित्तीय उपकरण

विद्यालयमा वित्तीय उपकरण शीर्षकमा प्रवचन कार्यक्रम चल्दै छ । विभिन्न वित्तीय संस्थाका प्रतिनिधिलाई आमन्त्रण गरिएको छ । नेपालमा प्रचलित वित्तीय उपकरणका सम्बन्धमा वक्ताहरू पालैपालो आआफ्नो प्रवचन प्रस्तुत गर्दै छन् । उहाँले विभिन्न पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्दै दिएको प्रस्तुति अध्ययन गरौँ :

**उपस्थित सम्पूर्ण महानुभावमा नमस्कार,**

*म हरिशरण कार्की नेपाल बैङ्क लिमिटेडबाट । आज म बैङ्क खाताका प्रकार, डेबिट कार्ड, क्रेडिट कार्ड, ई-बैङ्किङ र एस.एम.एस. बैङ्किङ आदिका बारेमा प्रस्ट पार्छु :*

## (क) बैङ्क खाता

बैङ्क तथा वित्तीय संस्थाहरूमा सर्वसाधारणलाई वित्तीय कारोबार गर्नका लागि व्यक्ति वा संस्थाको नाममा रहेको विवरण नै बैङ्क खाता हो । बैङ्कमा रकम जम्मा गर्न र आवश्यक पर्दा झिक्न सकिन्छ । बैङ्क तथा वित्तीय संस्थाले जम्मा गरेको रकम झिक्नका लागि चेकबुक र कारोबारको विवरण हेर्नका लागि बैङ्क स्टेटमेन्ट पनि उपलब्ध गराउँछ । बैङ्क खाता तीन किसिमका हुन्छन् जुन निम्नानुसार छन् :

*बैङ्कमा खाता कसरी खोल्ने ?*

- ***बैङ्कमा खाता खोल्नका लागि नागरिकताको प्रमाणपत्र, फोटो, आवेदन फाराम, आवश्यक न्यूनतम रकम र दस्तखत नमुना फाराम आवश्यक पर्छ ।***
- ***नाबालकका हकमा भने संरक्षकको हैसियतले अभिभावकको नागरिकताको प्रतिलिपि, फोटो र आवेदन फाराममा दस्तखत आवश्यक पर्छ ।***
- ***बैङ्कमा खाता खोल्दा ग्राहकको पहिचान पूर्ण रूपमा झल्कने गरी पारिवारिक विवरण, बाबुबाजेको नाम जस्ता विवरण दिनुपर्छ ।***
- ***आजकल सूचना प्रविधिको विकाससँगै अनलाइनबाट खाता खोल्न, रकम झिक्न, पठाउन सकिन्छ ।***

### चल्ती खाता

आफूले चाहेको समयमा चाहेको जति रकम एकै दिनमा जति पटक राख्न र झिक्न सकिने खातालाई चल्ती खाता भनिन्छ । यस खातामा राखेको पैसामा ब्याज प्राप्त हुँदैन । उद्योगी, व्यापारी र कार्यालयका लागि यो खाता बढी उपयोगी हुन्छ ।

**बचत खाता**

बचत खातामा रकम जतिपटक पनि जम्मा गर्न सकिन्छ तर एउटा निश्चित सीमाभित्र रहेर मात्र रकम झिक्न सकिन्छ । यस्तो सीमा सम्बन्धित बैङ्कले नै तोक्छ । यस खाताको रकममा बैङ्कले निश्चित ब्याज प्रदान गर्छ । सामान्यतया साना रकम जम्मा गर्दै जाने र आवश्यक परेको समयमा रकम निकालिरहनुपर्ने व्यक्ति वा संस्थाका लागि यो खाता उपयोगी हुन्छ ।

**मुद्दती खाता**

निश्चित समयावधि तोकेर खाता खोली रकम जम्मा गर्ने खातालाई मुद्दती खाता भनिन्छ । मुद्दती खातामा ३ महिना, ६ महिना, १ वर्ष, २ वर्ष र ५ वर्षसम्मको एउटा निश्चित समयावधि तोकेर रकम जम्मा गरिन्छ । यस्तो खातामा रकम जम्मा गरेबापत अन्य खातामा भन्दा बढी ब्याज पाइन्छ । मुद्दती खातामा जम्मा गरिएको रकम तोकिएको समयावधिभन्दा अगाडि निकाल्न पाईँदैन । यदि बिचमा नै रकम आवश्यक परेमा यस्तो खातामा जम्मा गरेको रकमको प्रमाणपत्र धितो राखी बैङ्कबाट कर्जा निकाल्न मिल्छ तर मुद्दती निक्षेपमा पाउनेभन्दा बढी ब्याज बैङ्कलाई तिर्नुपर्ने हुन्छ ।

### (ख) विद्युतीय बैङ्किङ (ई–बैङ्किङ)

विद्युतीय बैङ्किङ (ई-बैङ्किङ) भन्नाले विद्युतीय मेसिनको सहायताले बैङ्कमार्फत ग्राहकलाई प्रदान गर्ने विभिन्न किसिमका वित्तीय सेवा भन्ने बुझिन्छ । यसअन्तर्गत SMS बैङ्किङ, डेबिट/क्रेडिट कार्ड, इन्टरनेट बैङ्किङ, मोबाइल बैङ्किङलगायतका सेवा पर्छन् । यस्ता प्रविधिले नगद कारोबारको मात्रा घटाउनुका साथै भुक्तानी गर्नका लागि पैसा नै बोक्नुपर्ने झन्झटबाट मुक्त गराएका छन् ।

### (ग) ए.टी.एम. कार्ड (Automated Teller Machine- ATM card)

ए.टी.एम. कार्ड एक किसिमको कार्ड हो । कुनै पनि बैङ्क वा वित्तीय संस्थामा खाता खोलेपछि यो सेवा सञ्चालन गरेको बैङ्कले ग्राहकलाई यो कार्ड उपलब्ध गराउँछन् । यस कार्डबाट मेसिनको सहायताले रकम झिक्न सकिन्छ । खातामा भएको रकम मात्र झिक्न सकिने हुनाले यस कार्डलाई डेबिट कार्ड पनि भनिन्छ । यसबाट गोप्य पिन नम्बरको सहायताले बैङ्कले तोकेको निश्चित रकम मात्र झिक्न सकिन्छ । बैङ्क बन्द भएको समयमा समेत ATM कार्डको प्रयोग गरी जुनसुकै समयमा रकम झिक्न सक्ने सुविधा बैङ्कले प्रदान गरेको हुन्छ ।

### (घ) क्रेडिट कार्ड

आफ्ना विश्वासिला ग्राहकलाई खातामा आवश्यक रकम मौज्दात नभएको अवस्थामा पनि वस्तु तथा सेवा खरिद गर्न सकुन् भनेर बैङ्कले विद्युतीय कार्ड उपलब्ध गराएको हुन्छ । त्यसैलाई क्रेडिट कार्ड भनिन्छ । यसलाई उधारो कार्ड पनि भन्ने गरिन्छ । सेवाग्राहीले आफूसँग रकम भएको वेलामा बैङ्कलाई कर्जा भुक्तानी गर्न सक्छन् । यसको प्रयोग गर्ने तरिका पनि डेबिट कार्डको जस्तै नै हो तर रकम खर्च गर्नका लागि भने निश्चित सीमा तोकिएको हुन्छ । यो सुविधा लिएबापत बैङ्कले सेवाग्राहीको मौज्दातबाट केही रकम कटाएर लिन्छ ।

### (ङ) बैङ्किङ एप्स

बैङ्कहरूले आफ्ना ग्राहकका लागि बैङकिङ एप्सको सेवा पनि प्रदान गरेका हुन्छन् । यसबाट मौज्दात थाहा पाउन, रकम थपिएको वा घटेको जानकारी पाउन सकिन्छ त्यस्तै अरूको खातामा रकमान्तर गर्न, तोकिएको बिलको भुक्तानी गर्ने जस्ता सेवा सुविधा लिन सकिन्छ । हवस् त मेरो प्रस्तुति सुनिदिनुभएकामा आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

**म नेपाल राष्ट्र बैङ्कबाट दिनेश थापा । नेपालमा प्रचलित विभिन्न वित्तीय उपकरणहरू रहेका छन् । तीमध्ये म यहाँ नेपाल राष्ट्र बैङ्कको सफा नोट नीति सम्बन्धमा आफ्ना विचार प्रस्तुत गर्दै छु ।**

हामीले नोटलाई जतनसाथ प्रयोग गर्नुपर्छ । नोटको जतन गर्न अनिवार्य रूपमा मनी ब्याग प्रयोग गर्ने बानी बसालौँ । नोटमा केरमेट नगरौँ । पूजा गर्दा अथवा कुनै काम गर्दा रङ लागेको तथा मैलिएका हातले सकेसम्म नोट नछोऔँ । टाँचा वा स्टिच लगाउँदा नोट च्यातिने र निकाल्न गाह्रो हुने तथा नोटको आयु घट्ने हुँदा यस्तो कार्य नगरौँ । यति भन्दै मेरा विचार यही टुङ्ग्याउँछु, हवस् त धन्यवाद ।

**उपस्थित सम्पूर्ण महानुभावमा नमस्कार ! म धितोपत्र बोर्डबाट मिना आचार्य । म धितोपत्र (Share) सम्बन्धमा आफ्नो विचार प्रस्तुत गर्दै छु ।**

सरकार वा कुनै कम्पनीले पुँजी सङ्कलन गर्न जारी गरेको वित्तीय औजारलाई धितोपत्र भनिन्छ । यसअन्तर्गत सरकारी ऋणपत्र, डिबेन्चर तथा कम्पनीले जारी गरेको सेयर, बन्ड आदि रहेका हुन्छन् । सामान्यतया प्रति कित्ता सेयरको अङ्कित मूल्य रु. १००।-

कायम गर्ने प्रचलन छ । सेयर खरिदकर्ता कम्पनीका हिस्सेदार हुन् । कम्पनीको लाभ हानिमा प्रत्येक सेयरधनीको आफ्नो सेयर कित्ताबमोजिमको हिस्सा रहेको हुन्छ । सेयरका माध्यमबाट सङ्गठित संस्थाले आफ्नो व्यवसाय विस्तार गर्न र वस्तु उत्पादन गर्न सक्छ । यसबाट लगानीकर्तालाई लगानीको अवसर प्राप्त हुन्छ । धितोपत्रका माध्यमबाट लगानीकर्तासँग छरिएर रहेको बचत उद्योगधन्दामा लगानी गर्न मदत पुग्छ । देशको आर्थिक विकासमा सर्वसाधारणको पनि योगदान पुग्छ । साधारणतया सेयर दुई किसिमका हुन्छन् जुन निम्नानुसार छन् ।

**अग्राधिकार सेयर**

अरू प्रकारका सेयरभन्दा पहिले नै लाभांश पाउने गरी निष्कासन गरिएको सेयरलाई अग्राधिकार सेयर भनिन्छ । अग्राधिकार सेयरमा लाभांश पाउने दर निश्चित गरिएको हुन्छ । यस किसिमको सेयरका अंशियारले कम्पनीको बैठकमा भाग लिने र मत दिने अधिकार हुँदैन । पुँजीमा जोखिम उठाउन नचाहने व्यक्तिका लागि यस्तो सेयरमा लगानी गर्नु राम्रो हुन्छ ।

**साधारण सेयर**

अग्राधिकार सेयर धनीलाई लाभांश वितरण गरिसकेपछि बाँकी मुनाफाबाट लाभांश पाउने गरी निष्कासन गरिएको सेयरलाई साधारण सेयर भनिन्छ । यसरी साधारण सेयरमा गरिने लगानी बढी जोखिमपूर्ण हुन्छ । बढी जोखिम उठाउन तयार हुने लगानीकर्तालाई मात्र साधारण सेयरमा लगानी गर्न उपयुक्त मानिन्छ । सेयरमा लगानी गर्नुभन्दा पूर्व आफूले कुन कम्पनीको सेयर खरिद गर्न चाहेको हो उक्त कम्पनीको अवस्थाबारे राम्रोसँग बुझ्नुपर्छ ।

अहिले पछिल्लो समयमा सेयरको कारोबारका लागि अनिवार्य रूपमा डिम्याट खाता खोल्नुपर्ने नियम बनेको छ । डिम्याट खाता त्यस्तो विद्युतीय खाता हो जसमा लगानीकर्ताले आफ्नो सेयरलाई विद्युतीय रूपमा राख्न सक्छ । यति भन्दै मैले मेरो प्रस्तुति टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

## क्रियाकलाप

१. तपाईंको आफन्त वा समुदायमा रहनुभएका सेयरको कारोबार गर्ने कुनै व्यक्ति वा सेयर सम्बन्धमा जानकार व्यक्तिलाई भेट्नुहोस् र उहाँसँग 'सेयरमा लगानी गर्नु जुवा खेल्नुजस्तै हो भन्ने गरेको सुनिन्छ' यो सम्बन्धमा तपाईंको विचार कस्तो छ भनी प्रश्न गर्नुहोस् र उहाँबाट आएको जवाफलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. विद्यालय वा समुदायमा नजिकै रहेको वित्तीय संस्थामा जानुहोस् र सेयर के हो ? सेयर लिनका लागि के के गर्नुपर्छ ? र सेयरबाट के के फाइदा हुन्छन् ? जस्ता प्रश्नको जवाफ सोधेर एउटा लेख तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. वैदेशिक रोजगारबाट फर्केका तपाईंका आफन्त वा चिनजानका कोही व्यक्तिलाई भेट्नुहोस् र विदेशमा हुँदा उहाँले केबाट रकम पठाउने गर्नुभएको थियो ? विप्रेषण र हुन्डीमा के फरक छ ? कुनबाट पैसा पठाउँदा छिटो छरितो र भरपर्दो तरिकाले आइपुग्छ ? जस्ता प्रश्न सोधी प्राप्त जवाफलाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईंको मामा व्यापारी हुनुहुन्छ । उहाँका लागि बैङ्क वा वित्तीय संस्थामा कस्तो किसिमको खाता खोल्न उपयुक्त हुन्छ होला, किन ?

५. **तल दिइएको विषयवस्तु अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने वा झिकाउने काम विप्रेषण हो । विप्रेषण गर्दा नेपाल सरकारबाट इजाजत प्राप्त माध्यामलाई भरपर्दो र सुरक्षित मानिन्छ । कसै कसैले हुन्डीबाट र कसैले व्यक्तिबाटै पनि पैसा पठाउने र झिकाउने काम गरेको पाइन्छ । देश विदेशमा आर्जन गरेको रकम निजी व्यापारी, प्रतिनिधि वा दर्ता नभएका संस्थामार्फत पठाउने कार्यलाई हुन्डी भनिन्छ । यसरी हुन्डीबाट र व्यक्तिबाट पैसा पठाउनु विश्वासिलो हुँदैन र यस्ता कारोबारलाई गैरकानुनी मानिन्छ ।

सूचना प्रविधिको प्रयोगसँगै मुद्रामा नयाँ रूप प्रचलनमा आएको हो । तिनीहरूमध्ये क्रिप्टोकरेन्सी पनि एक हो । क्रिप्टोकरेन्सी शब्द दुईओटा अङ्ग्रेजी शब्द मिलेर बनेको छ । क्रिप्टोको अर्थ गुप्त र करेन्सीको अर्थ मुद्रा हो । यसर्थ शाब्दिक रूपमा क्रिप्टोकरेन्सी भन्नाले विनिमयका लागि सङ्केताक्षर (कोड) द्वारा सुरक्षित विद्युतीय वा भर्चुअल मुद्रा हो जसको भौतिक अस्तित्व हुँदैन । यसमा कारोबारलाई सुरक्षित राख्न, तिनलाई रुजु गर्न र नयाँ मुद्रा निष्कासन गर्न कोडको सहारा लिइन्छ ।

बिटक्वाइन, इथिरियम, रिपल, लिटक्वाइन, मोनेरो आदि क्रिप्टोकरेन्सीका प्रकार हुन् । क्रिप्टोकरेन्सी नेपाललगायत विश्वका अधिकांश देशमा प्रतिबन्धित छन् ।

**प्रश्नहरू**

(क) विप्रेषणको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) हुन्डीबाट किन कारोबार गर्नुहुँदैन ?

(ग) अबको १० वर्षपछि भर्चुअल मुद्राको प्रयोगको अवस्था कस्तो रहन्छ होला, अनुमान गरी लेख्नुहोस् ।

## अभ्यास

१. **नोट सफा राख्ने उपाय लेख्नुहोस् ।**

२. **सेयरको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **नेपालमा प्रचलित वित्तीय उपकरणको सूची बनाई प्रत्येकको छोटकरीमा व्याख्या गर्नुहोस् ।**

४. **सेयर लिनका लागि अपनाउनुपर्ने प्रक्रिया उल्लेख गर्नुहोस् ।**

५. **डिम्याट खाता भनेको के हो, यसका उपयोगिता उल्लेख गर्नुहोस् ।**

६. **डेबिट कार्ड र क्रेडिट कार्डका बिचमा फरक छुट्याउनुहोस् ।**

## परियोजना कार्य

तपाईंको विद्यालय वा घर नजिक रहेको कुनै वित्तीय संस्था वा बैङ्कमा गएर खाता खोल्नका लागि आवश्यक कागजात, खाता खोल्दा अपनाउनुपर्ने प्रक्रिया, बैङ्क भौचर, चेक र विद्युतीय कार्डका बारेमा जानकारी लिनुहोस् र प्रतिवेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

# ९ सहकारी

दार्चुला जिल्लाको व्यास गाउँपालिकामा लगभग २१०० घरपरिवार बसोबास गर्छन् । पाँच वर्ष पहिलेसम्म त्यहाँका बासिन्दाको आर्थिक अवस्था कमजोर थियो । उनीहरू दिनभरि श्रम गरेर जीवन निर्वाह गर्थे । खेती गरेर खानका लागि उनीहरूसँग पाखोबारी मात्र थियो । एक दिन वडा कार्यालयका प्रतिनिधिले गाउँलेको भेला गराई सहकारी संस्थाको बारेमा जानकारी गराए । त्यसपछि वडाका प्रतिनिधिको सहयोगमा सबैले मिलेर सहकारी विधान तयार पारे र गाउँपालिकामा दर्ता गरे । यसरी गाउँमा सहकारी संस्थाको स्थापना भयो । गाउँलेहरू सहकारीका सदस्य बने । सबै सदस्यबाट प्रतिमहिना रु. ५०० अनिवार्य मासिक बचत गर्न सुरु गरे । यसरी जम्मा भएको रकमबाट सहकारीका सदस्यमा जसलाई आवश्यक पर्छ, उसलाई निश्चित ब्याजमा रकम दिने व्यवस्था मिलाए । यसरी सब सदस्यले पालैपालो रकम लिएर सानोतिनो व्यवसाय गर्न थाले । कसैले बाख्रा, कसैले भैँसी र कसैले गाईपालन गरे । कसैले फलफूल र कसैले तरकारी खेती गर्न थाले । कसैले कुखुरा पालन गरे । कोही भने सानातिना व्यापार व्यवसाय पनि गर्न थाले ।

***सहकारिताका सिद्धान्त***

1. ***स्वेच्छिक तथा खुला सदस्यता***
2. ***सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण***
3. ***सदस्यको आर्थिक सहभागिता***
4. ***स्वायत्तता र स्वतन्त्रता***
5. ***शिक्षा, तालिम र सूचना***
6. ***अन्तरसहकारी सहयोग***
7. ***समुदायप्रति चासो***

अहिले गाउँको अवस्था परिवर्तन भएको छ । सहकारीकै कारणले गाउँलेहरूमा सामाजिक एकता र मेलमिलाप कायम भएको छ । रकम आवश्यक परेका बेला ऋण सापटी लिन सहज भएको छ । सहकारीमा भएको बचतबाट दैनिक घर खर्च टार्न, बिरामी पर्दा उपचार गर्न र चाडपर्व मनाउनका लागि सजिलो भएको छ ।

सहकारिता शब्दबाट नै हामीले यसको अर्थ प्रस्ट रूपमा बुझ्न सक्छौँ । सहको अर्थ मिलेर र कारिताको अर्थ काम गर्नु भन्ने बुझिन्छ । यसरी हेर्दा सहकारी आर्थिक तथा सामाजिक रूपमा समान आवश्यकता भएका व्यक्ति मिलेर स्वेच्छाले गठन हुने संस्था हो । सहकारी एकका लागि सबै र सबैका लागि एक भन्ने सिद्धान्तबाट प्रेरित भई स्थापना भएको हुन्छ । व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक तथा सामाजिक हित गर्ने उद्देश्यले सहकारीको स्थापना गरिन्छ । सहकारीको माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी निवारण गर्ने उद्देश्य राखिएको हुन्छ । यसका लागि विविध कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा

ल्याइन्छन् । सहकारिताको मूल्यमान्यता र सिद्धान्तबमोजिम सहकारी सञ्चालनका लागि केही आवश्यक आधारभूत सर्तहरू रहेका छन्, ती यसप्रकार छन् :

१. सहकारी स्वेच्छिक र स्वायत्त संस्था हो ।
२. सहकारीमा आबद्ध सदस्यका बिचमा सेयर लगानीमा समान सहभागिता हुनुपर्छ ।
३. सहकारीका सेयर सदस्यहरू नै सहकारीका मालिक र ग्राहक दुबै हुन्छन् ।
४. सहकारीमा नियमअनुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र बचत सङ्कलन र ऋण लगानी गर्नुपर्ने हुन्छ ।
५. सहकारीले वित्तीय विकासका साथै सामाजिक विकास र वातावरण संरक्षणको समेत दायित्व निर्वाह गरेको हुन्छ ।
६. सदस्यद्वारा संस्था सञ्चालन कार्यविधि र अन्य नियम बनाउनुपर्ने हुन्छ ।
७. संस्थाको दीर्घकालीन सोच, सदस्यको आर्थिक, सामाजिक, सांस्कृतिक र व्यावसायिक उन्नतिमा सहयोग पुऱ्याउने हुनुपर्छ ।

नेपालको कुल गार्हस्थ उत्पादनमा चार प्रतिशत र वित्तीय सेवामा २० प्रतिशत योगदान सहकारी क्षेत्रको रहेको छ । सहकारी क्षेत्रले लगभग ६२ हजारलाई प्रत्यक्ष रोजगारी दिएको छ । नेपालको संविधानले मार्गदर्शन गरेको आर्थिक विकासको तीन खम्बे नीतिअन्तर्गत सरकार, निजीक्षेत्र र सहकारी हो । त्यसैले सहकारितालाई पनि आर्थिक विकासको एक महत्त्वपूर्ण खम्बा मानिन्छ । यसका माध्यमबाट आर्थिक, सामाजिक रूपान्तरण गरी गरिबी निवारण गर्नु आजको मुख्य आवश्यकता रहेको छ ।

समाजमा सहकारिताका माध्यमबाट आर्थिक असमानता हटाई आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ । त्यसैले यहाँको अर्थ व्यवस्थामा सहकारिताको आदर्श र यसको कार्यान्वयन पक्षले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । समाजको दिगो आर्थिक विकास गर्न र सांस्कृतिक तथा सामाजिक समावेशिता कायम गर्न सहकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यस्तै महिला तथा विपन्न वर्गको नेतृत्व क्षमता विकास गर्न र नागरिकलाई वित्तीय साक्षरताको क्षेत्रमा पनि सहकारीले योगदान पुऱ्याउँदै आएको छ । सहकारीले निम्न र मध्यम आर्थिक अवस्था भएका मानिसमा पनि उद्यमशीलताको भावना विकास गर्न सहयोग पुऱ्याएको छ । त्यस्तै सहकारीकै माध्यमबाट समाजमा स्वच्छ र प्रतिस्पर्धी व्यावसायिक वातावरण सिर्जना भएको देखिन्छ । नेपालमा कृषि, स्वास्थ्य, शिक्षा, यातायात, पर्यटन, सञ्चार, विद्युत् आदि क्षेत्रहरूमा सहकारी पद्धतिबाट उद्योग व्यवसाय सञ्चालन गर्ने आकर्षण बढ्दै गएको छ ।

यसरी सहकारी संस्थाले आर्थिक तथा सामाजिक उत्थानका लागि महत्त्वपूर्ण प्रभाव पार्न सक्छ । त्यसैले नेपालका हरेक क्षेत्रमा सहकारी संस्था स्थापना गर्नु आजको मुख्य आवश्यकता रहेको छ भन्दै मेरा भनाइ यही अन्त्य गर्न चाहन्छु, हस् त धन्यवाद ।

### क्रियाकलाप

१. पत्रपत्रिकामा प्रकाशित वा रेडियो वा टेलिभिजनमा प्रसारित सहकारितासम्बन्धी समाचार सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।

२. सहकारीले समाजमा पारेको सकारात्मक प्रभाव सम्बन्धमा एक गीत, कथा, कविता वा समाचारको नमुना तयार गर्नुहोस् ।

३. नेपालमा दिन प्रतिदिन सहकारी संस्थाहरू स्थापना हुने क्रम बढिरहेको छ । कतिपय सहकारी संस्थाहरू बन्द भएका र सहकारी सञ्चालक आर्थिक अनियमितता गरी भागेका समाचार पनि बेला बेलामा सुनिन्छन् । नेपालमा सहकारी क्षेत्रमा देखिएका यस्ता किसिमका समस्या र समाधानका उपायहरू सम्बन्धमा साथी साथीमा छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

१. **सहकारी भनेको के हो ?**

२. **सहकारीको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **सहकारीको मूल्यमान्यता र सिद्धान्तबमोजिम सहकारी सञ्चालन हुनका लागि आवश्यक आधारभूत सर्तको सूची बनाउनुहोस् ।**

४. **सहकारीले समाजको आर्थिक तथा सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने भनाइलाई विभिन्न उदाहरणद्वारा प्रस्ट पार्नुहोस् ।**

५. **सहकारी संस्था स्थापनाका लागि के के प्रक्रिया पूरा गर्नुपर्छ, लेख्नुहोस् ।**

### परियोजना कार्य

तपाईंको स्थानीय समुदायमा वा विद्यालय नजिकै सञ्चालन भएको कुनै सहकारी संस्थाको भ्रमण गर्नुहोस् । उक्त सहकारीले सञ्चालन गरेका गतिविधिका बारेमा सोधखोज गरी तल दिइएका बुँदामा केन्द्रित रहेर प्रतिवेदन तयार गर्नुहोस् :

सहकारी संस्थाको परिचय :

सहकारीको उद्देश्य :

सहकारीले गर्दै आएका काम :

समाजमा पारेको सकारात्मक प्रभाव :

# ८ बचत र बिमा

प्यारी छोरी पूजा

शुभ आशीर्वाद ।

तिमीले पठाएको चिठी हिजो प्राप्त भयो । आरामै छौँ भनेर लेखेको चिठी पढ्दा खुसी लाग्यो । हामी पनि यहाँ आरामै छौँ । तिमीले बिमाका बारेमा जिज्ञासा राखेकी रहिछौ । म बिमा अभिकर्ता भएको नाताले आफूले जानेका आधारमा तिम्रो जिज्ञासा मेटाउने प्रयत्न गर्दै छु ।

मानिसका जीवनमा कहिलेकाहीँ सोच्दै नसोचेका घटना अकस्मात् आइपर्छन् । त्यस्ता घटनाबाट उत्पन्न जोखिमलाई पूरै हटाउन नसके तापनि त्यसबाट हुन सक्ने आर्थिक नोक्सानीलाई कम गर्न सकिन्छ । यस्ता जोखिमबाट बच्न बिमा गरिन्छ । बिमाले बिमित व्यक्तिको विभिन्न प्रकारले हुने हानिनोक्सानीलाई बहन गर्छ । भविष्यमा आउन सक्ने अनिश्चित प्रकारका जोखिमलाई अन्यत्र हस्तान्तरण गरी सोबाट भएको क्षतिपूर्ति प्राप्त गर्ने माध्यम बिमा हो । बिमा गर्दा बिमा कम्पनी (बिमक) र इच्छुक व्यक्ति (बिमित) बिचमा सम्झौता गरिन्छ । यसरी जोखिम हस्तान्तरण गर्दा बिमा कम्पनीले बिमा शुल्क लिन्छ । बिमक र बिमितबिचमा हुने सम्झौताको लिखतलाई बिमालेख भनिन्छ ।

छोरी, नेपालमा वि.सं. २००४ असोज ८ गते पहिलो बिमा कम्पनीका रूपमा माल चलानी तथा वित्त कम्पनी लि. स्थापना भएको थियो । सरकारी स्तरबाट भने वि.सं. २०२५ साल पुष १ गते राष्ट्रिय बिमा संस्थानको स्थापना भएको थियो ।

हामीले जीवनमा आइपर्ने अनिश्चित प्रकारका जोखिमलाई कम गर्नका लागि जीवन र निर्जीवन गरी दुई किसिमबाट बिमा गर्न सक्छौँ । मानिसको जीवन अनिश्चित छ । आकस्मिक रूपमा कुनै घातक रोग लाग्न सक्छ । त्यस्तै दुर्घटना हुन सक्छ र मृत्यु पनि हुन सक्छ । यदि परिवारमा आयआर्जन गर्ने व्यक्तिको अचानक मृत्यु भयो भने आर्थिक सङ्कट पैदा हुन्छ । त्यसैले हरेक व्यक्तिले जोखिम विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्न बिमा गर्नुपर्छ, यसलाई नै जीवन बिमा भनिन्छ ।

जीवनमा आइपर्ने सम्भावित जोखिमका कारण आर्थिक क्षति भएमा त्यस्तो क्षति बिमा कम्पनीले बहन गर्छ । जीवनबिमा निश्चित अवधिका लागि बिमा कम्पनी र व्यक्तिका

बिच गरिएको एक आर्थिक सम्झौता हो । यसमा बिमा गर्ने व्यक्तिले निश्चित समय, अवधि वा वर्ष तोकी सम्झौता गर्छ । आजीवन बिमामा भने मृत्युपछि इच्छाइएको व्यक्तिले पाउँछ । तिमीलाई पनि थाहा छ नि परिवारका सबै सदस्यको जीवनबिमा गरिएको छ । जीवनबिमाका सम्बन्धमा तिम्रा जिज्ञासा पक्कै मेटिए होलान् ।

छोरी, म तिमीलाई के भन्न चाहन्छु भने जीवनबिमा पनि एक किसिमको अनिवार्य बचत नै हो । जीवनबिमाको अवधि सकिएपछि एकमुष्ट रकम प्राप्त हुने हुनाले लगानीको अवसर पनि प्राप्त हुन्छ । हामीलाई अप्ठ्यारो परेका वेलामा बिमा कम्पनीबाट नै ऋण लिन पाउने सुविधा पनि बिमा कम्पनीले गरेका छन् ।

निर्जीवन बिमाका सम्बन्धमा एउटा सामग्री पठाएकी छु । अध्ययन गरेर आफ्नो सिकाइको दायरा फराकिलो बनाउने छौ भन्ने विश्वास लिएकी छु ।

उही तिम्री माया गर्ने आमा

नर्मदा नेपाली

## निर्जीवन बिमा

हामी जीविकोपार्जनका लागि कुनै न कुनै पेसा तथा व्यवसायमा संलग्न हुनुपर्छ । हामीलाई थाहा नै नभईकन घर, पसल, कल कारखाना, कृषि व्यवसाय आदिमा कुनै कारणवश हानि नोक्सानी वा क्षति हुन सक्छ । यसका लागि निर्जीवन बिमा गरिन्छ । यस्तो किसिमको क्षतिमा बिमा लेखमा तोकिएबमोजिम आर्थिक नोक्सानीको क्षतिपूर्ति गरी बिमितलाई भौतिक क्षतिबापतको क्षतिपूर्ति दिइन्छ । घर पसलमा आगलागी हुन सक्छ वा भूकम्पबाट क्षतिग्रस्त हुन सक्छ । बाढी, पहिरो, भूक्षय, खडेरी, आँधीबेहेरी, असिना आदिबाट किसानले लगाएको बालीनाली नष्ट हुन सक्छ । त्यस्तै सडकमा गुड्दै गरेको गाडी दुर्घटना हुन सक्छ । निर्जीवन बिमाले क्षति भएका सम्पत्तिको मूल्याङ्कन गरी बिमितलाई आर्थिक सुरक्षा प्रदान गर्छ । यस्तो बिमा सामान्यतः एक वर्षका लागि गरिन्छ । यो अवधि पूरा भएपछि पुनः नवीकरण गर्नुपर्छ ।

जीवन वा निर्जीवन बिमा गराउँदा बिमा अभिकर्ता आधिकारिक हो कि होइन थाहा पाउनुपर्छ । आफूले गराउन खोजेको बिमाबाट पाउने सुविधा के के हुन् ? ती सुविधा कस्तो अवस्थामा कति प्राप्त गर्न सकिने हो ? स्पष्ट जानकारी लिएर मात्र बिमा गराउनुपर्छ ।

बिमा गराउँदा बनाइएका कागजात सुरक्षित राख्नुपर्छ । बिमासम्बन्धी नीति नियमहरू फेरिरहन पनि सक्ने हुनाले समय समयमा त्यसको जानकारी लिइरहनुपर्छ । बिमा गरेको कुरा आफ्नो परिवारका सदस्यलाई जानकारी गराउनुपर्छ । त्यस्तै बिमा नवीकरण मिति याद गरी तोकिएको समयमा बिमा शुल्क बुझाउनुपर्छ ।

## क्रियाकलाप

१. "बचत सुरक्षित भविष्यको बलियो आधार हो ।" भन्ने शीर्षकमा कुनै राष्ट्रिय दैनिक पत्रिकाका लागि समाचार लेख्नुहोस् ।

२. कक्षामा सबै साथीहरू मिलेर एउटा खुत्रुके किन्नुहोस् । आमाबुबाले खाजा खान दिनुभएको वा आफूसँग जगेडा भएको रकमबाट थोरै थोरै बचत गरेर प्रत्येक महिना सबैले उक्त खुत्रुकेमा निश्चित रकम अनिवार्य बचत गर्नुपर्ने नियम बनाउनुहोस् । उक्त रकमबाट विद्यालयमा कापी कलम किन्न नसक्नेलाई सहयोग वा विद्यालयमा कुनै रचनात्मक काम गर्न प्रयोग गर्नुहोस् ।

३. नेपालमा कृषि वा स्वास्थ्य बिमाको महत्त्व शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्नुहोस् ।

४. तपाईंका आफन्त वा परिवारमा कसैले बिमा गर्नुभएको होला । उक्त बिमाका लागि कति किस्ता तिर्नुपर्छ ? बिमा रकम र अवधि कति हो ? बिमा कम्पनीले के के सुविधा दिने सर्त उल्लेख छ, सम्पूर्ण तथ्यहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **बिमा भनेको के हो, यसका प्रकार छोटकरीमा व्याख्या गर्नुहोस् ।**

२. **बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची बनाउनुहोस् ।**

३. **स्वास्थ्य बिमा भनेको कस्तो बिमा हो, यसको महत्त्व उल्लेख गर्नुहोस् ।**

४. **बिमा गर्नाले जीवनमा आइपर्ने आकस्मिक क्षतिलाई न्यूनीकरण वा कम गराउन सकिन्छ, कसरी ? छोटकरीमा उल्लेख गर्नुहोस् ।**

# राजस्व

शान्ता र कमल विद्यालयबाट घर फर्कँदै थिए । बाटोमा समुदायका एक जना व्यवसायीसँग उनीहरूको भेट भयो । विद्यार्थी र व्यवसायीबिचमा भएको कुराकानी हामी पनि अध्ययन गरौँ :

शान्ता : कमल, तिम्रो पढाइ आजकाल कस्तो चल्दै छ ?

कमल : ठिकै छ शान्ता, पहिलेभन्दा मिहिनेत गरेर पढ्दै छु ।

शान्ता : नमस्कार काका ! कता गएर आउँदै हुनुहुन्छ ?

व्यवसायी : नमस्कार ! बाबु नानी, म वडा कार्यालयमा कर तिरेर आउँदै छु ।

शान्ता : काका, कर भनेको के हो ?

व्यवसायी : तपाइँलाई करका बारेमा थाहा छैन र ?

कमल : कर भनेको चाहिँ सुनेका छौँ तर यसका बारेमा राम्रोसँग थाहा छैन । हजुरलाई कतिको हतार छ, त्यहाँ चौतारामा बसेर छलफल गर्न पाए पनि हुन्थ्यो नि ।

व्यवसायी : खासै हतार त छैन व्यवसाय हेर्न परिवार पनि छन् । कर्मचारी पनि राखेको छु । हुन्छ जाउँ न त । (चौतारामा गएर बस्दै...) ल सुन्नुहोस् है त सरकारले विभिन्न स्रोतहरूबाट आम्दानी गर्छ । यसरी सरकारले विभिन्न स्रोतहरूबाट गर्ने आम्दानीलाई राजस्व भनिन्छ । राजस्व कर र गैरकर गरी दुई प्रकारका हुन्छन् ।

शान्ता : ए, कर र गैरकर भनेको फेरि छुट्टाछुट्टै हो ?

व्यवसायी : पहिले करका बारेमा बुझौँ त्यसपछि गैरकरका बारेमा कुरा गरौँ है ? नागरिकले राज्यलाई कानुनबमोजिम अनिवार्य गर्नुपर्ने भुक्तानीलाई कर भनिन्छ । अर्थात् कुनै व्यक्ति, फर्म वा कम्पनीले कानुनले तोकेबमोजिम राज्यलाई तिर्नुपर्ने अनिवार्य भुक्तानी कर हो । करदाताले कर तिरेबापत प्रत्यक्ष लाभ प्राप्त गर्दैनन् । यद्यपि राज्यले करबाट प्राप्त रकम सार्वजनिक हित र लोककल्याणकारी कार्यका लागि खर्च गर्छ ।

कमल : कर कति प्रकारका हुन्छन्, त्यो पनि बताइदिनुभए खुसी हुने थियौँ ।

व्यवसायी : भार र असरका आधारमा कर प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारका हुन्छन् । एउटै व्यक्तिमा भार र असर पर्ने तथा एक पक्षबाट अर्को पक्षमा सार्न नसकिने करलाई प्रत्यक्ष कर भनिन्छ । आयकर, सम्पत्ति कर, भूमि कर, घर कर, सवारी कर आदि प्रत्यक्ष करका उदाहरण हुन् । प्रत्यक्ष कर धेरै आम्दानी हुँदा धेरै र कम आम्दानी हुँदा कम तिर्नुपर्ने भएकाले प्रगतिशील हुन्छन् । नेपालमा कुल राजस्वको सबैभन्दा ठुलो अंश प्रत्यक्ष करले ओगटेको छ ।

शान्ता : काका, भर्खरै हजुरले तिरेर आउनुभएको कर चाहिँ कस्तो कर हो ?

व्यवसायी : नानी, मैले अगि घरजग्गा र व्यवसायको कर तिरेर आएको हुँ । त्यस्तै मेरो ट्रक पनि छ त्यसको पनि कर बुझाउँछु । मैले आज तिरेको कर प्रत्यक्ष करको उदाहरण हो ।

शान्ता : अप्रत्यक्ष कर चाहिँ कस्तो प्रकारको कर हो त ?

व्यवसायी : सुन्नुहोस् है त, कुनै पनि व्यक्ति वा संस्थालाई लगाइएको कर अर्को व्यक्ति वा संस्थामा सार्न सकिन्छ भने त्यस्तो करलाई अप्रत्यक्ष कर भनिन्छ । यस्तो कर सुरुमा एक व्यक्ति वा संस्थाले तिर्छ तर पछि उक्त कर रकम वा करको भार अरूमाथि सारिन्छ अर्थात् जसले वस्तु तथा सेवा प्रयोग गर्छ उसैलाई यो करको भार पर्छ । मूल्य अभिवृद्धि कर, बिक्री कर, अन्तःशुल्क, भन्सार महसुल आदि अप्रत्यक्ष करका उदाहरण हुन् । अप्रत्यक्ष कर सुविधाजनक हुनुका साथै लचकदार पनि हुन्छ । यस्तो प्रकारको करको दायरा फराकिलो हुन्छ र कर छली गर्न पनि सकिँदैन । निम्न आय भएका व्यक्तिले उपभोग गर्ने वस्तु तथा सेवामा कम कर र मध्यम तथा उच्च आय भएका व्यक्तिले उपभोग गर्ने वस्तु तथा सेवामा बढी कर लगाइने हुनाले यस्तो कर समन्यायमा आधारित हुन्छ ।

कमल : प्रत्यक्ष कर त घरजग्गा, जमिन आदि सम्पत्तिहरूको आर्जन र प्रयोग गरेबापत तिर्ने रहेछ त्यसैले सजिलै बुझेँ । यी मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुल करका बारेमा पनि बताइदिनुहोस् न ?

व्यवसायी : मूल्य अभिवृद्धि कर (VAT) भनेको वस्तु तथा सेवाको मूल्यमा वृद्धि हुँदा

बढेको मूल्यमा लाग्ने करलाई मूल्य अभिवृद्धि कर भनिन्छ । मूल्य अभिवृद्धि कर वस्तु तथा सेवामा आधारित अप्रत्यक्ष कर हो । नेपालमा हाल १३ प्रतिशत मूल्य अभिवृद्धि कर कायम गरिएको छ । करको दायरा फराकिलो बनाउने र राजस्व चुहावट नियन्त्रण गर्ने यसको मुख्य उद्देश्य हो । हामीले पनि वस्तु तथा सेवाको खरिद गर्दा अनिवार्य रूपमा मु.अ.क. (VAT) बिल लिएर सच्चा नागरिकको कर्तव्य पूरा गर्नुपर्छ ।

देशभित्र उत्पादन भएका एवम् आयातित वस्तु तथा सेवामा लगाइने करलाई अन्तःशुल्क भनिन्छ । सुरुमा तोकिएका वस्तु तथा सेवाको देशभित्र हुने कारोबारमा यो कर लगाइने भएकाले अन्तःशुल्क भनिएको हो । अन्तःशुल्क लाग्ने वस्तुलाई पनि मदिरा समूह, सुर्तीजन्य समूह र स्वयम् निकासी समूह गरी तीन समूहमा विभाजन गरिएको छ । विदेशबाट आयात गरिने र विदेशमा निर्यात गरिने मालवस्तुहरूका लागि भन्सार विन्दुमा कानुनबमोजिम लिइने करलाई भन्सार महसुल भनिन्छ । यसलाई राजस्व सङ्कलनको महत्त्वपूर्ण स्रोत मानिन्छ ।

शान्ता : काका, कर त सरकार र हामी जनता दुबैका लागि महत्त्वपूर्ण हुन्छ जस्तो लाग्यो । म त आजैबाट यदि कसैले कर तिर्ने कुरामा हेलचेक्र्याइँ गरेको थाहा पाएँ भने कर तिर्नु हामी नागरिकको कर्तव्य हो भनेर सम्झाउँछु ।

व्यवसायी : हो नानी, तपाईंले ठिक भन्नुभयो । मुलुकको आर्थिक विकासका लागि करको महत्त्व तथा आवश्यकता सम्बन्धमा ध्यान दिएर सुन्नुहोस् है त । मुलुकमा लगानीको उपयुक्त वातावरण तयार गर्न करको महत्त्वपूर्ण भूमिका हुन्छ । अधिकतम कर परिचालनबाट मुलुकलाई आत्मनिर्भर बनाउन सकिन्छ । अति आवश्यक वस्तु तथा सेवाको उत्पादनलाई प्रोत्साहन गर्न मदत पुग्छ । त्यस्तै धनीलाई कर तथा गरिबलाई राहतको नीति लिई सामाजिक न्याय कायम गर्न सकिन्छ । आयात प्रतिस्थापन गरी निर्यात अभिवृद्धि गर्न पनि करले नै मदत पुऱ्याउँछ । स्वदेशी उद्योगको संरक्षण एवम् प्रवर्धन गर्न पनि करको नै महत्त्वपूर्ण भूमिका रहन्छ । यसबाट मुलुकभित्र उद्योग व्यवसाय सञ्चालनका लागि अनुकूल वातावरणको सिर्जना हुन्छ । नेपालको संविधानअनुसार सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले छुट्टाछुट्टै कर लगाउन सक्छन् ।

कमल : गैरकर राजस्व चाहिँ कस्तो कर हो काका ?

व्यवसायी : कानुनले तोकेकाबाहेक अन्य स्रोतबाट प्राप्त हुने सरकारको आम्दानीलाई गैरकर राजस्व भनिन्छ । उपहार तथा अनुदान, शुल्क, दण्ड तथा जरिवाना, उत्तराधिकारीविहीन सम्पत्ति, सार्वजनिक सम्पत्ति आदि गैरकर राजस्वका स्रोत हुन् ।

शान्ता : यो पनि बताइदिनुहोस् न, सार्वजनिक स्थलमा कर तिर्नु हामी नागरिकको कर्तव्य हो । समयमै कर तिरौँ सच्चा नागरिकको कर्तव्य पालना गरौँ भनेर लेखिएको हुन्छ किन कर तिर्नुलाई नागरिकको कर्तव्य भनिएको हो ?

व्यवसायी : ए हो त नानी, हामी नागरिकसँग कर लिनु राज्यको अधिकार हो भने कर तिर्नु हामी नागरिकको कर्तव्य हो । यदि राज्यले हामी जनताबाट कर लिएन भने जनतालाई सेवा सुविधा प्रदान गर्न सक्दैन । त्यस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, सञ्चारलगायतका पूर्वाधारको विकास गर्न पनि सक्दैन । जसरी हाम्रो घरपरिवार व्यवस्थित ढङ्गले चलाउनका लागि नियमित आम्दानीको आवश्यकता पर्छ । त्यस्तै गरी राज्यका हरेक गतिविधि सञ्चालनका लागि पनि निश्चित र व्यवस्थित आम्दानीको आवश्यकता पर्छ । यसरी राज्यका अति आवश्यक खर्च जुटाउनका लागि मुख्य आम्दानीको स्रोत भनेको नै कर हो । जुन देशको कर प्रणाली प्रभावकारी हुन्छ । त्यो देशलाई सक्षम अर्थतन्त्र भएको देश मानिन्छ । आफ्नो राज्यलाई सक्षम र आत्मनिर्भर अर्थतन्त्र बनाउने कर्तव्य हामी जनताको पनि हो किनभने राज्य जनताका लागि र जनता राज्यका लागि हो । आफ्नो राज्य विकसित र व्यवस्थित बनाउन हामी जनताले राज्यलाई सहयोग गर्ने गर्नुपर्छ । कर प्रणालीकै कारणले जनता र सरकारको सम्बन्ध सुमधुर बनाउन पनि मदत गर्छ ।

शान्ता : काकासँग भेट भएर धेरै कुरा सिक्न पाइयो, धन्यवाद । ढिलो पनि भयो, अब घर जाऔँ ।

व्यवसायी : हुन्छ नि, यहाँहरूसँग कुराकानी गर्ने मौका पाइयो, खुसी लाग्यो । दुबै जनालाई धन्यवाद ।

## क्रियाकलाप

१. पुस्तकालयमा गई नेपालको संविधान वा वित्तीय ऐन अध्ययन गर्नुहोस् र सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन पाउने करको सूची बनाउनुहोस् ।

२. तपाईंको घरपरिवारले कुन कुन कर तिर्ने गर्नुभएको छ, सोधखोज गरी सूची बनाउनुहोस् ।

३. तपाईंको परिवारले प्रयोग गर्ने कुन कुन वस्तुमा अप्रत्यक्ष कर लागेको पाउनुहुन्छ, सोधखोज गरी उल्लेख गर्नुहोस् ।

४. यति धेरै दुःख गरेर कमाएको सम्पत्ति यो सरकारलाई सित्तैमा कर भनेर किन बुझाउने हो ? हामीले कर तिरेर के पो पाउँछौँ र ? म त कर तिर्दिन भन्ने तपाईंका छिमेकीलाई कस्तो सल्लाह सुझाव दिनुहुन्छ, उल्लेख गर्नुहोस् ।

५. यदि तपाईंले सामान खरिद गर्दा भ्याट बिल नलिने भए पैसा घटाइदिन्छु र भ्याट बिल लिने भए पैसा घटाउन मिल्दैन भन्ने व्यापारीलाई तपाईं के भन्नुहुन्छ, समूहमा छलफल गरी लेख्नुहोस् ।

## अभ्यास

**१. राजस्व भन्नाले के बुझिन्छ, कर राजस्व र गैरकर राजस्वबिच फरक छुट्याउनुहोस् ।**

**२. प्रत्यक्ष कर र अप्रत्यक्ष करका फाइदाको सूची बनाउनुहोस् ।**

**३. "कर तिर्नु नागरिकको मुख्य दायित्त्व हो ।" यस भनाइलाई उदाहरणसहित व्याख्या गर्नुहोस् ।**

**४. मूल्य अभिवृद्धि करको परिचय दिनुहोस् ।**

**५. भन्सार महसुल भनेको के हो ? नेपालको सन्दर्भमा यसको महत्त्व उल्लेख गर्नुहोस् ।**

# १ आवधिक योजना

## परिचय

निश्चित उद्देश्य प्राप्त गर्नका लागि उपलब्ध स्रोत तथा साधनहरूको समुचित प्रयोग गरी निश्चित अवधिमा लक्षित उपलब्धिहरू हासिल गर्ने प्रयास गरिएको कार्यक्रमलाई आवधिक योजना भनिन्छ । आवधिक योजनाले देश विकासलाई नियमित र तीव्र बनाउन मदत गर्छ । नेपालमा योजनाबद्ध विकासको प्रारम्भ वि.सं. २०१३ को प्रथम पञ्चवर्षीय योजनाबाट भएको हो । नेपालमा हालसम्म दसओटा पञ्चवर्षीय योजना र पाँचओटा त्रिवर्षीय योजना कार्यान्वयन भइसकेका छन् । नेपालमा चालु आवधिक योजनाका रूपमा सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६) कार्यान्वयनमा रहेको छ ।

नेपालमा सुरूवाती चरणका योजनाहरूले पूर्वाधार विकास र संस्थागत सुधारमा जोड दिइएका थिए भने पछिल्ला योजनाहरूले गरिबी निवारण, रोजगारी सिर्जना, समावेशी विकास र दिगो विकास जस्ता विषयहरूलाई प्राथमिकता दिएको पाइन्छ । नेपालमा आवधिक योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन राष्ट्रिय योजना आयोगले गर्छ । नेपाल संघीय संरचनामा गएपश्चात प्रदेश र स्थानीय तहले पनि आफ्नो क्षेत्राधिकारभित्र रहेर आफ्ना छुट्टै आवधिक योजनाहरू बनाउने गरेका छन् ।

आवधिक योजनामा मूलतः सोच, उद्देश्य र लक्ष्य, विभिन्न क्षेत्रको आर्थिक वृद्धिदर र लगानी आवश्यकता, साधन स्रोतको व्यवस्था, क्षेत्रगत विनियोजन र प्राथमिकता, क्षेत्रगत रणनीति, नीति, कार्यक्रम, लक्ष्य, अनुगमन तथा मूल्याङ्कन आदि पक्ष समेटिएको हुन्छ । पन्ध्रौँ योजनाले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई साकार पार्ने लक्ष्य लिएको थियो । तर कोभिडको महामारी, भूराजनीतिक घटनाक्रम र प्राकृतिक प्रकोपहरूको कारण योजनाका धेरैजसो लक्ष्यहरू पूरा हुन सकेनन् । चालु सोह्रौँ योजनाले उक्त पन्ध्रौँ योजनाका अपूर्ण लक्ष्यहरूलाई पूरा गर्ने उद्देश्य पनि राखेको छ ।

## सोह्रौँ योजना

### सोच

"सुशासन, समाजिक न्याय र समृद्धि"

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मूलभूत तत्त्वहरूलाई आत्मसात गर्दै सोह्रौँ योजनाले "सुशासन, समाजिक न्याय र समृद्धि" को सोच राखेको छ । सुशासनमार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ । सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तरनिहित रहेको हुन्छ । सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुनेछ ।

### उद्देश्य

आम नागरिकले आफ्नो जीवनमा अनुभूति गर्न सक्ने राष्ट्र विकास र सुशासन हासिल गर्नु सोह्रौँ योजनाको मूल उद्देश्य हो । यसका लागि योजनाले तय गरेको सोचबमोजिम क्षेत्रगत रूपमा योजनाका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु,

२. स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु,

३. मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु,

### समष्टिगत रणनीति

अर्थतन्त्रको संरचनागत रूपान्तरणमार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु नै सोह्रौँ योजनाले अवलम्बन गर्ने मुख्य रणनीति हो । यस क्रममा संरचनागत रूपान्तरणका लागि पहिचान गरिएका क्षेत्रमा अवलम्बन गरिने समष्टिगत रणनीति निम्नानुसार रहेका छन् :

१. विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।

२. सङ्घ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसकारी क्षेत्र एवम् विकास साझेदारबिचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने ।

३. विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपत् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने ।

४. अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने ।

### परिणामात्मक लक्ष्य

समृद्धिका राष्ट्रिय लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.५ | ७.३ |
| २. | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २३५१ |
| ३. | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२.० |
| ४. | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६. | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ७६.२ | ८५.० |
| ७. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ५.० |
| ८. | विद्युत् उत्पादन (जलविद्युत् तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | २९६२ | ११,७६९ |
| ९. | विद्युत्मा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९६.७ | १०० |
| १०. | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ९०.० |

*स्रोत : सोह्रौँ योजना (आ.व. २०८१/८२-२०८५/८६)*

नेपालमा योजनाको औपचारिक सुरूवातको छ दशक बितिसकेको छ । हालका कुनै पनि योजनाले तय गरेका लक्ष्य उद्देश्य र रणनीतिहरू अपेक्षित उपलब्धिहासिल पूर्णरूपमा प्राप्त हुन छैनन् । योजनाको विश्लेषण देखिएका सम्पूर्ण प्रक्रियाहरूमा तथ्यगत विश्लेषण र सम्बन्धित सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता र संग्लनता गराई विगतका कमीकमजोरीहरूलाई सुधार गर्दै महत्त्वाकाङ्क्षीभन्दा वस्तुपरक र आवश्यकतामा आधारित योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्न सकेको खण्डमा पक्कै पनि समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार बनाउन सकिन्छ ।

## क्रियाकलाप

१. तल दिइएको अनुच्छेद अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

### स्थानीय योजनाको परिचय

स्थानीय स्तरमा बसोबास गर्ने जनताको सहभागितामा योजनाको निर्माण र कार्यान्वायन हुन्छ । हामीले हाम्रो समुदायमा योजनाबद्ध रूपमा भएका जति पनि कामहरू देख्छौँ ती सबै स्थानीय योजना हुन् । ग्रामीण क्षेत्रमा वन संरक्षणका लागि वन उपभोक्ता समितिले योजना बनाई काम गरेका हुन्छन् । त्यस्तै गरी टोल सुधार समिति, आमा समूह, महिला समूह, युवा समूह तथा विभिन्न क्लबहरूले स्थानीय योजना बनाई काम गरेको देखिन्छ । विद्यालयले विद्यालय सुधार योजना बनाएको हुन्छ । विद्यार्थीले पनि बाल क्लबमार्फत योजना बनाई विद्यालयमा विभिन्न काम गरेका हुन्छन् । यी सबै स्थानीय योजनाको नमुना हुन् । स्थानीय तहले आफ्नो स्रोतसाधन, सम्भाव्यता, संस्थागत क्षमता र आवश्यकता अनुकूल हुने गरी विकास योजना तर्जुमा गर्छ । यसरी स्थानीय स्तरमा सञ्चालन हुने सबै किसिमका कार्यक्रमको विकासका लागि बन्ने योजना स्थानीय योजना हुन् ।

(क) स्थानीय योजना भनेको के हो ?

(ख) स्थानीय योजनाको महत्त्व उल्लेख गर्नुहोस् ?

(ग) तपाइँको समुदायमा बनेका कुनै दुई स्थानीय योजनका नाम उल्लेख गर्नुहोस् ।

२. इन्टरनेट वा अन्य कुनै पुस्तकको अध्ययन गरी बिगतदेखि वर्तमानसम्मका नेपालका आवधिक योजनाका मुख्य उद्देश्य टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. लक्षित उपलब्धि प्राप्त हुनेगरी योजनाहरू निर्माण गर्न के गर्नुपर्ला ? कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

४. तल दिइएको खाकाको प्रयोग गरी पारिवारिक आर्थिक योजनाको नमुना बनाउनुहोस् ।

| क्र.स. | आम्दानीको स्रोत | रकम रु. | क्र.स. | खर्चका क्षेत्र | रकम रु. |
|---|---|---|---|---|---|
| १. | | | १. | | |
| २. | | | २. | | |
| | जम्मा आम्दानी | | | जम्मा खर्च | |

**अभ्यास**

(क) योजना भनेको के हो ?

(ख) नेपालमा आवधिक योजनाको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) चालु सोह्रौँ योजनाका मुख्य विशेषताहरू प्रस्तुत गर्नुहोस् ।

(घ) सोह्रौँ योजनाले लिएका लक्ष्य र उद्देश्य पूरा गर्ने गरी उपलब्धि हासिल गर्न के गर्नुपर्ला, सुझाव दिनुहोस् ।

एकाइ १

# हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

## सिकाइ उपलब्धि

१. नेपालको परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्तसँग परिचित हुन

२. संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरूका कार्यहरू उल्लेख गर्न

३. संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूसँग नेपालको सम्बन्ध र सहयोग खोजी गर्न

४. स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा र महत्त्व प्रस्तुत गर्न

५. सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्न र सुरक्षात्मक उपायहरू अवलम्बन गर्न

६. विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न

# १ नेपालको परराष्ट्र नीति

परराष्ट्र नीति भनेको कुनै पनि मुलुकले आफ्नो राष्ट्रिय हितका खातिर बाह्य जगत्मा उसको प्रभाव विस्तार एवम् प्रवर्धन गर्न तय गरिएको राष्ट्रिय नीति हो । 'परराष्ट्र नीति राज्यको अरू राज्यसँगको अन्तरसम्बन्धलाई नियमित गर्ने व्यवहारको पुञ्ज हो ।' राज्यहरूबिचको अन्तरसम्बन्धमा आपसी व्यवहारका अनेक आयाम हुन्छन् । ती आयाम वा व्यवहारका पुञ्जलाई राज्यहरूले पारस्परिक सम्बन्धका आधारमा गतिशील बनाइरहेका हुन्छन् । त्यसरी गतिशील वा नियमित भइरहने व्यवहारका आयामद्वारा राज्य वा देशहरूबिचको अन्तरसम्बन्धलाई निर्क्योल तथा निर्धारण गर्न सकिन्छ ।

नेपालको परराष्ट्र नीतिलाई राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिकलगायतका पक्ष वा तिनका आयामले प्रभावित पार्छ । २००७ सालभन्दा पहिलेसम्म भारत, बेलायत, फ्रान्स र अमेरिकासँग मात्र सीमित रहेको नेपालको द्विपक्षीय कूटनीतिक सम्बन्ध हालसम्म १८३ (किरिबास) मुलुकमा विस्तार भइसकेको छ ।

नेपालको परराष्ट्र नीति विभिन्न मार्गदर्शक सिद्धान्त तथा मान्यताबाट निर्देशित छ । नेपालको स्वतन्त्रता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधीनता रक्षा एवम् राष्ट्रिय सम्मान र प्रतिष्ठाको अभिवृद्धि एवम् राष्ट्रिय हितको रक्षा गर्नु नेपालको परराष्ट्र नीतिको मुख्य मार्गदर्शक सिद्धान्त मानिन्छ । त्यस्तै सार्वभौमिक समानता र पञ्चशीलका सिद्धान्त पनि नेपालको परराष्ट्र नीतिको मार्गदर्शक सिद्धान्त हो । संयुक्त राष्ट्रसङ्घको वडापत्रको भावना, असंलग्नता, पारस्परिक सम्मान र लाभका आधारमा नेपालको परराष्ट्र नीति निर्देशित हुने गरेको छ ।

परराष्ट्र नीति सञ्चालनका विभिन्न आधार हुन्छन् । नेपालको संविधान र प्रचलित ऐन कानुन परराष्ट्र नीति सञ्चालनको मुख्य आधार मानिन्छ । त्यस्तै राष्ट्रिय सुरक्षा नीति र अन्य नीतिगत व्यवस्थाका आधारमा पनि परराष्ट्र नीति तय गरिन्छ । अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका साथै विवादको शान्तिपूर्ण समाधान आदि मान्यतालाई पनि नेपालको परराष्ट्र नीति सञ्चालनको आधार मानिन्छ । अन्तर्राष्ट्रिय सहयोग, न्याय, समानता र जवाफदेहिता पनि परराष्ट्र नीतिका आधार हुन् । नेपाल पक्ष भएका विभिन्न सन्धि, सम्झौता र अन्तर्राष्ट्रिय प्रतिबद्धताले पनि परराष्ट्र नीतिको आधार तय गर्छन् । नेपाल सदस्य रहेका क्षेत्रीय तथा उपक्षेत्रीय सङ्गठनका वडापत्र र अन्तर्राष्ट्रिय कानुन पनि परराष्ट्र नीतिका आधार हुन् ।

**नेपालको परराष्ट्र नीतिको महत्त्व**

(क) राष्ट्रियताको संरक्षण र संवर्धन गर्नु

(ख) देशको अस्तित्वको सुरक्षा गर्नु

(ग) पारस्परिक लाभ वृद्धि गर्नु

(घ) भूराजनीतिक सन्तुलन कायम राख्नु

(ङ) अन्तर्राष्ट्रिय मञ्चमा पहुँच र प्रतिनिधित्व स्थापित गर्नु

(च) शक्ति सम्पन्न राष्ट्रको स्वार्थबाट देशलाई बचाइ राख्नु

## पञ्चशीलको सिद्धान्त

पञ्चशील संस्कृत शब्द पञ्च र शील मिलेर बनेको छ । पाँचओटा नियम वा आचरणको संयुक्त रूप पञ्चशील हो । पञ्चशील नेपालको परराष्ट्र नीतिको प्रमुख सिद्धान्त हो । शान्तिपूर्ण सहअस्तित्व एवम् अहस्तक्षेप र अनाक्रमणमा विश्वास गर्ने यस सिद्धान्तले देशहरूबिचमा शान्तिपूर्ण सम्बन्ध कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । पञ्चशीलका सिद्धान्तमा पाँचओटा सिद्धान्त पर्छन्, जुन यसप्रकार छन् :

(क) क्षेत्रीय अखण्डता र सार्वभौमसत्ताको सम्मान

(ख) अरू देशको आन्तरिक मामलामा हस्तक्षेप गर्न नहुने

(ग) अनाक्रमण

(घ) परस्पर सहयोग र लाभको वृद्धि

(ङ) शान्तिपूर्ण सहअस्तित्वको नीतिको पालना

## पञ्चशीलको महत्त्व

(क) अन्तर्राष्ट्रिय शान्ति र समझदारी कायम राख्न मदत पुग्छ ।

(ख) देशहरूबिचमा आपसी सहयोग र सहकार्यको वातावरण सिर्जनामा मदत पुग्छ ।

(ग) कुनै पनि देशको आन्तरिक गतिविधिमा बाह्य हस्तक्षेपको अवस्था रहँदैन ।

(घ) हरेक देशको राष्ट्रिय स्वाभिमान, भौगोलिक अखण्डता र सार्वभौमसत्ताको सम्मान हुन्छ ।

(ङ) विश्वमा आपसी भाइचारा र सहअस्तित्वको वातावरण सिर्जना हुन्छ ।

## क्रियाकलाप

१. नेपालको परराष्ट्र नीतिका आधार चार्ट वा तालिकामा तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको परराष्ट्र नीतिको महत्त्व सम्बन्धमा एक संवाद तयार पार्नुहोस् र कक्षामा संवादसमेत गर्नुहोस् ।

## अभ्यास

**१. परराष्ट्र नीति भनेको के हो ?**

**२. परराष्ट्र नीतिको महत्त्व उल्लेख गर्नुहोस् ।**

**३. पञ्चशीलको सिद्धान्तअन्तर्गत कुन कुन सिद्धान्त पर्छन् ?**

**४. पञ्चशीलको सिद्धान्तको महत्त्व समेटी एक लेख तयार पार्नुहोस् ।**

**५. "पञ्चशीलको सिद्धान्तको अवलम्बनले विश्वमा शान्ति र मेलमिलापको भावना सिर्जना गर्छ ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

# २ संयुक्त राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घको स्थापना २४ अक्टोबर १९४५ मा भएको हो । विश्वमा शान्ति स्थापना र मानव अधिकार संरक्षणका लागि स्थापित यो अन्तर्राष्ट्रिय संस्था हो । संयुक्त राष्ट्रसङ्घको संस्थापक राष्ट्र ५१ ओटा हुन् । यसको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा छ । हाल संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्र १९३ ओटा छन् । संयुक्त राष्ट्रसङ्घको अन्तिम सदस्य राष्ट्र दक्षिणी सुडान हो । नेपाल पनि संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र हो । नेपालले सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेको थियो ।

## संयुक्त राष्ट्रसङ्घका उद्देश्य

(क) अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न

(ख) जनताको समान अधिकार र आत्मनिर्णयको सिद्धान्तको सम्मानका आधारमा राष्ट्रहरूबिच मैत्रीपूर्ण सम्बन्धको विकास गर्न

(ग) आर्थिक, सामाजिक, सांस्कृतिक वा विश्वकल्याणकारी प्रकृतिका अन्तर्राष्ट्रिय समस्याको समाधान गर्नका लागि बिनाभेदभाव मानवअधिकार एवम् मौलिक स्वतन्त्रताको सम्मान वृद्धि गर्न

(घ) यी उद्देश्य प्राप्त गर्न सदस्य राष्ट्रहरूको काम कारबाहीमा सामञ्जस्यता ल्याउन एउटा केन्द्रका रूपमा संयुक्त राष्ट्रसङ्घलाई सङ्गठित बनाउन

## संयुक्त राष्ट्रसङ्घका अङ्गहरू

**(क) महासभा :** महासभा संयुक्त राष्ट्रसङ्घको प्रमुख अङ्ग हो । संयुक्त राष्ट्रसङ्घको महासभा प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबारदेखि सुरु भई मध्य डिसेम्बरसम्म चालु रहन्छ । महासभामा प्रस्तुत प्रस्ताव दुईतिहाइ बहुमतले पारित गर्नुपर्ने प्रावधान छ । महासभामा प्रत्येक राष्ट्रले ५ प्रतिनिधि, ५ वैकल्पिक प्रतिनिधि र अन्य सल्लाहाकार पठाउन पाउने तर एकमात्र मताधिकार रहने व्यवस्था छ ।

महासभाले आर्थिक, सामाजिक, सांस्कृतिक एवम् मानवीय क्षेत्रमा राष्ट्रहरूबिच सहयोगको विस्तार गर्ने कार्य गर्छ । यसले राष्ट्रसङ्घको बजेट स्वीकृत गर्ने र सुरक्षा परिषद्का अस्थायी सदस्यको चुनाव गर्ने कार्य पनि गर्छ । त्यस्तै सुरक्षा परिषद्को सिफारिसका महासचिवको नियुक्ति गर्ने कार्य गर्छ ।

(ख) **सुरक्षा परिषद्** : सुरक्षा परिषद्मा स्थायी ५ र अस्थायी १० गरी १५ सदस्य राष्ट्र रहन्छन् । अमेरिका, रुस, चीन, फ्रान्स र बेलायत सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रहरू हुन् । अस्थायी सदस्य एफ्रो एसियाली राष्ट्रबाट ५, ल्याटिन अमेरिकाबाट २, पूर्वी युरोपबाट १ र पश्चिम युरोप र अन्यबाट २ गरी १० राष्ट्र हुन्छन् । अस्थायी सदस्य दुई वर्षका लागि चुनिन्छन् । सुरक्षा परिषद्को स्थायी सदस्यलाई प्राप्त हुने विशेषाधिकारलाइ भिटो भनिन्छ । संयुक्त राष्ट्रसङ्घमा सबैभन्दा पहिला भिटो प्रयोग गर्ने राष्ट्र बेलायत हो र सबैभन्दा बढी भिटो प्रयोग गर्ने राष्ट्र रुस हो । दोहोरो भिटो प्रयोग गर्ने राष्ट्र पनि रुस हो । सुरक्षा परिषद्मा कुनै निर्णय गर्दा ५ स्थायी सदस्यको मत सहित ९ मत आवश्यक पर्छ । बैठकको अध्यक्षता हरेक महिना परिवर्तन गरी Alphabetic order का आधारमा गरिन्छ ।

**सुरक्षा परिषद्का कार्यहरू**

– हात हतियारको प्रयोगमा नियन्त्रण गर्ने

– विवाद समाधानको उपयुक्त प्रयास गर्ने

– समस्याको शान्तिपूर्ण समाधान गर्ने

– नयाँ सदस्य राष्ट्रको नियुक्ति लागि महासभामा सिफारिस गर्ने

– शान्ति भङ्ग गर्ने मुलुकविरुद्ध सैनिक र गैरसैनिक कदम चाल्ने

– महासचिव, अन्तर्राष्ट्रिय न्यायालयको न्यायधीशको नियुक्तिको सिफारिस गर्ने

(ग) **अन्तर्राष्ट्रिय न्यायालय** : अन्तर्राष्ट्रिय न्यायालयमा १५ जना न्यायाधीश रहने व्यवस्था छ । यी न्यायाधीशहरूको पदावधि नौ वर्षको हुन्छ । प्रत्येक तीन तीन वर्षमा पाँच जना न्यायाधीश पदमुक्त हुने व्यवस्था छ । अन्तर्राष्ट्रिय न्यायालयको प्रधान कार्यालय नेदरल्यान्डको हेगमा रहेको छ ।

राष्ट्रहरूबिचमा विवाद भएमा निर्णय दिनु अन्तर्राष्ट्रिय न्यायालयको प्रमुख कार्य हो । त्यस्तै संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टीकृत संस्थालाई कानुनी विषयमा परामर्श प्रदान गर्नु, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अर्थ स्पष्ट पार्नु आदि यसका कार्य हुन् ।

(घ) **आर्थिक तथा सामाजिक परिषद् :** आर्थिक तथा सामाजिक परिषद् पनि संयुक्त राष्ट्रसङ्घको अङ्ग हो । यस परिषद्मा ५४ सदस्य रहने व्यवस्था छ । यसका सदस्य तीन वर्षका लागि निर्वाचित हुने गर्छन् । यसले अन्तर्राष्ट्रिय आर्थिक तथा सामाजिक विषयमा छलफल गर्छ । यस संस्थाले संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाका सम्बन्धबारे वार्ता गर्ने र परामर्श दिने कार्यसमेत गर्छ । मानव अधिकार र मौलिक हक सम्बन्धमा निरीक्षण गर्ने काम पनि यस परिषद्ले गर्छ । यस परिषद्अन्तर्गत पाँचओटा क्षेत्रीय आयोग रहने व्यवस्था छ । नेपाल सन् २०१३ सालदेखि २०१५ सम्म यसको सदस्य रहेको थियो ।

(ङ) **जिम्मा जमानी परिषद् :** यसले कुनै राष्ट्रले आफ्नो अधीनमा राखेको प्रदेशका सम्बन्धमा आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गरे नगरेको निरीक्षण गर्ने कार्य गर्छ । यसमा ११ प्रदेश रहेका थिए । हाल सबै स्वतन्त्र भइसकेकाले यसले कार्य सम्पादन गर्नुपर्दैन । सन् १९९४ मा पलाउले स्वतन्त्र राष्ट्रको मान्यता पाएको थियो । त्यसपछि यस संस्था निष्क्रिय छ ।

(च) **सचिवालय :** सचिवालय संयुक्त राष्ट्रसङ्घको प्रशासकीय अङ्ग हो । सचिवालयको प्रशासकीय प्रमुख महासचिव रहने व्यवस्था छ । सन् १९९८ देखि एक जना उपमहासचिव रहने व्यवस्था छ । महासचिवको नियुक्ति सुरक्षा परिषद्को सिफारिसमा महासभाबाट हुन्छ । महासचिवको पदावधि पाँच वर्षको हुन्छ । सचिवालयको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा रहेको छ । वर्तमान महासचिव पोर्चुगलका एन्टिरियो गुटर्रेस हुन् । उनी नवौँ महासचिव हुन् । उनी १ जनवरी २०१७ देखि यस पदमा कार्यरत छन् । संयुक्त राष्ट्रसङ्घका पहिलो महासचिव नर्वे देशका ट्रिग्वेली हुन् ।

**सचिवालयका कार्यहरू**

(क) प्रशासकीय कार्य सञ्चालन गर्नु

(ख) विश्वको आर्थिक एवम् सामाजिक प्रवृति र समस्याको सर्वेक्षण गर्नु

(ग) विश्वमा सरोकार राख्ने विश्वव्यापी महत्त्वका विषयमा सम्मेलन गर्नु

(घ) मानवअधिकार, दिगोविकास र निःशस्त्रीकरणका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार पार्नु

(ङ) महासभालगायत अन्य अङ्गको अधिवेशनको तयारी गर्नु

## क्रियाकलाप

१. संयुक्त राष्ट्रसङ्घको लोगो तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. संयुक्त राष्ट्रसङ्घका अङ्गहरूका कार्यलाई तालिकामा देखाउनुहोस् ।

३. संयुक्त राष्ट्रसङ्घका हालसम्मका महासचिवको नाम र कार्य अवधि खोजी गरी तालिका निर्माण गर्नुहोस् ।

## अभ्यास

**१. संयुक्त राष्ट्रसङ्घको स्थापना कहिले भएको हो ?**

**२. संयुक्त राष्ट्रसङ्घका हालका महासचिवको को र कहाँका हुन् ?**

**३. "महासभालाई संयुक्त राष्ट्रसङ्घको संसद भनिन्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

**४. जिम्मा जमानी परिषद हाल सक्रिय छैन, किन ?**

**५. सुरक्षा परिषद्को भूमिका उल्लेख गर्नुहोस् ।**

**६. निशेषाधिकार भनेको के हो ? यसको प्रयोग कसले गर्छ ?**

# ३ संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू

संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा ५७ मा विशिष्टीकृत संस्थासम्बन्धी व्यवस्था रहेका छ । संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्था १५ ओटा छन् । पहिलो विशिष्टीकृत संस्था अन्तर्राष्ट्रिय श्रम सङ्गठन हो । नेपालले पहिला सदस्यता लिएको संयुक्त राष्टसङ्घको विशिष्टीकृत संस्था खाद्य तथा कृषि सङ्गठन हो । संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाले नेपालको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जलवायु, हुलाकलगायतका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका छन् । ती संस्थाको छोटो परिचय तल दिइएको छ :

| क्र.स. | विशिष्टीकृत संस्थाको नाम | स्थापना र विशिष्टीकृत संस्था बनेको मिति | प्रमुख कार्यहरू | प्रधान कार्यालय |
|---|---|---|---|---|
| १. | अन्तर्राष्ट्रिय श्रम सङ्गठन सन् (१९६९ मा नोवेल शान्ति पुरस्कार प्राप्त) | सन् १९१९ मा स्थापना<br>सन् १९४६ मा विशिष्टीकृत संस्था बनेको | - श्रमिकको आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्नु<br>- श्रम कानुन पारित गर्न सहजीकरण गर्नु<br>- बाल श्रम उन्मूलन र बँधुवा कामदारका पक्षमा वकालत र पैरवी गर्नु | जेनेभा, स्विट्जरल्यान्ड |
| २. | खाद्य तथा कृषि सङ्गठन | सन् १९४५ मा स्थापना<br>सन् १९४६ मा विशिष्टीकृत संस्था बनेको | - कृषि, वन र मत्स्य उद्योगको विकास गर्नु<br>- ग्रामीण जीवनस्तर सुधार्नु<br>- अनुसन्धान कार्यलाई प्रोत्साहन दिनु | इटाली, रोम |

| | | | | |
|---|---|---|---|---|
| ३. | विश्व स्वास्थ्य सङ्गठन | सन् १९४८ | - विश्वका जनताको स्वास्थ्यस्तर सुधार्न<br>- विभिन्न देशलाई सहायता प्रदान गर्नु<br>- रोगहरूको नियन्त्रण र उपचारमा सहयोग पुऱ्याउनु<br>- मातृ तथा शिशुको स्वास्थ्य र पौष्टिक आहारसम्बन्धी काम गर्नु | जेनेभा, स्विट्जरल्यान्ड |
| ४. | अन्तर्राष्ट्रिय मुद्रा कोष | सन् १९४५ मा स्थापना<br>सन् १९४७ मा विशिष्टीकृत संस्था बनेको | – पारस्परिक सहयोगका आधारमा अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्नु<br>– अन्तर्राष्ट्रिय मौद्रिक सहयोग र मौद्रिक स्थिरता कायम गर्नु | वासिङ्टन डि.सी.<br>अमेरिका |
| ५. | संयुक्त राष्ट्रसङ्घीय शैक्षिक वैज्ञानिक र सांस्कृतिक सङ्गठन (UNESCO) | सन् १९४५ मा स्थापना<br>सन् १९४६ मा विशिष्टीकृत संस्था बनेको | - सबैका लागि शिक्षाको अवसर प्रदान गर्नु<br>- विज्ञान र प्रविधिको क्षेत्रमा पारस्परिक सहयोग बढाउनु<br>- सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग गर्नु | पेरिस, फ्रान्स |
| ६. | विश्व बैङ्क | सन् १९४४ मा स्थापना<br>सन् १९४७ मा विशिष्टीकृत संस्था बनेको | - विकासशील देशमा आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउनु<br>- गरिबी निवारण र विकासको साझेदारका रूपमा रही काम गर्नु | वासिङ्टन डी.सी., अमेरिका |
| ७. | अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ | सन् १८६५ मा स्थापना<br>सन् १९५७ मा विशिष्टीकृत संस्था बनेको | - अन्तर्राष्ट्रिय दूरसञ्चार सेवाको विकास प्रवर्धन र अनुसन्धान गर्नु | जेनेभा,<br>स्विट्जरल्यान्ड |

| | | | | |
|---|---|---|---|---|
| ८. | विश्व हुलाक सङ्घ | सन् १८७४ मा स्थापना<br>सन् १९४८ मा विशिष्टीकृत संस्था बनेको | - सुरक्षित, कुशल र व्यवस्थित रूपमा विश्वभर हुलाक वस्तु वितरण गर्ने<br>- निश्चित नियमअनुसार एक राज्यले अर्को राज्यमा पठाउने हुलाक वस्तुहरूको दर निर्धारण गर्नु | वर्न, स्विट्जरल्यान्ड |
| ९. | अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्घ | सन् १९४७ | - नागरिक उड्डयनको क्षेत्रमा सहयोग विस्तार गर्नु<br>- सुरक्षित हवाई सेवाको विकास गर्नु<br>- हवाईसम्बन्धी अन्तर्राष्ट्रिय नीति नियम निर्माण गर्नु | मन्ट्रियल, क्यानडा |
| १०. | विश्व जलवायु सङ्गठन | सन् १९५० मा स्थापना<br>सन् १९५१ मा विशिष्टीकृत संस्था बनेको | - मौसमको भविष्यवाणी गर्ने<br>- मौसमसम्बन्धी सूचना आदान प्रदान गर्नु<br>- जलवायुसम्बन्धी गतिविधि अभिवृद्धि गर्ने कार्य गर्नु | जेनेभा, स्विट्जरल्यान्ड |
| ११. | विश्व बौद्धिक सम्पत्ति सङ्गठन | सन् १९७० मा स्थापना<br>सन् १९७४ मा विशिष्टीकृत संस्था बनेको | - बौद्धिक सम्पत्तिको संरक्षण गर्नु<br>- औद्योगिक सम्पत्ति तथा प्रतिलिपि अधिकारसम्बन्धी कार्य गर्नु | जेनेभा, स्विट्जरल्यान्ड |
| १२. | अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन | सन् १९५८ मा स्थापना<br>सन् १९५९ मा विशिष्टीकृत संस्था बनेको | - सुरक्षित समुद्री यातायात र यसको प्रभावकारिताका लागि काम गर्नु<br>- अन्तर्राष्ट्रिय सामुद्रिक परिवहनसम्बन्धी समस्याबारे छलफल गर्नु | लन्डन, बेलायत |

| | | | | |
|---|---|---|---|---|
| १३. | संयुक्त राष्ट्रसङ्घीय औद्योगिक विकास सङ्गठन | सन् १९६६ मा स्थापना<br>सन् १९८५ मा विशिष्टीकृत संस्था बनेको | - विकासोन्मुख मुलुकहरूको औद्योगीकरण प्रक्रियामा तीव्रता ल्याउनु<br>- उद्योगको सञ्चालन, विस्तार आधुनिकीकरणमा विकासोन्मुख मुलुकलाई सहयोग गर्नु<br>- उद्योगहरूमा आधुनिक प्रक्रियाको प्रयोग गर्न प्रोत्साहित गर्नु<br>- प्रविधिको विकास र स्थानान्तरणमा सहयोग गर्नु | भियना, अस्ट्रिया |
| १४. | अन्तर्राष्ट्रिय कृषि विकास कोष | सन् १९७७ | - खाद्य उत्पादन र पोषणको उत्पादन बढाउन विकासोन्मुख मुलुकलाई सहयोग गर्नु | रोम, इटाली |
| १५. | विश्व पर्यटन सङ्गठन | सन् १९७५ मा स्थापना<br>सन् २००३ मा विशिष्टीकृत संस्था बनेको | - पर्यटकीय सेवालाई विश्वव्यापी रूपमा गुणस्तरीय र व्यवस्थित बनाउनु<br>- अन्तर्राष्ट्रिय शान्ति र समझदारी कायम राख्नु,<br>- दिगो आर्थिक विकासका लागि योगदान पुऱ्याउनु<br>- विभिन्न मुलुकबिच सांस्कृतिक आदानप्रदान गराउनु | म्याड्रिड, स्पेन |

## क्रियाकलाप

१. संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूको लोगो सङ्कलन गरी एल्बम तयार पार्नुहोस् ।

२. विश्व स्वास्थ्य सङ्गठनले नेपालको स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदान खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. अन्तर्राष्ट्रिय श्रम सङ्गठनले नेपालमा श्रमिकका क्षेत्रमा कस्ता कार्यहरू गर्नुपर्ला, आफ्ना सुझावहरू प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूको सूची तयार पार्नुहोस् ।**

**२. युनेस्कोले नेपालको शैक्षिक तथा सांस्कृतिक विकासमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।**

**३. विश्व हुलाक सङ्घको उपयोगीता अहिलेको समयमा कति सान्दर्भिक छ जस्तो लाग्छ, तर्क प्रस्तुत गर्नुहोस् ।**

**४. नेपालको कृषि क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने विशिष्टीकृत संस्थाहरू पहिचान गरी तिनीहरूका कार्य उल्लेख गर्नुहोस् ।**


# ४ विश्वव्यापीकरण र स्थानीयकरण

## (क) विश्वव्यापीकरण

'विश्व' र 'व्यापी' दुई शब्दको मिलनबाट विश्वव्यापी शब्द बनेको छ। विश्वव्यापी शब्दमा करण प्रत्यय लागेर विश्वव्यापीकरण बनेको हो । विश्वको कुनै एक देश वा क्षेत्रमा उत्पादित वस्तु, सेवा, पुँजी, प्रविधि, सूचना र जनशक्ति विश्वका जुनसुकै देशमा पनि सहज तरिकाले प्रयोग गर्नका लागि आयातनिर्यात गर्नु विश्वव्यापीकरण हो । व्यापक दृष्टिकोणमा विश्वव्यापीकरण विश्व अर्थतन्त्र, संस्कृति र राजनीतिलाई जोड्ने एउटा प्रक्रिया हो । यसलाई अर्को शब्दमा भूमण्डलीकरण पनि भन्ने गरिन्छ ।

परम्परागत रूपमा विश्वव्यापीकरण भन्नाले अर्थतन्त्रलाई जोड्ने प्रक्रिया हो भनी सीमित अर्थमा बुझ्ने गरिन्थ्यो । आधुनिक विश्वमा राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र सांस्कृतिकलगायतका सबै विषयमा साझा मूल्यमान्यता र प्रक्रियाको स्थापना गर्ने अभियान नै विश्वव्यापीकरण हो ।

यसले देशहरूबिच वस्तु, सेवा, पुँजी, प्रविधि, सूचना र मानिसको सीमाविहीन रूपमा स्वतन्त्र प्रवाहलाई मान्यता दिने गर्छ । विश्व बैङ्कले यसका प्रमुख तीन पक्षहरू व्यापार, वित्तीय प्रवाह र सूचना प्रविधिलाई जोड दिएको छ । विश्वव्यापीकरणका विविध पक्षलाई चार्टमा प्रस्तुत गरिएको छ ।



**विश्वव्यापीकरणको महत्त्व**

(क) यसले राष्ट्रिय अर्थतन्त्रलाई अन्तर्राष्ट्रियकरण गर्न मदत पुऱ्याउँछ ।

(ख) अर्थव्यवस्थालाई एक आपसमा आबद्ध बनाउन आयात र निर्यातलाई खुकुलो बनाउँछ ।

(ग) भन्सार दर घटाउने र व्यवस्थित बनाउँछ ।

(घ) राष्ट्रिय आय, बचत, उत्पादन र रोजगारी अभिवृद्धि गर्छ ।

(ङ) विश्व एक ग्राम भन्ने मान्यताका साथ सीमाविहीन समुदायको निर्माणमा जोड दिन्छ ।

(च) सूचना तथा प्रविधिको विकास गराई विश्वव्यापी रूपमा सामाजिक सञ्जालमा आबद्ध गराउँछ ।

(छ) शासन पद्धतिमा लोकतान्त्रिक मूल्य र मान्यताको विकास गराउन मदत गर्छ ।

(ज) सुशासन, विधिको शासन, मानव अधिकार, सामाजिक न्याय, समावेशीकरण आदि जस्ता पक्षको संरक्षण तथा संवर्धन गर्ने गर्छ ।

**विश्वव्यापीकरणका सकारात्मक र नकारात्मक प्रभावहरू**

| आयाम | सकारात्मक पक्षहरू | नकारात्मक पक्षहरू |
|---|---|---|
| राजनीतिक | ♦ लोकतान्त्रिक मूल्यमान्यताको विकास हुन्छ<br>♦ विधिको शासन र समावेशिता कायम हुन्छ ।<br>♦ सामाजिक न्याय, मानव अधिकारको प्रवर्धन हुन्छ ।<br>♦ बहुलवाद, सुशासन, उत्तरदायी शासन कायम हुन्छ । | ♦ राजनीतिक अस्थिरता रहने खतरा रहन्छ ।<br>♦ नयाँ उपनिवेशको प्रादुर्भावको संसय रहन्छ ।<br>♦ नीतिगत भ्रष्टाचारमा वृद्धि हुन्छ ।<br>♦ वैदेशिक हस्तक्षेप बढ्ने खतरा रहन्छ ।<br>♦ अलोकतान्त्रिक प्रतिष्पर्धा रहन्छ । |

| | | |
|---|---|---|
| आर्थिक | ♦ आर्थिक उदारता, निजीकरण र विप्रेषणमा वृद्धि हुन्छ ।<br>♦ वैदेशिक लगानी तथा रोजगारीमा वृद्धिको वातावरण तयार हुन्छ<br>♦ बजार क्षेत्र विस्तार एवम् गरिबी न्यूनीकरणमा जोड रहन्छ । | ♦ धनी र गरिबबिचको खाडल बढ्न जान्छ ।<br>♦ परनिर्भरताको अवस्था सिर्जना हुन्छ ।<br>♦ दाताको स्वार्थ हावी हुने अवस्था रहन्छ ।<br>♦ स्रोतसाधनको दोहन हुन जान्छ ।<br>♦ नयाँ आर्थिक अपराधमा घटनामा वृद्धि हुन्छ । |
| सामाजिक तथा सांस्कृतिक क्षेत्र | ♦ सामाजिक सोच संस्कार र संरचनामा परिवर्तन आउँछ ।<br>♦ सामाजिक चेतनामा विस्तार हुन्छ ।<br>♦ विश्वव्यापी सामाजिक सञ्जालको विकास हुन्छ ।<br>♦ अन्तर्राष्ट्रिय भाषाको प्रयोग बढ्छ<br>♦ सांस्कृतिक बहुलवाद कायम हुन्छ । | ♦ मौलिक सामाजिक मूल्यमान्यतामा ह्रास आउँछ ।<br>♦ सामाजिक विकृति र विसङ्गति वृद्धि हुन्छ ।<br>♦ भर्चुअल रिलेसनमा रमाउने प्रवृत्तिको विकास हुन्छ ।<br>♦ आफ्नो भाषा बोल्न नजान्नु, मातृभाषाले कम महत्त्व पाउने खतरा रहन्छ । |
| प्रशासनिक तथा शासकीय क्षेत्र | ♦ सुशासन (सन् १९९०) र उत्तरदायी शासनमा जोड दिन्छ ।<br>♦ मजदुरको हकको संरक्षण हुन्छ । | ♦ बौद्धिक पलायन हुन्छ ।<br>♦ श्रम शक्तिको पलायन हुन्छ । |
| सूचना तथा सञ्चार प्रविधिको क्षेत्र | ♦ हरेक क्षेत्र तथा तहमा सूचना प्रविधिको प्रयोग हुन्छ ।<br>♦ ई-गभर्नेन्स, ई-कमर्स, स्मार्ट गभर्नेन्सको विकास हुन्छ ।<br>♦ अनलाइन सेवाको विस्तार हुन्छ ।<br>♦ सबै सेवा प्रदायक निकायको वेबसाइटको निर्माण हुन्छ । | ♦ तथ्याङ्क चोरी हुने डर हुन्छ ।<br>♦ साइबर अपराधमा वृद्धि हुन्छ ।<br>♦ राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न हुन सक्छ । |

### (ख) स्थानीयकरण

नेपाली शब्दकोशले स्थानीयकरणलाई प्रशासनिक विकेन्द्रीकरणको अर्थमा परिभाषित गरेको छ । शाब्दिक अर्थमा स्थानीयकरणले कुनै पनि विषय, उत्पादन वा सेवालाई निश्चित ठाउँमा सीमित पार्नु भन्ने बुझिन्छ । स्थानीयकरणले एउटा ठाउँ विशेषलाई उच्च प्राथमिकतामा राख्छ । यसले स्थानीय कला संस्कृति, वेशभूषा, रीतिरिवाज र मूल्यमान्यताको प्रवर्धनमा जोड दिन्छ । स्थानीय मानिसको विचार, दृष्टिकोण, इच्छा र सोचलाई प्राथमिकता दिइनुपर्ने मान्यता राख्छ । सूचना प्रविधिको पहुँच स्थानीय स्तरसम्म पुऱ्याई ज्ञानमा आधारित समाज विकासमा स्थानीयकरणले जोड दिन्छ । नवीन आविष्कारलाई स्थानीय सिप र प्रविधिमा आधारित बनाउनुपर्ने तथा त्यसकै आधारमा परम्परागत मूल्य, मान्यता र संस्कृतिको पहिचानमा जोड दिन्छ ।

नेपालको सङ्घीय राज्य प्रणालीले स्थानीयकरणको महत्त्वलाई अझ बढाएको छ । यसले राजनीतिमा नागरिकको प्रत्यक्ष सहभागिता र स्थानीय तहमा सेवा प्रवाहको पहुँच वृद्धिमा जोड दिन्छ । स्थानीय क्षेत्रको आर्थिक सामाजिक विकास र राजनीतिको स्थानीयकरणमा पनि महत्त्व दिन्छ । त्यसैले स्थानीयकरणले मौलिकताको संरक्षणमा जोड दिन्छ ।

यसले विविधताबिचको एकतालाई प्राथमिकता दिन्छ । संयुक्त राष्ट्रसङ्घले स्थानीयकरणलाई प्राथमिकतामा राखेर सहस्राब्दी लक्ष्य निर्धारण गरेको छ । स्थानीयकरणको महत्त्वलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**स्थानीयकरणको महत्त्व**

(क) स्थानीय प्रविधि र सेवालाई जोड दिन्छ

(ख) जनता केन्द्रित विकासको दृष्टिकोण प्रस्तुत गर्छ ।

(ग) राष्ट्रियताको जगेर्नाको विकासमा जोड दिन्छ ।

(घ) स्थानीय संस्कृति तथा रीतिरिवाज प्रवर्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न प्रेरित गर्छ ।

(ङ) श्रमिक तथा वस्तुको अन्तर्राष्ट्रियकरणलाई निरुत्साहित गर्छ ।

## क्रियाकलाप

१. विश्वव्यापीकरणले कुन कुन पक्षमा फाइदा पुऱ्याएको छ, समूहमा छलफल गरी निचोड प्रस्तुत गर्नुहोस् ।

२. विश्वव्यापीकरणका असर सम्बन्धमा एक लेख तयार पार्नुहोस् ।

३. स्थानीयकरणको महत्त्व सम्बन्धमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

४. स्थानीयकरणका लागि समुदायमा भएका सकारात्मक अभ्यासहरू सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **विश्वव्यापीकरण भनेको के हो ?**

२. **विश्वव्यापीकरणको महत्त्व उल्लेख गर्नुहोस् ।**

३. **विश्वव्यापीकरणका सकारात्मक र नकारात्मक पक्षको सूची तयार पार्नुहोस् ।**

४. **स्थानीयकरण भनेको के हो ?**

५. **स्थानीयकरणको महत्त्व बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

# ९ सूचना तथा सञ्चार प्रविधि

मानिसका दैनिक जीवनको हरेक क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्दै गइरहेको छ । सूचना तथा सञ्चार प्रविधिको उपयोग हिजोआज शिक्षालगायत अन्य क्षेत्रमा बढ्दै गएको छ । सूचना प्रविधिमा Hardware / software दुबैको प्रयोग हुन्छ । प्रस्तुतीकरणका लागि प्रयोग हुने ई-सामग्री, सामाजिक सञ्जाल, एपहरू आदि सफ्टवेयर हुन् भने स्मार्ट बोर्ड, स्मार्टफोन, इन्टर्याक्टिभ बोर्डलगायतका सामग्री हार्डवेयर हुन् । यी हार्डवेयर र सफ्टवेयर सामग्रीको प्रयोग गरी भर्चुअल सिकाइ, इन्टरनेटमा आधारित खोज, कक्षामा प्रभावकारी प्रस्तुतीकरण, सामाजिक सञ्जालको प्रयोगलगायतका सिकाइ गतिविधि सञ्चालन गर्न सकिन्छ । सूचना प्रविधिको प्रयोगका केही उदाहरण हेरौँ :

१. रामकलीलाई दोस्रो विश्वयुद्ध र त्यसको असरसम्बन्धमा गृहकार्य गर्नु थियो । उनले बुबासँग मोबाइल मागिन् । युट्युबमा हिस्ट्री च्यानल खोलिन् । त्यसमा भएका भिडियो अध्ययन गरेर दोस्रो विश्वयुद्धका कारण, मुख्य घटना र त्यसले पारेको असर सम्बन्धमा प्रतिवेदन तयार पारिन् । भोलिपल्ट उनले पावरप्वाइन्ट स्लाइड बनाएर कक्षामा प्रदर्शन गरिन् । सो सामग्री आफ्नो कक्षाको भाइबर ग्रुपमा पनि राखिदिइन् । सबै जनाले उनको कार्यबाट नयाँ कुरा सिक्ने अवसर पाए ।

२. शिक्षक मोहनलाई हाम्रा लोकबाजा, लोकगीत र लोकनृत्यका सम्बन्धमा शिक्षण गर्नुपर्ने थियो । उहाँले गुगल र युट्युबमा खोजेर विभिन्न प्रकारका लोकबाजा, लोकगीत र लोकनृत्यहरू डाउनलोड गर्नुभयो । देशका विभिन्न भागमा प्रचलित लोकबाजा, गीत र नृत्यलाई प्रोजेक्टरमार्फत देखाएर र सुनाएर प्रस्ट पार्नुभयो । विद्यार्थी निकै खुसी भए ।

३. सञ्जयकी आमा बिरामी हुनुभयो । अवस्था निकै गम्भीर हुन थाल्यो । स्थानीय अस्पतालले काठमाडौँ लैजान सुझाव दिए । तत्काल काठमाडौँ लैजान सम्भव थिएन । त्यसैले सञ्जयले काठमाडौँका डाक्टरलाई फोन गरे । काठमाडौँका डाक्टरले स्थानीय डाक्टरलाई भिडियो कलमार्फत उपचार विधि सिकाए । सञ्जयकी आमाको उपचार सहजै भयो । उनीहरूको पैसा र समयको बचत भयो । यदि यस्तो सामाजिक सञ्जालको सुविधा नभएको भए के हुन्थ्यो भन्न सकिँदैन ।

४. फर्मुल्लाहको विद्यालयमा एक प्रोजेक्टर ल्याइएको थियो । तर कम्प्युटर गतिलो नभएकब्ले सो प्रोजेक्टर काममा आउन सकेको थिएन । विद्यालयका शिक्षक जयन्ती छिमेकी विद्यालयमा जानुभएको थियो । त्यहाँ एक इन्टऱ्याक्टिभ बोर्ड रहेछ । त्यसमा त प्रोजेक्टर पनि नचाहिने रहेछ । हेर्दा टिभी जस्तै देखिने यो बोर्डमा कम्प्युटर, इन्टरनेट र स्मार्टबोर्ड सबै सुविधा उपलब्ध रहेछ । फर्मुल्लाहले पनि विद्यालयमा त्यस्तै इन्टऱ्याक्टिभ बोर्ड राख्ने विचार गरे ।

५. डोल्मालाई जनसङ्ख्या शिक्षाअन्तर्गत आफ्नो समुदायको नमुना सर्वेक्षण गरेर घरपरिवारको तथ्याङ्क लिनु थियो । उनले गुगल फर्म बनाइन् । समुदायमा सर्वेक्षणका लागि नमुना छनोट भएका व्यक्तिलाई मेसेन्जरमार्फत फर्मको लिङ्क पठाइन् । सबैले विवरण भरिसकेपछि कम्प्युटरमा एक्सेल सिटको प्रयोग गरेर तथ्याङ्क विश्लेषण गरिन् । तथ्याङ्कलाई तालिका, स्तम्भ चित्र, वृत्त चित्र र रेखा चित्रमार्फत प्रस्तुत गरिन् । प्रतिवेदनलाई प्रिन्ट गरेर पुस्तकालयमा राखिदिइन् । अरू साथीले पनि पढ्न पाए । पावरप्वाइन्ट स्लाइड बनाएर प्रतिवेदनका मुख्य कुराहरू कक्षामा प्रस्तुत गरिन् । उनको यो सिप देखेर शिक्षक र साथीहरू निकै खुसी भए ।

६. सरस्वती माध्यमिक विद्यालयले हालै सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रयोगमा ल्याएको छ । यसअन्तर्गत सबै शिक्षक र विद्यार्थी गुगल क्लासरुममा जोडिएका छन् । शिक्षकले विद्यार्थीको गृहकार्य र थप अध्ययन सामग्रीका लिङ्क क्लासरुममा राखिदिनुहुन्छ । विद्यार्थी त्यसबाट अध्ययन गर्छन् । गृहकार्य शिक्षकलाई पठाउँछन् र शिक्षकले पृष्ठपोषण पनि सोहीमार्फत पठाइदिनुहुन्छ । शिक्षकले सिकाइमा पछि परेका विद्यार्थीका लागि अतिरिक्त समयमा घरबाट नै उपचारात्मक अनलाइन कक्षा सञ्चालन गर्नुहुन्छ । यसका लागि जुम, टिम्स्, गुगल मिट, मेसेन्जर रुमलगायतका भर्चुअल सिकाइका माध्यमको प्रयोग गर्नुहुन्छ । सूचना प्रविधिको यस्तो प्रयोगले विद्यार्थीको सिकाइमा निकै सुधार भएको छ ।

सूचना प्रविधिको प्रयोगले विद्यार्थीलाई सिकाइका लागि उत्साहित गराउँछ । सिकाइ रुचिकर हुन्छ । सक्रिय र सहभागितामूलक सिकाइलाई अभिवृद्धि गर्छ । डिजिटल वातावरणको कारण विषयवस्तु र सूचनामा अद्यावधिक हुन सकिन्छ । यसले डिजिटल संस्कृति र डिजिटल साक्षरतालाई बढावा दिन्छ । डिजिटल संस्कृति र डिजिटल साक्षरताले मानिसको जिउने तौरतरिका, कार्यशैली र सामाजिकीकरण प्रक्रियामा नयाँपन ल्याउँछ । चिन्तनको दायरालाई फराकिलो बनाउँछ । ज्ञानको निर्माण र वितरणमा समेत यसले सहयोग गर्छ ।

## सूचना प्रविधिका लागि प्रयोग हुने साधन



(क) **ट्याब्लेट (Tablet)** : ट्याब्लेट पोर्टेबल पर्सनल कम्प्युटर हो । यसमा टचस्क्रिन इन्टरफेस हुन्छ । यो ल्यापटपभन्दा सानो र स्मार्टफोनभन्दा ठुलो आकारको हुन्छ । यसलाई बोकेर हिँड्न सहज हुन्छ । यसको प्रयोग पढ्न, फोटो तथा भिडियो खिच्न र सामग्री तयार पार्नसमेत गर्न सकिन्छ ।



(ख) **इन्टरएक्टिभ बोर्ड** : यो कक्षाकोठामा प्रयोग गरिने विद्युतीय बोर्ड हो । यो हेर्दा टेलिभिजन स्क्रिन जस्तै देखिए पनि यो आफैँमा एक कम्प्युटर हो । यसमा पनि टचस्क्रिन हुन्छ । शिक्षणका क्रममा इन्टरनेट प्रयोग गरी सिधै सामग्री खोजी प्रदर्शन गर्न सकिन्छ । ह्वाइटबोर्डका रूपमा प्रयोग गर्न पनि सकिन्छ । यसमा लेखिएका सबै कुरा रेकर्ड गरेर राख्न पनि सकिन्छ ।



(ग) **ई–रिडर्स (e-Readers)** : यो एक प्रकारको पुस्तक पढ्नका लागि प्रयोग गरिने डिभाइस हो । यस डिभाइसलाई ई-बुक रिडर पनि भनिन्छ । यसमा हजारौँ पुस्तक अटाउने, बोक्न सजिलो र जहाँ बसेर पनि पुस्तक पढ्न सकिने उपयोगी साधन हो ।

(घ) **फ्लिप्ड कक्षा (Flipped Classroom)** : यो एक प्रकारको अन्तरक्रियात्मक कक्षा हो जो घरमै बसी बसी विद्यालयमा गरिने कक्षाकार्य गर्न सकिन्छ । त्यसै गरी शिक्षकले घरमा वा कार्यालयमा बसी बसी कक्षाकार्यमा विद्यार्थीलाई सक्रिय गराउन सकिन्छ । यसका लागि अनलाइन माध्यम जस्तै गुगल कक्षा, गुगल मिट, जुम, टिम्स् आदिको प्रयोग गर्न सकिन्छ । आफ्नो अभिभावकको प्रत्यक्ष निगरानीमा परियोजनामा आधारित सिकाइ हुने हुनाले यस्तो कक्षाको प्रचलन बढ्दै गएको छ ।



(ङ) **क्लाउड (Cloud)** : क्लाउड डाटा सञ्चय गर्नका लागि प्रयोग गरिने इन्टरनेट सुविधा हो । यसका लागि गुगल कम्पनीले गुगल ड्राइभ, माइक्रोसफ्ट कम्पनीले वन ड्राइभलगायत विभिन्न कम्पनीले निःशुल्क र सशुल्क स्पेस उपलब्ध गराएका हुन्छन् । यस्ता डाटा स्टोरमा राखिएका सामग्री बढी सुरक्षित हुने र जहाँबाट पनि सहजै प्राप्त गर्न सकिने हुन्छ ।



## क्रियाकलाप

१. विद्यालयमा उपलब्ध सूचना प्रविधिको प्रयोग गरी एकाइ एकदेखि १० सम्मका कुनै एक विषयवस्तुमा सामग्री सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. मोबाइल फोनमार्फत सामाजिक सञ्जालको प्रयोग गरी आफूले सिकेका कुरा कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. सूचना प्रविधिको प्रयोग आजको आवश्यकता विषयमा एक ई-पोस्टर तयार पार्नुहोस् । सूचना प्रविधिको साधन नभएमा कागजमा तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग कसरी गर्न सकिन्छ, उल्लेख गर्नुहोस् ।**

२. **सामाजिक सञ्जालको प्रयोग गरी तपाईँले के के फाइदा लिनुभएको छ, सूची तयार पार्नुहोस् ।**

३. **तपाईँको विद्यालयमा सूचना प्रविधिको सुविधा छैन वा कमी छ भने त्यस्तो सुविधाको व्यवस्था गरिदिन व्यवस्थापन समितिको नाममा एक पत्र तयार पारी प्रेषित गर्नुहोस् ।**

४. **सूचना प्रविधिका कुनै दुई साधनको सङ्क्षिप्त परिचय दिनुहोस् ।**

५. **के तपाईँको विद्यालयमा पनि लिप कक्षाको सम्भावना छ, कसरी ?**

# ६ समसामयिक घटना

## चन्द्रमाको थप अन्वेषणमा शक्तिशाली देशहरूबिच प्रतिस्पर्धा

पुस ९, २०७९ कान्तिपुर संवाददाता

काठमाडौँ – सन् २०२३ मा रुस, भारत र युरोपियन स्पेस एजेन्सीले चन्द्रमा जाने मिसन प्रक्षेपणसँगै अन्तरिक्ष अन्वेषणका अन्य कार्यहरू गर्दै छन् । अर्को वर्ष अमेरिकाको आर्टिमिस-२ अन्तर्गत अन्तरिक्षयात्रीहरू चन्द्रमा जाँदै छन् । आर्टिमिस मिसन अमेरिकी अन्तरिक्ष संस्था नासाको बहुप्रतिक्षित मिसन हो जहाँ अन्तरिक्षयात्री चन्द्रमामा पुगेर फर्कने छन् । यो मिसनको तयारीअन्तर्गत हालै आर्टिमिस-१ मिसन सम्पन्न भएको छ जहाँ अन्तरिक्ष यानले चन्द्रमाको कक्ष सफलतापूर्वक फन्को लगाएर पृथ्वी फर्किसकेको छ ।

भारतले चन्द्रयान-३ मिसन जुन २०२३मा प्रक्षेपण गर्दै छ । उसले चन्द्रमामा ल्यान्डिङ मोड्युल रोबोटिक रोभर चन्द्रमाको सतहमा अवतरण गराउने लक्ष्य छ । भारतको अन्तरिक्ष संस्था इस्रोले यो मिसनको नेतृत्व गरिरहेको छ । सन् २००८ मा भारत पहिलो पटक चन्द्रमामा चन्द्रयान-१ मार्फत पुगेको थियो ।

जुलाई २०२३ मा रुसले आफ्नो २५औँ चन्द्रमा मिसन लुना-२५ प्रक्षेपण गर्दै छ । यो मिसनअन्तर्गत चन्द्रमाको सतहमा एउटा लुनार प्रोभ अवतरण गराएका दक्षिण ध्रुवीय क्षेत्रबाट नमुनाहरू सङ्कलन गर्ने योजना छ । रुसको अन्तरिक्ष कार्यक्रम रस्मोकसले हेर्ने गर्छ ।

सधैँ चर्चाको शिखरमा रहने व्यवसायी इलोन मस्कको अन्तरिक्ष कम्पनी स्पेस एक्सले पनि चन्द्रमामा ९ जना मानिस सन् २०२३ को अन्त्यसम्ममा लैजाने तयारी गरिरहेको छ । स्पेस एक्सले सय जना मानिस अट्न सक्ने गरी निर्माण गरेको स्टारसिप यानमार्फत जापानी अर्बपति युशाकु मेजुआसहित अन्य ८ जनालाई चन्द्रमाको सेयर गराउने योजना छ । यो मिसन सफल भएमा मस्कको सबैभन्दा ठुलो अन्तरिक्षयान 'स्टारसीप' को पहिलो मिसन हुने छ । मङ्गल ग्रहमा बस्ती बसाल्ने योजना बुनिरहेका मस्कले स्टारसिपमार्फत मानिसहरूलाई चन्द्रमा हुँदै रातो ग्रहमा पुऱ्याउने लक्ष्य राखेका छन् ।

सन् २०२४ मा नासाको आर्टिमिस-२ मिसन लन्च हुने छ । यो मिसनअन्तर्गत अन्तरिक्षयात्रीहरू चन्द्रमालाई परिक्रमा गरेर पृथ्वी फर्कने छन् । सन् २०२५ वा २०२६ मा आर्टिमिस मिसन-३ लन्च गर्ने नासाको तयारी छ । जहाँ पहिलो महिला र पहिलो अश्वेत व्यक्तिले चन्द्रमामा अवतरण गरेर पृथ्वी फर्कने छन् ।

## ओस्कार अवार्ड २०२२



ओस्कार अवार्ड चलचित्र क्षेत्रसँग सम्बन्धित छ । ओस्कार अवार्डको सुरुआत १६ मे, १९२९ बाट भएको हो । सन् २०२२ मा भएको ओस्कार अवार्ड ९४ औँ संस्करण हो । यस अवार्डमा सर्वश्रेष्ठ चलचित्रको अवार्ड सिआन हेयरद्वारा निर्देशित फिल्म कोडा (CODA) ले जितेको थियो । त्यस्तै वेस्ट डाइरेक्टर जेन केम्पीयन, वेष्ट एक्टर विल स्मिथ, वेष्ट एक्ट्रेस जेसिका चेस्टनले जितेका थिए । नेपाली चलचित्र 'ऐना झ्यालको पुतली' सो अवार्डमा नोमिनेसनमा परेको थियो ।

## विश्व पृथ्वी दिवस २०२२

यस वर्षको विश्व पृथ्वी दिवस २०२२, 'पृथ्वीमा लगानी गरौँ' भन्ने नाराका साथ मनाइयो । विश्वमा पहिलो पटक सन् १९७० अप्रिल २२ बाट मनाउन थालिएको यस दिवस संयुक्त राष्ट्रसङ्घको ६३ औँ महासभा सन् २००९ ले विश्वभर मनाउन सुरु गरेको थियो ।

## सलाम सन्दुक ! जसले जिते १३ करोडको अवार्ड

अन्नपूर्ण पोस्ट २०७९ माघ ४



अन्धोपन निवारणमा गरेको कल्याणकारी कामका लागि डा. सन्दुक रुइतले बहराइनको प्रतिष्ठित इसा अवार्ड प्राप्त गरेका हुन् । यसको नगद राशि १० लाख डलर झन्डै १३ करोड ८ लाख रुपियाँ छ । उनले हालसम्म पाएको अवार्डमध्ये यो उच्च राशिको पुरस्कार

हो । बहराइनको पूर्व राजाको नाममा स्थापित यो पुरस्कार मानव कल्याणको क्षेत्रमा सक्रिय व्यक्ति वा संस्थालाई हरेक दुई वर्षमा प्रदान गरिँदै आएको छ । उनले मोतीविन्दु भएका बिरामीहरूको उपचार गर्ने सरल विधि विकास गरेका हुन् । न्यून लागतमा मोतीविन्दुको शल्यक्रिया विधि प्रयोग गरी डा. रुइत नेपालसहित एसिया र विश्वका अन्य भूभागमा लाखौँ व्यक्तिलाई दृष्टि पुनःस्थापित गर्न सफल भएका छन् । उनले व्यक्तिगत रूपमा नै १ लाख ३० हजार जतिलाई दृष्टि दिन सफल भएको कुरा बताएका छन् । उनले इन्ट्राअकुलर लेन्सको विकास गरी सुलभ दरमा उपलब्ध गराउन सफल भएका छन् । यसबाट नेपाललगायत विकासोन्मुख मुलुकका दृष्टिविहीन व्यक्तिले संसार चिहाउन पाएका छन् ।



## मध्यपूर्वमा शान्ति स्थापनाका लागि आह्वान

गोरखापत्र, २०७९ मङ्सिर १८

प्यालेष्टाइनका प्रधानमन्त्री मोहम्मद इस्तेहले इजरायलसँगको द्वन्द्व अन्त्य गर्न मध्यपूर्वमा शान्ति स्थापनार्थ पहल गर्न संयुक्त राष्ट्रसङ्घलाई आह्वान गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको पश्चिम एसियाको आर्थिक तथा सामाजिक आयोगले प्यालेस्टाइनीसँगको अन्तर्राष्ट्रिय ऐक्यबद्धता दिवसको उपलक्ष्यमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजना गरेको भर्चुअल बैठकमा इस्तेयले यस्तो टिप्पणी गर्नुभएको हो । उहाँले संयुक्त राष्ट्रसङ्घका सदस्यलाई संयुक्त राष्ट्रसङ्घमा पूर्ण सदस्यता प्राप्त गर्न प्यालेस्टाइनको आवेदनलाई समर्थन गर्न, प्यालेस्टाइनमा आमचुनाव गराउन इजरायललाई दबाब दिन र प्यालेस्टाइनीविरुद्ध गरेको अपराधका लागि जवाफदेही बनाउन आग्रह गर्नुभएको हो ।

प्यालेस्टाइनीहरू सन् १९६७ मा इजरायलले कब्जा गरेको प्यालेस्टाइनी भूभागमा इजरायलसँगै एउटा स्वतन्त्र राज्य स्थापना गर्न चाहन्छन्, जसमा वेस्ट बैङ्क र गाजापट्टी पनि छन् । तिनको राजधानी पूर्वी जेरुसेलम हो ।

## क्रियाकलाप

१. समसामयिक घटनासम्बन्धी समाचार, लेख, सम्पादकीय आदि सङ्कलन गरी कक्षाको बुलेटिनबोर्डमा टाँस्नुहोस् ।

२. समसामयिक विषयवस्तुसँग सम्बन्धित रही कक्षामा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

३. राजनीति, खेलकुद र विज्ञान प्रविधिसँग सम्बन्धित समसामयिक घटना विभिन्न माध्यमबाट सङ्कलन गर्नुहोस् र ती घटनाले मानव जीवनमा पार्ने प्रभाव समूहमा छलफल गर्नुहोस् ।

## अभ्यास

१. **समसामयिक घटना भनेको के हो ?**

२. **समसामयिक घटनाको जानकारीले विद्यार्थीको सोचाइ र व्यवहारमा कस्तो परिवर्तन ल्याउँछ ?**

३. **तपाईँको समुदायमा घटेका समसामयिक घटनासँग सम्बन्धित रही एक समाचारको नमुना तयार पार्नुहोस् ।**

४. **सन् २०२२ को सर्वश्रेष्ठ ओस्कार अवार्ड पाउने चलचित्रको नाम लेख्नुहोस् ।**

एकाइ
१०

# जनसङ्ख्या र यसको व्यवस्थापन

## सिकाइ उपलब्धि

१. नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न

२. पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध उल्लेख गर्न

३. जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न

४. विश्वमा जनसङ्ख्याको अवस्था र वृद्धिदरको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न

# १ नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर

'जन' र 'सङ्ख्या' दुई शब्द मिलेर जनसङ्ख्या बनेको छ । जसमा जनको अर्थ मानिस र सङ्ख्याको अर्थ कति जना भन्ने बुझिन्छ । त्यसैले जनसङ्ख्या भन्नाले मानिसको सङ्ख्या भन्ने बुझिन्छ । कुनै निश्चित भौगोलिक क्षेत्रमा निश्चित समयमा बसोबास गरिरहेका मानिसको सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ । कुनै ठाउँको जनसङ्ख्या भन्नाले उक्त ठाउँमा निश्चित अवधिमा बसोबास गर्ने सबै उमेर समूह, जातजाति, भाषा, क्षेत्र, लिङ्ग, धर्म, पेसा आदिका मानिसको कुल सङ्ख्यालाई जनाउँछ । यसरी हेर्दा नेपालमा बसोबास गर्ने सम्पूर्ण मानिसको सङ्ख्या नै नेपालको कुल जनसङ्ख्या हो ।

## नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर

जनसङ्ख्या स्थिर नभई समयसँगै गतिशील र परिवर्तन हुन्छ । जन्म, मृत्यु र बसाइँसराइका कारणले कुनै पनि ठाउँको जनसङ्ख्या निरन्तर परिवर्तन भइरहन्छ । यसरी जनसङ्ख्या निरन्तर परिवर्तन भइरहने हुनाले जनसङ्ख्याको आकार निश्चित हुँदैन । त्यसैले कुनै निश्चित समय तोकेर मात्र जनसङ्ख्याको आकार बताउन सकिन्छ । कुनै एक निश्चित क्षेत्रमा निश्चित समयमा बसोबास गर्ने बालबालिका, युवायुवती र वृद्धवृद्धाको जम्मा सङ्ख्या नै जनसङ्ख्याको आकार हो । कुनै पनि ठाउँको निश्चित समयको जनसङ्ख्या नै त्यस ठाउँको जनसङ्ख्याको आकार हो । वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,९१,६४,५७८ रहेको छ । जन्म, मृत्यु र बसाइँसराइका कारणले कुनै निश्चित स्थानको जनसङ्ख्या थपिएर आकारमा आउने परिवर्तनलाई जनसङ्ख्या वृद्धि भनिन्छ । प्रतिसय जनसङ्ख्यामा प्रतिवर्ष वृद्धि हुने सङ्ख्यालाई जनसङ्ख्या वृद्धिदर भनिन्छ । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या वृद्धिदर वार्षिक ०.९२ प्रतिशत रहेको छ ।

नेपालमा जनगणना लिने कार्यको सुरुआत वि.सं. १९६८ सालबाट भएको हो । सामान्यतया हरेक १० वर्षमा जनगणना लिने गरिन्छ । सबैभन्दा पछिल्लो पटक वि.सं. २०७८ सालमा बाह्रौँ जनगणना सम्पन्न भएको छ । विभिन्न जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार, वृद्धिदर र जनसङ्ख्या दोब्बर हुन लाग्ने समयलाई तालिकामा देखाइएको छ :

**नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर वि.सं. (१९६८–२०७८)**

| क्र.सं. | जनगणना वर्ष | जनसङ्ख्या | जनसङ्ख्या वृद्धिदर % | जनसङ्ख्या दोब्बर हुन लाग्ने समय |
|---|---|---|---|---|
| १. | वि.सं. १९६८ (सन १९११) | ५६,३८,७४९ | - | - |
| २. | वि.सं. १९७७ (सन् १९२०) | ५५,७३,७८८ | -०.१३ | - |
| ३. | वि.सं. १९८७ (सन् १९३०) | ५५,३२,५७४ | -०.०७ | - |
| ४. | वि.सं. १९९८ (सन् १९४१) | ६२,८३,६४९ | १.१६ | ६० वर्ष |
| ५. | वि.सं. २००९/११ (सन् १९५२/५४) | ८२,५६,६२५ | २.२८ | ३१ वर्ष |
| ६. | वि.सं. २०१८ (सन् १९६१) | ९४,१२,९९६ | १.६४ | ४३ वर्ष |
| ७. | वि.सं. २०२८ (सन् १९७१) | १,१५,५५,९८३ | २.०५ | ३४ वर्ष |
| ८. | वि.सं. २०३८ (सन् १९८१) | १,५०,२२,८३९ | २.६२ | २७ वर्ष |
| ९. | वि.सं. २०४८ (सन् १९९१) | १,८४,९१,०९७ | २.०८ | ३४ वर्ष |
| १०. | वि.सं. २०५८ (सन् २००१) | २,३१,५१,४२३ | २.२५ | ३१ वर्ष |
| ११. | वि.सं. २०६८ (सन् २०११) | २,६४,९४,५०४ | १.३५ | ५२ वर्ष |
| १२. | वि.सं. २०७८ (सन् २०२१) | २,९१,६४,५७८ | ०.९२ | ७१.३ वर्ष |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकाअनुसार वि.सं. १९६८ मा नेपालको जनसङ्ख्या ५६,३८,७४९ रहेको थियो भने त्यसपछि वि.सं. १९८७ को जनगणनासम्म नेपालको जनसङ्ख्या घटेको देखिन्छ। अवैज्ञानिक जनगणना हुनु, इन्फ्लुएन्जा (Influenza) को महामारीले धेरै व्यक्तिको मृत्यु हुनु, प्रथम विश्वयुद्धमा गएका कतिपय गोरखा सैनिक गणना हुनबाट छुट्नु आदि त्यस समयमा जनसङ्ख्या घट्नुका मुख्य कारण थिए। वि.सं. २००९/११ बाट नेपालमा वैज्ञानिक ढङ्गले जनगणना गर्ने काम सुरु भएको हुनाले उक्त वर्षको जनगणनालाई नेपालको पहिलो वैज्ञानिक जनगणना भनिन्छ। वि.सं. २०३८ को जनगणनामा नेपालको जनसङ्ख्या १,५०,२२,८३९ र वार्षिक वृद्धिदर २.६२ प्रतिशत रहेको थियो। वि.सं. २०५८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,३१,५१,४२३ र वृद्धिदर २.२५ प्रतिशत रहेको छ। वि.सं. २०६८ को

जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,६४,९४,५०४ र जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेको छ । वि.सं. १९६८ मा ५६,३८,७४९ रहेको नेपालको कुल जनसङ्ख्या ठिक सय वर्षपछि वि.सं. २०६८ मा ५ गुणाले बढ्न गई २,६४,९४,५०४ भएको देखिन्छ । वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,९१,६४,५७८ र वार्षिक वृद्धिदर ०.९२ प्रतिशत पुगेको देखिन्छ । जुन १० वर्षअगि (२०६८ साल) को जनसङ्ख्याको तुलनामा २६,७०,०७४ ले बढी हो । १० वर्षमा नेपालको जनसङ्ख्या १०.०८ प्रतिशतले बढेको छ । विगत १० वर्षको सरदर वार्षिक वृद्धिदर ०.९२ प्रतिशत देखिन्छ । वि.सं. २०५८ सालको जनगणनामा वृद्धिदर १.३५ प्रतिशत देखिन्छ । यसरी हेर्दा जनसङ्ख्या वृद्धिदर घट्दै गएको देखिन्छ । यसरी जनसङ्ख्या वृद्धिदर घट्नुका प्रमुख कारणमा जन्मदरमा ह्रास आउनु, स्वास्थ्य अवस्थामा सुधार भई मृत्युदरमा कमी आउनुलाई मान्न सकिन्छ । त्यस्तै परिवार नियोजनका साधनको प्रयोगदर बढ्नु, विवाहको औसत उमेरमा वृद्धि हुनु, शिक्षा र चेतनाको स्तरमा वृद्धि हुनु आदिलाई पनि जनसङ्ख्या वृद्धिदर घट्नुको कारण मान्न सकिन्छ ।

### क्रियाकलाप

१. नेपालको जनसङ्ख्याको आकारको विगत र वर्तमानको अवस्था सम्बन्धमा कक्षाका साथीबिचमा छलफल गर्नुहोस् र जनसङ्ख्या वृद्धिको अवस्था विश्लेषण गर्नुहोस् ।

२. आफ्नो विद्यालयको कक्षागत रूपमा छात्र र छात्राको सङ्ख्यालाई स्तम्भचित्रमा देखाई विद्यालयको सूचनापाटीमा टाँस्नुहोस् ।

३. दिइएको तालिकाका आधारमा विश्वको जनसङ्ख्याको आकार, वृद्धिदर र औसत आयुको अवस्था र नेपालको जनसङ्ख्याको आकार, वृद्धिदर औसत आयुबिच तुलना गर्नुहोस् ।

| क्र.स. | विवरण | जनसङ्ख्या (दश लाखमा) | जनसङ्ख्या वृद्धिदर | औसत आयु |
|---|---|---|---|---|
| १. | विश्व | ७९६३ | ०.९ | ७२ |
| २. | अति विकसित | १२७० | -०.२ | ७८ |
| ३. | कम विकसित | ६६९४ | १.२ | ७१ |
| ४. | अति कम विकसित | ११२६ | २.४ | ६४ |
| ५. | नेपाल | ३०.९ | ०.९२ | ७१.३ |

*Sources: World-Population Data Sheet 2022*

४. तपाईँ बस्नुभएको वडा कार्यालयमा गई विगत ५ वर्षदेखिको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था खोजी गर्नुहोस् र तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर वि.सं. २०३८-२०७८ सम्मको अवस्थालाई चार्टपेपरमा ठुलो अक्षरमा लेखी कक्षाकोठामा टाँस्नुहोस् ।

**अभ्यास**

**१. जनसङ्ख्याको आकार भन्नाले के बुझिन्छ ?**


**२. वि.सं. १९७७ र १९८७ को जनगणनामा नेपालको जनसङ्ख्या वृद्धिदर घटेर ऋणात्मक हुनुका कारण उल्लेख गर्नुहोस् ।**

**३. वि.सं. २०५८ देखि वि.सं. २०७८ सम्मको जनसङ्ख्याको अवस्था हेर्दा नेपालमा जनसङ्ख्या वृद्धिदर घट्दै गएको देखिन्छ । यसरी जनसङ्ख्या वृद्धिदर घट्नुका कारणको सूची तयार गर्नुहोस ।**

**४. वि.सं. २०१८ देखि २०७८ सम्मको नेपालको जनसङ्ख्या वृद्धिदरको अवस्थालाई रेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।**

# २ नेपालको जनसङ्ख्याको बनोट

उमेर, लिङ्ग, मातृभाषा, धर्म, पेसा, जातजाति, शैक्षिक स्थिति आदिका आधारमा गरिएको जनसङ्ख्याको वर्गीकरणलाई जनसङ्ख्याको बनोट भनिन्छ । यसको अध्ययनबाट कुनै पनि देशको जनसङ्ख्याको संरचना कस्तो छ भन्ने जानकारी प्राप्त गर्न सकिन्छ । देशको कुल जनसङ्ख्यामा महिला, पुरुष, बालबालिका, युवायुवती, जेष्ठ नागरिकको सङ्ख्या कति कति रहेको छ भन्ने बुझिन्छ । त्यस्तै जाति, धर्म, भाषा र पेसाको आदिका आधारमा जनसङ्ख्याको बनावट कस्तो छ भन्ने पनि पत्ता लगाउन सकिन्छ । त्यस्तै आर्थिक रूपमा सक्रिय र निष्क्रिय जनसङ्ख्याका बारेमा पनि थाहा हुन्छ । यसरी सरकारलाई जनसङ्ख्या बनोटको अवस्थाका आधारमा देशको आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने जनसङ्ख्या कति छन् भनी पत्ता लगाउन सजिलो हुन्छ । यसबाट देशको विकासका लागि नीति, कार्यक्रम तथा योजना निर्माणमा मदत पुग्छ । त्यस्तै कुनै निश्चित समुदाय वा समाजको वास्तविक अवस्थाको पनि पहिचान हुन्छ र भौगोलिक क्षेत्रको अवस्था र सम्भावनाबारे जानकारी लिन सकिन्छ । जनसङ्ख्याको बनोटका आधारमा देशको कुल जनसङ्ख्यालाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ । नेपालको जनसङ्ख्याको बनोटलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :



## लिङ्गअनुसार जनसङ्ख्याको बनोट

देशको जनसङ्ख्यालाई लिङ्गका आधारमा गरिएको वर्गीकरणलाई लिङ्गअनुसार जनसङ्ख्याको बनोट भनिन्छ । लिङ्गका आधारमा नेपालको जनसङ्ख्यालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**लिङ्गअनुसार जनसङ्ख्याको बनोट** (**वि.सं. ०६८–२०७८**)

| जनगणना वर्ष | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| वि.सं. २०६८ (सन् २०११) | १,२८,४९,०४१ | ४८.४९ | १,३६,४५,४६३ | ५१.५० | २,६४,९४,५०४ |
| वि.सं. २०७८ (सन् २०२१) | १,४२,५३,५५१ | ४८.९८ | १,४९,११,०२७ | ५१.०२ | २,९१,६४,५७८ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

तालिकामा लिङ्गअनुसार जनसङ्ख्याको बनोट देखाइएको छ । जसअनुसार वि.सं. २०६८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,२८,४९,०४१ र महिलाको सङ्ख्या १,३६,४५,४६३ रहेको छ । त्यस्तै वि.सं. २०७८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,४२,५३,५५१ र महिलाको सङ्ख्या १,४९,११,०२७ रहेको छ ।

## जातजातिअनुसार जनसङ्ख्याको बनोट

नेपालमा विभिन्न जातजातिका मानिस बसोबास गर्छन् । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा पहिचान गरिएका जातजातिको सङ्ख्या १४२ रहेको छ । दश लाखभन्दा बढी जनसङ्ख्या भएका छओटा जाति रहेका छन् । जातजातिअनुसार जनसङ्ख्याको बनोट निम्नअनुसार तालिकामा देखाइएको छ :

**जातजातिअनुसार जनसङ्ख्याको बनोट** (**वि.सं. २०७८ को जनगणनाअनुसार**)

| क्र.सं. | जाति/समूह | जनगणना वर्ष २०७८ |
|---|---|---|
| १. | क्षेत्री | १६.४५ |
| २. | ब्राह्मण | ११.२९ |
| ३. | मगर | ६.९ |
| ४. | थारु | ६.२ |
| ५. | तामाङ | ५.६२ |
| ६. | विश्वकर्मा | ५.०४ |

| | | |
|---|---|---|
| ७. | मुसलमान | ४.८६ |
| ८. | नेवार | ४.६ |
| ९. | यादव | ४.२१ |
| १०. | राई | २.२ |
| ११. | परियार | १.९४ |
| १२. | गुरुङ | १.८६ |
| १३. | ठकुरी | १.७ |
| १४. | मिजार | १.५५ |
| १५. | तेली | १.४८ |
| १६. | याक्थुम/लिम्बु | १.४२ |
| १७. | अन्य | २२.६८ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## धर्मअनुसार जनसङ्ख्याको बनोट

नेपाल एक बहुधाार्मिक राष्ट्र हो । यहाँ विभिन्न धर्मावलम्बीका मानिस बसोबास गर्छन् । धार्मिक विविधता भए तापनि सबै धर्म मान्ने मानिसबिचमा धार्मिक सद्भाव र सहिष्णुता रहेको छ । नेपालको जनसङ्ख्याको धार्मिक बनोटलाई निम्नअनुसार तालिकामा देखाइएको छ :

**धर्मअनुसार जनसङ्ख्याको बनोट (वि.सं. २०७८ को जनगणनाअनुसार)**

| क्र.सं. | धर्म | वि.सं. २०७८ |
|---|---|---|
| १. | हिन्दु | ८१.२ |
| २. | बौद्ध | ८.२१ |
| ३. | इस्लाम | ५.०९ |
| ४. | किरात | ३.१७ |
| ५. | क्रिस्चियन | १.७६ |
| ६. | प्रकृति | ०.३५ |
| ७. | बोन | ०.२३ |
| ८. | जैन | ०.०१ (२३९८ जना) |
| ९. | सिख | ०.०१ (१४९६ जना) |
| १०. | बहाई | ०.०० (५३७ जना) |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकाअनुसार नेपालमा हिन्दु धर्म मान्ने मानिसको सङ्ख्या बढी देखिन्छ। त्यसपछि दोस्रो स्थानमा बौद्ध धर्म मान्ने मानिसको सङ्ख्या देखिन्छ। त्यस्तैगरी क्रमशः तेस्रोमा इस्लाम, चौथोमा किरात र पाँचौँमा क्रिस्चियन धर्म देखिन्छ। त्यसैगरी प्रकृति, बोन, जैन, शिख र बहाईलगायतका धर्म मान्ने समुदायको पनि बसोबास रहेको छ।

## उमेरअनुसार जनसङ्ख्याको बनोट

विभिन्न उमेर वा उमेर समूहअनुसार जनसङ्ख्याको वर्गीकरणलाई उमेरअनुसार जनसङ्ख्या बनोट भनिन्छ। उमेरअनुसार जनसङ्ख्याको बनोटबाट एक वर्ष, पाँच वर्ष, दश वर्ष र बृहत् उमेरअनुसार वर्गीकरण गर्न सकिन्छ। बृहत् उमेर समूहअनुसार ० देखि १४, १५ वर्षदेखि ५९ वर्ष र ६० वर्षमाथिको जनसङ्ख्यामा वर्गीकरण गरिन्छ। सामान्यतया १५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्यालाई सक्षम र क्रियाशील जनसङ्ख्या भनिन्छ भने १५ वर्षमुनिका र ६० वर्ष माथिका जनसङ्ख्यालाई आश्रित जनसङ्ख्या भनिन्छ। यहाँ जनसङ्ख्याको बृहत् उमेर समूहअनुसार जनसङ्ख्याको बनोटलाई देखाइएको छ :

**बृहत् उमेर समूहअनुसार जनसङ्ख्याको बनोट प्रतिशतमा** (२०५८–२०७८)

| उमेर समूह | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|
| ० देखि १४ वर्ष | ३९.३५ | ३४.९१ | २७.८३ |
| १५-५९ वर्ष | ५४.१५ | ५६.९५ | ६५.२ |
| ६० वर्ष र सोभन्दा माथि | ६.५० | ८.१४ | ६.९ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकाअनुसार सक्रिय जनसङ्ख्याको प्रतिशत सबैभन्दा बढी देख्न सकिन्छ। ६० वर्षभन्दा माथिको जनसङ्ख्याको प्रतिशत हरेक जनगणनामा बढ्दै गएको तथ्याङ्कबाट देखिएको छ। त्यस्तै ० देखि १४ वर्षसम्मको जनसङ्ख्या भने पछिल्लो जनगणनामा घट्दै गएको छ।

## भाषाअनुसार जनसङ्ख्याको बनोट

नेपाल एक बहुभाषिक राष्ट्र हो। यहाँ विभिन्न भाषा बोल्ने मानिस बसोबास गर्छन्। वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा १२४ ओटा भाषालाई मातृभाषाका रूपमा पहिचान गरेको छ।। नेपालको संविधानले नै नेपाली भाषालाई सरकारी कामकाजको

भाषा र अन्य सबै भाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गरेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार १ प्रतिशतभन्दा बढीले बोल्ने गरेको मातृभाषाको आधारमा जनसङ्ख्याको बनोट निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**मातृभाषाअनुसार जनसङ्ख्याको बनोट (वि.सं. २०७८ को जनगणनाअनुसार)**

| भाषा (२०७८) | प्रतिशत |
|---|---|
| नेपाली | ४४.८६ |
| मैथिली | ११.०५ |
| भोजपुरी | ६.२४ |
| थारु | ५.८८ |
| तामाङ | ४.८८ |
| बज्जिका | ३.८९ |
| अवधि | २.९६ |
| नेपालभाषा | २.९६ |
| मगर ढुट | २.७८ |
| डोटेली | १.७ |
| उर्दु | १.४२ |
| याक्थुङ/लिम्बु | १.२ |
| गुरुङ | १.१२ |
| मगही | ०.७९ |
| बैतडेली | ०.५२ |
| राई | ०.५ |
| अन्य | ७.२५ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा भाषाका आधारमा जनसङ्ख्याको बनोट देखाइएको छ । वि.सं. २०७८ को जनगणनाअनुसार नेपाली भाषालाई मातृभाषाका रूपमा बोल्ने जनसङ्ख्याको प्रतिशत सबैभन्दा धेरै अर्थात् ४४.८६ प्रतिशत छ । त्यसपछि दोस्रो ठुलो भाषाका रूपमा मैथिली भाषा ११.०५ प्रतिशत रहेको छ । नेपाली भाषासहित एक प्रतिशतभन्दा बढी जनसङ्ख्याद्वारा बोलिने भाषा १३ ओटा छन् ।

## क्रियाकलाप

१. नेपालमा पेसाअनुसार जनसङ्ख्याको बनोटलाई वृतचित्रमा देखाई तुलना गर्नुहोस् :

| पेसा | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|
| कृषि | ६५.७० | ६०.४ | ५०.६ |
| गैरकृषि क्षेत्र | ३४.३० | ३९.६ | ४९.४ |
| जम्मा | १०० | १०० | १०० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

२. नेपालको ५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याको साक्षरता प्रतिशतलाई स्तम्भ चित्रमा देखाउनुहोस् :

| जनगणना वर्ष | पुरुष | महिला | कुल |
|---|---|---|---|
| वि.सं. २०५८ | ६५.५ | ४२.८ | ५४.१ |
| वि.सं. २०६८ | ७६ | ५७.८ | ६५.९ |
| वि.सं. २०७८ | ८३.६ | ६९.४ | ७६.२ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

३. तपाईंको समुदायमा पाँच घरमा गई ६ वर्ष र सोभन्दा माथि उमेरको जनसङ्ख्या टिपोट गर्नुहोस् र साक्षर महिला र पुरुषको सङ्ख्या छुट्याई स्तम्भ चित्रमा देखाउनुहोस् ।

## अभ्यास

१. **जनसङ्ख्याको बनोट भनेको के हो, उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।**


२. **उमेरअनुसार नेपालको जनसङ्ख्या बनोटको अवस्थालाई विश्लेषण गर्नुहोस् ।**

३. **शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोट भन्नाले के बुझिन्छ ? साक्षरता दर बढ्दै जाँदा देशको सामाजिक आर्थिक अवस्थामा पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।**

४. **वि.सं. २०५८ को जनगणनामा कृषि पेसामा संलग्न मानिस बढी भएकामा पछिका जनगणनामा गैरकृषि पेसामा लाग्नेको सङ्ख्या बढ्दै गएको देखिन्छ ? यसका कारण के के हुन सक्छन्, उल्लेख गर्नुहोस् ।**

# ३ जनसङ्ख्याको वितरण

विभिन्न भौगोलिक क्षेत्र, प्रदेश, जिल्ला तथा स्थानीय तहअनुसारको जनसङ्ख्याको अवस्थालाई जनसङ्ख्या वितरण भनिन्छ । नेपालको धरातलीय स्वरूप, हावापानी, माटो, प्राकृतिक स्रोत र साधन आदिमा विविधता भएकाले जनसङ्ख्याको वितरण पनि फरक फरक रहेको छ । साथै शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, रोजगारीलगायत अन्य सेवा सुविधाले पनि जनसङ्ख्याको वितरणमा प्रभाव पार्छ । जनसङ्ख्या वितरणको अवस्थाका आधारमा सरकारले उक्त क्षेत्र तथा ठाउँका लागि योजना र कार्यक्रम बनाउँछ । जनसङ्ख्याको वितरणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :




## भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण

नेपाललाई धरातलीय स्वरूपका आधारमा तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरणलाई तालिकामा देखाइएको छ :

**भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या (प्रतिशतमा)**

| क्षेत्र | जनसङ्ख्या (%) (२०५८) | जनसङ्ख्या (%) (२०६८) | जनसङ्ख्या (%) (२०७८) |
|---|---|---|---|
| हिमाल | ७.३ | ६.७३ | ६.०८ |
| पहाड | ४४.३ | ४३.०१ | ४०.३१ |
| तराई | ४८.४ | ५०.२७ | ५३.६१ |
| कुल | १०० | १०० | १०० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकाबाट तराई क्षेत्रको जनसङ्ख्या प्रतिशत वि.सं. २०५८ देखि २०७८ सम्म क्रमशः वृद्धि हुँदै गएको पाइन्छ । हिमाली र पहाडी क्षेत्रमा भने वि.सं. २०५८ को तुलनामा पछिल्ला जनगणनामा घट्दै गएको पाइन्छ ।

## प्रदेशअनुसार जनसङ्ख्याको वितरण

नेपालको संविधानअनुसार नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ । प्रदेशअनुसार जनसङ्ख्याको वितरणमा प्रत्यक्ष रूपमा धरातलीय स्वरूप, हावापानी, स्रोतसाधनको उपलब्धता आदिले प्रभाव पार्छ । नेपालको प्रदेशअनुसार जनसङ्ख्या वितरणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**प्रदेशअनुसार जनसङ्ख्याको वितरण**

| **प्रदेश** | **जनसङ्ख्या प्रतिशत** (२०६८) | **जनसङ्ख्या प्रतिशत** (२०७८) |
|---|---|---|
| कोसी प्रदेश | १७.१२ | १७.०१ |
| मधेस प्रदेश | २०.४० | २०.९७ |
| बागमती प्रदेश | २०.८७ | २०.९७ |
| गण्डकी प्रदेश | ९.०७ | ८.४६ |
| लुम्बिनी प्रदेश | १७.०१ | १७.५६ |
| कर्णाली प्रदेश | ५.८० | ५.७९ |
| सुदूरपश्चिम प्रदेश | ९.६३ | ९.२४ |
| कुल | १००.०० | १००.०० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

राष्ट्रिय जनगणना, २०७८ अनुसार सबैभन्दा धेरै जनसङ्ख्या बागमती प्रदेशमा र सबैभन्दा कम जनसङ्ख्या कर्णाली प्रदेशमा रहेको छ । मधेस प्रदेश जनसङ्ख्याका आधारमा दोस्रो स्थानमा रहेको छ । त्यसैगरी लुम्बिनी, कोसी, सुदूरपश्चिम र गण्डकी प्रदेश क्रमशः तेस्रो, चौँथो, पाँचौँ र छैँटौँ स्थानमा रहेका छन् । २०७८ सालको जनगणनाको तुलनामा मधेस प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशबाहेक अरू प्रदेशको जनसङ्ख्या प्रतिशत घटेको देखिन्छ ।

## ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण

हाल नेपालमा ७५३ स्थानीय तह रहेका छन् । तीमध्ये २९३ ओटा नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । नगरपालिकाका जनसङ्ख्यालाई सहरी जनसङ्ख्या र गाउँपालिकाको जनसङ्ख्यालाई ग्रामीण जनसङ्ख्या मानिएको छ । जनगणना वि.सं. २०६८ र वि.सं.२०७८ सालको जनगणनाअनुसार ग्रामीण र सहरी क्षेत्रको जनसङ्ख्याको वितरणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**नेपालमा ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या (प्रतिशत) वितरण**
**(वि.सं. २०६८–२०७८)**

| क्षेत्र | २०६८ | प्रतिशत | जनसङ्ख्या (२०७८) | प्रतिशत |
|---|---|---|---|---|
| सहरी | ४५,२३,८२० | १७.०७ | १,९२,९६,७८८ | ६६.१७ |
| ग्रामीण | २,१९,७०,६८४ | ८२.९३ | ९८,६७,७९० | ३३.८३ |
| कुल | २,६४,९४,५०४ | १००.०० | २,९१,६४,५७८ | १००.०० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकाअनुसार २०७८ को जनगणनाअनुसार सहरी जनसङ्ख्या ६६.१७ प्रतिशत र ग्रामीण जनसङ्ख्या ३३.८३ प्रतिशत पुगेको छ । सङ्घीय संरचनापछि नगरपालिकाको सङ्ख्या वृद्धि भएकाले सहरी जनसङ्ख्या उल्लेख्य मात्रामा वृद्धि भएको पाइन्छ ।

### क्रियाकलाप

१. दिइएको तालिका अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

**सबैभन्दा धेरै जनसङ्ख्या भएका जिल्ला**

| जिल्ला | कुल जनसङ्ख्या (२०७८) | प्रतिशत |
|---|---|---|
| काठमाडौँ | २०,४१,५८७ | ७ |
| मोरङ | ११,४८,१५६ | ३.९४ |
| रुपन्देही | ११,२१,९५७ | ३.८५ |
| झापा | ९,९८,०५४ | ३.४२ |
| सुनसरी | ९,२६,९६२ | ३.१८ |

**सबैभन्दा थोरै जनसङ्ख्या भएका जिल्लाहरू**

| जिल्ला | कुल जनसङ्ख्या (२०७८) | प्रतिशत |
|---|---|---|
| मनाङ | ५,६५८ | ०.०२ |
| मुस्ताङ | १४,४५२ | ०.०५ |
| डोल्पा | ४२,७७४ | ०.१५ |
| रसुवा | ४६,६८९ | ०.१६ |
| हुम्ला | ५५,३९४ | ०.१९ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

**प्रश्नहरू**

(क) २०७८ सालको जनगणनाअनुसार सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला कुन हो ?

(ख) २०७८ सालको जनगणनाअनुसार सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला कुन हो ?

(ग) नेपालमा जिल्लागत रूपमा जनसङ्ख्या वितरण असमान हुनुका कारण छलफल गरी प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. प्रदेशअनुसार जनसङ्ख्या वितरणको अवस्थालाई स्तम्भ चित्रमा प्रस्तुत गरी विश्लेषण गर्नुहोस् ।

३. वि.सं. २०६८ को जनगणनामाभन्दा वि.सं. २०७८ को जनगणनामा सहरी जनसङ्ख्याको प्रतिशत बढ्दै गएको देखिन्छ ? यसरी सहरी जनसङ्ख्या बढ्दै जानुका कारण खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईंको स्थानीय तहको जनसङ्ख्यासम्बन्धी विवरणलाई स्तम्भ चित्रमा देखाई कक्षाकोठामा टाँस्नुहोस् ।

५. नेपालको भौगोलिक क्षेत्रअनुसारको जनसङ्ख्या वितरणको प्रवृत्ति उल्लेख गर्नुहोस् ।

## अभ्यास

**१. जनसङ्ख्याको वितरण भनेको के हो ?**

**२. नेपालको भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरणको अवस्था उल्लेख गर्नुहोस् ।**

**३. भौगोलिक क्षेत्रअनुसार र प्रदेशअनुसार जनसङ्ख्याको वितरण समान रूपमा भएको पाइँदैन, यसका कारण उल्लेख गर्नुहोस् ।**

**४. नेपालको रहेको जनसङ्ख्या वितरणको असमान अवस्थालाई कसरी न्यूनीकरण गर्न सकिन्छ, सुझाव प्रस्तुत गर्नुहोस् ।**

# ४ पारिवारिक योजना र गुणस्तरीय जीवन

## पारिवारिक योजनाको परिचय

पारिवारिक जीवनलाई स्वस्थ र व्यवस्थित बनाउनका लागि पारिवारिक योजना आवश्यक पर्छ । आम्दानी तथा अन्य स्रोतको उचित व्यवस्थापन तथा परिचालनबाट परिवारका सदस्यलाई सुखी जीवनयापन गराउने योजनालाई पारिवारिक योजना भनिन्छ । परिवारका सदस्यहरूबिचको सुमधुर सम्बन्धले पारिवारिक योजना निर्माणमा सहयोग पुऱ्याउँछ । उपयुक्त पारिवारिक योजनाले स्वस्थ, सुखी र गुणस्तरीय जीवनयापनमा सहयोग पुग्छ । पारिवारिक योजनामा निम्नलिखित कार्यलाई महत्त्व दिनुपर्छ :

(क) घरपरिवार चलाउन आर्थिक स्रोत जुटाउनुपर्छ ।

(ख) उपलब्ध स्रोतको सही परिचालन गर्नुपर्छ ।

(ग) आवश्यकताअनुसार बच्चा जन्माउने र उचित जन्मान्तर कायम राख्नुपर्छ ।

(घ) सामाजिक परिवेशमा समायोजन हुन सामाजिकीकरणमा क्रियाकलापमा सहभागी हुनुपर्छ ।

(ङ) आपसी सरसल्लाह र निर्णयका आधारमा पारिवारिक जिम्मेवारी पूरा गर्नुपर्छ ।

(च) बालबच्चाको हेरचाह तथा शिक्षादीक्षाको व्यवस्था गर्नुपर्छ ।

(छ) जेष्ठ नागरिकप्रति उचित स्याहार, हेरचाह र सम्मान गर्नुपर्छ ।

## पारिवारिक योजनाको महत्त्व

मानिसको जीवन भ्रूण अवस्थाबाट सुरु भई मृत्युपश्चात् समाप्त हुन्छ । मानव जीवन सुखमय बनाउनका लागि सही किसिमको योजना बनाई सोहीअनुरूप पारिवारिक जीवन सञ्चालन गर्नुपर्छ । पारिवारिक योजनाका महत्त्व यसप्रकार रहेका छन् :

१. परिवारका सदस्यबिच सुमधुर सम्बन्ध कायम गर्छ ।

२. परिवारका सदस्य तथा आर्थिक स्रोतबिच समन्वय कायम गर्न मदत गर्छ ।

३. परिवारमा अनावश्यक खर्च घटाउँछ ।

४. उद्यमशील बन्न प्रेरणा प्रदान गर्छ ।

५. स्तनपानलाई प्रोत्साहन दिई आमा तथा शिशुको स्वास्थ्य सुरक्षा गर्छ ।

६. व्यक्ति तथा परिवारको स्वास्थ्य तथा जीवनस्तर उकास्न मदत गर्छ ।

७. सुखी र आरामदायी परिवार बनाउनमा सहयोग पु¥याउँछ ।

८. आवश्यकताअनुसार मात्र बच्चा जन्माउन र उचित जन्मान्तर कायम राख्न प्रेरणा प्रदान गर्छ ।

९. जनसङ्ख्या वृद्धि नियन्त्रणका लागि अनुकूल वातावरण सिर्जना गर्छ ।


१०. नवदम्पति तथा आमाबाबुलाई आफ्नो दायित्व सफल र प्रभावकारी ढङ्गले निर्वाह गर्न सक्ने बनाउँछ ।

## गुणस्तरीय जीवन

मानव जीनवमा गुणस्तरीय जीवनका लागि भौतिक सेवा सुविधाका साथै मनोवैज्ञानिक एवम् आध्यात्मिक आवश्यकतासमेत पूरा हुनुपर्छ । व्यक्ति र समाजका लागि जीवनको गुणस्तर कायम राख्न र त्यसलाई वृद्धि गर्न मानिसका आधारभूत आवश्यकता पूरा हुनुपर्छ । त्यसका साथै अन्य सामाजिक, सांस्कृतिक, आर्थिक र मनोवैज्ञानिक आवश्यकता पनि पूरा हुनुपर्छ । त्यसैले सुख र सन्तुष्टिका साथ मानव जीवनमा आवश्यक पर्ने सबै सेवा सुविधा परिपूर्ति भएको अवस्थालाई गुणस्तरीय जीवन भनिन्छ । गुणस्तरीय जीवनका उपायलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :


- स्वास्थ्य सेवाको सर्वसुलभता र उपयोग
- गुणस्तरीय शिक्षा प्राप्ति
- सन्तुलित भोजनको प्रचुरता र नियमित प्रयोग
- आवास, सञ्चारलगायतका सुविधाको व्यवस्था
- फोहोरमैलाको उचित व्यवस्थापन र स्वच्छ वातावरणीय सन्तुलन कायम
- रोजगारी सिर्जना
- सिपमूलक र आयमूलक कार्यक्रमको व्यवस्था
- प्रजनन तथा यौन रोगसम्बन्धी विभिन्न समस्याको पहिचान र समाधान

कुनै पनि देशका जनताको जीवनको गुणस्तरलाई त्यस देशको जनसाङ्ख्यिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र शैक्षिक अवस्थाले प्रभाव पारेको हुन्छ । त्यस्तै देशमा उपलब्ध स्रोतसाधन, विकास प्रक्रिया र वातावरणीय अवस्थाको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गुणस्तरीय जीवनका आधारका बारेमा यहाँ चर्चा गरिने छ ।




## १. आधारभूत आवश्यकता परिपूर्ति

व्यक्ति वा परिवारको गुणस्तरीय जीवन मापन गर्ने वा तुलना गर्ने महत्त्वपूर्ण आधार आधारभूत आवश्यकताको परिपूर्ति हो । सन् १९७० को दशकमा आधारभूत आवश्यकताको परिपूर्तिलाई गुणस्तरीय जीवनको सूचकका रूपमा लिन थालियो । व्यक्तिका आधारभूत आवश्यकता पूरा भएमा जीवनमा सुधार आउँछ। त्यसैले आधारभूत आवश्यकतालाई गुणस्तरीय जीवनको आधार मानिएको हो । आधारभूत आवश्यकताअन्तर्गत निम्नलिखित आवश्यकता परिपूर्ति भएको हुनुपर्छ :




## २. भौतिक जीवनस्तरका सूचक

भौतिक जीवनस्तरका सूचकअन्तर्गत पाँच वर्षमुनिको बाल मृत्युदर, औसत आयु र साक्षरता दर पर्छन् । यी तीन तत्त्वलाई आधार मानेर भौतिक जीवनस्तरका सूचकको

मापन र तुलना गरिन्छ । यस सूचकअनुसार ० देखि १०० अङ्कलाई आधार मानी बढी अङ्क प्राप्त गर्ने देशलाई उच्चस्तरको गुणस्तरीय जीवन भएको मानिन्छ । हाल भौतिक जीवनस्तरका सूचकको मापन पनि मानव विकास सूचकाङ्कबाट नै हेर्ने गरिन्छ ।

### ३. मानव विकास सूचकाङ्क

मानव विकासको अवस्था मापन गर्ने सबैभन्दा महत्त्वपूर्ण र लोकप्रिय सूचकाङ्क मानव विकास सूचकाङ्क हो । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले सन् १९९० मा सर्वप्रथम मानव विकास सूचकाङ्क प्रचलनमा ल्याएको हो । यसले मानव विकासका तीन आधारभूत आयाम, जस्तै : प्रतिव्यक्ति आय, शैक्षिक स्तर र औसत आयुलाई आधार मानी मानव विकासको अवस्था मापन गर्छ । मानव विकास सूचकअनुसार ० देखि १ अङ्कलाई आधार मानी बढी अङ्क प्राप्त गर्ने देशलाई उच्चस्तरको गुणस्तरीय जीवन भएको मानिन्छ ।

### ४. स्वस्थ र दीर्घ जीवन

कुनै पनि देशको मानव विकासको अवस्था कस्तो छ भन्ने कुरा उक्त देशका जनताको स्वास्थ्य अवस्थाबाट थाहा हुन्छ । जनताको स्वास्थ्य अवस्था राम्रो भयो भने औसत आयु पनि बढी हुन्छ । औसत आयु तथा दीर्घायुले उच्चस्तरको गुणस्तरीय जीवन भएको मानिन्छ । अर्को कुरा यसरी औसत आयु बढ्दै जानुले देशका जनताको जीवनशैली, भौतिक वस्तु तथा सेवाको उपलब्धता, पौष्टिक आहार तथा स्वास्थ्य उपचारका क्षेत्रमा देशले गरेको उन्नति र गुणस्तरीय जीवनको अवस्थालाई प्रतिबिम्बित गर्छ ।

### ५. खुसीपन वा आनन्दीपन

खुसीपन वा आनन्दीपन पनि गुणस्तरीय जीवनका महत्त्वपूर्ण आधार हुन् । मानवीय खुसी वा सन्तुष्टि वा आनन्दीपनलाई महत्त्व दिएर खुसीपन वा आनन्दीपन सूचक बनाइएको हो । यस सूचकाङ्कअनुसार मानवको खुसी वा सन्तुष्टि वृद्धि हुनु गुणस्तरीय जीवन हो

### ६. सन्तानको भरणपोषण र शिक्षा

सन्तानको जन्म दिएपछि उनीहरूको भरणपोषण र उचित शिक्षा दीक्षा दिनु आमाबुबाको पहिलो कर्तव्य हो । गुणस्तरीय जीवन प्राप्तिका लागि परिवारको

आकारलाई महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ । आवश्यकताअनुसार बच्चा जन्माउने र उचित जन्मान्तर कायम गर्ने जस्ता महत्त्वपूर्ण निर्णयले छोराछोरीको भरणपोषण र शिक्षामा सहयोग पुग्छ ।

पारिवारिक योजना र गुणस्तरीय जीवनका बिचमा अन्योन्याश्रित सम्बन्ध छ । परिवारमा प्राप्त स्रोतलाई योजनाबद्ध र व्यवस्थित ढङ्गले उपयोग गर्न सकेमा खुसी र सुखी परिवार बन्न सक्छ । त्यस्तै खुसी र सुखी परिवारबाट परिवारका सदस्यका बिचमा सुमधुर सम्बन्ध कायम हुन्छ । यसबाट परिवारको आकार, छोराछोरीको उचित लालनपालन र रेखदेखलाई मदत पुग्छ । त्यसैले व्यवस्थित पारिवारिक योजना नै गुणस्तरीय जीवनको मुख्य आधार हो ।

### क्रियाकलाप

१. तपाईंले आफ्नो परिवार र आफ्नो समुदायका सदस्यको जीवन गुणस्तरीय बनाउन के कस्ता ठोस कदम र रचनात्मक कार्य गर्न सक्नुहुन्छ, योजना प्रस्तुत गर्नुहोस् ।

२. सहरमा व्यस्त जीवन बिताइरहनुभएकी तपाईंकी दिदीलाई पारिवारिक योजना बनाई आफ्नो जीवनलाई गुणस्तरीय बनाउन सल्लाह सुझाव दिँदै चिठी लेख्नुहोस् ।

३. आफ्नो समुदायमा पारिवारिक योजनाको महत्त्व सम्बन्धमा जनचेतना जगाउनका लागि पोस्टर तयार गर्नुहोस् ।

### अभ्यास

१. **पारिवारिक योजनाको परिचय दिनुहोस् ।**

२. **पारिवारिक योजनाअन्तर्गत गर्नुपर्ने कार्यको सूची बनाउनुहोस् ।**

३. **पारिवारिक योजनाले गुणस्तरीय जीवन प्राप्तिमा कसरी सहयोग पुऱ्याउँछ, उल्लेख गर्नुहोस् ।**

४. **गुणस्तरीय जीवनका आधार उल्लेख गर्दै कुनै दुई आधारको छोटकरीमा व्याख्या गर्नुहोस् ।**

५. **सन्तानको उचित भरणपोषण र शिक्षादीक्षाले कसरी गुणस्तरीय जीवनमा प्रभाव पार्छ, उल्लेख गर्नुहोस् ।**

# ८ जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध

(कक्षा १० का विद्यार्थीलाई आज शिक्षकले जनसङ्ख्या र वातावरणसँग सम्बन्धित चित्र प्रदर्शन गर्नुभएको छ । विद्यार्थी पनि बडो उत्सुकताका साथ सिकाइमा भाग लिँदै छलफल गरिरहेका छन् । शिक्षक र विद्यार्थीबिचमा भएका अन्तर्क्रियाको केही अंश अध्ययन गरौँ :

शिक्षक : आज हामी जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्धका बारेमा छलफल गर्ने छौँ । ल सबैभन्दा पहिले यी दुई तस्बिर हेरौँ र केही प्रश्नमा छलफल गरौँ है ।



*चित्र न. १*



*चित्र न. २*

(क) यहाँ देखाइएका दुई तस्बिर कहाँका हुन् ?

(ख) यी दुई तस्बिरका बिचमा के फरक पाउनुभयो ?

(ग) चित्र न. दुईमा भएको जस्तो अवस्था आउनुको कारण के हो ?

**समिर :** सर यहाँ देखाइएका दुई तस्बिर कुनै धार्मिक सम्पदा र प्राकृतिक सम्पदासँग सम्बन्धित छन् । चित्र न. १ मा सम्पदा वरपर सफा देखिन्छ । नदीमा पनि सफा पानी बगेको देखिन्छ भने चित्र न. २ मा उक्त सम्पदा वरपर फोहोर देखिन्छ साथै नदीको पानी फोहोर देखिन्छ ।

**शिक्षक :** पहिले त्यति सफा नदी पछि किन त्यस्तो फोहोर भएको होला ?

**गीता :** सर, मानिसको बसोबास बढ्दै गएका कारणले नदी फोहोर भएको जस्तो लाग्छ ।

**शिक्षक :** जनसङ्ख्या वृद्धिका कारणले वातावरण प्रदूषित तथा नदी फोहोर भएको तथ्य तपाईंले प्रस्तुत गर्नुभयो । जनसङ्ख्या वृद्धिका कारणले कसरी वातावरण प्रदूषित भएको होला त, भन्न सक्नुहुन्छ ?

**गीता :** जनसङ्ख्या वृद्धिले सहर र बजार क्षेत्रमा मानिसले जथाभावी फोहोर गर्ने अवस्था सिर्जना हुन्छ । गाडी र कलकारखानाबाट निस्केका धुवाँधुलोले पनि वातावरण फोहोर बनाउँछ । मानिसमा चेतनाको कमीको कारण नदी, खोला र सडकमा जथाभावी फोहोर फाल्ने गर्छन् । नदी किनारामा पनि अव्यवस्थित बसोबास बढ्ने हुँदा नदीहरू पनि प्रदूषित हुन पुग्छन् । धेरै मानिस भएको ठाउँमा व्यवस्थापन गर्नेको पनि ध्यान नपुग्न सक्छ । त्यसैले वातावरणमा प्रदूषण बढ्दै गएको होला जस्तो लाग्छ मलाई त ।

**शिक्षक :** तपाईंले भन्नुभएको सही छ । जनसङ्ख्या र वातावरण एकअर्कामा अन्तरसम्बन्धित छन् । वातावरणको संरक्षण वा विनाश मानिसकै हातमा रहेको हुन्छ । मानिसका लागि आवश्यक पर्ने स्वच्छ हावा, शुद्ध पानी, खाना आदि वातावरणबाट प्राप्त हुन्छ र उक्त वातारणमा मानिस सजिलै हुर्कन, बढ्न र आफ्ना आवश्यकता पूरा गर्न सक्छ । त्यसैले वातावरण प्रदूषित हुन दिनुहुँदैन ।



**समिर :** सर, हजुरले देखाउनुभएका चित्रमा उद्योगधन्दा कलकारखानाका कारणले वातावरण प्रदूषण भएको देखिन्छ । वनजङ्गल जथाभावी काटेर नाङ्गो जमिन देखिएको छ । यी चित्र हेर्दा हाम्रै देशको हो कि जस्तो लाग्यो ।



**शिक्षक :** हो तपाईंले एकदम ठिक भन्नुभयो । यो चित्रबाट वातावरण परिवर्तनको अवस्था बुझ्न सकिन्छ । वातावरण परिवर्तनका मुख्य तीन कारण भनेका जनसङ्ख्या वृद्धि, प्राकृतिक स्रोतको बढी प्रयोग र सहरीकरण हुन् । यी चित्रमा जस्तै अवस्था आउनुमा यी तीन तत्त्व नै बढी जिम्मेवार देखिन्छन् ।

**गीता :** सर, जनसङ्ख्या बढ्दै जाँदा त्यसले वातावरणमा के असर पार्छ ?

**शिक्षक :** जनसङ्ख्या बढ्दै जाँदा त्यसको प्रत्यक्ष असर वातावरणमा पर्छ । पृथ्वीमा भएको पानी, जमिन, वनजङ्गल आदिको जथाभावी प्रयोग हुन सक्छ । त्यसबाट हावा, पानी, माटो आदि प्रदूषित हुन्छन् । वातावरणमा प्रदूषण बढ्दै जान्छ । उब्जाउयोग्य जमिनको उर्वराशक्ति नस्ट हुँदै जान्छ । बाढी पहिरो, भूक्षय जस्ता वातावरणीय समस्या बढ्दै जान्छन् । त्यति मात्र नभएर रोग तथा महामारी पनि फैलँदै जान्छ । यसबाट प्राणी जगत्लाई बाँच्न कठिन हुन्छ । त्यसैले जुनसुकै देशमा पनि वातावरण र जनसङ्ख्याबिचमा सन्तुलन कायम हुनु आवश्यक छ ।

**गीता :** सर, यस्ता वातावरणीय समस्या समाधानका लागि कस्ता उपाय अपनाउन सकिन्छ ?

**शिक्षक :** वातावरण विनाश तथा प्रदूषणबाट पुग्ने असरका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । वायु प्रदूषण नियन्त्रणका लागि वनजङ्गल फँडानी

नगर्ने र खाली जमिनमा वृक्षरोपण गर्ने गर्नुपर्छ । उद्योग, कलकारखाना मानव बस्तीबाट टाढा स्थापना गर्नुपर्छ । व्यवस्थित सहरीकरणको विकास गर्नुपर्छ । खोला, नदी जस्ता जल सम्पदामा जथाभावी फोहोर फाल्नुहुँदैन ।

## क्रियाकलाप

१. तपाईँको समुदायको वातावरण संरक्षणका लागि समुदायका मानिसले कस्ता कार्य गरेका छन्, खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. वातावरण संरक्षणमा विद्यार्थीको भूमिका शीर्षकमा गीत वा कविता तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्धको व्याख्या गर्नुहोस् ।**

२. **जनसङ्ख्या वृद्धिका कारणले कसरी वातावरण प्रदूषण हुन्छ, उल्लेख गर्नुहोस् ।**

३. **वातावरण प्रदुषण नियन्त्रणका लागि व्यक्ति, परिवार, समुदाय र स्थानीय सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्छ, सुझाव प्रस्तुत गर्नुहोस् ।**

४. **वातावरण संरक्षणका उपायको सूची बनाउनुहोस् ।**


# ६ सामुदायिक स्वास्थ्य




माथि दिइएको चित्र सामुदायिक स्वास्थ्य सेवासँग सम्बन्धित छ । समुदायका लागि समुदायकै व्यक्तिले समुदायमा रहेका स्वास्थ्य समस्या पहिचान गरी त्यसको समाधान गर्न एवम् व्यक्तिगत तथा वातावरणीय स्वास्थ्यमा सुधार ल्याउन गरिने क्रियाकलाप नै सामुदायिक स्वास्थ्य हो । स्वास्थ शिविर, घरदैलो स्वास्थ्य सेवा, जुकाको औषधी खुवाउने, घुम्ती स्वास्थ्य शिविर आदि सामुदायिक स्वास्थ्यसँग सम्बन्धित गतिविधि हुन् । सामुदायिक स्वास्थ्य सुधारका लागि व्यक्ति, परिवार, समुदाय र राष्ट्रको संयुक्त प्रयास हुनु जरुरी छ । स्वास्थ्य सेवालाई जनताको घरदैलोसम्म पुऱ्याउन सकेमात्र सामुदायिक स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ ।

विश्व स्वास्थ्य सङ्गठनले प्राथमिक स्वास्थ्य सेवाको अवधारणालाई अगाडि ल्याएको हो । सोही अवधारणालाई नेपालले पनि राष्ट्रिय कार्यक्रममा नीतिकै रूपमा अवलम्बन गरिसकेको छ । सुरु सुरुमा सामुदायिक स्वास्थ्य शिक्षामा केवल सरसफाइलाई मात्र जोड दिइन्थ्यो । पछि यसको कार्यक्षेत्रमा विस्तार भई निरोधात्मक, उपचारात्मक, संवर्धनात्मक र पुनः स्थापनात्मक स्वास्थ्य सेवाका गतिविधि सञ्चालन गर्दै आएको छ ।

## सामुदायिक स्वास्थ्यका क्षेत्र




## सामुदायिक स्वास्थ्य सेवाको महत्त्व

व्यक्तिले आफ्नो स्वास्थ्य लाभ गर्न व्यक्तिगत प्रयासबाट मात्र सम्भव नहुन सक्छ । यस तथ्यलाई अङ्गीकार गरी सामुदायिक स्वास्थ्यको अवधारणा आएको हो । जबसम्म व्यक्ति, परिवार, समाज र राष्ट्रको सामूहिक प्रयास हुँदैन तबसम्म सामुदायिक स्वास्थ्यमा सुधार हुन कठिन हुन्छ । त्यसैले हाल स्वास्थ्य विज्ञ र चिकित्सकको ध्यान पनि यसैतर्फ बढी केन्द्रित भएको देखिन्छ । समुदायमा स्वस्थ वातावरण सिर्जना गर्नका लागि सामुदायिक स्वास्थ्य सेवा महत्त्वपूर्ण मानिन्छ । समुदायको वातावरण स्वस्थ भएन भने त्यहाँ विभिन्न किसिमका महामारी तथा रोग लाग्न सक्छन् । सामुदायिक स्वास्थ्य सेवाले समुदायको वातावरण सफा राख्न सहयोग पुऱ्याउँछ । त्यसका लागि समुदायमा नै जनचेतना विकास गरेर वातावरण सफा गर्ने अभियान चलाउनुपर्छ । देश विकासका लागि स्वस्थ जनशक्तिको आवश्यकता पर्छ । आफू स्वस्थ बन्नका लागि व्यक्तिले सामुदायिक स्वास्थ्यको मर्म बुझेर सोहीबमोजिमको व्यवहार अपनाउनुपर्छ । यस किसिमको भावना सामुदायिक स्वास्थ्यको अध्ययनबाट मात्रै विकसित गर्न सकिन्छ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट व्यक्तिमा आफ्नो स्वास्थ्यप्रति सचेतना अपनाई देशको कुना कुनासम्म पनि स्वास्थ्य सेवा पुऱ्याउन सक्षम हुन्छ । यसले योजना बनाई जनताको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउन सहयोग पुऱ्याउँछ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट समुदायको स्वास्थ्यसम्बन्धी समस्या व्यक्तिको एकल प्रयासले

मात्र सुल्झाउन नसकिने कुरा व्यक्तिले राम्रोसँग बुझ्छ । समुदायको सक्रियतामा उक्त सामुदायिक स्वास्थ्य समस्या समाधानमा सहयोग गर्छ । समुदायका समाजसेवी तथा सदस्य मिलेर स्वास्थ्य शिविर चलाउने, क्लिनिक सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्नेलगायतका कार्यमा सहयोग पुऱ्याउँछ ।

## क्रियाकलाप

१. तपाईंको समुदाय वा विद्यालय नजिकै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुन सक्छ । उक्त स्वास्थ्य शिविरको अवलोकन गरी प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा सञ्चालित विभिन्न सामुदायिक स्वास्थ्य गतिविधिमा तपाईं सहभागी हुँदाको अनुभवलाई समेटी मनोवाद तयार पार्नुहोस् ।

३. कक्षामा सबै विद्यार्थी मिलेर आफ्नो समुदायमा वा विद्यालयमा सामुदायिक स्वास्थ्य सेवाका लागि योजना बनाउनुहोस् र सामुदायिक स्वास्थ्य सेवा सञ्चालनका लागि सम्बन्धित निकायमा पहल गर्नुहोस् ।

४. तल दिइएका स्वस्थ्य जीवनशैली कायम राख्ने उपायहरू अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

- दैनिकरूपमा सन्तुलित आहार खानुपर्छ ।
- दैनिक खाने खानामा मसला, नुन, चिल्लो पदार्थ, चिनी आदिको कम प्रयोग गर्नुपर्छ ।
- पर्याप्त मात्रामा फलफूल र हरिया सागसब्जी खानुपर्छ ।
- एकै पटकमा धेरै खानेकुरा खानुभन्दा थोरै थोरै गरी पटक पटक खाने गर्नुपर्छ ।
- बजारको तयारी प्याकिङ गरिएका खानेकुरा र पेयपदार्थ खानुहुँदैन ।
- दैनिक रूपमा प्रशस्त पानी पिउनुपर्छ ।
- नियमित रूपमा शारीरिक व्यायाम र योग ध्यान गर्ने गर्नुपर्छ ।
- बेलुका समयमै सुत्ने र बिहान चाँडै उठ्ने बानी बसाल्नुपर्छ ।

- टिभी र मोबाइलमा लामो समय बिताउने काम गर्नुहुँदैन् ।
- तनावमा नरहने र सकारात्मक सोच राख्ने गर्नुपर्छ ।
- काममा व्यस्त रहने गर्नुपर्छ ।
- फुर्सदको समयमा घुमफिर गर्ने, सिर्जनात्मक काम गर्ने, घरको काममा सहयोग गर्ने गर्नुपर्छ ।
- शिशुलाई पर्याप्त मात्रामा स्तनपान गराउनुपर्छ ।
- शिशु छ महिना पुगेपछि स्तनपानको साथसाथै थप खाना खुवाउनुपर्छ ।
- बढ्दो उमेरका किशोरकिशोरीले खानपानसम्बन्धी स्वस्थ बानी बसाल्नुपर्छ ।
- गर्भवती र स्तनपान गराउने आमाले थप पोसिला खानेकुरा खानुपर्छ ।
- जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिनुपर्छ ।
- मदिराजन्य पेय पदार्थ उपयोग गर्नुहुँदैन् ।

**प्रश्नहरू**

(क) माथि दिइएका कुन कुन स्वस्थ्य जीवनशैलीको अवलम्बन गर्ने गर्नुभएको छ ?

(ख) स्वस्थ्य जीवनशैलीको आवश्यकता किन पर्छ ?

(ग) हाम्रो आहारविहार स्वस्थ्य र सन्तुलित हुनुपर्छ, किन ?

(घ) "स्वस्थ्य जीवनशैली र आहार, दीर्घायुको आधार" भन्ने शीर्षकमा आधारित भई वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

## अभ्यास

१. सामुदायिक स्वास्थ्य भनेको के हो ? यसको महत्त्व उल्लेख गर्नुहोस् ।

२. सामुदायिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उपाय उल्लेख गर्नुहोस् ।

३. नेपालमा विद्यमान स्वास्थ्य समस्या समाधानका लागि सामुदायिक स्वास्थ्य सेवाले खेल्न सक्ने भूमिकाको चर्चा गर्नुहोस् ।